२८३

# भक्तपुर मासिक

Bhaktapur Monthly

असार २०७७

ISSN 2705-4454




## भक्तपुर नपाको सातौं नगरसभा

- भक्तपुर नपाको आ.व.२०७७/७८ को नीति तथा कार्यक्रम
- एमसीसी साम्राज्यवादी अमेरिकाको आर्थिक हतियार
- कृषिमा आत्मनिर्भरता 'मनको लड्डु'
- नेवारहरूको परिचय र उत्पत्ति
- सुब्बा कृष्णलाल र 'मकैको खेती'
- हाइड्रोपोनिक्स : एक वैकल्पिक खेती
- रसायनविद् वैज्ञानिक प्रा.डा. शिवप्रसाद धौभडेल
- हाम्रो खाना
- भक्तपुर नपाका गतिविधि



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति, बागमती प्रदेशसभा सांसद सुरेन्द्रराज गोसाईलगायत निर्माणाधिन योसिंख्य:को च्यासिं मण्डपको निरीक्षणमा (जेठ २९ गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिलगायत वडा नं १० वडा कार्यालयनिरको बाटो ढलानको निरीक्षणमा (जेठ २७ गते)

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

**भक्तपुर**

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० म.पु.जि.हु.का.द.नं.१/०६१/०६२

वर्ष ३७ ★ अङ्क ८ ★ नेसं ११४० ★ विसं २०७७ असार ★ A.D.2020

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)






'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

‘आवश्यकता आविष्कारको जननी हो, त्यसैले आवश्यकता नै हरेक कुराको उत्पत्तिको मुख्य कारण हो ।’ - प्लेटो

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | भक्तपुर नगरपालिकाको सातौं नगरसभा | – | ३ |
| २) | भक्तपुर नपाको आ.व.२०७७/७८ को नीति तथा कार्यक्रम | सुनिल प्रजापति | ६ |
| ३) | आ.व. २०७७/७८ को अनुमानित बजेट | रजनी जोशी | १३ |
| ४) | नगरवासीहरूका आधारभूत आवयकता पूरा गर्दै घोषणापत्रका कार्यक्रमलाई पनि समेट्ने | रजनी जोशी | १७ |
| ५) | नमूना नगरपालिकाको पहिचान बनाउनमा नगरवासीको साथ र सहयोग अमूल्य | इन्द्रप्रसाद बस्याल | १८ |
| ६) | एमसीसी साम्राज्यवादी अमेरिकाको आर्थिक हतियार | सुनिल प्रजापति | २८ |
| ७) | कृषिमा आत्मनिर्भरता ‘मनको लड्डु’ | विवेक | ३० |
| ८) | नेवारहरूको परिचय र उत्पत्ति | डा.हरिराम सुवाल | ३२ |
| ९) | कोरोनाले जहानमात्र होइन, सम्पूर्ण सहारा गुम्ने खतरा बढ्यो | रसिक | ३४ |
| १०) | कोरोना सङ्क्रमित हुँदाको अनुभूति | छोरीमैयाँ सुजखू (प्रजापति) | ३६ |
| ११) | सुब्बा कृष्णलाल र उनले लेखेको ‘मकैको खेती’ | डा. बलराम कायस्थ | ३९ |
| १२) | फलेहितिको ने.सं.७९९(?) वि.सं.१७३६ को शिलाभिलेख | पुरुषोत्तमलोचन श्रेष्ठ | ४२ |
| १३) | प्रा.डा. शिवप्रसाद धौभडेल | ओम धौभडेल | ४४ |
| १४) | हाम्रो खाना | राजेन्द्रबहादुर कायष्ठ | ४७ |
| १५) | हाइड्रोपोनिक्स : एक वैकल्पिक खेती | सबिन ख्याजू | ५० |
| १६) | कृषिप्रधान देशमा मल कारखाना छैन ! | सञ्जय दुवाल | ५२ |
| १७) | Teacher’s Commendable Role for Enhancing Student Centered Learning Atmosphere– | Prof.Bhupendra Hada, Ph.D. | ५८ |
| १८) | कहाँ हरायो त्यो आदर्श सहर ? | प्रोफेसर अरुण गुप्ता | ६२ |
| १९) | भक्तपुर नगरपालिकाको बैठक निर्णय | – | ६५ |
| २०) | ‘विदेशीले नेपालको नगरिकता लिन नसकोस् भन्नेमा राज्य जहिल्यै सचेत हुनुपर्ने’ | – | ७६ |
| २१) | ङातापोल मन्दिर जीर्णोद्धार निर्देशक समितिको बैठक | – | ७७ |
| २२) | उपत्यकामा ठूल्ठूला सहरको विकासले समस्या थपिने | – | ७९ |
| २३) | भक्तपुर नपाबाट प्रहरी उपरीक्षक तारादेवी थापालाई स्वागत | – | ८० |
| २४) | प्रा.डा. जटाधर झाको बिदाइ | – | ८१ |
| २५) | भक्तपुरका प्रहरी उपरीक्षक सबिन प्रधानको बिदाइ | – | ८२ |
| २६) | संविधान संशोधन सर्वसम्मत, निशान छाप अद्यावधिक | – | ८३ |
| २७) | अमेरिकी जातिभेदको विरोधमा विश्वव्यापी ऐक्यबद्धता | – | ८४ |
| २८) | ङातापोल निर्माण कथा (४) | डा. जनकलाल वैद्य | ९७ |
| २९) | भारतका ‘हितैषी’ कि एमसीसीका विरोधी ? (सम्पादकको पृष्ठ) | – | १०८ |

**साथमा** : बसिबियाँलो -३३/सीमा रक्षाको विगुल फुकिदेउ-रामकृष्ण प्रजापति-४१/कलर पेज-५३-५६/नपाको ध्यानाकर्षण होस् -७६/हस्तकलाका सामग्रीहरु बनाउने तालिम-७७/ङातापोलको वर्षबन्धन-७८/कसिमला पाँच् मोबाइल एपमा-७९/अफ्रिकी सलह नेपाल प्रवेश-८०/विद्यालयहरूकै आन्तरिक मूल्याङ्कनका आधारमा प्रमाणपत्र दिइने-८१/लकडाउनको स्वरूप परिवर्तन-८२/डेंगु के हो ? लक्षण र बच्ने उपाय-८७/प्रमुख सुनिल प्रजापतिद्वारा नगरको ढुङ्गा छपाइ कार्यको स्थलगत निरीक्षण-८८/सङ्क्रमित भेटिएपछि भक्तपुरको मुलाछेँमा सिल-८८/नेपालको जनसङ्ख्या तीन करोड नाघ्यो-८८/जिल्ला फुटबल सङ्घ विघटनविरुद्ध टिम क्लब र फुटबल खेलाडीहरूको भेला-८९/नेपाल स्काउटबाट भक्तपुरका चार युवा सम्मानित -८९/धान दिवसको दिन सरकार द्वारा रोपाइँ गर्न रोक-९०/क्यान्सर अस्पताल सुचारु राख्ने पक्षमा चकित्सक र कर्मचारी-९०/नेपालमा कोरोना सङ्क्रमण-९१/विश्वमा कोभिड-१९ को स्थिति-९२/ङातापोल मन्दिर संरक्षणार्थ -९४/स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (८)-१०४/ SKETCHES FROM NIPAL (%)) Henry Ambrose Oldfield- १०६ ।

# भक्तपुर नगरपालिकाको सातौं नगरसभा

## शासक दलहरूले गरिरहेको राजनीति व्यक्तिगत फाइदाको निम्ति मात्र

### उद्घाटन

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव तथा प्रतिनिधिसभा सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको सातौं नगरसभाको उद्घाटन कार्यक्रम असार ७ गते सम्पन्न भयो ।




समारोहमा सांसद सुवालले भक्तपुर नगरपालिकालाई आत्मनिर्भर बनाउने आम्दानीका स्रोतहरूको पहिचान गर्न आवश्यक भएको बताउनुभयो । भक्तपुर नगरपालिकाले समाजवादी देशको शिक्षा नीति र पद्धतिबाट सिक्दै आफ्नो शैक्षिक नीतिहरूलाई अगाडि बढाउनुपर्ने, खेलकुदमा प्राप्त पदकलाई शैक्षिक योग्यतासँग जोड्ने नीति अगाडि सार्नुपर्ने भन्नुहुँदै उहाँले राजश्व र कर सङ्कलनले मात्र देशको आर्थिक विकास नहुने बताउनुभयो ।

सत्तारुढ नेकपाले ल्याएको नेपाली पुरुषसँग विवाह गर्ने विदेशी महिलालाई ७ वर्षपछि अंगीकृत नागरिकता दिने प्रस्तावमा असहमति जनाउनुहुँदै सांसद सुवालले विदेशी बुहारीलाई कम्तीमा १५ वर्षपछि मात्र अंगीकृत नागरिकता प्रदान गर्ने प्रावधान राख्नुपर्ने धारणा राख्नुभयो । विदेशी नागरिकता त्यागेको प्रमाणित भइसकेपश्चात मात्र अंगीकृत नागरिकताको बन्दोबस्त गर्नुपर्ने अडान उहाँको थियो ।





प्रमुख अतिथि सांसद प्रेम सुवाल, प्रमुख सुनिल प्रजापति, सभासद सुरेन्द्रराज गोसाई र उपप्रमुख रजनी जोशी

सांसद सुवालले उपभोक्ता समिति र अमानतबाट हुने विकास निर्माणका कार्यहरूमा आर्थिक अनुशासनको खाँचो आवश्यक भएको बताउनुहुँदै जनप्रतिनिधिहरूले इमानदारीपूर्वक काम गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो – 'सिंहदरबारलाई पुरानो गाडी थन्क्याउने थलो बनाइरहेको छ । अनावश्यक नयाँ गाडी किनेर धेरै फजुल खर्चका कारण देशको स्थिति झन् कमजोर हुँदै गएको छ ।'

अपराधी र कर्पोरेटहरूले चलाएको देशमा व्यापक जनताको हित नहुने भन्नुहुँदै सांसद सुवालले शासक दलहरूले व्यक्तिगत फाइदाको निम्ति मात्र राजनीति गरिरहेको बताउनुभयो ।

देशको सन्तुलित विकासको लागि देशका विभिन्न ठाउँहरूमा स–साना सहरहरूको विकास, युवाहरूलाई कृषिमा आकर्षण, जलाधार क्षेत्रको संरक्षण गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रमको सभापतित्व ग्रहणसँगै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाको आव २०७७/७८ का लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभयो ।

नीतिभन्दा व्यक्तिगत पहुँचको आधारमा सङ्घ र प्रदेशको बजेट विनियोजन हुने गरेको भन्नुहुँदै प्रमुख प्रजापतिले अहिले पनि जनप्रतिनिधिहरू सिंहदरबार धाउनुपर्ने सामन्ती संस्कारले निरन्तरता पाइरहेको बताउनुभयो ।

केन्द्र र प्रदेशको आदेश र निर्देशनमा शासन चलाउन खोज्नु सङ्घीयताविपरीत भएको बताउनुहुँदै उहाँले स्थानीय तहहरू स्वायत्त छन् र पूर्ण स्वायत्त हुनुपर्ने र स्थानीय तहको अधिकारमाथि कहीं कतैबाट कुनै किसिमको हस्तक्षेप हुन नहुने बताउनुभयो ।

उहाँले घना जनसङ्ख्याका कारण उपत्यकामा फोहोरमैला व्यवस्थापन, खानेपानी, ट्राफिक जाम र वातावरण प्रदूषण जस्ता समस्याहरू दिनानुदिन बढिरहेको अवस्थामा उपत्यकामा ठूलूला उपसहरहरूको विकासले उपत्यकावासीले थप समस्या भोग्नुपर्ने बताउनुभयो ।

सङ्कटको बेला जनप्रतिनिधिहरूको भूमिका महत्त्वपूर्ण हुने मान्यताकासाथ जनतालाई कुनै समस्या नपरोस् भन्ने कुरामा भक्तपुर नपाले सचेततापूर्वक काम गर्दै आइरहेको र कोरोना भाइरस सङ्क्रमण तथा नियन्त्रणको लागि नियमित सरसरफाइ, राहत वितरण, तरकारी बजार व्यवस्थापन, टोल–टोलमा साबुन पानीको व्यवस्था, टोल टोलमा क्लोरिनसहित विषादी छर्किने, बाहिरबाट आएकालाई क्वारेन्टाइनको व्यवस्था र दैनिक माइकिङ् गरी जनचेतना जगाउने कार्यहरू गर्दै आएको बताउनुभयो ।

नेमकिपा केन्द्रीय सदस्य एवम् प्रदेशसभा सांसद सुरेन्द्रराज गोसाईंले भक्तपुर नगरपालिकाले सार्वजनिक गरेको नीति तथा कार्यक्रम कुशल रूपमा कार्यान्वयन हुने विश्वास प्रकट गर्नुभयो ।

दुई तिहाइको नेकपा सरकारले ल्याएको प्रदेशको नीति तथा कार्यक्रम र बजेट पूँजीवादी चरित्रबाट अभिप्रेरित भएको बताउनुहुँदै सांसद गोसाईंले आर्थिक र सामाजिक सङ्कटको समयमा जनप्रतिनिधिलगायत सम्पूर्ण निकायहरूले दत्तचित्त भई इमानदार, निःस्वार्थ र अनुशासित ढङ्गले काम गर्न प्रेरित गर्नुभयो ।

जनप्रतिनिधिहरूले जनताको आलोचनाबाट डराउन नहुने र समाजको सेवालाई प्रमुख



अतिथि प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डे, वडाध्यक्ष रबिन्द्र ज्याख्व र प्र. प्रशासकीय अधिकृत इन्द्रप्रसाद बस्याल

प्राथमिकतामा राख्नुपर्ने धारणा व्यक्त गर्नुहुँदै सांसद गोसाईंले शासक दलहरूले भ्रष्टाचारी र कमिसनखोरहरूलाई गरेको संरक्षणका कारण देश आर्थिक रूपले पछाडि धकेलिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले स्वागत मन्तव्य प्रस्तुत गर्नुहुँदै काठमाडौं उपत्यकामा भएका बस्तीहरू व्यवस्थित गर्न जरुरी भएको बताउनुभयो ।

उहाँले उपत्यकाको क्षमताअनुसार मात्र नयाँ बस्ती बसाल्नुपर्नेमा जोड दिनुहुँदै नगरवासीहरूको साथ र सहयोगमा भक्तपुर नपाले नगरको चौतर्फी विकासका लागि विकास निर्माण र संरक्षणका कामहरू निर्बाध रूपमा अगाडि बढाइरहेको छ भन्नुभयो ।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले देश विकासको लागि सम्पूर्ण स्थानीय तहहरूले उदाहरणीय कार्यलाई प्राथमिकता दिई बजेट तथा नीति र कार्यक्रममा समावेश गरी त्यसको असल कार्यान्वयन गर्नु आवश्यक रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय स्थापनाको लागि गरिरहेको पहलले भक्तपुर र देशकै शैक्षिक गुणस्तर उकास्न महत्वपूर्ण भूमिका खेल्ने बताउनुहुँदै प्रजिअ पाण्डेले भक्तपुर नगरपालिकाको नीति तथा कार्यक्रमको व्यवहारिक कार्यान्वयनमा जोड दिनुपर्ने बताउनुभयो ।

नगरसभा उद्घाटन समारोहमा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत इन्द्रप्रसाद बस्यालले धन्यवाद ज्ञापन गर्नुहुँदै नेपालको नमूना नगरपालिकाको पहिचान बनाउनमा सम्पूर्ण नगरवासीको साथ र सहयोग अमूल्य रहेको छ भन्नुभयो ।

उद्घाटन समारोहमा भक्तपुर नपा वडा नं.९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।






# भक्तपुर नगरपालिकाको सातौं नगरसभामा नगर प्रमुख सुनिल प्रजापतिद्वारा प्रस्तुत नीति तथा कार्यक्रम

# भक्तपुर नपाको आ.व.२०७७/७८ को नीति तथा कार्यक्रम

**नगर सभासद्ज्यूहरू,**

- भक्तपुर नगरवासी मतदाता दाजुभाइ दिदीबहिनीहरूको मतबाट हामी निर्वाचित भएको तीन आर्थिक वर्ष पूरा भयो र चौथो आर्थिक वर्षको बजेट प्रस्तुत गर्ने क्रममा छौं। बितेका तीन वर्ष निर्वाचनको बेला निर्वाचन घोषणापत्रमार्फत जनताबीच गरेका प्रतिबद्धतालाई ध्यानमा राखी हामीले काम गऱ्यौं। हाम्रा हरेक काम खुल्ला पुस्तकसरह पारदर्शी छ। नगर र नगरवासीहरूलाई केन्द्रमा राखी काम गर्ने सिलसिलामा हाम्रा कमी कमजोरीहरूलाई औंल्याई रचनात्मक आलोचना गरी निरन्तर सहयोग गर्ने सचेत नगरवासीहरूलाई भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।
- अहिले सारा विश्व कोरोना भाइरसको महामारीविरुद्ध लडिरहेको छ। विश्वभर ८५ लाखभन्दा बढी सङ्क्रमित भइसकेका छन् भने ४ लाख ५० हजारभन्दा बढीको मृत्यु भइसकेको छ। नेपाल सरकारले पनि कोरोना फैलिन सक्ने सम्भावित जोखिमबाट बचाउन २०७६ साल चैत्र ११ गतेदेखि लकडाउन (बन्दाबन्दी) लागू गऱ्यो। महिनौंसम्म सिङ्गो देश ठप्प भयो, विकास निर्माणका कामहरू हुन सकेनन्। अब विस्तारै आर्थिक गतिविधि र विकास निर्माणका कामहरू शुरु हुँदैछन्। यस्तो जोखिमपूर्ण समयमा समेत सम्पदाहरूको महत्त्व र मौसमलाई ध्यानमा राखेर सबै सुरक्षा विधि अपनाई स्थानीय कामदारहरूमार्फत पुनः निर्माणको कामलाई निरन्तरता दियौं। सङ्कटको बेला जनप्रतिनिधिहरूको भूमिका महत्त्वपूर्ण हुने मान्यताकासाथ जनतालाई कुनै समस्या नपरोस् भन्ने कुरामा हामीले सचेततापूर्वक काम गर्दै आयौं। नियमित सरसरफाइ, राहत वितरण, तरकारी बजार व्यवस्थापन, टोल-टोलमा साबुन पानीको व्यवस्था, टोल टोलमा क्लोरिनसहित बिषादी छर्किने, बाहिरबाट आएकालाई क्वारेन्टाइनको व्यवस्था र दैनिक माइकिङ गरी जनचेतना जगाउने जस्ता कार्यहरू नगरपालिकाले निरन्तर गर्दै आयो।
- कोरोनासम्बन्धी आपतकालीन खर्च व्यवस्थापनको लागि नगरपालिकाले रु. १ करोड रूपैयाँको प्रकोप व्यवस्थापन कोष खडा गरी सहयोग गर्न चाहने व्यक्ति, संघ-संस्थाहरूलाई सोही कोषमा नगद वा जिन्सी सहयोगको लागि आग्रह गऱ्यौं। हालसम्म विभिन्न व्यक्ति तथा सङ्घ-संस्थाहरूका तर्फबाट




भक्तपुर नपाको सातौं नगरसभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुँदै प्रमुख सुनिल प्रजापति

रु १२ लाख ६५ हजार नगद र लाखौं रूपैयाँ बराबर जिन्सी सहयोग प्राप्त भएको छ। प्राप्त सहयोगलाई आवश्यकताअनुसार प्राथमिकता तोकी पारदर्शी ढङ्गले खर्च गर्दै आएका छौं। विपदको बेला आर्थिक र भौतिक सहयोगका साथै आ-आफ्नो स्वास्थ्यलाई ध्यानमा राखेर भक्तपुरको बिस्काजात्रा, बुद्धजयन्ती, मातातीर्थ औंसी र स्थानीय जनताले मनाउने गरेको देवाली पूजा जस्ता चाड पर्वहरूमा समेत घरबाट ननिस्की नगरपालिकाको अनुरोधलाई स्वीकार गरी अनुशासन प्रदर्शन गर्ने सम्पूर्ण नगरवासीहरूलाई भक्तपुर नगरपालिकाको तर्फबाट धन्यवाद ज्ञापन गर्दछौं।

- नेपालको संविधान २०७२ मा सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय, सहकार्य र साझेदारीमा सङ्घीयता कार्यान्वयनको व्यवस्था भए पनि केन्द्रमा बस्नेहरूमा अझै एकात्मक सोचको अन्त्य भएको छैन। नीतिभन्दा व्यक्तिगत पहुँचको आधारमा सङ्घ र प्रदेशको बजेट विनियोजन गर्ने, जनप्रतिनिधिहरूलाई सिंहदरबार धाउन पर्ने सामन्ती संस्कारले निरन्तरता पाएको छ। सङ्घीयता शब्दमा होइन, हामी व्यवहारमा खोज्दैछौं। केन्द्र र प्रदेशको आदेश र निर्देशनमा शासन चलाउन खोज्नु सङ्घीयता होइन। स्थानीय तहहरू स्वायत्त छन् र पूर्ण स्वायत्त हुनुपर्छ। हामी स्थानीय तहको अधिकारमाथि कहीं कतैबाट कुनै किसिमको हस्तक्षेप नहोस् भन्ने चाहन्छौं।
- सङ्घ र प्रदेशका सांसदहरू नीति निर्माताहरू हुन्। नीति

निर्माताहरूलाई विकास निर्माणको कामको जिम्मेवारी दिनु उचित होइन । स्थानीय निकायमा जनप्रतिनिधि नभएको बेला शुरु गरिएको सांसद विकास कोषले अझै निरन्तरता पाएको छ । स्थानीय तहमा जनप्रतिनिधिहरू भइसकेको हुँदा निर्वाचन क्षेत्र विकास कोषको औचित्य समाप्त भएको छ । त्यसकारण उक्त कोष खारेज गरी सिधै सम्बन्धित स्थानीय तहमा पठाउने व्यवस्थाको लागि हामी माग गर्दछौं ।

- नेपाल सरकार शहरी विकास मन्त्रालय, काठमाण्डौ उपत्यका विकास प्राधिकरणले काठमाण्डौ उपत्यकाभित्र १ लाख रोपनीको १ वटा र १० हजार रोपनीको ३ वटा गरी ४ वटा उपसहरहरूको निर्माण गर्ने भनी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) पारित गरी कामलाई अगाडि बढाएको छ । घना जनसङ्ख्याको कारण उपत्यकामा फोहरमैला व्यवस्थापन, खानेपानी, ट्राफिक जाम र वातावरण प्रदूषण जस्ता समस्याहरू दिनानुदिन बढिरहेको अवस्थामा उपत्यकामा ठूल्ठूला उपसहरहरूको विकासले उपत्यकावासीले थप समस्या भोग्नुपर्ने निश्चित छ । उपत्यकामा प्राचीन कालदेखि सांस्कृतिक केन्द्रको रूपमा विकसित सहरहरू भएको हुँदा त्यसको मौलिकता बचाई उपत्यकालाई सांस्कृतिक केन्द्रकै रूपमा संरक्षण गर्नु आवश्यक छ । यसर्थ उपत्यका विकास प्राधिकराणबाट अगाडि बढाइएका उपसहरहरूको निर्माण प्रकृया अविलम्ब रोक्न र उपत्यकाबाहिर स–साना सहरहरूको विकासमा ध्यान दिन नेपाल सरकारसँग आग्रह गर्दछौं ।
- 'हाम्रो सम्पदा हामी आफैले संरक्षण र जीर्णोद्धार गरौं' भन्ने भावनाले सम्पदाहरू पुनः निर्माण र जीर्णोद्धार कार्य गर्दा ठेक्कामा दिन नहुने निष्कर्ष निकाल्दै उपभोक्ता समितिमार्फत कार्य गर्दैछौं । सम्पदाको मौलिक स्वरूप बचाउन, सम्पदाप्रति जनताको अपनत्व कायम गर्न र गुणस्तरीय निर्माण गर्न उपभोक्ता समितिमार्फत कार्य गर्नु नै राम्रो विकल्प हो । यही वर्ष भनपा–५ स्थित भैरवनाथ मन्दिरको जीर्णोद्धार कार्य सम्पन्न भयो । भैरवनाथ मन्दिर जीर्णोद्धारमा रु.५ लाख १६ हजार आर्थिक र अन्य जिन्सी सहयोग प्राप्त भयो, बत्सला मन्दिर निर्माणमा हालसम्म ६ लाखभन्दा बढी सहयोग सङ्कलन भइसकेको छ । अहिले विश्वप्रसिद्ध ङातापोल मन्दिरको जीर्णोद्धार कार्य भइरहेको छ । हालसम्म ९०० जनाभन्दा बढीले जनश्रमदान गरिसकेका छन् भने नगद ९ लाख रूपैयाभन्दा बढी सङ्कलन भइसकेको छ । अझै जनश्रमदानको लागि नाम लेखाउने २० वटाभन्दा बढी सङ्घसंस्थाहरूको सूची बाँकी नै छन् । हाम्रा हरेक काममा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्ने ती सबै सहयोगी हातहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।
- आ.व. २०७७।७८ को बजेट तयारी गर्न विगतका वर्षहरूमा झैं सम्बन्धित सङ्घ संस्थाहरू र सरोकारवालाहरूसित भेला र बैठकहरू गर्न यो वर्ष लकडाउनको कारण सम्भव भएन । हामीले अनलाइनमार्फत सुझावहरू दिन सबैसँग आग्रह गऱ्यौं । अनलाइनबाट नगर र नगरवासीहरूको हितमा गर्नुपर्ने तत्कालीन र दीर्घकालीन योजना र कार्यक्रमहरूकाबारे धेरैवटा सुझावहरू हामीलाई प्राप्त भएका छन् । ती सुझावहरूलाई ध्यानमा राखी सीमित बजेट सीमाभित्र रहेर हामीले बजेट तयारी गर्दैछौं । **स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ (१) अनुसार आज यस भक्तपुर नगरपालिकाको सातौं नगर सभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्दछौं :**

## शिक्षा

१. ख्वप विश्वविद्यालय स्थापनाको लागि भइरहेको पहललाई निरन्तरता दिंदै प्राज्ञिक व्यक्तित्वहरूबाट **विश्वविद्यालय** स्थापनाका आधार एवं अन्य प्राविधिक तयारी गर्न विज्ञहरूको समिति गठन गरी तयारी अगाडि बढाइनेछ ।

२. नगरभित्र सञ्चालित **सार्वजनिक विद्यालयहरू**को भौतिक सुधार गर्न पूर्वाधारहरू निर्माणमा सहयोग गर्ने नीति लिइनेछ । शिक्षकहरूलाई प्रविधिमैत्री बनाउन आवश्यक तालिमको व्यवस्था गरिनेछ । विद्यालय अनुगमनलाई निरन्तरता दिंदै शिक्षकहरूको स्तरोन्नतिको लागि समय समयमा विषयगत शिक्षक तालिमको व्यवस्था गरिनेछ ।

३. **स्थानीय पाठ्यक्रम** निर्माणलाई निरन्तरता दिंदै यो आर्थिक वर्षदेखि कक्षा ३ र ८ मा लागू गरिनेछ भने कक्षा ४ र ५ का लागि स्थानीय पाठ्यक्रम निर्माण कार्य पनि पूरा गरिनेछ । स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्न सहज बनाउन आवश्यक पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरू निर्माण गरिनेछन् । स्थानीय पाठ्यक्रमको सन्दर्भ सामग्री तयार गरी भर्चुअल कक्षा सञ्चालन गरिनेछ । विद्यालय तहमा नेपाल भाषा र लिपीको विषयमा अध्यापन कार्यलाई जोड दिइनेछ ।

४. नगरपालिकाद्वारा सञ्चालित **शिशुस्याहार केन्द्र**हरूको स्तरोन्नती गरी कार्यरत जनशक्तिलाई समयानुकूल योग्य र दक्ष बनाउन आवश्यक तालिमहरू व्यवस्था गर्दै लगिनेछ । आवश्यकता अनुसार अन्य वडामा पनि शिशुस्याहार केन्द्रहरूको विस्तार गर्दै लगिनेछ ।

५. नगरपालिकाद्वारा सञ्चालित **कलेजहरू** तथा सामुदायिक विद्यालयको आयोजनामा इन्जिनियरिङ, वाणिज्यशास्त्र, व्यवस्थापन संकाय, समाजशास्त्र, गणितलगायत विषयको राष्ट्रिय स्तरको गोष्ठी, अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ । साथै विद्यालय र कलेजमा अध्ययनरत विद्यार्थीहरूको सीप प्रदर्शनीको लागि समय समयमा विज्ञान प्रदर्शनी, इन्जिनियरिङ प्रदर्शनी गर्नुका साथै इन्जिनियरिङ

कलेजहरूको तर्फबाट राष्ट्रिय स्तरको रोबोट प्रतियोगिताको आयोजना गरिनेछ ।

६. भक्तपुरको इतिहास, भूगोल, वास्तुकला, कला–संस्कृति, भाषा, वातावरण, सरसफाइ, खानेपानीलगायत विभिन्न विषयमा अध्ययन–अनुसन्धान गर्न चाहनेहरूको लागि दिइँदै आएको **आर्थिक सहयोग**लाई निरन्तरता दिइनेछ । इतिहास, भूगोल, राजनीतिशास्त्र, संस्कृति र नेपालभाषामा उच्च शिक्षा हासिल गर्ने नगरवासी विद्यार्थीहरूलाई दिइँदै आएको छात्रवृत्तिको व्यवस्थालाई निरन्तरता दिँदै देशको लागि आवश्यक जनशक्ति तयार गर्न नयाँ नयाँ विषय अध्ययन गर्ने विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्था गर्दै जाने नीति लिइनेछ ।

७. उच्च शिक्षा अध्ययनरत वा अध्ययन गर्न चाहने तर आर्थिक रूपले विपन्न विद्यार्थीलाई दिइँदै आएको रु. ५ लाखसम्मको **शैक्षिक ऋण**को व्यवस्थालाई निरन्तरता दिइनेछ ।

८. नगरपालिकाद्वारा सञ्चालित शिक्षण संस्थामा कक्षा ११ र १२ मा **कानुन र चित्रकला विषय अध्यापन** गर्दै आएकोमा कलेज तहमा पनि ती विषयहरूको अध्यापन सुरु गर्न प्रकृया अगाडि बढाइनेछ । डिप्लोमा तथा क्याम्पस तहमा कृषि विज्ञान, हेल्थ असिस्टेन्ट, ल्याव असिस्टेन्ट एवं मेकानिकल इन्जिनियरिङको कक्षा सञ्चालनको प्रकृया अगाडि बढाइनेछ ।

९. शैक्षिक गुणस्तर विकासको निम्ति आवश्यक सल्लाह सुझावको लागि विज्ञहरूको टोली गठन गरिनेछ । विद्यालय र कलेजहरूमा अध्ययन अध्यापनको साथै नयाँ नयाँ विषयहरूको **खोजमुलक अनुसन्धान**लाई पनि जोड दिइनेछ ।

१०. नगरभित्रका सामुदायिक विद्यालयमा अध्यापनरत इ.सी.डी.का शिक्षकहरूलाई **प्रोत्साहन रकम**को व्यवस्थालाई निरन्तरता दिइनेछ ।

११. नगरभित्रका सबल सामुदायिक विद्यालयले नजिकको कमजोर विद्यालयलाई **संरक्षण** गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१२. हालसम्म नगरपालिकाले कक्षा ८ को नगरस्तरीय वार्षिक परीक्षा सञ्चालन गर्दै आएकोमा अबदेखि कक्षा ५ को वार्षिक परीक्षा नगरस्तरीय रूपमा सञ्चालन गरिनेछ । नगरभित्रका सामुदायिक विद्यालयहरूमा सञ्चालित शिशु स्याहार कक्षाहरूका **विद्यार्थीहरूलाई खाजा खर्च**वापत आर्थिक सहयोग प्रदान गरिनेछ ।

१३. नगरका विभिन्न ठाउँहरूमा क्रमशः निःशुल्क वाइफाइको व्यवस्था विस्तार गरी नगरवासी विद्यार्थीहरूलाई **अनलाइन कक्षाको पहुँच बढाउन** पहल गरिनेछ ।

## स्वास्थ्य

१४. भक्तपुर नपा वडा नं. ९ च्याम्हासिंहमा यसै आर्थिक वर्षबाट **ख्वप अस्पताल सञ्चालनमा** ल्याइनेछ । विश्वव्यापी रूपमा फैलिएको कोभिड–१९ रोगको सङ्क्रमणको जोखिमलाई न्यूनीकरण गर्न अस्पतालमा पीसीआर मेशिनसहित सङ्घ र प्रदेश सरकारको सहयोगमा नयाँ उपकरणहरूको व्यवस्थाको लागि पहल गरिनेछ ।

१५. **घरदैलो नर्सिङ सेवा**लाई व्यवस्थित गर्दै नगरभित्रका विद्यालय र कलेजहरूमा समेत त्यसको विस्तार गर्ने नीति लिइनेछ ।

१६. नगरपालिकाद्वारा निर्माण गरिएको श्वासप्रश्वास पुनः स्थापन केन्द्र (Respiratory Rehabilitation Center) सञ्चालनमा ल्याई दीर्घ दम रोगीहरूको **सहज उपचार**को प्रबन्ध मिलाइनेछ ।

१७. आयुर्वेदिक स्वास्थ्य सेवाबारे जनचेतना जगाउनुका साथै वडा वडामा सेवा विस्तार गर्दै लगिनेछ । जनतालाई सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गर्न **आयुर्वेदिक** स्वास्थ्य कार्यालयलाई उचित ठाउँमा स्थानान्तरण गरी व्यवस्थित र सुविधासम्पन्न अस्पताल सञ्चालन गर्नेतर्फ ध्यान दिइनेछ । नगरपालिकाले आर्युवेद अस्पतालसँग समन्वय गरी आर्युवेदिक उपचार शिविरहरू सञ्चालन गरिनेछ ।

१८. च्याम्हासिंहस्थित **आँखा उपचार** केन्द्रको सेवा विस्तार गरी जनतालाई सहज र सुलभ तरिकाले शल्यक्रिया सेवाको विस्तार गर्दै लगिनेछ । उक्त केन्द्रलाई ख्वप अस्पतालको निर्माणाधीन नयाँ भवनमा व्यवस्थित रूपमा सञ्चालन गरिनेछ ।

१९. विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरसको कारण स्वास्थ्य क्षेत्रमा बढी सचेतना अपनाउनुपर्ने हुँदा जनस्वास्थ्य केन्द्रलाई उपचारको लागि सक्षम बनाउन आवश्यक उपकरण तथा प्रविधिहरूको व्यवस्था गर्दै स्वास्थ्य क्षेत्रको लागि उचित बजेट व्यवस्थापन गरिनेछ । नगरका वडाहरूमा वडास्तरीय **आधारभूत स्वास्थ्य क्लिनिक** निर्माण गरिनेछ ।

२०. क्यान्सर, मृगौला, मुटु, मस्तिष्कघात जस्ता स्वास्थ्य मन्त्रालयले तोकेका कडा रोग लागेका बिरामीहरूलाई दिइँदै आएको **आर्थिक सहयोग**लाई निरन्तरता दिइनेछ ।

२१. नगरवासीहरूको स्वास्थ्यलाई ध्यानमा राखी दाँत, मुटु, आँखा, पाठेघरलगायत विभिन्न रोगहरूको नियमित **स्वास्थ्य शिविर** सञ्चालन गरिनेछ । कोभिड–१९ रोगलगायत विभिन्न रोगहरूबारे सचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२२. **अगाङ्गता** भएका व्यक्तिहरूलाई सहायक सामग्रीको व्यवस्था गरिनेछ ।

२३. भक्तपुर नगरपालिकाभित्र रहेका अस्पतालहरूको स्वास्थ्य **गुणस्तरीयताको अनुगमन**मा विशेष ध्यान दिइनेछ ।

## सम्पदा र संस्कृति संरक्षण

२४. नगरको उपयुक्त स्थानमा सांस्कृतिक प्रदर्शनी केन्द्र स्थापना गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले नियमित सांस्कृतिक प्रदर्शनी गरिनेछ। साथै यो वर्ष पनि कुनै एक **सांस्कृतिक बाजाको प्रतियोगिता** गरिनेछ।

२५. हाम्रो संस्कृतिलाई जीवन्तता दिनुका साथै नयाँ पुस्तामा हस्तान्तरण गर्न विद्यालय र कलेजहरूमा **सांस्कृतिक गुरुहरूको व्यवस्था** गरी सांस्कृतिक ज्ञानलाई जीवन जिउने आधारको रूपमा क्रमशः विकास गर्दै लगिनेछ।

२६. भक्तपुरको सम्पदा र संस्कृतिबारे खोजमुलक अध्ययन अनुसन्धान गरी पुस्तक प्रकाशन गरिनेछ। साथै महत्त्वपूर्ण सम्पदाहरूको पुनः निर्माणसँगै त्यसको सम्पूर्ण विवरणसहितको **पुस्तक प्रकाशित** गर्ने क्रमलाई अगाडि बढाइनेछ।

२७. भक्तपुरको संस्कृतिलाई जोगाई युवा पुस्तामा संस्कृति हस्तान्तरण गर्न निरन्तर योगदान गर्नुभएका संस्कृतिकर्मीहरूको **सम्मान कार्य**लाई निरन्तरता दिइनेछ।

२८. नेपाल भाषा, कला, संस्कृति र सम्पदाहरूको महत्त्वबारे जनचेतना जगाउन स्थानीय पाठ्यक्रम निर्माण, विभिन्न लेख रचनाहरूको प्रकाशन र विज्ञहरूद्वारा प्रवचन, चित्रकला, निबन्धलेखन तथा वादविवाद **प्रतियोगिताहरू** नियमित सञ्चालन गरिनेछ।

## कृषि

२९. नगरका उपयुक्त ठाउँहरूमा **तरकारी बजार**को व्यवस्था गरी स्थानीय उत्पादित तरकारीहरूको न्यायोचित मूल्यमा बिक्री वितरणको सुनिश्चितता प्रदान गरिनेछ।

३०. केन्द्र र प्रदेश सरकारसँग समन्वय गरी कृषि उत्पादन भण्डारणको लागि उपयुक्त ठाउँमा जग्गाको व्यवस्था गरी बहुबाली **चिस्यान केन्द्र** स्थापनामा जोड दिइनेछ।

३१. व्यवसायिक कृषि गर्ने किसानहरूको लागि कृषि प्राविधिक तालिम, च्याउ खेती, कौसी खेती, बेमौसमी नगदे बाली, माटो परीक्षणलगायतका **तालिमहरू** सञ्चालन गरिनेछ।

३२. मौसमअनुसार किसानहरूलाई धान, गहुँ, आलुको उन्नत **बीउ वितरण** गरिनेछ। साथै नगरपालिका आफैले उन्नत जातको बीउ उत्पादन तथा नर्सरी व्यवस्थापन गर्न पहल गरिनेछ।

३३. पशु चिकित्सक र कृषिविज्ञको व्यवस्था गरी पशु चिकित्सालय र कृषिसम्बन्धी **तालिमहरू**को व्यवस्था गरिनेछ।

३४. किसानहरूलाई कम्पोष्ट मल, गड्यौला मल बनाउन आवश्यक **तालिम**सहित प्रोत्साहित गरिनेछ।

३५. नगर क्षेत्रभित्र तरकारी सङ्कलन केन्द्रहरू स्थापना गरी स्थानीय कृषकबाट उत्पादन हुने तरकारीहरू बजारमा पठाउने व्यवस्थामा **सहजीकरण** गरिनेछ।

३६. नगरको उपयुक्त स्थानलाई **कृषि क्षेत्र घोषणा** गरी कृषि उत्पादनमा वृद्धि गर्ने नीति लिइनेछ।

## वातावरण तथा सरसफाइ

३७. नगरको फोहोरमैला व्यवस्थापनका लागि घरघरबाट नै कुहिने र नकुहिने फोहर छुट्टाछुट्टै सङ्कलन गरी कुहिने फोहोरबाट कम्पोष्ट मल बनाउने र नकुहिने फोहोरलाई पुनः प्रयोग गर्ने **आधुनिक प्लान्ट** स्थापनाको कार्य अगाडि बढाइनेछ।

३८. नगरभित्र प्लाष्टिकको झोलाको प्रयोगलाई निरुत्साहित गरी पुनः प्रयोग गर्न मिल्ने **कागज/कपडाको झोला प्रयोग**मा जोड दिइनेछ।

३९. भक्तपुर नगरपालिका वडा नं. ७ स्थित पाँचा ख्यलाई आकर्षक **विचरण पार्क**को रूपमा विकास गरिनेछ।

४०. सिद्धपोखरी, नःपुखु र कमलपोखरी लगायतका ठूला पोखरीहरूमा **नौका विहार** तथा अन्य पोखरीहरूमा माछापालन, वरपरको क्षेत्रमा हरियाली प्रवर्द्धन गरी सौन्दर्य प्रदान गरिनेछ।

४१. नगरका कालोपत्रे सडकको दुवै पेटीमा, खोलाको दुवै किनारा, खुला क्षेत्र, पीठ परिसर आदि क्षेत्रमा **वृक्षारोपण** गरी स्वच्छ, सुन्दर, सफा र हरियालीयुक्त नगरको विकास गर्दै लगिनेछ।

४२. नगरवासीहरूलाई सम्पदा क्षेत्र, सडक, चोक, गल्ली तथा खुला ठाउँमा फोहोरमैला फाल्न निरुत्साहित गरिनेछ। साथै आफ्नो ठाउँ आफै सफा गर्ने **नागरिक भावना विकास** गराउन उत्साहित गर्ने उद्देश्यले नगरपालिकाले हरेक महिनाको १ र १५ गते जनप्रतिनिधि, कर्मचारी, स्थानीय टिम, क्लव र स्थानीयवासीको उपस्थितिमा नगरका सम्पदा क्षेत्र, खुला क्षेत्र, खोला, पोखरी सरसफाइ कार्यलाई निरन्तरता दिइनेछ।

## विकास निर्माण

४३. भक्तपुर नपा वडा नं. १ स्थित ऐतिहासिक रानीपोखरी, भाज्या पुखुको पुनः निर्माण कार्य र २०७२ सालको भूकम्पले क्षति पुऱ्याएको दरबार स्क्वायरस्थित वत्सला मन्दिर, भक्तपुर नपा ५ स्थित च्यासिंद्यो, हाडा छेँ, चपाल भैरव द्योछेँ **पुनः निर्माण** कार्य सम्पन्न गरिनेछ।

४४. दरबार क्षेत्रस्थित कला सङ्ग्रहालय भवन रहेको न्ह्यकं झ्य दरबार, भक्तपुर नगरपालिकाको पुरानो नगरपालिका रहेको थंथु दरबार **पुनः निर्माण**को लागि नेपाल सरकार पुरातत्त्व विभागसित समन्वय गरी प्रक्रिया अगाडि बढाइनेछ।

४५. दरबार क्षेत्रस्थित पहिले भक्तपुर नगरपालिकाको नक्सा शाखा रहेको भवन भूकम्पबाट क्षतिग्रस्त भएको हुँदा यो आर्थिक वर्षमा त्यसको **पुनःनिर्माण**को कार्य प्रारम्भ गरिनेछ।

४६. भक्तपुर नपा वडा नं. ४ स्थित नरसिंह मन्दिरको पुनः निर्माण कार्य सुरु गरिनेछ भने दरबार स्क्वायरस्थित लापाँ देगको पुनः निर्माणको लागि **विस्तृत अध्ययन** सुरु गरिनेछ ।

४७. **जगन्नाथ क्षेत्र**को अध्ययनको लागि इतिहास, संस्कृति र पुरातत्त्व विज्ञहरूको एक विज्ञ टोली गठन गरी अध्ययन अनुसन्धान प्रक्रिया अगाडि बढाइनेछ ।

## युवा तथा खेलकुद

४८. भक्तपुर नगरपालिकाले नगरवासी युवाहरूलाई खेलकुद क्षेत्रमा राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडी तयार गर्ने उद्देश्यले फुटबल, भलिबल, टेबुलटेनिस, सितेरियो कराँते, बक्सिङ, जिम्नेस्टिकजस्ता खेलहरूमा नियमित प्रशिक्षण दिँदै आएकोमा **थप खेलहरूको प्रशिक्षण** शुरु गरिनेछ । साथै विद्यालय स्तरमा खेल प्रशिक्षण गर्ने उद्देश्यले पूर्णकालीन प्रशिक्षकहरूलाई आवश्यकताअनुसार क्षमता अभिवृद्धि गर्दै लगिनेछ ।

४९. महेश्वरी **खेल मैदान**लाई रंगशालाको रूपमा विकास गरिनेछ । शहीद स्मृति खेल मैदानलाई व्यवस्थित गरिनेछ । नगरभित्रका अन्य खेल मैदानहरूको स्तरोन्नती गरिनेछ ।

५०. भक्तपुर नपा वडा नं. ८ मा **खेलकुद प्रशिक्षण भवन** निर्माण सम्पन्न गरी प्रयोगमा ल्याइनेछ भने भक्तपुर नपा वडा नं. १० मा टेबुलटेनिस प्रशिक्षण केन्द्रको भवन पुनः निर्माण गरिनेछ ।

५१. विद्यालय/कलेजहरूबीच विभिन्न खेलहरूको समय–समयमा अन्तरविद्यालय/ अन्तरकलेज **प्रतियोगिता** गरी खेलाडीहरूलाई प्रोत्साहित गर्ने नीति लिइनेछ ।

५२. प्रत्येक वर्ष एउटा **खेलको अन्तर नगर प्रतियोगिता** सम्पन्न गर्ने नीतिअनुसार खेलकुद समितिका साथीहरूको सल्लाह र सुझावअनुसार कुनै एक खेलको अन्तर नगर प्रतियोगिता सम्पन्न गरिनेछ । साथै विद्यालय स्तरको राष्ट्रपति कप खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

५३. विभिन्न खेल विधाहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भई पुरस्कृत हुने खेलाडी, प्रशिक्षक, निर्णायकहरूलाई **सम्मान** गरिनेछ ।

५४. बाल बच्चादेखि ज्येष्ठ नागरिकहरू समेतको शारीरिक र मानसिक विकासको लागि वडा वडामा राखिएका शारीरिक व्यायाम स्थलहरूको विस्तार गरी विद्यालय र कलेजहरूमा समेत विस्तार गरिनेछ । **शारीरिक व्यायामशाला** सञ्चालन सम्बन्धी कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।

५५. विद्यालयका छात्रा तथा शिक्षिकाहरूलाई केन्द्रित गरी **आत्मरक्षा सम्बन्धी तालिम**को व्यवस्था गरिनेछ । विद्यालयका शिक्षकहरूलाई पाठ्यपुस्तकमा उल्लेखित खेलहरूको आधारभूत तालिम प्रदान गरिनेछ ।

५६. वडा खेलकुद समितिलाई सक्रिय बनाई खेलकुद प्रशिक्षण र प्रतियोगिता सञ्चालन गर्न **प्रोत्साहित** गरिनेछ ।

## पर्यटन

५७. आर्थिक वर्ष २०७६/७७ मा सम्पन्न गर्ने लक्ष्यले अगाडि बढाइएको भक्तपुर महोत्सव कोरोना भाइरस (कोभिड–१९) रोगको कारण अन्तिम समयमा स्थगित गर्नुपरेको कुरालाई ध्यानमा राखेर यो आर्थिक वर्षमा **विभिन्न उत्सव**हरूको आयोजना गरिनेछ ।

५८. महिनाको पूर्णिमाको दिन सन्ध्याकालीन **सांस्कृतिक सम्पदा पदयात्रा** सञ्चालन गरी आन्तरिक एवं बाह्य पर्यटन प्रबर्द्धनका गतिविधिहरू अगाडि बढाइनेछ ।

५९. पर्यटन व्यवसायी, होटेल व्यवसायी र विज्ञहरूसँग सल्लाह गरी भक्तपुरमा आन्तरिक पर्यटन प्रबर्द्धन कार्यका लागि प्याकेज सहितको **पर्यापर्यटन** (Ecotourism) सेवा सञ्चालन गरिनेछ र स्थानीय पथ प्रदर्शकहरूको परिचालनमा जोड दिइनेछ ।

६०. नगर क्षेत्रभित्र उपयुक्त स्थान चयन गरी क्रमशः फेमिली स्टे, होम स्टेको व्यवस्थापनमा जोड दिइनेछ । त्यसको लागि आवश्यक **तालिम**को व्यवस्था गरिनेछ ।

६१. भक्तपुरलाई सुरक्षित पर्यटकीय गन्तव्यस्थल बनाउने उद्देश्यअनुरूप नगरका महत्त्वपूर्ण सम्पदा स्थल तथा मूल सडक र चोकहरूमा **सीसी क्यामेरा**को विस्तार गर्दै लगिनेछ ।

६२. युवाहरूलाई पर्यटन व्यवसायमा आकर्षित गर्न चिनियाँ र जापानी **भाषा प्रशिक्षण** दिँदै आएकोमा उर्दु भाषालगायत विदेशी भाषाको समेत तालिम दिई युवाहरूलाई रोजगारीको अवसर प्रदान गरिनेछ ।

६३. नगरभित्रका सहकारी संस्थाहरूसँग समन्वय गरी स्तरीय होटल सञ्चालन गर्ने सम्बन्धमा **सम्भाव्यता अध्ययन**लाई अगाडि बढाइनेछ ।

६४. आन्तरिक र बाह्य पर्यटकहरूलाई आकर्षित गर्न भक्तपुरको कला र संस्कृति झल्किने तथा यहाँका सम्पदाहरूको **भिडियो डकुमेन्ट्री** बनाई प्रचार प्रसार गरिनेछ ।

## खानेपानी

६५. भक्तपुरवासी जनतालाई खानेपानीको व्यवस्था गर्न निरन्तर नगरपालिकाले प्रयास गर्दै आएको छ । सबै घरमा नियमित पानी पुऱ्याउने व्यवस्थाको लागि उपयुक्त ठाउँहरूमा **श्रोतको खोजी** गरिनेछ । ऐतिहासिक ढुङ्गेधारा, इनार, पोखरीजस्ता परम्परागत पानीका स्रोतहरूको संरक्षणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

६६. मेलम्चीको पानी पहिलो चरणमै भक्तपुर ल्याउने गरी भक्तपुर नगरपालिका, केयुकेएल र आयोजना कार्यान्वयन निर्देशनालय (पीआइडी) बीच भएको संयुक्त बैठकको

निर्णयअनुसार कार्यान्वयनको लागि **निरन्तर प्रयास** गरिनेछ। विस्तारित शहरी क्षेत्रमा खानेपानी वितरण प्रणाली विस्तार गर्न पहल गरिनेछ।

६७. नगरका उपयुक्त ठाउँहरूमा आकाशेपानी सङ्कलन र प्रशोधनको व्यवस्था गरी वितरणको व्यवस्था मिलाउन काठमाडौं उपत्यका खानेपानी लिमिटेडसँग समन्वय गरिनेछ। जमीनमूनिको **पानी पुनर्भरण** (Ground Water Recharge) मा नगरवासीहरूलाई प्रोत्साहित गरिनेछ।

६८. खानेपानी वितरण प्रणालीमा थप सुधारका लागि विद्यमान **पाइपको सुधार** एवं आवश्यकता अनुसार नयाँ पाइप बिछ्याउने कार्यमा विशेष ध्यान दिइनेछ।

६९. नगरपालिकाभित्रका विद्यालयहरूमा **शुद्ध खानेपानी**को व्यवस्थामा जोड दिइनेछ।

## ट्राफिक व्यवस्थापन

७०. नगरभित्र सवारीसाधनको चाप बढ्दै गएको र जथाभावी पार्किङले नगरको सौन्दर्यतामा नकारात्मक असर परिरहेको हुँदा निश्चित ठाउँहरू तोकी व्यवस्थित **स:शुल्क पार्किङ**को बन्दोबस्त गरिनेछ।

७१. सवारी दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले सवारी नियम सम्बन्धमा प्रचलित कानुनी बन्दोबस्तबारे चालक तथा सहचालकहरूलाई **अभिमुखीकरण** गरिनेछ।

७२. ट्राफिक नियम सम्बन्धमा स्थानीय जनतामा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। साथै यसलाई स्थानीय पाठ्यक्रममा पनि **समावेश** गर्न पहल गरिनेछ।

## बजार अनुगमन

७३. उपभोक्ताहरूको स्वास्थ्यलाई ध्यानमा राखेर भक्तपुर नगरपालिकाले बजार अनुगमनलाई निरन्तरता दिँदै जानेछ। स्वास्थ्यलाई हानी पुऱ्याउने, कुनै व्यवसायीले निहित स्वार्थ पूरा गर्न कानुनविपरीत म्याद नाघेका, कुहिएका वा अखाद्य पदार्थ मिसाइएका माल सामान, खाद्यान्न वा कुनै उपभोग्य वस्तु बिक्री गर्नेलाई प्रहरी प्रशासनको समन्वयमा कानून बमोजिम **कडा कारबाही** गरिनेछ।

## सहकारी

७४. नगरभित्र सञ्चालित सहकारी संस्थाहरूको **अनुगमन र तालिम**को व्यवस्था गरिनेछ।

७५. 'एक विद्यालय एक सम्पदा' सरसफाइ अभियान सञ्चालन गर्दै आएकोमा आ.व. २०७७/७८ देखि सहकारीहरूसँग समन्वय गरी **'एक सहकारी एक क्षेत्र सरसफाइ'** को नीतिलाई क्रमशः कार्यान्वयन गरिनेछ। सम्पदाहरूको पुनः निर्माण वा जीर्णोद्धारको क्रममा सहकारी सदस्यहरूबाट श्रमदान गर्ने नीतिलाई अगाडि बढाइनेछ।

७६. नगरभित्र सञ्चालित सहकारी संस्थाहरूलाई उत्पादनमूलक गतिविधिमा लगानी बढाउन नपाको तर्फबाट सहकारी विकास कोष खडा गरी प्रोत्साहित गरिनेछ। **विषयगत सहकारी संस्था** प्रबर्द्धनमा विशेष जोड दिइनेछ।

## आवास योजना

७७. भक्तपुर नपा वडा नं. २ र ६ मा सञ्चालित देको मिवा इटापाके आवास योजनाको बाँकी कार्य सम्पन्न गर्दै स्थानीय उपभोक्ताहरूलाई क्रमशः **जग्गा फिर्ता** गरिनेछ। साथै आयोजनालाई शीघ्र सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ। भक्तपुर नपा वडा नं. ९ मा सञ्चालित तुमचो दुगुरे आवास योजना चालु आ.व. मा सम्पन्न गरी त्यसको बाँकी काम नगरपालिकाले गर्ने गरी आयोजना बन्द गरिनेछ।

## सूचीकरण

७८. नगरभित्रका डकर्मी, लोहँकर्मी, सिकर्मीलगायतका कालिगड र कलाकारहरूको **सूचीकरण** गरिनेछ। सम्पदा र पूर्वाधार निर्माणमा सूचीकृत कालिगड तथा कलाकारहरूलाई प्राथमिकता दिइनेछ। देशका विभिन्न स्थानबाट कालिगड तथा कलाकारहरूको माग भएमा सूचिकृतहरूमध्येबाट पठाइने व्यवस्था मिलाइनेछ।

७९. डकर्मी र सिकर्मीहरूलाई नयाँ तथा भूकम्प प्रतिरोधी प्रविधिमैत्री **भवन निर्माण**सम्बन्धी तालिम दिइनेछ।

## युवा लक्षित तालिम

८०. नगरभित्रका दक्ष युवा जनशक्तिको सूचीकरण गरी नगरको समग्र विकासका साथै देशका विभिन्न जिल्लाहरूमा आवश्यकता अनुसार **दक्ष जनशक्ति** परिचालनका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारहरूसँग समन्वय गरिनेछ।

८१. युवाहरूलाई सीपमूलक तालिम दिएर आत्मनिर्भर बनाउने नीति लिइनेछ। काष्ठकला, प्रस्तरकला, मूर्तिकला, चित्रकला, सिलाई, रेडियो–टेलिभिजन प्रस्तोता, फोटोग्राफी, भिडियोग्राफी, पथ प्रदर्शकलगायत विषयका तालिम दिइनेछ। मोटरसाइकल, मोबाइल मर्मत, रेडियो टेलिभिजन मर्मत, रेफ्रिजेरेटर मर्मत, प्लम्बिङ्ग, बिजुली बत्ती मर्मतलगायतका तालिम दिई युवाहरूलाई **स्वरोजगार** बनाइनेछ।

८२. युवाहरूलाई कृषि, पर्यटन, घरेलु तथा साना उद्योग सञ्चालन गर्न सक्षम जनशक्ति तयार गर्न **सीपमूलक तालिम**हरू सञ्चालन गरिनेछ।

८३. नगरवासी युवा तथा विद्यार्थीहरूलाई आगलागी, बाढी, भूकम्पलगायतका प्राकृतिक प्रकोप तथा महामारी रोगविरुद्ध गतिविधिमा सहभागी गराउन उत्प्रेरित गर्ने उद्देश्यले प्रकोप व्यवस्थापन सम्बन्धी **तालिम** सञ्चालन गरिनेछ।

## चौपाया तथा पशुपंक्षी नियन्त्रण

८४. सडकमा जथाभावी गाईगोरु, बंगुर–सुंगुर, बाख्राजस्ता

जीवजन्तुहरू छाडा छाड्नेहरूलाई **कडा कारबाही**को नीति लिइनेछ र भुस्याहा कुकुर नियन्त्रण गर्न आवश्यक व्यवस्था गरिनेछ ।

८५. कुकुर पाल्ने नगरवासीहरूलाई सम्पदा क्षेत्र, नगरको चोक, गल्ली र सडकहरूमा जथाभावी फोहोर गर्न निरुत्साहित गरिनेछ । साथै **कुकुर पाल्ने** नगरवासीहरूले वडा कार्यालयमा कुकुर पालन सम्बन्धी अनुमति लिनुपर्ने व्यवस्था लागू गरिनेछ ।

८६. युवा स्वरोजगार कार्यक्रममार्फत **युवा उद्यमशीलता** विकास गर्ने प्रयास गरिनेछ ।

## पर्ती जग्गा संरक्षण

८७. नगरभित्र विभिन्न ठाउँमा रहेका पर्ती, सार्वजनिक, सरकारी तथा नगरपालिकाको आफ्नै जग्गा संरक्षण गरी अधिकतम् उपयोग गरी **आय आर्जन**को श्रोत बनाइनेछ ।

## अन्य

८८. २०७२ को भूकम्पले त्रिपरासुन्दरीस्थित अरनिको सभाभवन क्षतिग्रस्त भएपछि कार्यक्रम गर्न समेत जनताले समस्या भोग्दै आएको हुँदा भक्तपुर नपा वडा नं. ६ देकोचास्थित जग्गामा यो वर्ष **अरनिको सभाभवन निर्माण** शुरु गरिनेछ ।

८९. नगरको उपयुक्त स्थानमा **आदर निकेतन** दिवा सेवा यसै आर्थिक वर्षदेखि सुरु गरिनेछ ।

९०. दृष्य प्रदूषण घटाउन नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी नगरका विभिन्न ठाउँहरूमा छरपष्ट रहेका **तारहरू भूमिगत** बनाउने कार्यलाई मुख्य बजार क्षेत्रमा पहिलो चरणमा सम्पन्न गरिनेछ ।

९१. स्थानीय महिला दिदी बहिनी तथा ज्येष्ठ नागरिकहरूलाई **साक्षरता कक्षा** र निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

९२. कागजलगायत विभिन्न खेर गइरहेको पुनः प्रयोग गर्न मिल्ने वस्तुहरूलाई पुनः प्रयोगमा ल्याउने प्रक्रियालाई अगाडि बढाइनेछ । नगरपालिका र मातहतका सबै कार्यालयहरूमा **पुनः प्रयोग** विधिबाट निर्मित सामग्रीहरूको प्रयोगलाई प्राथमिकता दिइनेछ ।

९३. नगरभित्रका कार्यालय, सङ्घसंस्था, शिक्षण संस्था र नगरवासीहरूलाई **स्थानीय उत्पादन** प्रयोगमा उत्साहित गराइनेछ ।

९४. नगरपालिकाले गर्ने निर्माण तथा कार्यालय सामानहरू, फर्निचरका सामानहरू स्थानीय व्यवसायीहरूसँग उपलब्ध भएसम्म **स्थानीयसँगै खरिद** गर्ने नीतिलाई अगाडि बढाइनेछ । यसबाट स्थानीय व्यवसाय प्रवर्द्धन हुनेछ ।

९५. ख्वप एफएम तथा ख्वप टेलिभिजनको **रेकर्डिङ्ग स्टुडियो** निर्माण गरिनेछ ।

९६. नगरपालिका क्षेत्रभित्रका घरहरूको अभिलेखीकरण तथा तथ्याङ्क अद्यावधिक गर्ने उद्देश्यले वैज्ञानिक विधिबाट **घर नम्बरिङ** कार्य थालनी गरिनेछ ।

९७. नगरपालिकाद्वारा सञ्चालित कलेजहरू र विद्यालयहरूमा विशिष्टिकृत **कानुनी कक्षा** सञ्चालन गरिनेछ ।

९८. सर्वसाधारण जनतामा कानुनी ज्ञान दिलाउन वडास्तरमा लेखापढी सम्बन्धी तथा आधारभूत **कानुनी साक्षरता** कक्षा सञ्चालन गरिनेछ ।

९९. साना तथा घरेलु उद्योगबाट निस्कने धूलो, धुवाँ न्युनीकरण गर्न यसबारे सम्बन्धित व्यवसायीहरूसँगको समन्वयमा अनुसन्धान गरी स्वास्थ्यमा कुनै किसिमको हानी नपुग्ने गरी **आधुनिक प्रविधि**को प्रयोग गर्न व्यवसायीहरूलाई उत्साहित गरिनेछ ।

१००. साना तथा घरेलु उद्योगको उत्पादनलाई प्रोत्साहित गर्दै भक्तपुरको जुजु धौ, भादगाउँले टोपी, घरबुना कपडा, ताइच्यून चिउरा, हाकुपटासी **प्रवर्द्धन गर्ने** नीति लिइनेछ ।

१०१. भूकम्प पीडितलाई नक्सा पासमा दिइँदै आएको छुटलाई निरन्तरता दिइनेछ । साथै पुरानो नगर क्षेत्रमा मौलिक शैलीमा घर बनाउने घरधनीहरूलाई मोहडामा लाग्ने ईंटा, काठ र झिँगटीको लागि लाग्ने खर्चको ३५ प्रतिशत **अनुदानलाई निरन्तरता** दिइनेछ ।

१०२. मासुजन्य पदार्थ बिक्री वितरणलाई व्यवस्थित गर्न खुल्ला स्थानमा पशुवध गर्ने कार्यलाई निरुत्साहित गरिनेछ । नगरको उपयुक्त स्थानमा **पशु वधशाला**को निर्माण गरिनेछ ।

१०३. नगरको सुन्दरतालाई असर पर्नेगरी होर्डिङ बोर्ड, तुल ब्यानर, पम्प्लेट आदिलाई निरुत्साहित गर्दै सम्पदा क्षेत्र बाहेकका स्थानमा निश्चित मापदण्डको आधारमा **विज्ञापन सामग्री** राख्न दिइनेछ ।

१०४. घुम्ती तथा फुटपाथ पसललगायत सडक आवागमनमा अवरोध हुनेगरी सामान थुपार्ने र बिक्री गर्ने कार्यलाई **क्रमशः निषेध** गर्दै लगिनेछ ।

१०५. महामारीको रूपमा फैलिएको कोभिड-१९ को असर समेतलाई मध्यनजर गरी करमा छुट लगायतका सुविधा प्रदान गरी **करको दायरा** वृद्धिमा जोड दिइनेछ ।

१०६. करदाता तथा नगरवासीहरूले घरघरबाटै सूचना प्राप्त गर्न सक्ने, सेवा लिन सक्ने तथा कर तिर्न सक्ने समेतको व्यवस्थाको लागि आधुनिक **सूचना प्रविधि**को प्रयोगमा जोड दिइनेछ ।

१०७. अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आइएनजीओ) र गैरसरकारी संस्था (एनजीओ) ले भक्तपुर नगरपालिकाको **अनुमतिमा** मात्रै नगरपालिका क्षेत्रमा कार्य गर्ने व्यवस्था गरिनेछ ।

*(मिति : २०७७।३।७ गते)*

# आ.व. २०७७/७८ को अनुमानित बजेट

## भक्तपुर नगरपालिकाको सातौं नगरसभाको बैठकमा उपप्रमुख रजनी जोशीले प्रस्तुत गर्नुभएको आ.व. २०७७/७८ को अनुमानित बजेटको पूर्णपाठ –

**भक्तपुर नगरपालिकाको सातौं नगरसभाका सभाध्यक्षज्यू, नगरसभा सचिवज्यू एवं सम्पूर्ण नगर सभासदज्यूहरू,**

सर्वप्रथम विभिन्न जनआन्दोलन र सङ्घर्षहरूमार्फत जनताको अधिकार सुनिश्चित गर्ने क्रममा जीवन बलिदान गर्नुभएका प्रातः स्मरणीय शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै जनआन्दोलनमा घाइते हुनुभएका, प्रवास र भूमिगत भएर राजनैतिक र सामाजिक परिवर्तनमा महत्त्वपूर्ण योगदान गर्नुभएका योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्दछौं ।

विश्वव्यापी रूपमा फैलिएको नोबेल कोरोना भाइरस (कोभिड–१९) रोगको सङ्क्रमण नेपालमा पनि दिनानुदिन बढिरहेको अवस्थामा यस रोगको जोखिम न्यूनीकरणका लागि अग्रमोर्चामा सङ्घर्ष गरिरहनुहुने सबै स्वास्थ्यकर्मी, सफाइकर्मी, सुरक्षाकर्मीलगायत यस नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरूप्रति उच्च सम्मान व्यक्त गर्दछौं ।

स्थानीय तह निर्वाचन २०७४ मा नेपाल मजदुर किसान पार्टीको तर्फबाट हामी जनप्रतिनिधिहरूले नगरबासीमाझ घोषणापत्रमार्फत प्रतिवद्धता व्यक्त गरे अनुसार निरन्तर जनताको सेवा गरिरहेका छौं । ऐतिहासिक नगरी भक्तपुरलाई सफा, सुन्दर, स्वस्थ र सभ्य नगरको रूपमा विकास गर्ने तथा शिक्षा र स्वास्थ्य उपचारको क्षेत्रमा र भक्तपुरलाई आन्तरिक एवं बाहय पर्यटकहरूका लागि उत्कृष्ट गन्तव्यस्थल बनाउने लक्ष्यसहित हामी अघि बढिरहेका छौं ।

**सभाध्यक्ष महोदय,**

भक्तपुर नगरपालिकामा हामी जनप्रतिनिधि बहाली भएको चौथो आर्थिक वर्ष २०७७/७८ को बजेट पेश गर्दै गर्दा यस आर्थिक वर्षको बजेटमा विश्वभरि नै आतङ्कित बनाएको कोरोना भाइरस (कोभिड–१९) रोगको महामारीको असर परेको छ । यस महामारीको कारणले देशभर ३ महिनासम्म बन्दाबन्दी रह्यो र अहिले सरकारले बन्दाबन्दीलाई केही खुकुलो पारेको अवस्था मात्र हो । यस्तो विषम परिस्थितिमा यथासम्भव जनताको आधारभूत आवश्यकता परिपूर्ति गर्ने लक्ष्यसहितको बजेट निर्माण गर्ने प्रयास गरेका छौं । प्रतिकूल अवस्थाका कारण हामीले प्रक्षेपण गरे अनुरूप कर उठाउन नसकेको अवस्थामा हरेक



उपप्रमुख रजनी जोशी

क्षेत्रमा मितव्ययीता अपनाई यस आर्थिक वर्षको बजेट निर्माण गरेका छौं ।

चालू आ.व. २०७६/७७ का लागि नगरपालिकाले विनियोजन गरेको वार्षिक आय र व्ययको सङ्क्षिप्त समीक्षा प्रस्तुत गर्दछु :

**आयतर्फ :**

यस नगरपालिकाको चालू आ.व.का लागि कूल बजेट २ अर्ब १३ करोड १० लाख रूपैयाँ विनियोजन गरिएको थियो । आयतर्फ बाहय स्रोतबाट जम्मा १ अर्ब २२ करोड ४० लाख आम्दानी हुने अनुमान गरिएकोमा २०७७ जेठ मसान्तसम्ममा जम्मा ८२ करोड ३४ लाख ४९ हजार आम्दानी भयो जुन अनुमान गरिएकोको ६७.३६ प्रतिशत हुन आउँछ । चालू आ.व.को असार मसान्तसम्ममा बाहय स्रोतबाट ९१ करोड ६० लाख ९४ हजार आम्दानी हुने संशोधित अनुमान छ, जुन ७४.८४ प्रतिशत हुन आउँछ ।

नगरपालिकाद्वारा सञ्चालित आवास योजना समयमै सम्पन्न गर्ने हेतुले नगरपालिकाले चालू आ.व.मा ऋण सहयोगवापत रु.२५ करोड आम्दानी गर्ने लक्ष्य राखिएकोमा आयोजनासँग रहेको बाँकी मौज्दातबाट नै कार्य सञ्चालन भएको हुँदा ऋण लिन आवश्यक भएन ।

आन्तरिक स्रोततर्फ नगरवासीहरूबाट विभिन्न कर दस्तुरवापत उठ्ने रकम र पर्यटक सेवा शुल्कमार्फत सङ्कलन हुने रकम समेत कूल रकम ४२ करोड तथा नगरपालिकाको

स्वामित्वमा रहेको जग्गा बिक्रीबाट आउने रकम २० करोड गरी जम्मा ६२ करोड रूपैयाँ आम्दानी हुने अनुमान गरिएकोमा चालू आ.व.मा नगरपालिकाको स्वामित्वमा रहेको जग्गा बिक्री गरिएन । २०७७ जेठ मसान्तसम्ममा आन्तरिकतर्फ २६ करोड २८ लाख ५५ हजार रूपैयाँ आम्दानी भयो जुन अनुमानितको ४२.४० प्रतिशत हुन आउँछ । कोभिड–१९ रोगको महामारीको जोखिमलाई मध्यनजर गरी नेपाल सरकारले देशभरि बन्दाबन्दी (लकडाउन) लागू गरेको कारण पर्यटकहरूको आवागमन ठप्प भयो । पर्यटन क्षेत्रको हकमा विश्वभर नै नकारात्मक असर परेको अवस्थामा भक्तपुर नगरपालिका पनि अछुतो रहेन । फलस्वरूप पर्यटन शुल्क ३० करोड रूपैयाँ आम्दानी हुने अनुमान गरिए पनि चालू आ.व.को जेठ मसान्तसम्ममा १७ करोड २४ लाख ६५ हजारमात्र आम्दानी भयो ।

चालू आ.व.को जेठ मसान्तसम्म नगरपालिकाको बाह्य तथा आन्तरिक स्रोतबाट कूल १ अर्ब ८ करोड ६३ लाख ४ हजार आम्दानी भयो भने असार मसान्तसम्ममा १ अर्ब १८ करोड ३५ लाख ९४ हजार आम्दानी हुने संशोधित अनुमान छ ।

## व्ययतर्फ

**चालू अन्तर्गत** :

चालू आ.व. २०७६/७७ का लागि चालूतर्फ ९९ करोड ८० लाख रूपैयाँ विनियोजन गरिएकोमा जेठ मसान्तसम्ममा ७० करोड ९३ लाख १७ हजार अर्थात ७१.०६ प्रतिशत खर्च भयो । चालू आ.व.को असार मसान्तसम्ममा चालूतर्फ ७७ करोड ३८ लाख १ हजार खर्च भई चालूतर्फको कूल विनियोजित व्ययको ७७.४५ प्रतिशत खर्च हुने संशोधित अनुमान छ ।

**पूजीगत अन्तर्गत** :

चालू आ.व. २०७६/७७ का लागि सम्पदा पुनः निर्माणतर्फ रु. ९ करोड ९४ लाख ३२ हजार विनियोजन गरिएकोमा जेठ मसान्तसम्ममा १२ वटा आयोजनाहरू सम्पन्न भई रु. १ करोड १८ लाख २८ हजार खर्च भयो र २० वटा योजना हाल सञ्चालित छन् । चालू आ.व.को असार मसान्तसम्ममा सम्पदा पुनः निर्माणमा रु. ३ करोड ७४ लाख ९० हजार खर्च हुने संशोधित अनुमान गरिएको छ ।

चालू आ.व.मा नगरस्तरीय विकास निर्माणका योजनाहरूमा रु. २ करोड ४९ लाख ४४ हजार खर्च भएको छ भने असार मसान्तसम्ममा थप ४६ वटा योजनाहरू सञ्चालन भई ६ करोड २३ लाख २३ हजार खर्च हुने संशोधित अनुमान छ ।

चालू आ.व.मा वडास्तरीय योजनाको लागि दशवटै वडामा ५० लाखको दरले ५ करोड रूपैयाँ विनियोजन भएकोमा जेठ मसान्तसम्ममा सबै वडामा अधिकांश वडास्तरीय योजनाहरू सम्पन्न भई ४ करोड ९२ लाख रूपैयाँ अर्थात ९८.४० प्रतिशत खर्च भएको छ ।

सडक बोर्ड अन्तर्गत दशवटै वडामा सडक मर्मतका लागि रु. १ करोड विनियोजन गरिएकोमा जेठ मसान्तसम्ममा ७४ लाख ५७ हजार खर्च भएको छ भने असार मसान्तसम्ममा सबै योजना सम्पन्न भई शत प्रतिशत खर्च हुने संशोधित अनुमान छ ।

नगरवासी ज्येष्ठ नागरिक, एकल महिला, अशक्त अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा भत्ता वितरणका लागि सङ्घीय सरकारबाट चालू आ.व.मा १७ करोड ६५ लाख बजेट विनियोजन भएकोमा वडा कार्यालयहरूमार्फत चालू आ.व.मा तीन किस्तामा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा जम्मा १८ करोड ५३ लाख ९७ हजार अर्थात १०४.९७ प्रतिशत खर्च भई नपुग रकम सङ्घीय सरकारबाट सोधभर्ना माग गरिएको छ ।

नगरपालिका अन्तर्गत विभिन्न विषयगत समितिहरूका लागि चालू आ.व.मा रु. ८ करोड ९ लाख विनियोजन गरिएकोमा जेठ मसान्तसम्ममा ३ करोड ५४ लाख ९५ हजार अर्थात ४३.८७ प्रतिशत खर्च भयो ।

सशर्त अन्तर्गत २६ करोड ४५ लाख रूपैयाँ बजेट विनियोजन गरिएकोमा जेठ मसान्तसम्ममा कूल १९ करोड ९९ लाख ७९ हजार अर्थात ७५.६० प्रतिशत खर्च भयो ।

यस हिसावले चालू आ.व.मा पूँजीगततर्फ कूल रु. १ अर्ब १३ करोड ३० लाख रूपैयाँमध्ये विकास निर्माण र सम्पदा पुनः निर्माणतर्फ रु. ७२ करोड ९१ लाख १० हजार विनियोजन गरिएकोमा जेठ मसान्तसम्ममा यथार्थ खर्च रु. ४८ करोड २१ लाख ९५ हजार खर्च भयो । चालू आ.व.को असार मसान्तसम्ममा पूँजीगततर्फ रु. ५१ करोड ७६ लाख ६२ हजार खर्च भई खर्च ७०.९९ प्रतिशत हुने संशोधित अनुमान छ ।

**सभाध्यक्ष महोदय,**

यस गरिममामय नगरसभामा आर्थिक वर्ष २०७७।७८ का लागि नगरपालिकाको वार्षिक बजेट पेश गर्ने अनुमति चाहन्छु ।

आ.व. २०७७।७८ का लागि यस नगरपालिकाको आर्थिक विधेयक २०७७ र विनियोजन विधेयक २०७७ को विस्तृत विवरण एवं स्वीकृत योजनाहरू अनुसूची १, २ र ३ मा समावेश गरिएको छ ।

नगरपालिकाको आफ्नै स्रोत, नेपाल सरकार र प्रदेश सरकारबाट विभिन्न शीर्षकमा प्राप्त हुने अनुदान रकम साथै ऋण सापटी र नगरपालिकाको जग्गा बिक्रीसमेत गरी आ.व. २०७७/७८ को लागि रु. १ अर्ब ८२ करोड ४० लाख अनुमान गरिएको छ ।

**आयतर्फ** :

आ.व. २०७७/७८ का लागि बाह्य स्रोतबाट जम्मा रु. ९९ करोड २९ लाख २४ हजार आम्दानी हुने अनुमान गरिएको छ। जसमध्ये सङ्घीय सरकारबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान शीर्षकमा रु. ५४ करोड ४५ लाख अनुमान गरिएको छ भने सामाजिक सुरक्षा भत्तावापत रु. २३ करोड र सडक बोर्डमार्फत रु. ५० लाख आम्दानी हुने अपेक्षा गरिएको छ।

बागमती प्रदेश सरकारबाट यस नगरपालिकामा वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान शीर्षकमा जम्मा रु. ६ करोड ५४ लाख २२ हजार प्राप्त हुने अनुमान गरिएको छ।

सङ्घ तथा प्रदेश सरकारबाट मालपोत तथा सवारी करवापत राजश्व बाँडफाँडबाट रु. १४ करोड ९० लाख २ हजार आम्दानी हुने अनुमान गरिएको छ। त्यस्तै जिल्ला समन्वय समिति, भक्तपुरबाट ४ करोड रूपैयाँ प्राप्त हुने अनुमान गरिएको छ।

आगामी आ.व.का लागि नगरपालिकाबाट सञ्चालित देको मिवा इतापाके जग्गा एकीकरण आयोजना समयमै सम्पन्न गर्ने हेतुले २५ करोड रूपैयाँ बैंक ऋण प्राप्त हुने अनुमान गरिएको छ।

त्यस्तै आन्तरिक आयतर्फ नगरवासीहरूबाट विभिन्न शीर्षकमा कर दस्तुरवापत उठ्ने रकम, व्यवसाय कर, पर्यटकहरूबाट उठ्ने रकमलगायतबाट ३३ करोड ३९ लाख र नगरपालिकाको जग्गा बिक्रीबाट १३ करोड गरी कूल ४६ करोड ३९ लाख रूपैयाँ आम्दानी हुने अनुमान गरिएको छ।

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) का कारण समग्र अर्थतन्त्रमा मात्र नभई नगरवासीहरूको आर्थिक कृयाकलापमा पनि गम्भीर नकारात्मक प्रभाव परेको वर्तमान अवस्थालाई मध्यनजर गरी यो आर्थिक वर्षमा आन्तरिकतर्फ आयको स्रोत अनुमान गर्ने सन्दर्भमा नगरवासीहरूको राय सुझाव तथा स्थानीय राजस्व परामर्श समितिको सिफारिस समेतलाई आधार मानी साविकको करका शीर्षकहरूमध्ये अधिकांशमा यथावत नै राखिएको छ। केही आवश्यक करका शीर्षकहरूको दर तथा दायरामा संशोधन तथा थप प्रस्ताव गरिएको छ। करको दर पुनरावलोकन गर्दा नगरवासीहरूलाई कममात्र आर्थिक भार पर्ने गरी सहुलियत र छुट दिन सकिने कुराहरूलाई ध्यान दिइएको छ।

**व्ययतर्फ** :

२०७७ असार ७ गते प्रस्तुत तथा असार ९ गते नगरसभाबाट पारित गरिएको नीति तथा कार्यक्रमको आधारमा चालू र पूँजीगत खर्च गरी निम्न शीर्षकहरूमा रु. १ अर्ब ८२ करोड ४० लाखको कूल बजेट विनियोजन गरिएको छ।

चालूतर्फ खर्चका लागि ३९ करोड ८९ लाख ७६ हजार रूपैयाँ विनियोजन गरिएको छ। यसमध्ये प्रकोप व्यवस्थापन कोषका लागि ५० लाख रूपैयाँसमेत व्यवस्था गरिएको छ। स्थानीय तह सशर्त चालू खर्चतर्फ विभिन्न शीर्षकमा ३४ करोड ३ लाख १३ हजार रूपैयाँ, सामाजिक सुरक्षा भत्तामा २३ करोड र नगरपालिका अन्तर्गत गठित विभिन्न समिति खर्च शीर्षकमा ८ करोड ७४ लाख रूपैयाँ विनियोजन गरिएको छ। यस हिसावले कूल चालू खर्चका लागि रु. १ अर्ब २ करोड ६६ लाख ८९ हजार रूपैयाँ विनियोजन गरिएको छ।

कोभिड-१९ रोग सङ्क्रमणको विषम परिस्थितिमा नगरपालिकाको चालू खर्चलाई मितव्ययी बनाउने प्रयास गरिएको छ। नगरपालिकाका जनप्रतिनिधिहरूले यो आर्थिक वर्षमा नगरपालिकाको खर्चमा विदेश भ्रमण नगर्ने र देशभित्रका विभिन्न जिल्लामा भ्रमण गरिँदाको भ्रमण भत्ता तथा समितिहरूको बैठक भत्ता आधा घटाउने समेत व्यवस्था गरेका छौं। त्यस्तै नगरपालिकामा कार्यरत कर्मचारीहरूलाई पनि चालू आ.व.सम्म दिइँदै आएको खाजा भत्ता र पोशाक भत्तावापतको रकम वर्तमान संवेदनशील अवस्थालाई मध्यनजर गरी नेपाल नगरपालिका कर्मचारी एसोसियसन भक्तपुर नगरपालिका एकाई समितिको तर्फबाट यो वर्ष नलिने निर्णय गरिएको जानकारी समेत प्राप्त भएको यस सम्मानित नगरसभामा प्रस्तुत गर्दछौं। यसबाट नगरपालिकाको चालू खर्चमा रु. १ करोड २६ लाख रूपैया बचत हुने देखिन्छ। नगरपालिकाका सबै कर्मचारीहरू तथा नेपाल कर्मचारी एसोसियसन भक्तपुर नगरपालिका एकाइ समिति परिवारलाई धन्यवाद ज्ञापन गर्दछौं।

आ.व. २०७७/७८ का लागि पूँजीगततर्फ रु ७९ करोड ७३ लाख ११ हजार विनियोजन गरिएको छ जसमध्ये नगरपालिकाद्वारा सञ्चालित देको मिवा इटापाके जग्गा एकीकरण आयोजना समयमै सम्पन्न गर्न २५ करोड रूपैयाँ विनियोजन गरिएको छ। नगरपालिकाबाट विगत वर्षदेखि सञ्चालित क्रमागत विकास योजनाहरू सम्पन्न गर्न यो वर्ष १५ करोड २५ लाख रूपैयाँ विनियोजन गरिएको छ, जसमा निर्माणाधीन ख्वप अस्पताल भवनका लागि १० करोड २० लाख रूपैयाँ एवं सङ्घीय तथा बागमती प्रदेश सरकारबाट समपूरक र विशेष अनुदानका लागि छनौट गरिएका योजनाहरूका लागि २ करोड ५० लाख रूपैयाँ समेत समावेश गरिएको छ। सम्पदा पुनः निर्माण अन्तर्गतका क्रमागत योजनाहरू सञ्चालनका लागि यो वर्ष रु. ५ करोड ५ लाख विनियोजन गरिएको छ।

नगरपालिकाद्वारा सञ्चालित तुमचो दुगुरे जग्गा एकीकरण आयोजनाको कार्यालय यो वर्षदेखि बन्द गरिनेछ । त्यस क्षेत्रका केही क्रमागत योजनाहरू सम्पन्न गर्न यो वर्ष २ करोड रूपैयाँ बजेट विनियोजन गरिएको छ ।

यो वर्ष ठूलो आकारको बजेट खर्च हुने र बहुवर्षीय योजनाहरूभन्दा एकै वर्षमा सम्पन्न हुने र छिटो प्रतिफल प्राप्त गर्न सकिने नयाँ योजनाहरूलाई प्राथमिकता क्रममा राखिएको छ । नगरपालिकाको आफ्नै स्रोतबाट सञ्चालन हुने र सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त हुने समपूरक एवं विशेष अनुदानका योजनाहरू सञ्चालन गर्न यो वर्ष २० करोड ९५ लाख रूपैयाँ विनियोजन गरिएको छ । त्यस्तै वडास्तरका योजनाहरू सञ्चालन गर्न विगत वर्षझैं यो वर्ष पनि प्रति वडा रु. ५० लाखको दरले जम्मा ५ करोड रूपैया र सडक बोर्ड अन्तर्गतका योजनाहरू सञ्चालन गर्न १ करोड रूपैयाँ विनियोजन गरिएको छ ।

चिकित्साशास्त्र, इन्जिनियरिङ, व्यवस्थापन, मानविकी, शिक्षाशास्त्र लगायतका विषयहरूमा उच्च शिक्षा अध्ययन गर्न चाहने र अध्ययनरत नगरवासी विद्यार्थीहरूका लागि नगरपालिकाले विगत वर्षदेखि शैक्षिक ऋण वितरण गर्दै आएकोलाई यो वर्ष पनि निरन्तरता दिंदै यसका लागि ३ करोड रूपैयाँ विनियोजन गरिएको छ । त्यस्तै भक्तपुरको कला, वास्तुकला, संस्कृति, इतिहास, वातावरण, सरसफाइ, पर्यटनलगायतका विषयमा उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरूलाई इन्टर्नशीपसँगै अध्ययन अनुसन्धान गर्न चाहनेहरूका लागि अनुदान दिने र विश्वविद्यालय तहमा इतिहास, भूगोल, नेपाल भाषा, संस्कृति पढ्ने विद्यार्थीहरूलाई नगरपालिकाको तर्फबाट छात्रवृत्तिको लागि पनि बजेटको व्यवस्था गरिएको छ ।

पुरानो नगर क्षेत्रमा परम्परागत शैलीमा घर निर्माण गर्ने घरधनीहरूलाई मोहडाका लागि इँटा र काठमा लाग्ने खर्च र झिँगटी छाना निर्माणमा लाग्ने कूल लागत रकमको ३५ प्रतिशत नगरपालिकाको तर्फबाट अनुदान दिने कार्यलाई यो वर्ष पनि निरन्तरता दिइएको छ र यसका लागि ५० लाख रूपैयाँ विनियोजन गरिएको छ । ख्वप एफएम र ख्वप टेलिभिजनको रेकर्डिङ स्टुडियो निर्माणका लागि यो वर्ष ५० लाख रूपैयाँ विनियोजन गरिएको छ ।

खानेपानी फिल्ट्रेसन तथा पाइप सुधार कार्य, खोला तथा घाट सुधार, पर्ती जग्गा संरक्षण तथा सिमांकन, सडक बत्ती जडान तथा मर्मत, माटो परीक्षण तथा सम्भाव्यता अध्ययन कार्य लगायतका लागि १ करोड ५४ लाख २१ हजार रूपैयाँ विनियोजन गरिएको छ ।

यस हिसाबले कुल बजेटको चालू खर्चतर्फ ५६.२९ प्रतिशत र पूँजीगत खर्चतर्फ ४३.७१ प्रतिशत विनियोजन गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

नगरपालिकाले आ.व. २०७७/७८ का लागि प्राथमिकताका साथ बजेट विनियोजन गरेका शीर्षकहरू देहाय बमोजिम रहेको सम्मानित नगरसभामा जानकारी गराउँदछौं :

- शिक्षा तथा संस्कृति क्षेत्रमा (नगरपालिकाद्वारा सञ्चालित कलेजहरूको बजेटबाहेक) : ३८ करोड १२ लाख ३० हजार रूपैयाँ (२०.९० प्रतिशत)
- स्वास्थ्य क्षेत्रमा (नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्रहरूको बजेटबाहेक) : १४ करोड २ लाख रूपैयाँ (७.६९ प्रतिशत)
- सम्पदा संरक्षण तथा विकास निर्माणको क्षेत्रमा : ४२ करोड २३ लाख ११ हजार रूपैयाँ (२३.१५ प्रतिशत)
- फोहोरमैला व्यवस्थापन तथा वातावरण सुधार क्षेत्रमा : ११ करोड ८५ लाख ६८ हजार रूपैयाँ (६.५० प्रतिशत)
- महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा समाज कल्याण क्षेत्रमा : २४ करोड ७६ लाख रूपैयाँ (१३.५७ प्रतिशत)
- युवा तथा खेलकुदको क्षेत्रमा : ३ करोड ३६ लाख रूपैयाँ ( १.८४ प्रतिशत)
- कृषि क्षेत्रमा : ७४ लाख रूपैयाँ (०.४५ प्रतिशत)
- खानेपानी क्षेत्रमा : १ करोड ८९ लाख २१ हजार रूपैयाँ ( ०.९८ प्रतिशत)
- नगरभित्रका सामुदायिक विद्यालयहरूमा बालविकास सहजकर्ता (इसीडी शिक्षक) हरूको कार्य मूल्याङ्कन गरी प्रति व्यक्ति प्रतिमहिना रु.४०००।- का दरले थप पारिश्रमिक तथा नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा अध्ययनरत पूर्व प्रावि तहका विद्यार्थीहरूलाई दिवा खाजावापत अनुदान रकम नगरपालिकाको आफ्नै स्रोतबाट व्यहोर्ने बन्दोबस्त गरिएको छ ।

यस नगरपालिकाले प्रस्ताव गरेका योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्दा सङ्घ र प्रदेश सरकारका कार्यक्रमहरूसँग दोहोरो नपर्नेगरी समन्वय गरी पारदर्शी एवं जवाफदेही हिसाबबाट कार्यान्वयनको व्यवस्था गर्नेछौं । यस नगरपालिकामा काम गर्न इच्छुक सङ्घसंस्था तथा विकास साझेदारहरूबाट प्राप्त सहयोग रकमलाई नगरपालिकामार्फत नै एकद्वार प्रणालीबाट कार्यान्वयनको व्यवस्था मिलाइएको छ ।

अन्त्यमा, आ.व. २०७७।७८ का लागि यस नगरपालिकाको नीति तथा कार्यक्रम र बजेट निर्माणको क्रममा आफ्नो अमूल्य सुझाव दिनुहुने सम्पूर्ण नगरवासी, सङ्घसंस्था तथा कार्यालयहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । धन्यवाद ।

*(मिति : २०७७।३।१० गते)*

सातौं नगरसभाको उद्‌घाटनमा उपप्रमुख रजनी जोशीको स्वागत मन्तव्य

# नगरवासीहरूका आधारभूत आवयकता पूरा गर्दै घोषणापत्रका कार्यक्रमलाई पनि समेट्ने

देशमा प्रजातन्त्र प्राप्तिका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण अमर शहीदहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछौं र समाज परिवर्तनको लागि महत्त्वपूर्ण योगदान दिनुहुने व्यक्तित्वहरूप्रति उच्च सम्मान व्यक्त गर्दै हामी नेपाल मजदुर किसान पार्टीका जनप्रतिनिधिहरूलाई अत्यधिक मत दिएर विजयी गराई नगर र नगरवासीहरूको सेवा गर्ने सुअवसर दिनुहुने सम्पूर्ण नगरवासीहरूमा कृतज्ञता व्यक्त गर्दछौं । हामी नेमकिपाको जनसेवा र विकासका कार्यक्रमले भरिएको २०७४ को स्थानीय तह निर्वाचनको घोषणापत्रलाई नै आधार बनाई अघि बढिराखेको यहाँहरू समक्ष स्मरण गराउन चाहन्छु ।

आजको नीति तथा कार्यक्रम हामी जनप्रतिनिधिहरूले पद बहालीपछिको चौथो वर्षको कार्यक्रम हो । यो ३ वर्षको अवधिमा धेरै परिवर्तन भए । विकास निर्माणका कामहरू भए भने गत वर्षको अन्तदेखि विश्व नै एक फरक परिस्थितिबाट गुज्रिरहेको छ, त्यो हो कोरोना महामारी । यस महामारीले मावन विकासलाई नै आतङकित तुल्याएको छ भने हरेक सामाजिक/वातावरणीय आदि इत्यादि क्षेत्रमा ठूलो पाठ पनि सिकाएको हामी सबैले महसुस गरेका छौं । यद्यपि हामी हरेक नेपालीले यसबारे सचेत र सजग भई विज्ञहरूका सुझाव अनुसार सुरक्षाका विधि अपनाई अघि बढ्नु एकमात्र विकल्प रहेको भक्तपुर नगरपालिकाको ठम्याइ रहेको छ । महामारीबाट दिवंगत नेपाली दाजुभाइ दिदीबहिनीहरूलाई हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । उपचाररत सम्पूर्ण विरामीहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै लकडाउन भएदेखि अहिलेसम्म पनि नगरवासीहरूको लागि नगद/जिन्सीलगायत खाद्यान्न उपलब्ध गराई सहयोग गर्नुहुने सम्पूर्ण मनकारी महानुभावहरूलाई भक्तपुर नगरपालिका हार्दिक धन्यवाद व्यक्त गर्दछ । यस सङकटमा अग्रपङक्तिमा रही नगरवासी/ जनताको सेवा गर्नुहुने सम्पूर्ण स्वास्थ्यकर्मी/सुरक्षाकर्मीहरूमा आभार प्रकट गर्दछु ।

यस कोराना कहरलाई सामान्यीकरण गर्दै हामी सम्पूर्ण जनप्रतिनिधिहरू हाम्रो कार्यकालको चौथो वर्षमा प्रवेशसँगै नगरवासीहरूका आधारभूत आवयकता यथासम्भव पूरा गर्दै घोषणापत्रमा रहेका अत्यावश्यक कार्यक्रमलाई पनि समेट्ने विश्वासकासाथ यस सातौं नगर सभा (बजेट सभा) को थालनी गर्दै छौं ।



उपप्रमुख रजनी जोशी

**उपस्थित भद्र महिला तथा सज्जनवृन्द,**

भक्तपुर नगरपालिका घोषणापत्र अनुरूप शिक्षा एवं स्वास्थ्यलाई एक सिक्काको दुई पाटाको रूपमा निरन्तर अघि बढिरहेको अवस्थामा यस विषम परिस्थिति COVID-19 लाई मध्यनजर गर्दै स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखनुपर्ने आजको आवश्यकता रहेको हामीले देखेका छौं । त्यसरी नै शिक्षालाई विकासको मेरुदण्डको रूपमा भक्तपुर नगरपालिकाले लिंदै अघि बढिरहेको अवस्थामा यस कोरोना महामारीमा एउटा फड्को मारेर अघि बढ्ने छौं । तसर्थ यस अवस्थालाई सकारात्मक तवरले प्रविधिको प्रयोग गरी नयाँ सोचका साथ समाजलाई अघि बढाउने निर्णय लिएका छौं । भक्तपुर नगरपालिका भक्तपुरलाई कला र सांस्कृतिक नगरको साथै ज्ञान विज्ञानको केन्द्र बनाउने लक्ष्य लिई अघि बढिरहेको हुँदा यसलाई मूर्तरूप दिई अघि बढ्ने छौं ।

'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' भन्ने नारालाई भक्तपुर नगरपालिकाले निरन्तर अगाडि बढाउँदै गर्दा अहिले हाम्रो संस्कृतिमा पनि यस कोभिड–१९ महामारीको असर प्रत्यक्ष परेको हामी भोगिरहेका छौं । हामीले हाम्रो संस्कृति/रितिरिवाजलाई यही महामारीका कारणले हाम्रा नगरवासीहरूलाई सामान्य रूपमा मात्र मनाउन आह्वान गर्न भक्तपुर नगरपालिका वाध्य भयौं । अवश्य पनि हामीले हाम्रा नगरवासीहरूको स्वास्थ्यलाई प्राथमिकतामा राखेका छौं र हामी स्वस्थ भएमा यस महामारीसँग जित्न सकेमा हाम्रो रितिरिवाज हाम्रो संस्कारलाई निरन्तरता दिने नै छौं, जीवन्त राख्ने ➲

सातौं नगरसभाको उद्घाटनमा भक्तपुर नपाका प्र.प्र. अधिकृत इन्द्रप्रसाद बस्यालको धन्यवाद ज्ञापन

# नमूना नगरपालिकाको पहिचान बनाउनमा नगरवासीको साथ र सहयोग अमूल्य

यस ऐतिहासिक तथा सांस्कृतिक नगर भक्तपुरको सातौं नगरसभामा आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम आदरणीय नगर प्रमुखज्यूबाट यस सम्मानित सभामा प्रस्तुत गर्नुभएको छ। नीति तथा कार्यक्रमले शिक्षा, स्वास्थ्य र पुरातात्त्विक सम्पदाहरूको पुनःनिर्माण तथा प्रबर्द्धन, पूर्वाधार विकास, कृषि, भेटनरी, लघु उद्यम, पर्यटन विकासमा महत्त्वपूर्ण जोड दिएको छ ।

नेपालको संविधान २०७२ ले नेपाललाई गणतन्त्रात्मक सङ्घीय राज्यको व्यवस्था गरेपछि स्थानीय सरकारको भूमिकामा रहेको यस नगरपालिकाका जनप्रतिनिधिहरूले आफ्नो चुनावी घोषणापत्रलाई मुख्य आधार बनाएर नीति तथा कार्यक्रम बनाउँदै आएको छ। प्रत्येक वर्ष नगरपालिकाले प्राप्त गरेका उपलब्धीहरू सार्वजनिक गरिँदै आएको छ। विगत तीन वर्षमा नीति तथा कार्यक्रम कार्यान्वयनमा महत्त्वपूर्ण उपलब्धी हासिल भएका छन् ।

आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा



प्र.प्र. अधिकृत इन्द्रप्रसाद बस्याल

२०७२ सालको महाविनाशकारी भूकम्पले भत्किएका पुरातात्त्विक सम्पदाहरूको पुनःनिर्माण सम्पन्न गर्ने, विश्वव्यापी रूपमा फैलिएको

➲ नै छौं। यो कुरा हाम्रा नगरवासीहरूले बुझ्नु भएको हामीले पाएका छौं र यसलाई अझै पनि निरन्तर रूपले साथ दिनुहुनेमा हामी विश्वस्त छौं।

हामी हाम्रो कलाकारिता र सम्पदालगायत संस्कृतिलाई नयाँ पुस्तामा हस्तान्तरण गर्दै सदियौंसम्म अगाडि बढाउन लागिपरेका छौं भने अर्कोतिर सरकारले काठमाण्डौ उपत्यकामा ठूला ४ उपनगरहरू निर्माण शुरु गर्न लागेको जानकारीमा आएको छ। नेपाल मजदुर किसान पार्टीले शुरुदेखि यसको विरोध गर्दै आएको यहाँहरू सम्पूर्णलाई अवगत छ। यसमा हामी सबै नगरवासीहरू सचेत रहनु अत्यन्तै जरुरी छ। किनभने हामीले सबैभन्दा पहिले उपत्यकामा भएका बस्तीहरू व्यवस्थित गर्न जरुरी छ भन्दै आएका हौं। उपत्यकाको क्षमता अनुसार मात्र बस्ती बसाल्नु पर्ने र उपत्यकाले हालको कोरोना महामारी ठेग्न नसकेको हामीले आज भोगिरहेका छौं भने खानेपानी/ढल निकास/पारवहन/यातायात जस्ता अत्यावश्यक पूर्वाधारको बारेमा हामीले धेरै अगाडिदेखि बोल्दै आएका थियौं। त्यतिमात्र नभएर हाम्रो संस्कृतिसँग सम्बन्धित कृषि उत्पानदहरूको अभाव हुने सम्भावना बढी हुनेछ र हामीले हाम्रो संस्कृतिलाई निरन्तर रूपमा अघि बढाउन कठिन हुने छ। अन्यथा हाम्रा भावी सन्ततिलाई हामीले हाम्रो पुर्खाले सिर्जेको सम्पत्ति सुम्पन मुश्किल हुनेछ। यसर्थ हामी सम्पूर्ण नगरवासीले यसबारे मनन गरौं।

आजको यस विशेष परिस्थितिमा पनि नगरवासीहरूको साथ र सहयोगमा नगरको चौतर्फी विकासका लागि विकास निर्माणका र संरक्षणका कामहरू निर्वाध रूपमा भइरहेको छ र भनपा यहाँहरूको निरन्तर साथ रहनेमा विश्वस्त छौं। भक्तपुर नगरपालिका र नगरवासी एक अर्काको परिपूरक हो। त्यसैले हामीले गर्ने हरेक काम नमूनाको रूपमा गर्न जनताको साथ लिएर अगाडि बढेका छौं। आगामी दिनहरूमा पनि जस्तोसुकै परिस्थितिमा पनि हातेमालो गर्दै अगाडि बढौं भन्दै यस कोरोना महामारीको अवस्थामा हामी सबै जना सजग भई, सुरक्षाका उपायहरू अपनाऔं भन्दै उपस्थित सम्पूर्ण महानुभावहरूलाई भक्तपुर नगरपालिकाको यस सातौं नगर सभा नीति तथा कार्यक्रम सार्वजनिक गर्ने कार्यक्रममा पुनः स्वागत गर्दछु। धन्यवाद !

कोभिड–१९ को महामारीलाई नगर क्षेत्रमा कसरी नियन्त्रण गर्ने, नगरपालिकाले शिक्षा र स्वास्थ्य क्षेत्रमा गर्दै आएका महत्त्वपूर्ण कार्यहरूलाई आगामी दिनमा अझ विस्तार गर्ने र नगरक्षेत्रभित्र भौतिक पूर्वाधारहरूको विकास तथा विस्तार, आय तथा रोजगारीका अवसरहरूको सृजनामा जोड दिएको छ। कोभिड–१९ को महामारीले नगरपालिकाको आन्तरिक स्रोतमा ज्यादै असर गरेको छ।

पर्यटन शुल्क यस नगरपालिकाको राजश्वको मुख्य आधार रहेकोमा कोभिड–१९ को महामारीले हाल लगभग शून्यको स्थितिमा पुगेको छ। नगरपालिकाको आन्तरिक आयको मुख्य स्रोतमा आएको संकुचनबाट हामीले सार्वजनिक गरेका नीति तथा कार्यक्रम कार्यन्वयन गर्न केही कठिनाइ देखिए पनि आन्तरिक आयका वैकल्पिक व्यवस्थाहरू मिलाई आज सार्वजनिक गरिएका नीति तथा कार्यक्रम कार्यान्वयनको व्यवस्था मिलाइनेछ।

नीति तथा कार्यक्रम तर्जुमा गर्दा गत वर्षहरूमा जस्तै विभिन्न भेला तथा बैठकहरू कोभिड–१९ को कारणले गर्न सम्भव नभए पनि हामीले लिखित सुझावहरू पठाउन सम्पूर्ण नगरवासी, सङ्घसंस्थाहरू तथा नागरिक समाजलाई आव्हान गरेका थियौं। नगरपालिकालाई विभिन्न व्यक्ति तथा सङ्घसंस्थाहरूबाट महत्त्वपूर्ण सुझावहरू प्राप्त भएको छ। सर्वप्रथम सुझाव पठाउनुहुने नगरवासी, सङ्घसंस्थाहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

आजको यस नगरसभाको उद्घाटन सत्रमा पाल्नु भएका प्रमुख अतिथि, विशेष अतिथि तथा अतिथिज्यूहरूले दिनु भएका महत्त्वपूर्ण सुझावहरूलाई नगरपालिकाले आत्मसात गर्दै नीति तथा कार्यक्रममा समेट्ने प्रयास गरिनेछ। सुझाव तथा सल्लाहको लागि यहाँहरू सबैमा नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु।

नीति तथा कार्यक्रममा समेटिएका विषयमा केन्द्रित भएर नगरपालिकाले बजेट विनियोजन गर्नेछ। कोभिड–१९ ले सृजना गरेको कठिन परिस्थिततिमा प्रतिकुलतासँगै जुध्दै गन्तव्यपथ तय गर्नु परेको छ। हामीले आर्थिक वर्षको शुरुमा नै वार्षिक कार्ययोजना बनाई कार्यान्वयनमा लैजाने छौं। भक्तपुर नगरपालिकाले आफ्ना कामहरू सुशासन, पारदर्शी तथा जवाफदेही बनाई जनताको नजिकको स्थानीय सरकारले सीमिति स्रोत र साधनबाट असीमित आवश्यकताहरूको सम्बोधन गरिनेछ। भक्तपुर नगरपालिकाले सुशासन तथा असल अभ्यास अगाडि बढाएको छ।

भक्तपुर नपा भ्रष्टाचार शून्य स्थानीय तहको रूपमा स्थापित गरेको छ। ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको पुनःनिर्माण तथा संरक्षण गरेको छ। शिक्षा र स्वास्थ्य क्षेत्रमा गरेको लगानीले नगरपालिकाको छुट्टै पहिचान बन्न पुगेको छ।

तीन तहका सरकारहरूको बीचमा समन्वय, सहकार्य र साझेदारीको सिद्धान्तमा रही यस नगरपालिकामा सङ्घ र प्रदेश सरकारबाट हुने योजना तथा कार्यक्रमहरूको कार्यान्वयनमा नगरपालिकाले आवश्यक समन्वय तथा सहजीकरण गर्नेछ। गैरसरकारी सङ्घ संस्थाहरूबाट यस नगरपालिकालाई प्राप्त हुने सहयोगलाई एकद्वार प्रणाली मार्फत कार्यान्वियन गरिनेछ। नगरपालिकाले नीति तथा कार्यक्रम तर्जुमा गर्दा कार्यान्वयन गर्न सकिने, योजना तथा बजेट व्यवस्था गर्ने गरी प्रस्ताव गरिएको छ। नगरपालिकाले निरन्तर सुधार गर्दै लगेको छ। नेपालको नमूना नगरपालिकाको पहिचान बनाउनमा सम्पूर्ण नगरवासीको साथ र सहयोग अमूल्य रहेको छ।

आजको यस नगरसभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुने प्रमुख अतिथिज्यू, विशेष अतिथि तथा अतिथिज्यूहरूलाई नगरपालिकाको तर्फबाट र स्वयं आफ्नो तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु। यो नीति तथा कार्यक्रम तर्जुमा गर्न सल्लाह, सुझाव दिनुहुने व्यक्ति तथा संस्था, नीति तर्जुमामा सहभागी हुनुहुने जनप्रतिनिधिज्यूहरू तथा कर्मचारीहरूलाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु।

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

# भक्तपुर नगरपालिकाको आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम सर्वसम्मतिले पारित

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा असार ९ गते बसेको सातौं नगरसभाको बैठकले भक्तपुर नगरपालिकाको आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम सर्वसम्मतिले पारित गऱ्यो ।




बैठकमा नीति तथा कार्यक्रममाथि छलफलमा उठेका विषयहरुबारे प्रष्ट पार्नुहुँदै नगर प्रमुख प्रजापतिले कोरोना भाइरस सङ्क्रमणको जोखिमलाई ध्यानमा राखी यस आर्थिक वर्ष भक्तपुर नगरपालिकाले अनलाइनबाट प्राप्त नगरवासीहरूको राय सुझावको आधारमा नगर र नगरवासीहरूको हितमा नीति तथा कार्यक्रम तयार पारेको बताउनुभयो । ख्वप विश्वविद्यालय सञ्चालनको लागि आवश्यक नीतिगत पहलहरू भइरहेको बताउनुहुँदै नगर प्रमुख प्रजापतिले आ.व. २०७७/७८ भक्तपुर नपाको सीमित आर्थिक स्रोतलाई ध्यानमा राखेर पूरा गर्न सकिने योजनाहरु छनौट गरी आवश्यकताको आधारमा प्राथमिकतामा राखेको र मेलम्चीको पानी पहिलो चरणमा भक्तपुरमा वितरण गर्न आवश्यक प्रक्रिया अगाडि बढिरहेको छ भन्नुभयो ।

नीति तथा कार्यक्रमको छलफलमा सभासद्हरूले नगरभित्रका खेतीयोग्य जमिन बाँझो राख्न नपाइने नीति आवश्यक भएको, ख्वप विश्वविद्यालय सञ्चालनको आवश्यक पहल गर्नुपर्ने, शहीदस्मृति र महेश्वरी खेलमैदानको स्तरोन्नति गर्नुपर्ने, कोरोना महामारी बढेको अवस्थामा टोल–टोलमा क्लोरिनयुक्त औषधि छर्कने कार्यलाई निरन्तरता दिनुपर्ने, नगरमा अवस्थित खुला ठाउँमा फोहोर फाल्न निरुत्साहित गर्नुपर्ने, प्लम्बिङ तथा इलेक्ट्रिसियनको तालिम आवश्यक भएको, विद्युतीय शव दाहगृहको आवश्यकता रहेको, अरनिको सभाभवन र आदरनिकेतन निर्माण गर्नुपर्ने, कृषकहरूलाई समयसापेक्ष विभिन्न व्यवहारिक, प्रयोगात्मक कृषि तालिम तथा उन्नत जातको बीऊ उत्पादन तथा नर्सरी व्यवस्थापन गर्न पुग्दो मात्रामा नपाकै कृषियोग्य जमिन व्यवस्थापन गर्नुपर्नेलगायतका सुझावहरू प्रस्तुत गर्नुभयो । उहाँहरूले आर्थिक वर्षको अन्त्यमा गरिने विकास निर्माण गुणस्तरहीन हुन सक्ने, नगरका उपयुक्त ठाउँहरूको आकासे पानी सङ्कलन र प्रशोधन गरी वितरणको व्यवस्था गर्नुपर्ने, तारहरूको भूमिगत व्यवस्थापन गर्नुपर्ने, नयाँ आवास निर्माण क्षेत्रहरूमा पनि कलात्मक पाटी पौवा, ढुङ्गेधारा तथा पोखरीहरू निर्माण गर्नुपर्नेलगायतका सुझावहरू व्यक्त गर्नुभएको थियो ।



# भक्तपुर नगरपालिकाको सातौं नगरसभा जारी

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा बसेको सातौं नगरसभाको बैठक असार १२ गते पनि चालु रह्यो ।



सभामा नगर प्रमुख प्रजापतिले नागरिकता विधेयक, एमसीसी सम्झौता, नेपाली भूमि अतिक्रमण र कोरोना भाइरसको जोखिमलगायतका राष्ट्रिय/अन्तर्राष्ट्रिय विषयबारे छलफल हुनु सकारात्मक भएको बताउनुहुँदै देश सङ्कट परेको समयमा जनप्रतिनिधि तथा कर्मचारीहरूले इमानदारीपूर्वक जनताको सेवा गर्नुपर्ने बताउनुभयो ।

नेपाल सरकारले लम्पियाधुरा, लिपुलेक र कालापानीसहितको नयाँ नक्सा सार्वजनिक गर्नु सुखद् कुरा भएको बताउनुहुँदै उहाँले खुला सिमानाका कारण नागरिकता विधेयक नेपालको लागि निकै संवेदनशील विषय भएको र विवाह गर्ने बित्तिकै सजिलै अङ्गीकृत नागरिकता पाउने र अङ्गीकृत नागरिक प्रशासनिक र राजनैतिक पदहरूमा प्रतिस्पर्धा गर्न पाउने बन्दोबस्तको अन्त्य हुनुपर्ने बताउनुभयो ।

कम्युनिष्टहरू अन्तर्राष्ट्रवादी हुने बताउनुहुँदै प्रमुख प्रजापतिले अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको विरोधको आवश्यकता औंल्याउनुहुँदै भक्तपुर नगरपालिकाले कोरोना भाइरस सङ्क्रमणबाट नगरवासीहरूलाई जोगाउन विभिन्न गतिविधिहरू गरेको बताउनुभयो ।

सभाको विशेष समयमा सभासदहरू गोविन्द दुवाल, हरिरत्न गोर्खाली, सिद्धिराम अवाल, सूर्यप्रसाद श्रेष्ठ, इन्द्रबहादुर प्याठ, राजेन्द्र माक, रन्जना त्वाती, श्यामसुन्दर मातां, जितेन्द्र मुनंकर्मी, सम्झना खाइजु, शिवप्रसाद बालाले कोरोना बिरामीको लागि सरकारले राम्रो उपचार नगर्दा नेपाली जनतामा मानसिक तनाव बढेको, कोरोना सङ्क्रमितको उपचार गर्न र पीडितलाई राहत दिन जनताबाट अर्बौं रूपैया सङ्कलन



सभासदहरू गोविन्द दुवाल, हरिरत्न गोर्खाली, सिद्धिराम अवाल, सूर्यप्रसाद श्रेष्ठर इन्द्रबहादुर प्याठ



सभासदहरू राजेन्द्र माक, रन्जना त्वाती, श्यामसुन्दर मातां, जितेन्द्र मुनंकर्मी र सम्झना खाइजु



सभासद्हरू शिवप्रसाद बाला, हेरा ख्याजु, बलराम न्हिसुतु, तुल्सीलक्ष्मी दुमरू र पूर्णगोपाल राजचल

गरी खडा गरेको कोरोना कोषको रकममा भ्रष्टाचार भएकोप्रति ध्यानाकर्षण गर्दै विपदको समयमा भ्रष्टाचार गर्नेहरू जनताका शत्रु भएको, सरकारले स्मार्टसिटी, अन्तर्राष्ट्रिय रङ्गशाला निर्माण गर्ने नाममा जलाधार क्षेत्र, सिमसार क्षेत्रलाई म्हास्ने काम गरिरहेको, भक्तपुरका पोखरीहरूमा नौका बिहार तथा माछापालन सञ्चालन गर्नुपर्ने, नागरिकता सिनेमा हलको टिकट जस्तै सजिलै वितरण गर्न नहुने, एमसीसी सम्झौता नेपालको हितविपरीत भएको र त्यसको खारेजीको माग गर्नुभयो।

आज बसेको नगरसभा बैठकमा आ.व. २०७७/७८ विनियोजन बजेटमाथि सभासद्हरूले भाग लिनुभयो। छलफलमा सभासद् गोविन्द दुवालले पर्यटन शुल्क नउठ्ने भएकोले जनप्रतिनिधिहरूले यो आर्थिक वर्षमा विदेश भ्रमण नगर्ने र बैठक भत्ता आधा लिने निर्णय समयसापेक्ष भएको, खानेपानी व्यवस्थापनको लागि खानेपानी बोर्डलाई जिम्मेवार बनाउनुपर्ने बताउनुभयो। सभासद् हेरा ख्याजुले उद्योग तथा व्यवसाय कर समयअनुसार बढाउनुपर्ने, दर्ता नभएकालाई करको दायरामा ल्याउनुपर्ने बताउनुभयो। विनियोजन विधेयकमाथिको छलफलमा सभासद्हरू इन्द्रबहादुर प्याथ, हेरा ख्याजु, शिवप्रसाद बाला, बलराम न्हिसुतु, राजेन्द्र माक, तुल्सीलक्ष्मी दुमरु, सूर्यप्रसाद श्रेष्ठलगायतले पनि आ–आफ्नो धारणा राख्नुभएको थियो।





सभासद्हरू रत्नकाजी नायभारी, ज्ञानकुमार मगजु, कृष्णगोपाल चौगुठी, मंगलक्ष्मी शाही र पञ्चलक्ष्मी दुवाल

# 'भक्तपुर नगरपालिकाको वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रणसम्बन्धी विधेयक २०७७' प्रस्तुत



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा बसेको सातौं नगरसभाको असार १४ गते बसेको बैठकमा विधायन समितिका संयोजक हरिराम सुवालले **'भक्तपुर नगरपालिकाको वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रणसम्बन्धी विधेयक २०७७'** पेश गर्नुभयो ।




वडाध्यक्ष हरिराम सुवाल

नगर प्रमुख प्रजापतिले विश्व सम्पदा सूचीमा सूचीकृत ऐतिहासिक भक्तपुर नगर क्षेत्रमा बढ्दो सहरीकरणसँगै नगरलाई मौलिक स्वरुप कायम गर्न र नगरभित्र वातावरणीय संरक्षणमार्फत स्वच्छता कायम गर्दै ध्वनि, दृश्य एवम् वातावरणीय प्रदूषण नियमन र नियन्त्रण गर्न भक्तपुर नगरपालिकाले यो विधेयक ल्याएको बताउनुभयो ।

उक्त विधेयकमा विश्व सम्पदा क्षेत्र र पुरानो नगर क्षेत्रमा अत्यधिक धूवाँ तथा रसायनिक पदार्थ निष्कासन हुने उद्योग सञ्चालन भएमा र भक्तपुर नगरमा कसैले तोकिएको समय र स्थानमा बाहेक फोहोरमैला फालेमा र चोक तथा खुला क्षेत्रमा स्थानीय वडा कार्यालयको अनुमतिमा बाहेक जथाभावी सवारीसाधन पार्किङ गरेमा प्रदूषणजन्य कसुर ठहर्ने उल्लेख छ ।

विधेयकमा विश्व सम्पदा क्षेत्र र पुरानो नगर क्षेत्रका घर भवनमा तोकिएबमोजिम परम्परागत छाना नराखेमा, फोहोरबाट निस्केको दूषित पानी सार्वजनिक स्थल, सम्पदा, पानीको स्रोत वा अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराए, पूजाआजा वा परम्परागत संस्कारमा बाहेक सार्वजनिक स्थानमा पशुपंक्षीको वध गर्ने र पोल्ने गरे, घर पालुवा जनावरहरू सार्वजनिक खुला क्षेत्रमा जथाभावी छोड्ने र फोहोर (दिसा, पिसाब) गराए कसुर ठहर्नेलगायतका व्यवस्थाहरू गरिएको छ ।

उक्त विधेयकको छलफलमा सभासद्हरू राजेन्द्र माक, शिवप्रसाद बाला, जितेन्द्र मुनंकर्मी, सितादेवी नेपाली, ज्ञानकुमार मगजु, कृष्णगोपाल चौगुठी र गोबिन्द दुवालले विद्युतीय शवदाह गृह निर्माण गर्नुपर्ने, सार्वजनिक बाटोमा राँगो काटेर फोहोर गर्नेलाई दण्ड गरिनुपर्ने, छाडा चौपाया व्यवस्थापन गर्नुपर्ने, वडा निरीक्षकलाई नापजाँचको तालिम दिनुपर्ने, कमलविनायक पोखरीलाई पनि सांस्कृतिक क्षेत्रभित्र पारिनुपर्ने, फोहोर व्यवस्थापनको लागि बाल्टिन वितरण गर्नुपर्नेलगायतका धारणा व्यक्त गर्नुभयो ।

सभाको विशेष समयमा सभासद्हरूले नगरको विकास निर्माण र समसामयिक विषयहरूबारे आ-आफ्नो जिज्ञासा प्रस्तुत गरेका थिए ।

सभामा उठेका जिज्ञासामाथि




वडाध्यक्ष रबिन्द्र ज्याख्व

प्रष्ट पार्दै भक्तपुर नपाद्वारा गठित शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिका संयोजक **रबिन्द्र ज्याख्व**ले सरकारले ढिलो बजेट

पठाएका कारण नपाका विद्यालयहरूमा स्यानिटरी प्याड वितरण गर्न असमर्थ भएको बताउनुहुँदै लकडाउनको समयमा पनि जनस्वास्थ्य सेवा केन्द्र भक्तपुरले




वडाध्यक्ष उकेश कवां

बिरामीहरूको सेवा निरन्तर गरिरहेको प्रष्ट पार्नुभयो ।

यसैगरी निर्माण समितिका संयोजक **उकेश कवां**ले सीमित बजेटभित्र बसेर नगरपालिकाले आफ्नो कार्य सञ्चालन गर्नुपर्ने बाध्यता भएको बताउनुहुँदै लकडाउनका कारण प्रदेश र सङ्घबाट बजेट समयमै नआएको गुनासो पोख्नुभयो ।




वडाध्यक्ष महेन्द्र खायमली

खानेपानी समितिका संयोजक **महेन्द्र खायमली**ले भक्तपुर नगरपालिकामा सञ्चालित नयाँ आवास क्षेत्रहरूमा खानेपानी पाइपलाइनको व्यवस्था नभएको हुँदा वडागत हिसाबले पाइपलाइन विस्तार गर्ने योजना रहेको बताउनुभयो ।




वडाध्यक्ष हरिप्रसाद बासुकला

सहकारी समितिका संयोजक **हरिप्रसाद बासुकला**ले भक्तपुर नगरभित्र सञ्चालित सहकारी संस्थाहरूमा देखिएको बेथितिलाई सुधार




वडाध्यक्ष राजकृष्ण गोरा

गर्न नगरपालिकाले नियमित रूपमा अनुगमन गरिरहेको र भनपाले घरजग्गा मूल्याङ्कन कर निकै कममात्र उठाइरहेको बताउनुभयो ।

कृषि समिति तथा बजार अनुगमन समितिका संयोजक **राजकृष्ण गोरा**ले नेपालमा पनि सलह कीराको प्रकोप देखिँदै आएको र यसको नियन्त्रणको लागि आवश्यक छलफल भइरहेको बताउनुहुँदै बजार अनुगमनका क्रममा भेटिएका अखाद्य वस्तुहरू नष्ट




सितादेवी नेपाली

गरी आवश्यकताअनुरुपको कारबाही गरिरहेको बताउनुभयो ।

आज बसेको बैठकमा आ.व. २०७७।७८ को विनियोजन बजेटमाथि छलफल भयो । नगरसभाको अर्को बैठक असार १६ गते १:०० बजे बस्ने गरी स्थगित गरियो ।

## डोनाल्ड ट्रम्पविरुद्ध गिरफ्तारी वारेन्ट

इरानले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसहित ३५ व्यक्तिका विरुद्ध गिरफ्तारी वारेन्ट जारी गरेको छ । यो विषयमा इरानले इन्टरपोलको समेत सहयोग मागेको छ ।

समाचार एजेन्सी रोयटर्सले इरानको फार्स न्युजलाई उद्धृत गर्दै इरानका सरकारी वकिल अलि अल कासिम मोहरले यस्तो जानकारी दिएको उल्लेख गरेको छ ।

इरानले यो वारेन्ट आफ्ना सैन्य कमाण्डर कासिम सुलेमानीको हत्याको आरोपमा जारी गरेको हो । इरानी कुर्द सेनाका प्रमुख सुलेमानी ३ जनवरीमा अमेरिकी ड्रोन हमलामा मारिएका थिए ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रबाट लाभ उठाउनु होस् ।

# सातौं नगरसभा विभिन्न विधेयक र बजेट पारित गर्दै सम्पन्न

भक्तपुर नगरपालिकाको सातौं नगरसभा विभिन्न विधेयक र बजेट गर्दै असार १६ गते सम्पन्न भयो। सातौं नगरसभा असार ७ गतेबाट शुरु भएको हो।



सातौं नगरसभाको समापन बैठक सञ्चालन गर्नुहुँदै प्रमुख सुनिल प्रजापति

नपा प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा बसेको नगरसभाको बैठकले आर्थिक विधेयक २०७७, विनियोजन विधेयकसहित आ.व. २०७७/७८ का लागि भक्तपुर नगरपालिकाको बजेट सर्वसम्मतिले पारित गऱ्यो।

सातौं नगरसभाले 'भक्तपुर नगरपालिकाको वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रणसम्बन्धी विधेयक २०७७', सहकारी ऐन २०७४ संशोधन प्रस्ताव र नगरसभामा उठेका विभिन्न विषयहरूलाई ध्यानमा राखेर भक्तपुर नपाले तयार गरेको महत्त्वपूर्ण प्रस्तावहरू सर्वसम्मतिले पारित गऱ्यो। त्यस्तै नगरसभाले अनुमोदन गर्नुपर्ने विभिन्न निर्णयहरूको प्रस्तावहरू पनि पारित गऱ्यो।

सभामा नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाको नगरसभामा नगरपालिका र नगरभित्रका विषयहरूमात्र नभई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयहरूमा समेत छलफल भएको बताउनुहुँदै प्रत्येक नागरिकले देशको लागि आवश्यक परेमा एक सिपाहींको रूपमा लड्न तयार हुनुपर्ने बताउनुभयो।

प्रमुख प्रजापतिले भन्नुभयो – 'जनप्रतिनिधिहरू भनेका जनताका सेवक हुन्। त्यसैले जनताले गाली गरे पनि आलोचना गरे पनि संयमित हुनु आवश्यक छ।'

आ.व. २०७७/७८ को बजेटबारे सभासद्हरूद्वारा व्यक्त जिज्ञासामाथि प्रष्ट पार्नुहुँदै नगरपालिकाकी उपप्रमुख रजनी जोशीले यस आ.व. मा सीमित स्रोतबाट असीमित आवश्यकता पूर्ति गर्ने ढङ्गले बजेटको निर्माण भएको बताउनुभयो।

'भक्तपुर नगरपालिकाको वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रणसम्बन्धी विधेयक २०७७' बारे छलफलमा सभासद्हरू हेरा ख्याजु, श्यामसुन्दर मातां, सिद्धिराम अवाल र बलराम न्हिसुतुले विधेयक पारित भई तत्काल कार्यान्वयन हुनेमा आशावादी हुँदै नगरभित्रका नयाँ बस्तीमा जथाभावी फोहोर फाल्नेलाई पनि कसुरजन्य सजाय हुनुपर्ने, दृश्य प्रदूषण गर्ने एनटीसी र एनसेलका टावरहरू हटाउन दिनुपर्ने, सानो क्षेत्रफल चर्चेको घरको जमिनमा पानी ट्याङ्की राख्न नसकिने हुँदा सोहीबमोजिम नियम लागू गर्नुपर्ने, ठूल्ठूला होर्डिङ बोर्डहरू हटाउनुपर्नेलगायतका धारणा व्यक्त गर्नुभयो।

छलफलमा उठेका विषयहरूमा विधायन समितिका संयोजक हरिराम सुवालले जवाफ दिनुहुँदै विधेयकमा भएका हिज्जे त्रुटिहरू सच्याउँदै विधेयकलाई सफल कार्यान्वयन गरी भक्तपुरलाई वातावरणीय हिसाबले सुन्दर र प्रदूषणरहित बनाउने उद्देश्य नगरपालिकाको रहेको बताउनुभयो। उहाँले विधेयक लागू भएपछि जनप्रतिनिधि र सम्पूर्ण नगरवासीहरूले नियम–कानुनको पालना गर्नुपर्नेमा जोड दिनुभयो।

नगरसभाबाट पारित भक्तपुर नपाको सहकारी ऐन २०७४ संशोधन प्रस्ताव छलफलमा उठेका विषयहरूमाथि प्रस्ट पार्नुहुँदै सहकारी समितिका संयोजक हरिप्रसाद बासुकलाले भक्तपुर नपाले सहकारी संस्थाको लागि वार्षिक शुल्कबारे प्रस्ट पार्नुभयो। सहकारी ऐन २०७४ संशोधन प्रस्तावबारे छलफलमा सभासद् हरिरत्न गोर्खालीले सहकारी संस्थाहरूले बचत र ऋणलाई प्राथमिकतामा राखेर काम गरिरहेको भन्नुहुँदै बचत रकम सुरक्षित ठाउँमा लगानी गर्नुपर्ने बताउनुभयो।

आजको सभामा भक्तपुर नगरपालिकाद्वारा गठित




बजेटबारे जिज्ञासा प्रष्ट पार्नुहुँदै उपप्रमुख रजनी जोशी






वडा र समितिहरूका प्रतिवेदन प्रस्तुत गर्दै क्रमशः हरिप्रसाद बासुकला, रबिन्द्र ज्याख्व, श्यामकृष्ण खत्री र राजकृष्ण गोरा

लेखा र सहकारी समितिका संयोजक हरिप्रसाद बासुकला, शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिका सदस्य एवम् वातावरण तथा पर्यटन समितिका संयोजक रबिन्द्र ज्याख्व, युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्री, कृषि तथा बजार अनुगमन समितिका संयोजक राजकृष्ण गोरा, खानेपानी समिति संयोजक महेन्द्र खायमली, न्यायिक समितिकाका सदस्य हरिराम सुवाल, अपाङ्गता परिचयपत्र वितरणसम्बन्धी अस्थायी समन्वय समितिका सदस्य श्यामकृष्ण खत्री, निर्माण समितिका संयोजक उकेश कवां, महिला बालबालिका तथा समाज कल्याण समितिका संयोजक रोशनमैयाँ सुवालले वडा र समितिहरूबाट भएका कार्यहरूको प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

नगरसभामा उठेका विभिन्न विषयहरूलाई ध्यानमा राखेर भक्तपुर नगरपालिकाको सातौं नगरसभाबाट पारित महत्त्वपूर्ण प्रस्तावहरू :

## पारित महत्त्वपूर्ण प्रस्तावहरू

### एमसीसी खारेज गर्नुपर्ने

१) नेपालको विद्युत प्रशारण लाईनमा सुधार र सडक सञ्जाल विस्तारमा सहयोग गर्ने नाउँमा नेपाल सरकार र संरा अमेरिकी सरकारबीच भएको मिलेनियम च्यालेन्ज सम्झौताका बुँदाहरूमा हाम्रो देशको सार्वभौमसत्तामा आँच पुग्ने गम्भीर विषयहरू रहेको हुँदा सार्वभौम संसदबाट उक्त सम्झौता अनुमोदन नगरी खारेज गर्न यो सभा नेपाल सरकार र सङ्घीय संसदसँग जोडदार माग गर्दछ ।

### अतिक्रमित भूमि फीर्ता लिनुपर्ने

२) भारतीय सरकारद्वारा विगत लामो समयदेखि अनधिकृत रूपमा नेपालको पश्चिमी सिमानाका भूमिहरू लिपुलेक, लिम्पियाधुरा र कालापानी कब्जा गरी हालै भारतीय सरकारले



सातौं नगरसभाको बैठकमा विधेयकहरू पारित गर्दै सभासदहरू

त्यस क्षेत्रमा चीनसँग सिमाना जोड्ने सडक उद्घाटनसमेत गरेपछि सारा देशभक्त नेपाली जनताको विरोधसँगै नेपाल सरकारले अतिक्रमित भूमि समेटेर नयाँ नक्सा सार्वजनिक गरेको र सोही नक्सा अङ्कित नेपालको निशान छाप प्रयोग गर्नेगरी सङ्घीय संसदबाट नेपालको संविधानमा संशोधन गरिएकोमा यो सभा सरकार, सङ्घीय संसद र न्यायप्रेमी नेपाली जनताको अभूतपूर्व एकताप्रति उच्च समर्थन व्यक्त







वडा र समितिहरूका प्रतिवेदन प्रस्तुत गर्दै क्रमशः महेन्द्र खायमली, हरिराम सुवाल, उकेश कवां र रोशनमैयाँ सुवाल

गर्दछ। यससँगै भारतबाट अतिक्रमित लिम्पियाधुरा, लिपुलेक, कालापानीमात्र नभई सुस्तालगायत ७१ स्थानमा ६० हजार हेक्टरभन्दा बढी नेपाली भूमि तत्काल फिर्ता लिन नेपाल सरकारसमक्ष माग गर्दछ।

**जनताको स्वास्थ्यप्रति संवेदनशील हुनुपर्ने**

३) विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) रोगको सङ्क्रमण नेपालमा पनि तीव्र गतिमा फैलिरहेको छ। रोगको सङ्क्रमण न्यूनीकरण गर्ने उद्देश्यले नेपाल सरकारले २०७६ चैत्र ११ गतेदेखि लगातार देशव्यापी लकडाउन घोषणा गरे पनि सङ्क्रमण रोक्ने प्रभावकारी कदम चाल्न नसकेको यथार्थ हो। रोग परीक्षणको दायरा आशातित रूपमा बढाउन नसक्नु, विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड अनुसार क्वारेन्टाइन तथा आइसोलेसनको व्यवस्था गर्न नसक्नु, बिरामीको उपचार सेवा प्रभावकारी नहुनु र विपद्को समयमा समेत सरकारी ढुकुटीमा भ्रष्टाचार गर्नु सबैबाट आलोचित विषयहरू हुन्। जनताको स्वास्थ्यप्रति संवेदनशील भई रोगको परीक्षणको दायरा बढाउन, बिरामीको स्तरीय उपचार गर्न तथा क्वारेन्टाइन एवं आइसोलेसनको मापदण्ड पूरा गर्न नेपाल सरकारलाई यो सभा जोड दिन्छ।

**अङ्गीकृत नागरिकतामा थप्नुपर्ने**

४) नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न नेपाल सरकार सङ्घीय संसदमा पेश गरेको विधेयकमा विदेशी नागरिकलाई नेपालको अङ्गीकृत नागरिकता प्रदान गर्ने प्रावधानमा कडाइ गर्नुपर्ने, अङ्गीकृत नागरिकता प्राप्त गर्न कम्तिमा १५ वर्ष नेपालमा बसेको हुनुपर्ने र विदेशी नागरिकता परित्याग गरेको प्रमाण पेश गर्नुपर्ने बुँदा थप्नुपर्ने यो सभाको ठहर छ। साथै अङ्गीकृत नागरिकले नेपालको निजामती प्रशासन, नीति निर्माण तह तथा राजनैतिक नियुक्ति पाउन नहुने व्यवस्था गर्न समेत यो सभा सङ्घीय संसदसमक्ष माग गर्दछ।

**माइकल लुकासप्रति श्रद्धाञ्जली**

५) अन्तर्राष्ट्रिय साम्राज्यवादविरोधी योद्धा एवं नर्थस्टार कम्पासका सम्पादक माइकल लुकास साम्राज्यवादविरुद्धको सङ्घर्षमा निरन्तर कलम चलाउने क्रममा ९४ वर्षको उमेरमा असामयिक निधन भएकोमा यो सभा दुःख व्यक्त गर्दै मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ।

**उपशहरले आदिवासी जनतालाई विस्थापित गर्ने**

६) अहिले नै काठमाण्डौ उपत्यकामा अत्यधिक जनसङ्ख्याको चापले खानेपानीको चरम अभाव, वायु प्रदूषण, फोहोरमैलाको दुर्गन्ध, ट्राफिक जाम लगायतका समस्या बढेको अवस्थामा नेपाल सरकार शहरी विकास मन्त्रालय काठमाण्डौ उपत्यका नगर विकास प्राधिकरण मार्फत उपत्यकामा १ लाख रोपनीको शहर र १०/१० हजार रोपनीका ३ वटा उपशहर निर्माण गर्ने योजना स्वीकृत गरिएकोप्रति यो सभाको गम्भीर ध्यानाकर्षण भएको छ। शहर विकासले उपत्यकाको सम्पूर्ण खेतीयोग्य जमिन र प्राकृतिक स्रोतहरू समाप्त हुने, भूकम्प, बाढी, महामारीलगायतका विपद्को जोखिम बढ्ने मात्र नभई यहाँका आदिवासी जनतालाई समेत विस्थापित गर्ने निश्चित छ। तसर्थ काठमाण्डौ उपत्यकामा ४ उपशहर विकास गरी देशभरिको जनसङ्ख्या थुपार्नुभन्दा देशका विभिन्न जिल्लामा व्यवस्थित शहरीकरण गरी सन्तुलित विकासमा ध्यान दिन यो नगरसभा नेपाल सरकारसमक्ष जोडदार माग गर्दछ।

**रासायनिक मल कारखाना खोल्नुपर्ने**

७) कृषिप्रधान देशमा रासायनिक मल विदेशबाट आयात गर्न मात्र पनि वार्षिक खर्बौं रूपैया खर्च भइरहेको छ। स्वदेशमै रासायनिक मल कारखाना खोलेर आधुनिक सिँचाइ प्रविधिको विकास गरी उन्नत बीउ बिजनको विकास गरेर कृषि उत्पादन बढाउनुपर्नेमा यो सभा जोड दिन्छ।

**समयमै सलह नियन्त्रण गनुपर्ने**

८) पश्चिमी अफ्रिकाबाट मध्यपूर्वी एसिया हुँदै पाकिस्तान र भारतको बाटो गरी सलह फट्यांग्राको महामारी नेपाल भित्रिन थालेको र तराईका अन्नबाली सखाप पार्न थालेको समाचारहरू आइरहेका छन्। कोभिड-१९ रोगले नराम्रोसँग प्रभावित बनेको नेपालको अर्थतन्त्र सलह फट्यांग्राको महामारीले माथि उठ्नै नसक्नेगरी थला पर्नसक्नेतर्फ विज्ञहरूले चेतावनी दिएका छन्। यसतर्फ गम्भीर भई समयमै सलह फट्यांग्रा नियन्त्रणका प्रभावकारी उपाय अवलम्बन गर्न यो सभा नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ।

**खानेपानी वितरणमा सुधार ल्याउनुपर्ने**

९) खानेपानीको चरम अभाव भोगिरहेका भक्तपुर नगरवासीहरूलाई मेलम्चीको खानेपानी पहिलो चरणमा सन्तुलित वितरण गर्न यो सभा नेपाल सरकार र मेलम्ची खानेपानी आयोजनासमक्ष पुनः जोडदार माग गर्दछ। साथै काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडमार्फत खानेपानी वितरण भइरहेकोमा सबै नगरवासीहरूलाई पुग्दो मात्रामा सन्तुलित वितरण नभइरहेको, धमिलो तथा प्रदूषित पानीसमेत वितरण भएको, ठाउँ ठाउँमा फुटेका पाइप समयमै मर्मत सम्भार नगरिएको, वितरण प्रणालीमा सुधार नगरिएको र हालै खानेपानीको मुहान रहेको भंगेरी डाँडामा जनभावनाविपरीत एकपक्षीय ढङ्गबाट रंगशाला निर्माणको नाममा वन फडानी भइरहेको र खानेपानीको मुहान बिगारिरहेकोमा यो सभाको गम्भीर ध्यानाकर्षण भएको छ। यस्ता गलत क्रियाकलाप तत्काल रोकी खानेपानी वितरणमा सुधार ल्याउन केयूकेएलसमक्ष यो सभा माग गर्दछ।

# एमसीसी साम्राज्यवादी अमेरिकाको आर्थिक हतियार

*(भक्तपुर नगरपालिकाको रेडियो कार्यक्रम **ख्वप सः** को ११४ औं अङ्क जेठ २८ गते बुधबारको प्रस्तुतिमा रविन्द्रप्रसाद कुसीले संसदमा विचाराधिन एमसीसीबारे भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग लिनुभएको अन्तर्वार्ताको सम्पादित अंश ।)*

***प्रश्नः** अमेरिकी संसदले सन् २००४ मा स्थापना गरेको अन्तर्राष्ट्रिय सहयोग नियोग (एमसीसी)को मुख्य उद्देश्य पूर्वाधार निर्माण अन्तर्गत रहेको छ । यसमा एमसीसीको पछाडि अमेरिकाको उद्देश्य के रहेको छ ?*

**सुनिल प्रजापतिः** साम्राज्यवादी देशहरूले अल्प विकसित र कमजोर देशहरू कब्जा गर्न आर्थिक सहयोगलाई हतियार बनाइरहेका छन् । अमेरिकी सहयोग नियोग (एमसीसी) त्यस्तै एउटा अमेरिकी हतियार हो । आर्थिक सहयोग उसको देखाउने दाँत हो भने देश कब्जा उसको चपाउने दाँत हो । हाम्रा नेताहरूले एमसीसीको उद्देश्य बुझ्दै नबुझी अमेरिकासँग सम्झौता गरे । सम्झौतापछि मात्रै नेपाली जनताले थाहा पाए । हामीले बुझ्नु पर्ने कुरा के हो भने राजनैतिक स्वार्थबिना कुनै पनि साम्राज्यवादी र विस्तारवादी देशले त्यसरी सहजरूपमा सहयोग गर्दैनन् । अमेरिकाले पाँच वर्षमा ५५ अर्ब सहयोग गर्ने भनेको छ र त्यो वर्षको ११ अर्ब रूपैयाँ हो । नेपालको लागि वर्षको ११ अर्ब रूपैयाँ कुनै ठूलो रकम होइन । सरकारमा बसेका नेताहरू त्यो पैसा नआए देशै नचल्ने जस्तो प्रचार गरिरहेका छन् । त्यो साँचो होइन । अर्थमन्त्री युवराज खतिवडाले पूँजीगत खर्च कम हुनुलाई एमसीसीको अनुदान नआएको कारण बताए । त्यो सरासर झूट हो किनभने ११ अर्ब रूपैयाँ आ.व. २०७६।७७ को बजेटमा विनियोजित पूँजीगत बजेटको दुई प्रतिशत मात्रै हो ।

एमसीसीलाई महाकाली सन्धिसँग पनि तुलना गरेर हेर्न सक्छौं । त्यो बेला कांग्रेसको सरकार थियो भने एमाले प्रमुख प्रतिपक्ष । एमाले नेताहरू महाकाली सन्धि पारित गराउन कम्मर कसेर लागेका थिए र जनताको तीव्र विरोध भए पनि अन्ततः पारित गरेरै छाडे । वर्तमान प्रधानमन्त्री के.पी.ओलीले महाकाली सन्धिपछि पश्चिमबाट सूर्य उदाउने र नेपाललाई वर्षको एक खर्ब बीस अर्ब फाइदा हुने बताएका थिए । भारतले नेपालको पानी कब्जा गर्न महाकाली सन्धि गराएको प्रष्ट छ । अहिले नेकपाको सरकार छ र एमसीसी पारित गराउन कांग्रेसले जोड दिँदैछ । एमसीसीका सर्तहरू नेपालको स्वतन्त्रता र सार्वभौमिकतामा असर पार्ने खालको भएको हुँदा संसदले कुनै हालतमा त्यसलाई अनुमोदन गर्नु हुँदैन । त्यो सम्झौता पारित भएमा देशको स्वतन्त्रता गुम्नेछ, कालान्तरमा देश उनीहरूको कब्जामा जाने छ । त्यसैले समय छँदै हामीले त्यसको विरोध गर्नुपर्छ ।

***प्रश्नः** यो एमसीसी सम्झौता २०७४ भाद्र २९ गते भएको रहेछ । २०७७ जेठबाट लागू हुने भनेको छ । अहिले मात्र कुराकानी गर्दा ढीलो भएको हो ?*

**सुनिल प्रजापति :** जब जनताले बुझ्छन् तब त्यसको विरोध हुन्छन् । एमसीसीका केही बुँदा देश हित विपरीत छन् । बौद्धिक सम्पत्तिमा अमेरिकाको पूर्ण अधिकार हुने, परियोजनाको लेखा परीक्षण अमेरिकी कम्पनीले मात्रै गर्न पाउने, अमेरिकी सरकारले चाहेमा जुनसुकै बेला त्यो सम्झौता खारेज गर्न सकिने र एमसीसी (सम्झौता) को कुनै बुँदा नेपाल कानुनसँग बाझिएमा कम्पनीको कानुन लागू हुने जस्ता बुँदाहरू छन् । त्यस्तै कुनै नियुक्ति गर्न परेमा एमसीसीको स्वीकृति लिनुपर्ने, एमसीसीलाई चित्त बुझ्नु पर्ने योजना पठाउनुपर्ने, योजना स्वीकृति गर्दा भारतको सहमति लिनुपर्ने जस्ता प्रावधानहरूले अमेरिकाले नेपाललाई स्वतन्त्र देश स्वीकार्न नचाहेको पुष्टि गर्दछ । सम्झौता नेपाल र अमेरिकाबीच भएको हो या भारतसँग पनि ? यस्ता बुँदाहरूले देशको सार्वभौमिकता खतरामा पर्नेछ । त्यसैले एमसीसी सम्झौता खारेजी नै देशको सार्वभौमिकता बचाउने राम्रो उपाय हो ।



प्रमुख सुनिल प्रजापति

***प्रश्न :** नेपालको संविधानमै आँच आउने कुरा गर्नुभयो तर सत्तापक्ष र प्रतिपक्ष दलले किन अगाडि बढाउन खोजेका छन् ?*

**सुनिल प्रजापति :** यो दलाली मानसिकता हो । दलाली गर्नेले मालिकको हित हेर्छ, नेपाली जनताको हित हेर्दैन । मोटो रकम आएपछि विकासको ढोका खुल्छ, देश विकास हुन्छ भन्ने सोच गलत हो । एक पटक सार्वभौमिकता गुमिसके पछि फिर्ता गर्न धेरै गाह्रो हुन्छ । जस्तो भारत २ सय वर्ष बेलायतको उपनिवेशमा बस्नुपर्यो । स्वतन्त्रताको लागि लामो लडाइँ लड्नु पर्यो, धेरै जनताले दुःख पाए । त्यस्तो सम्झौताले देशलाई पछिसम्म असर पार्नेछ । महाकाली नदी पनि भारतको नियन्त्रणमा गयो । गण्डक सम्झौता, कोशी सम्झौता आदिले पनि हाम्रो सार्वभौमिकतामाथि कोबारे प्रश्न चिन्ह खडा गरेका छन् । त्यस्तै एमसीसी सम्झौताले नेपालमा अमेरिकाको हैकम चल्ने सम्भावना छ । बिनासर्त विदेशी सहयोग लिनु गलत होइन तर सार्वभौमिकतामाथि आँच आउने सर्त स्वीकार गरेर सरकारले सहयोग लिनु हुँदैन । यो मामिलामा हामी अत्यन्त सचेत हुनैपर्छ ।

***प्रश्न** : अमेरिकी राष्ट्रपतिले पनि हामीले भनेअनुसार गरिएन भने हामीले सहयोग रोक्छौं भन्ने गरेका छन् । के विदेशी सहयोगबिना नेपाल चल्न सक्छ ?*

**सुनिल प्रजापति** : चल्न सक्छ, अरु देशहरू पनि चलिरहेका छन् । अमेरिकी सहयोग नलिंदा नै यस्तो धम्की आउँछ भने पैसा लिएपछि के होला ? सहजै अनुमान गर्न सकिन्छ ।

***प्रश्न** : अरुले यो इन्डो प्यासिफिक रणनीति अन्तर्गत होइन भनेका छन् नि ।*

**सुनिल प्रजापति** : जिम्मेवार अमेरिकी नेताहरूले नै त्यो रकम इण्डो प्यासिफिक रणनीति (आइपिएस) अन्तर्गतको हो भनेपछि विवाद गर्नुको कुनै अर्थ छैन । विवादित विषयमा सम्बन्धित पक्षको सावित्ती बयान पछि प्रमाण खोजिरहनै पर्दैन । वैशाख महिनामा अमेरिकी दक्षिण एसियाली उपसहायकमन्त्री डेभिड रेन्चले नेपालको लागि इन्डो प्यासिफिक रणनीतिअन्तर्गतको अत्यन्त महत्त्वपूर्ण सहयोगको थालनी भएको बताए । त्यस्तै अमेरिकी सहायक मन्त्रीले पनि नेपालको लागि ५० करोड डलरको अनुदान आइपिएसको एक हिस्सा भएको बताएका थिए । यसको अर्थ अरु पनि गोप्य सम्झौता भएको हुन सक्छ । जसको वास्तविकता अझै जनतासामु नआएको हुन सक्छ ।

***प्रश्न** : इण्डो प्यासिफिक रणनीति कस्तो रणनीति हो ?*

**सुनिल प्रजापति** : आइपिएस भनेको हिन्द प्रशान्त अमेरिकी सैनिक रणनीति हो । नेपाल इण्डो प्यासिफिक सैन्य गठबन्धनको सदस्य भएमा एकातिर नेपालको असंलग्न परराष्ट्र नीति विपरीत हुन्छ भने अर्कोतिर नेपाली भूमिमा अमेरिकी सैनिकले परेड खेल्नेछन् । दक्षिण कोरिया, जापान, इराक, कतारलगायत विश्वका ७० भन्दा बढी देशमा अमेरिकी सेना तैनाथ छन् । सम्झौता अनुमोदनको अर्थ नेपाल अमेरिकी सैन्य गठबन्धनको सदस्य बन्नु हो । त्यसपछि अमेरिकाले नेपाललाई कहिल्यै छोड्ने छैन । त्यसैले शासक दलले बुझ्नुपर्छ आर्थिक सहयोग गुलियो पोतेको विष हो । सम्झौता अनुमोदन भएमा नेपालको सार्वभौमिकता समाप्त हुनेछ ।

***प्रश्न** : एमसीसी २३ वटा देशमा आयोजना सम्पन्न भएको छ । ९ देशमा चालु अवस्थामा छ । अन्य देशले पनि रोकेको छ । वैदेशिक प्रभाव कस्तो रहेको छ ?*

**सुनिल प्रजापति** : श्रीलंकाको संसदले एमसीसीलाई अनुमोदन गर्न अस्वीकार गर्यो । त्यो भनेको आत्मनिर्णयको अधिकार हो । कुनै पनि देशले आफ्नो देशको हितलाई पहिलो प्राथमिकतामा राख्छ । हाम्रो देशको हितमा भए हामीले स्वीकार गर्नु अन्यथा नहोला । सम्झौतामा कुनै पनि बेला एमसीसीले चाहे खारेज हुन सक्छ तर नेपालले खारेज गर्न सक्दैन भनेको छ । एउटा देशको निर्णयभन्दा अमेरिकी निगमको निर्णय ठूलो हुने सम्झौता कसरी नेपालको हितमा हुन सक्छ ?

आत्मसमर्पण गरेर दास भएर बाँच्ने कि दुःख सहेर भए पनि स्वाभिमानी भएर बाँच्ने ? हामीसँग दुईवटा विकल्प छ । शक्तिशाली भनिएका कुनै पनि देशसँग आत्मसमर्पण गर्नु हुँदैन । देशको सार्वभौमिकता हामीले बचाउनुपर्छ । अहिले संसदमा निकै बहस चलिरहेको छ । जनताले एमसीसीको फाइदा बेफाइदाबारे बुझिसकेका छन् । त्यसकारण देशभन्दा ठूलो अरु हुन सक्दैन । समयमा सोच्न सकिएन भने दास भएर बाँच्नुपर्ने हुन्छ । सबैले चिन्तन गर्नुपर्छ ।

***प्रश्न** : एमसीसी विकासको नाममा राजनैतिक प्रभुत्वको ज्यावल हो भन्दा फरक पर्दैन त्यसो भए ?*

**सुनिल प्रजापति** : एनजीओ आइएनजीओ भनेकै साम्राज्यवादीहरूको हतियार हो । बम र बन्दुकले एउटा स्वतन्त्र देशमाथि आक्रमण गरेमा आक्रामक देश बदनाम हुन्छ । उसको आफ्नै जनधनको पनि क्षति हुन्छ । तर आर्थिक सहयोगको नाममा त्यही काम गरेमा उनीहरू बदनाम पनि नहुने र आफ्नो स्वार्थ पनि पूरा हुने । त्यसैले साम्राज्यवादीहरू पूँजीलाई हतियार बनाउँदै छन् ।

***प्रश्न** : अबको चुनौती के रहेको छ र कसरी अगाडि बढ्ने ?*

**सुनिल प्रजापति** : सम्झौताका विषयहरू सार्वजनिक भइसकेका छन् । यति हुँदा पनि पार्टीको ह्वीप भनेर नेकपाका सांसदहरूले सम्झौताको पक्षमा हस्ताक्षर गरेमा अहिलेको पुस्ताले त सराप्छ नै । भोलिका पुस्ताले पनि थुक्नेछ । हस्ताक्षर गर्ने सांसदहरू 'नर्क'मा जानेछन् ।

***प्रश्न** : नेपालको विकास विदेशमा निर्भर छ । भक्तपुरमा कस्तो अवस्था छ त ?*

**सुनिल प्रजापति** : विसं २०७२ सालको भूकम्प पछि नेपाल सरकार र जर्मनी सरकारबीच १० वटा सम्पदा, तीनवटा विद्यालय निर्माण गर्न एउटा सम्झौता भएको थियो । सम्झौताअनुसार भक्तपुर नगरपालिकाले १ करोड युरो (झण्डै १ अर्ब २० करोड) रूपैयाँ पाउने थियो । त्यसमा २० प्रतिशत नगरपालिकाले राख्नुपर्ने शर्त थियो । हामी निर्वाचित भएपछि सम्झौताका पानाहरू पल्टाएर हेर्‍यौँ । त्यसमा एमसीसीकै जस्ता शर्तहरू रहेछन् । लेखा परीक्षक जर्मनी सरकारले नियुक्त गर्ने, मुद्दा मामिला परेमा जर्मनी अदालतमा चलाउने र निर्देशक समितिमा उनीहरू आफै बस्ने तथा निर्देशक समितिको निर्देशनमा चल्नुपर्ने, सामान खरिद निर्देशक समितिको स्वीकृतिमामात्रै गर्नुपर्ने, सम्पदा निर्माणमा पनि दण्डी र सिमेन्ट प्रयोग गर्न सकिने उल्लेख थियो ।

हामीले सम्झौताका बुँदामा संशोधनको कुरा गर्‍यौं तर उनीहरू मानेनन् । भक्तपुर नगरपालिका रु.१ अर्ब २० करोडको निम्ति स्वाभिमान बेच्न तयार भएन । बरू २ वर्षको ठाउँमा ५ वर्ष लगाएर सम्पदा पुनः निर्माण गर्न तयार भयौं तर स्वाभिमान बेच्न अस्वीकार गर्‍यौँ । सम्पदाहरू हामी आफै बनाउँछौं भनेर लाग्दैछौं । जनताको सहयोग प्राप्त भइरहेको छ । अहिले धेरैले हामीले गरेको कामको प्रशंसा गरिरहेका छन् । सम्पदा निर्माणमा आर्थिक सहयोग गर्ने, श्रमदान गर्नेहरू धेरै छन् । हामीलाई खुशी लागेको छ । राज्यले पनि त्यसरी नै गर्न सके देशको स्वाभिमान गुम्ने छैन ।

# कृषिमा आत्मनिर्भरता 'मनको लड्डु'

विवेक

अर्थमन्त्री युवराज खतिवडाले जेठ १५ गते आ.व. २०७७/७८ को बजेट सङ्घीय संसदको दुवै सदनको संयुक्त बैठकमा पेश गरे । रु. १४ खर्ब ७४ अर्ब ६४ करोडको बजेट पेश गरेकोमा कृषि क्षेत्रकोलागि भनी कृषि र सिँचाइमा गरी झन्डै ६८ अर्ब (कृषिमा ४० र सिँचाइमा २८ अर्ब) विनियोजन गरिएको छ ।

कृषिमा व्यवसायीकरण, यान्त्रीकरण र आधुनिकीकरण गरी रोजगारीको अवसर प्रदान गर्ने उद्देश्य राखेर प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना, स्थानीय तहमा घुम्ती प्रयोगशालामार्फत माटो परीक्षण, उन्नत बीऊ खरिद गर्ने किसानलाई नगद फिर्ता, स्थानीय तहमा बजार पूर्वाधार निर्माण जस्ता कार्यक्रमहरु बजेटमा समेटिएका छन् ।

शीत भण्डार निर्माण गर्नेलाई अनुदान, प्रत्येक स्थानीय तहमा नर्सरी, कृषि स्वयम्सेवक परिचालन, रसायनिक मलमा अनुदानजस्ता कार्यक्रमहरुका साथै राष्ट्रिय गौरवका रानी जमरा कुलरिया आयोजना, सुनकोसी मरिन डाइभर्सन आयोजना, लिफ्ट सिँचाइ कार्यक्रमलगायत धेरै आयोजनाहरुले निरन्तरता पाउने बजेटमा उल्लेख छ ।

कृषिमा छुट्याइएको बजेट र कार्यक्रमहरु हेर्दा सुन्नमा कर्ण प्रिय र आकर्षक छन् । यथार्थमा यो बजेट पनि विगतको निरन्तरताबाहेक केही होइन र कुनै परिवर्तनको सम्भावना पनि छैन । पूर्व अर्थमन्त्रीहरुले यस अघि यस्तै बजेट धेरैपटक पेश गरिसके तर कृषिमा कुनै परिवर्तन भएन । कृषिमन्त्रीहरुले कृषि र सिँचाइका नाउँमा वर्षको अर्बौं रुपैञा कागजी विकासमा खर्च गरे तर जनताले प्रगतिको कुनै अनुभूति गर्न पाएनन् । कृषि पेशामा लाग्नेहरु सम्मानित हुनुको सट्टा झन्झन् अपहेलित र घृणित हुँदैछन्, युवाहरुमा कृषिप्रति कुनै आकर्षण छैन । पेशामा लागेका धेरै मानिसहरु पनि कृषि पेशा छाडेर पलायन भएका छन् । अनि कसरी कृषिबाट देशको अर्थतन्त्रमा टेवा पुग्छ ?

कृषिमा यान्त्रीकरण नहुनु, लगानी अनुसारको प्रतिफल प्राप्त नहुनु, सिँचाइको बन्दोबस्त नहुनु, बजारको व्यवस्था नहुनु र बजार बिचौलियाहरुको नियन्त्रणमा हुनुलगायत कृषि व्यवसायीकरण हुन नसक्नुका प्रमुख कारणहरु हुन् ।

नेपाल कृषि प्रधान देश भएकोले कृषि उत्पादन निर्यात गरेर कृषिबाटै मनग्य आम्दानी गर्न सक्नुपर्ने हो तर हरेक वर्ष कृषिमा परनिर्भर हुँदै गएको तथ्याङ्कले देखाउँछ । १०/१२ वर्षअघिसम्म चामल निर्यात गर्ने देश आज चामल, गहुँ, मकै र जौ आयातको लागि मात्रै वार्षिक खर्बभन्दा बढी रकम विदेशिने अवस्थामा पुगेको छ । यसले निरन्तरता पाएको खण्डमा केही वर्षपछि खाद्यान्नमा मात्रै खर्बौं खर्च हुने सम्भावना छ र देशको अर्थतन्त्रले धान्नै नसक्ने अबस्थामा पुग्ने निश्चित छ ।

नेपालको तरकारी नबिकेर किसानहरु तरकारी बारीमै ट्याक्टर जोत्न बाध्य छन् । गत वर्ष मात्रै प्याज आयातको लागि ५ अर्ब ६२ करोड, फर्सीको बीऊ खरिदको लागि मात्रै १ करोड रुपैञा बाहिरियो । अन्य तरकारी र अन्नका बीऊ बिजन खरिदको लागि कति अर्ब बाहिरियो सरकारसँग हिसाब होला नै ।

असारको सिजन सुरु हुन लाग्यो, किसानको लागि रसायनिक मल बजारमा उपलब्ध छैन । चीनबाट ल्याएको हाइब्रिड चिनियाँ धानको बीऊ प्रति केजी रु. ८००।– र रु. १०००।– मा खरिद गर्न किसानहरु बाध्य छन् । कृषिलाई यान्त्रीकरण गर्ने कुनै ठोस योजना छैन । विगतको निरन्तरता विकास भन्न सकिन्दैन । त्यो त पूरै असफल भइसकेको थियो र अहिले बजेटमार्फत त्यसैको पुनरावृत्ति हुँदैछ । यसतो अवस्थामा जनताले के आशा गर्ने ?

बजेटमा रसायनिक मलको लागि रु. ११ अर्ब अनुदान दिने उल्लेख छ । तीन चार वर्षको अनुदानको रकम कृषि मल कारखाना स्थापनामा लगाएको भए २/३ वर्षमा मल कारखाना तयार हुनेछ । स्वदेशमै रसायनिक मल उत्पादन भएमा किसानले समयमा गुणस्तरीय मल पाउनेछन् । विदेशमा निर्यात गरेर प्रसस्त विदेशी मुद्रा आर्जन गर्न सकिनेछ र मलमा परनिर्भरताको अन्त्य भई कृषि उत्पादनमा उल्लेख्य बृद्धी हुनेछ । तर मलमा कमिशन खान पल्केकाहरुले कहिल्यै यस विषयमा ध्यान दिने छैनन् । स्मरणीय होस् २०६८ साल चैत्र १ गते संसदको सार्वजनिक लेखा समितिले स्वदेशमै मल कारखाना स्थापनाको लागि प्रकृया अगाडि बढाउन नेपाल सरकारलाई निर्देशन दिएको थियो । यो अवधिमा धेरै सरकारहरु परिवर्तन भए तर संसदीय समितिको निर्देशन अहिलेसम्म कार्यान्वयन भएको छैन ।

जनताले ताजा दूध खान पाएका छैनन् । गाई पालक किसान भने दूध बिक्री नभएर हप्ताको एक दिन 'मिल्क होलिडे' को नाउँमा सडकमा दूध पोखाउनु पर्ने अवस्थामा छन् । तर सरकार बजारको खोजी गर्नेतिर लाग्दैन । छिमेकी देश

बङ्गलादेशले वार्षिक ४२ अर्बको दूध आयात गर्छ । नेपालमा बढी भएको दूध बङ्गलादेश निर्यात गर्नेतिर किन सोच्दैन ? चीज उत्पादन गर्न सकेको खण्डमा त्यसबाट पनि प्रशस्त विदेशी रकम आम्दानी गर्न सकिन्छ । बङ्गलादेशले वार्षिक ३५ करोडको चीज आयात गर्ने गरेको तथ्याङ्कले देखाउँछ ।

सरकारमा जाने दलहरुले कृषिमा आत्मनिर्भर बनाउनेतिर कहिल्यै सोचेनन् । सङ्कट आइपर्दामात्रै कृषिलाई सम्झने गर्छन् हाम्रा कृषि मन्त्रीहरु । २०७२ सालको नाकाबन्दीमा एकपटक आत्मनिर्भरताका खुबै गफ दिए, त्यसपछि अहिले कोरोना महामारीको सम्भावित खतरालाई ध्यान दिएर लकडाउनको बेला । जबसम्म कृषिलाई देशले राष्ट्रिय प्राथमिकतामा राखेर योजनावद्ध विकास अगाडि बढाउँदैन तबसम्म कृषिमा आत्मनिर्भरता 'मनको लड्डु' बाहेक केही हुँदैन ।

देशभक्त नेपाली सबैलाई थाहा छ, भारतले नेपाललाई कुनै पनि कुरामा आत्मनिर्भर हुन दिनेछैन । भारतको उत्पादन बिक्रीको लागि बजारको आवश्यकता छ । ऊ नेपाललाई आफ्नो एक्लौटी बजार बनाउन चाहन्छ । त्यसैले त जुम्ला, कालीकोट, बाजुराका नेपाली स्याउ बारीमै कुहिन्छ, नेपालीहरु महँगोमा काश्मिरको स्याऊ किन्न बाध्य छन् । पहाडका युवाहरुलाई स्याऊ, कागती, नासपातीजस्ता फलफूल खेतीमा आकर्षित गर्न सके वार्षिक कति अर्ब रुपैया फलफूल बेचेर राष्ट्रिय आम्दानी बढाउन सक्छौं ? यसबारे हाम्रा मन्त्रीहरुले सोचेको खोई ?

पहाडी क्षेत्रहरुमा सहज रुपमा पशुपालन व्यवसाय गर्न सकिन्छ । त्यसबाट नेपाल मासुमा आत्मनिर्भर हुनुका साथै ऊन र ऊनी कपडा निर्यात गरेर पनि प्रसस्त आम्दानी गर्न सकिन्छ । वार्षिक लाखौं विदेशिन बाध्य युवाहरुलाई नेपालमै रोजगारीको अवसर दिन सम्भव छ, गर्न सकिन्छ । मुख्य कुरा देश र जनतामा केन्द्रित सोच र नेतृत्वमा इच्छा शक्तिको मात्रै आवश्यकता छ ।

यो वर्ष झनै कृषिमा प्राथमिकता दिनुपर्ने अवस्था छ । पढाई र रोजगारीको सिलसिलामा विदेश गएका लाखौं युवाहरु नेपाल फर्कने तर्खरमा छन् । सरकारले पनि प्राथमिकताको आधारमा नेपाल फर्काउने घोषणा गरिसकेको छ । ती युवाहरु नेपालमा आएपछि खाने पेट मात्रै बढ्ने होइन, रोजगारी पनि दिनुपर्ने हुन्छ । सरकारले यसबारे बेलैमा सोच्नु बुद्धिमानी हुनेछ ।

हाम्रा तराइका कयौं भूमि बाँझा छन् । गण्डकी, कोशी, कर्णाली, मेची, महाकालीजस्ता हिमनदीहरुबाट सबै पानी भारतमा बगिरहेका छन् । त्यसबाट बाँध बनाएर तराईका सबै भूमि हराभरा बनाउन सकिन्छ । केही योजनाहरु निर्माण भएको वर्षौं भइसक्यो । कति योजनाहरु ठेकेदारको लापरबाहीले प्रयोगमा नआउँदै भत्किन थालेका छन् । त्यस्ता भ्रष्ट ठेकेदारहरुलाई कुनै कारबाही भएको छैन ।

अहिले घनश्याम भूषाल कृषिमन्त्री छन् । मन्त्री हुनुअघि पार्टी नेतृत्वको आलोचना गर्नेमध्येका एक मन्त्री भूसालले आफ्नो नेतृत्वको मन्त्रालयमा केही गरेर देखाउने धेरैको अपेक्षा पनि छ । तर यो व्यवस्थामा जोसुकै मन्त्री भए पनि कुनै पनि क्षेत्रमा आमूल परिवर्तन गर्न सकिंदैन । केही सुधार गर्ने हो भने पनि पहिले निम्न विषयहरुमा मन्त्रीले ध्यान दिनु जरुरी देखिन्छ :

- भ्रष्ट प्रशासकहरुलाई एक एक गरी कारबाही गर्नुपर्ने,
- नेपालमै रसायनिक मल कारखाना स्थापना गर्नुपर्ने,
- जमिन जोत्नेलाई नै जमिनको मालिक बनाउने,
- सबै खालका खाद्यान्न र तरकारी बालीको हाइब्रिड बीऊ उत्पादन गर्ने,
- कृषिलाई क्रमशः यान्त्रीकरण गर्दै लाने,
- तरकारी र फलफूल आयातलाई पूर्ण निषेध गर्ने,
- मासु, अण्डा, दूध र दूधजन्य वस्तु आयातमा रोक लगाउने,
- कृषि विश्वविद्यालयमार्फत उत्पादित जनशक्तिलाई देशको विभिन्न भागमा खटाई प्राविधिक तालिमहरु नियमित सञ्चालन गर्ने ।
- प्रशासकहरुको रिपोर्टको भरमा नपरी आफैले समय समयमा स्थलगत अनुगमन गर्ने ।

यस्ता कार्यहरुले नेपालमा कृषिको व्यवसायिक विकास र आत्मनिर्भर बनाउनमा मद्दत मिल्ने विश्वास गर्न सकिन्छ ।

भक्तपुर नगरपालिकाको
रेडियो कार्यक्रम
'ख्वप सः' अर्थात्
'भक्तपुर आवाज'
भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्
बुधबार : बिहान ७:३० देखि ८:३०
शुक्रबार : साँझ ६:३० देखि ७:०० सम्म
सोमबार : बिहान ७:०० देखि ७:३० सम्म

# नेवारहरूको परिचय र उत्पत्ति



डा. हरिराम सुवाल

नेपालको राजधानी काठमाडौँ उपत्यकामा तीन जिल्लाहरू काठमाडौँ, ललितपुर र भक्तपुर रहेका छन् । डेनियल राईटका अनुसार 'उपत्यकामा नेवारहरूको बसोबास घना रहेको छ । गोर्खालीहरूले आक्रमण गर्नु भन्दा पहिले नै नेवारहरूको बसोबास पाटन, भादगाउँ र अन्य साना शहरहरूमा थियो । तिनीहरू गोर्खालीहरूको आगमन पूर्व नै थिए । तिनीहरू कृषि, सिकर्मी, नकर्मी, डकर्मीलगायतका प्राविधिक कार्यहरू गर्दथे । देशको धेरैजसो ब्यापार नेवारहरूको हातमा हुन्थ्यो र कतिपय नेवाहरू धेरै धनी पनि थिए ।'

नेवार संस्कारको मौलिक पक्ष भनेको सामूहिक रहनसहन र सामूहिक जीवन पद्धति नै हो । वि.सं. १८२६ सालमा पृथ्वीनारायण शाहले विभिन्न राज्य एकीकरण गरेर काठमाडौँ उपत्यकालाई नेपालको राजधानी घोषणा गरेपछि हालसम्म पनि काठमाडौँ उपत्यका नेपालको राजधानी रही आएको छ । काठमाडौँ समुद्र सतहदेखि ४२७९ फिट उचाइमा रहेको छ । काठमाडौँ शहर राजा गुणकामदेवले बागमती र विष्णुमती नदीको बीचमा खड्गाकार आकृतिमा अष्टमातृकाहरू स्थापना गराई बसाएका थिए । काठमाडौँ उपत्यकाको पूर्वमा काभ्रे जिल्ला, पश्चिममा धादिङ जिल्ला, उत्तरमा नुवाकोट र दक्षिणमा मकवानपुर जिल्ला पर्दछ । नेपालको राजधानी भएकाले नेपालका विभिन्न भागबाट बसाइँ सरी उपत्यका आई बस्ने क्रम चलिआएको छ, जसले गर्दा उपत्यकाको जनसङ्ख्या करीब पचास लाख पुगिसकेको छ । यसैले यो विभिन्न जनजातिहरूको सङ्गमस्थल बनेको छ । तापनि अझै करिब चालीस प्रतिसत नेवारहरू यहाँ बसोवासगरिरहेको तथ्याङ्कले देखाउँछ । नेवारहरू उपत्यकाका आदिवासी जनजाति हुन् । सन् २०११ को जनगणना अनुसार नेवार समुदायको जनसङ्ख्या तेह्र लाख उन्नाइस हजार चार सय छब्बीस रहेको छ जुन ४.९६ प्रतिशत रहेको छ । नेवारहरूको त्यतिमात्र जनसङ्ख्या नभएको कुरा नेवारी भाषाका विज्ञहरू बताउँछन् । सङ्ख्याको दृष्टिकोणले नेवारहरू छैटौं स्थानमा रहेका छन् । विकास क्षेत्रको आधारमा भन्नुपर्दा मध्यमाञ्चल क्षेत्रमा सबभन्दा बढी सात लाख एकसठ्ठी हजार आठ सय अठ्चालीस अर्थात् ६१.१८ प्रतिशत र सुदूर पश्चिमाञ्चलमा सबभन्दा कम छ हजार सात सय नब्बे अर्थात् ०.५५ प्रतिशत रहेको छ । जिल्लास्तरीय आधारमा काठमाडौँ उपत्यकामा तीन लाख बीस हजार दुई सय चवालीस जना छन् भने सबभन्दा कम हुम्लामा जम्मा चौधजना मात्र नेवारहरू रहेका छन् । यस हिसावले नेवारहरू विभिन्न जिल्लामा बसोवास गरिरहेको देखिन्छ । विशेषतः विराटनगर, धनकुटा, धरान, वीरगञ्ज, हेटौडा, त्रिशुली, भोजपुर, तानसेन, डोटी, बाग्लुङ, नारायणगढ, बन्दिपुर, पोखरा, चैनपुर, राजविराज आदि जिल्लाहरूमा नेवारहरूको बसोवास देखिन्छ । त्यस्तै नेवारहरूको बसोवास नेपाल बाहिर बेतिया, विहार, सिकिम, दार्जिलिङ, पश्चिम वङ्गाललगायत अमेरिका, बेलायत, जापान आदि देशहरूमा पनि भइसकेको छ ।

काठमाडौँ उपत्यकामा नेवारहरू कहाँबाट आए भन्ने सम्बन्धमा फरक मतहरू पाइन्छन् । कुनै इतिहासविद्ले नेवारहरूको उद्गमस्थल भारतको केरला प्रान्तबाट भएको हो भने तर्क दिएका छन् । वर्तमान केरला प्रान्तमा बसोवास गर्ने मलायालमहरूको रहनसहन, संस्कार, चालचलन, लवाइ खवाइ आदिमा नेवारहरूसँग समानता पाइन्छ भन्ने तर्क केही इतिहासविद्को रहेको छ । केरलामा अध्ययनगरी फर्केका नेवारहरूले पनि उक्त ठाउँको रहनसहन नेवारहरूसँग मिल्दोजुल्दो भएको कुरा स्वीकार गर्दछन् । त्यस्तै साहित्यकार तेजेश्वरबाबु ग्वंगले नेवारहरूको उद्गमस्थल भोट प्रदेश अर्थात् तिब्बतबाट आएको तर्क दिएका छन् । उनका अनुसार, 'तिब्बतबाट काठमाडौँ खाल्डोमा बस्न आएकाहरूनै नेवार कहलिए भने तराईमा बस्न गएकाहरूलाई धिमाल भनियो । त्यसकारण पनि धिमाली र नेवारहरूको रहनसहन, बोली वचन, लवाई खवाइ, चाल चलन, संस्कारमा समानता रहेको तर्क दिएका छन् । आकृति, शारीरिक सङ्गठन, खाने पिउने आदि परिकारमाथि खोज गर्दा यस तथ्य सत्य ठहरिन आउँछ, तर सो कुरा पुष्टिको लागि भरपर्दो प्रमाण भेटिएको छैन । त्यस्तै कुनै विद्वानका अनुसार नेवारहरू दक्षिण भारतको मालवा समुद्री किनारामा अवस्थित नायर भने स्थानबाट नेपाल उपत्यकामा आएका र नायर भने स्थानवाचक शब्दको अपभ्रंश भई नेवार शब्दको श्रृजना भएको हो भन्ने भनाइ रहेको छ । साथै नायर निवासीहरू र नेवारहरूको जीवनशैली र

रहनसहनमा केही समानता हालसम्म पनि रहेको छ । त्यस्तै नेवारहरू राजस्थानको निवाड भने स्थानबाट आएको र कर्णाटवंशी नान्यदेव यिनीहरूको पुर्ख्यौली भएको भन्ने विचार पनि देखिन्छ ।


डी आर रेग्मीका अनुसार, 'नेवारहरू मंगोल विशेषतायुक्त छ । नेवारको तुलना उत्तर पूर्व भारत जो उत्तर वर्माबाट आएका थिए सँग गरिन्छ ।' यसप्रकार नेवारहरू काठमाडौँ उपत्यकामा कसरी आए भन्ने सम्बन्धमा विभिन्न मतहरू रहेको पाइन्छ । जसको जस्तो धारणा रहेतापनि नेवारहरू उपत्यकाका आदिवासी हुन् भन्ने सम्बन्धमा कुनै द्विमत भने देखिन्दैन ।

काठमाडौं उपत्यकामा नेवारहरूको आगमन सम्बन्धमा विभिन्न इतिहासविद्हरूमा मत भिन्नता रहेको छ । तापनि अहिलेसम्म प्राप्त विभिन्न श्रोतहरूको आधारमा के निष्कर्ष निकाल्न सकिन्छ भने उपत्यकाका आदिवासी नेवारहरू भारतीय प्रायद्वीपकै कुनै प्रान्तबाट कुनै न कुनै सयमा पक्कै नै आएको हो भने स्वतः अनुमान गर्न सकिन्छ । यस तथ्यलाई कुन आधारले पुष्टि गर्दछ भने इतिहासको कालखण्डमा नेपालमा विभिन्न जातजातिहरूको आगमन पनि भारतबाटै भएको र भारत तथा नेपालको सांस्कृतिक र सामाजिक रहनसहन चालचलन धेरै नै समान रहेको छ । साथै नेपाल र भारतको सम्बन्ध पनि सदियौंदेखि चल्दै आएको सर्वविदितै छ । त्यसकारण यस आधारलाई मान्ने हो भने नेवारहरूको उत्पत्ति भारतकै कुनै ठाउँबाट भएको विषयमा दुई मत नहोला ।

### सन्दर्भ सामग्री सूची


- ग्वंगः, ते. (२०६६). तः मुंज्या, वार्षिक, भक्तपुरः नेपालभाषा साहित्य तःमुंज्या मु गुठी, असोज ।
- पौडेल, ज. प्र. (स.) (२०१३) भिलेज डिभलपमेन्ट कमिटि एण्ड प्रोफाइल अफ नेपाल, काठमाडौँ : मेघा पब्लिकेशन एण्ड रिसर्च सेन्टर ।
- प्रधान, मु. (२०६४). नेवार जाति (उत्पीडन र स्वशासन), काठमाडौँ : अर्थ प्रकाशन प्रा.लि. ।
- श्रेष्ठ, तु. (२०६६). नेपालका नेवारहरू, काठमाडौँः अनुसन्धान तथा विकास संस्था ।
- Nepali, G. S. (1965). The Newars, Bombay : United Asia Publication.
- Regmi, M. R. (1978). Land tenure and taxation in Nepal, Kathmandu : Ratna Pustak Bhandar .
- Wright, D. (2007). History of Nepal, New Delhi, Rupa Co.


## बासिबियाँलो



२४ वटा काँटी बाट १० वटा वर्गाकार बनाइएको छ । अब चित्रको कुना नबिगारी ६ वटा काँटी झिकेर ३ वटा कोठा बनाउनुहोस् । (उत्तर १०७ पृष्ठमा)

## कोरोना सङ्क्रमणबाट बच्न




**पखाला लागेकालाई नुन, चिनी र पानीले संजीवनीको काम गर्छ ।**

वडाध्यक्ष डायरी

# कोरोनाले जहानमात्र होइन, सम्पूर्ण सहारा गुम्ने खतरा बढ्यो

रसिक

विहान सबेरै स्वस्थ जीवनको लागि भनी वरिपरिको नयाँ बस्ती टहल्दै गर्दा आफूभन्दा उमेरले सानी अधवैंशे महिलाले 'नमस्कार' गर्दै भेट्नुपर्ने आग्रह गर्दा वडा कार्यालयमा छलफल गरौंला भनियो। तर ती महिलाको अनुहार हँसिलो थिएन, दुवै आँखा राता थिए, बोलीमा रोदन मिसिएको थियो। उनले वडामाभन्दा घरमै आएर सल्लाह माग्न चाहेको बताएपछि मैले उनलाई घरमा डाकेँ।

केही क्षणपछि ती महिला अर्की पाको आइमाइसँगै घरमा आइपुगिन्। मैले दुवैलाई बस्न चकटी दिएँ र आफू पनि गोलो चकटीमा बसेँ। घरकी जहानले तिनीहरू आइपुगेको चाल पाएर तीन कप चिया ल्याइन्। मैले उनलाई पनि सँगै बसेर तिनीहरूको कुरा सुन्न आग्रह गरेँ।

'वडाध्यक्षज्यू, म बेसहारा हुने भएँ। मेरो आफ्नो भन्ने कोही भएन। मलाई सहयोग गर्नुपर्‍यो।'

घरकी जहानले चिया लिन आग्रह गर्दा पनि चिया नलिईकन तिनले रोदन मिश्रित आवाजमा पीडा पोख्न थालिन्।

'के भयो ? भन्नुस् त। मैले सहयोग गर्न मिल्ने भए गर्छु। आफ्नो कुरा बताउनुस्।'

'पहिला चिया खानुस्, एकछिन आरामसँग स्वास फेर्नुस्, अनि मात्र बोल्नुस् दिदी।' घरकी जहानले मेरो कुरा बीचमा काट्दै सान्त्वनापूर्वक भनिन्। उनले चिया खान अनकनाइरहेकी थिइन् तर जहानले निकै कर गरेपछि चियाको घुट्को निल्न थालिन्। उनी पीडाले छट्पटिइरहेको उनको भावले प्रष्ट बुझ्न सकिन्थ्यो।

मलाई महिलाहरूसँग कुरा गर्न निकै गाऱ्हो लाग्छ, त्यसमाथि रोएकी महिलालाई सम्झाउन जति गाऱ्हो अरु हुँदैन मेरो लागि। पुरुषसँग भए जस्तोसुकै अवस्थामा पनि ठट्टा गरिहाल्छु, तर महिलासँग ठट्टा गर्ने आँट छैन। शायद म महिलाको मनोभावना बुझ्न असफल छु। तर यस मामिलामा घरकी जहान सचेत छिन्। कोसँग कसरी व्यवहार गर्ने भन्ने कुरामा उनी मभन्दा अगाडि छिन्।

त्यसैले घरकी जहान अगाडि भएकोले ती महिलालाई आफ्नो पीडा पोख्न सजिलो भएको हुनुपर्छ। उनले विस्तारै आफ्नो विगत खोतल्न थालिन्।

'हाम्रो मागी विवाह भएको। त्यतिबेला म भर्खर २२ वर्षकी थिएँ, उहाँ मभन्दा ५ वर्षले जेठो। परिवारको कुरा काट्न सकिनँ, त्यसैले उहाँको पृष्ठभूमिबारे कसैसँग सोधपुछ गर्नै नपाइकन विवाहको प्रस्ताव स्वीकार गरेँ।'

'विवाहपछि मात्र थाहा पाएँ, उहाँ त नशालु लागूऔषधीको अम्मली भएकोले भर्खरै पुनर्स्थापना केन्द्रमा राखेर ल्याइनुभएको रहेछ। मेरो जीवन बर्वाद भयो भन्ने लाग्यो। तथापि आफ्नै पुर्पुरोलाई धिक्कार्दै परिस्थितिसँग जुध्नुबाहेक मसँग अर्को उपाय थिएन। उहाँको परिवारले पनि विहेपछि छोरा सुध्रिने आशामा मसँग विहे गराएको रहेछ, तर उहाँहरूले आफ्नो छोरो सुधार्न मेरो जीवनमाथि किन खेल्नुभयो भन्ने जस्तो पनि लाग्यो।'

'उहाँलाई सुधार्न मैले के मात्र गरिनँ र ? अस्पताल चहार्ने, मनोचिकित्सकको परामर्श लिने, औषधी उपचार गर्ने। बच्चा स्याहार्ने अनुभव नपाउँदै अम्मलीलाई स्याहार्दा आफैं बिना गर्भवती श्रीमानको 'आमा' बन्न पुगेँ। जति दुःख गर्न परे पनि श्रीमान सुध्रिए पुग्छ भन्ने लाग्यो।'

'नशालु पदार्थको अम्मलीबाट छुटकारा दिलाउन अनेकले अनेक सुझाव दिए। कहिले तपोवन पठाएँ त कहिले योगमा पठाएँ। माइतितिरको दाजुले वैदेशिक रोजगारीमा पठाए कामकै चापले सुध्रिन्छ कि भनी म्यानपावर कम्पनीमा कुरा गर्नुभयो। काठमाण्डौको एउटा म्यानपावर कम्पनीले दुबईको भिसा दिलायो। बेसहारालाई परालको त्यान्द्रोमा पनि सहारा पाउने आश हुँदो रहेछ। मनले मानिरहेको थिएन, तर श्रीमान सुध्रिने आशमा विदेश पठाउन ऋणधन गरेँ।'

'साँच्चै विरानो देशमा पुगेपछि बाँच्नका लागि भएपनि काम गर्नुपर्छ भन्ने हुँदो हो कि, उहाँले मिहिनेत गरेको खबर पाउन थालेँ। म्यासेन्जर, स्काइप, फेसबुकमा हाम्रो कुराकानी भइरहन्थ्यो। उताबाट केही कमाइ पनि पठाउने गर्नुभयो। तर परिस्थिति यति निष्ठुरी बनिदियो कि उहाँ दुबई पुगेको वर्षदिन पनि नपुग्दै उतातिर कोरोनाको महामारी फैलियो। उहाँको काम सारै गाऱ्हो र परिश्रम निकै गर्नुपर्ने कुराकानीमा भन्नुहुन्थ्यो, तर उहाँ शारीरिक र मानसिक रूपमा थाकेको कहिल्यै बताउनुभएन। केही दिनअघि ज्वरो बढेको, आलस्यता बढेको र स्वास फेर्न गाऱ्हो भएको बताउनुभएको थियो। शारीरिक थकाइले त्यसो भएको हुनसक्छ, आराम गर्नु र अस्पतालमा जँचाउनु भनी आग्रह गरेको थिएँ। मेरो आग्रह अनुसार उहाँ अस्पताल पनि जानुभएको थियो। अस्पतालमा उपचार हुँदै होला भन्ने लाग्यो तर दुई दिनपछि अचानक उहाँको निधन भएको खबर आयो। कोरोनाकै सङ्क्रमणले उहाँ बित्नुभएको उहाँसँगै काम गर्नेले बतायो।'

'मैले पत्याउनै सकिनँ। अकस्मातको विरहपूर्ण खबर मेरो मनले मात्र होइन, शरीरले पनि स्वीकार्न सकेन। त्यसैले करिब ६ घण्टापछि चाल पाउँदा मैले आफूलाई अस्पतालको

बेडमा सुतिरहेको र मुखमा अक्सिजनको मास्क लगाइरहेको अवस्थामा पाएँ । आफन्तले मलाई बेहोसी अवस्थामा अस्पताल पुऱ्याएका रहेछन् ।'

'कोरोनाको विरामी भनी उहाँको शव नेपाल ल्याउन दिइएन, उहाँको शव शायद उतैतिर डोजरले खाल्डो खनी गाडियो कि वा समुद्रमा फालियो, थाहा भएन । अन्तिम समयमा मैले उहाँको अनुहार हेर्न पाइनँ । श्रीमानको निधनले म विक्षिप्त थिएँ तर यता हाम्रो समाजमा मलाई हेर्ने दृष्टिकोणमा फरक हुन थाल्यो ।'

'म पतिलाई टोक्ने पत्नी रे । श्रीमानको शव पनि हेर्न नपाउने अभागी, अलच्छिनी रे । कोरोना सङ्क्रमितकी श्रीमतीले यहाँ पनि कोरोना फैलाउन सक्छे रे । अनेक लाञ्छनाहरू लगाइन थाले । शव नआएपनि नेपाली परम्पराअनुसार मृत्यु संस्कार गरिरहँदा सासू ससुरालाई समवेदना प्रकट गर्न आउने आफन्तहरूले समेत मैले सुन्नेगरी नै भन्न थाले, 'श्रीमानबिनाको तरुनी बुहारी जुनै समयमा पनि पोइल जान सक्छ, होस गर्नु है ।'

'पीडाले पोलिरहेको क्षणमा त्यो शब्दवाण तातो भ्fीर बनेर मेरो मुटुमै गडेको थियो । एक्काइसौं शताब्दीमा पनि नेपाली समाजमा मजस्ता असहाय नारीलाई हेर्ने दृष्टिकोण उही पुरानै पाएँ । मैले पचाउन सक्ने शब्द थिएन त्यो, तथापि परिस्थितिलाई दोष दिँदै सारा पीडा भुल्ने प्रयास गरेँ ।'

खास्तोले मुख छोपी केही बेर रोइन् उनी । यस्तो अवस्थामा मलाई ढाडस दिन आउँदैन । सँगै रहेकी पाको आइमाइले उनको टाउकोमा हात राखी धैर्य गर्न आग्रह गरिरहनु भएको थियो ।

केही समयपछि ती महिलाले आफ्नो पीडालाई शव्दमार्फत निरन्तरता दिइन्, 'मेरो लागि आफ्नो मान्छे कोही भएन । न पति हुनुहुन्छ, न त सन्तान नै । सासू ससुरासँग जस्तै कठिन परिस्थितिमा पनि सहेर बस्छु भन्ने लागेको थियो । तर श्रीमान बितेको महिना दिन पुगेको छैन, पुर्ख्यौली घर र केही भएको जग्गा बेच्न सासू ससुरालाई खुसखुस गर्नेहरू घरमा आउन थाले । ती सबै आफन्त नाताकै हुन्, तर मप्रति दया र करुणाभावले नभई म केही समयपछि अर्कै ठाउँमा पोइल गएँभने सम्पत्ति भाग साथमा लिएर जान्छ भनेर सम्पत्ति जोगाउने 'काइदा' सिकाउन सासू ससुराको कान फुक्न आएका थिए ।'

'मैले यतिकै कसैलाई आरोप लगाइरहेकी छैन वडाध्यक्षज्यू, भान्छामा चिया पकाइरहँदा मैले सुन्नेगरी कुरा गरिरहेको । अब म के गरुँ वडाध्यक्ष ज्यू ?' सँगै बसिरहेकी आइमाइको खुट्टामा घोप्टो पर्दै उनी रुन थालिन् ।

ती महिलाको कुरा सुनेर म अवाक भएँ । विदेशमा श्रीमानले रातदिन पसिना बगाएर जम्मा गरेको रकम स्वदेशमा श्रीमतीले जुवा खेलेर सिध्याएको, श्रीमान स्वदेश फर्किंदा श्रीमती अर्कैसँग पोइल गएको हल्ला र समाचारहरू सुनिरहेको थिएँ । यहाँ त विलकुल फरक घटना सुनिरहेको छु । मसँग उनलाई सान्त्वना दिने शब्द थिएन ।

घरकी जहानले स्थितिलाई सम्हाल्ने प्रयास गर्दै भनिन्, 'कहाँ हुन्छ र ? महिलामाथि शोषण गर्न पाइन्छ ? कानुन छैन यहाँ ?'

'त्यही सल्लाह माग्न आएकी हुँ हजुर ।'

'कानुन त छ बहिनी । पैत्रिक सम्पत्तिमा श्रीमान बितेपछि श्रीमतीले अंश पाउने अधिकार अहिलेको देवानी संहिताले दिएको छ । तर साँच्चै अन्त विहे गरी गयौ भने त सम्पत्ति फिर्ता गर्नुपर्ने हुन्छ नि ।' मैले यति मात्र के भनेको थिएँ, घरकी जहानले मतिर आँखा तर्दै मधुरो स्वरमा हप्काइन्, 'छि, तपाइँ जनप्रतिनिधि भएर पनि के बोल्नुभएको ?'

'बुहारी अन्तै पोइल जाली भनेर अहिले नै बेघरबार गर्नु अन्याय हो । पतिको सहाराबाट भर्खरै विमुख हुनुपरेको घाउ आलै छ, त्यसमाथि अन्तिम सहारा मानेको आफ्नो मान्छेले घरबाट निकाल्ने षड्यन्त्र गर्दा कति दुख्यो होला पीडितको मन ? राजतन्त्र हुँदैन भनेर प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र ल्यायौं । नयाँ संविधानमा लैङ्गिक समानताको कुरा लेख्ने, सभा गोष्ठीमा महिला हिंसाको विरोधमा चर्का कुरा गर्ने, अनि सामाजिक संस्कार भन्दै महिलामाथि शोषण गर्ने, यो कहाँको न्याय हो ? केटा मान्छेले श्रीमती घरमा छँदै अर्की ल्याउन हुने, अनि असहाय केटी मान्छेले सहारा खोज्न नपाउने ? सहारा खोज्ने क्रममा अर्कोसँग विहे गर्दा छि छि र दूरदूर गर्ने ?'

घरकी जहानले आक्रोशपूर्ण भावना पोख्न थालेपछि म सम्हालिएँ । विस्तारै ती महिलालाई सम्झाउने प्रयास गरेँ, 'उपाय छ बहिनी । पैत्रिक सम्पत्तिको हकवाला तिमी पनि हौ । तिम्रो पनि सम्पत्तिमा हक लाग्छ । त्यसैले तिमीले सप्रमाण वडा कार्यालयमा पैत्रिक सम्पत्ति बेचविखन विरुद्ध रोक्काको लागि अनुरोध पत्र लेख्न सक्छौ । तिम्रो निवेदनको आधारमा मैले वडा कार्यालयबाट मालपोत कार्यालयमा रोक्का सिफारिस बनाउँछु । वडाबाट रोक्का सिफारिस गएपछि तिनीहरूले पैत्रिक सम्पत्ति बेच्न सक्दैनन् । त्यसपछि म टोलवासीहरूको भेला डाकेर तिम्रो हक कायम गराउन प्रयास गर्छु ।'

'यो सम्भव छ र वडाध्यक्ष ज्यू ?'

'किन छैन ? कानुनी सङ्घर्ष पनि चल्दै गर्छ, समाजका अगुवाहरूमार्फत पनि तिम्रो हक दिलाउने प्रयत्न जारी रहन्छ । हाम्रो समाज त्यति स्वार्थी बनिसकेको छैन । सामाजिक र राजनैतिक अगुवाहरूले निश्चय पनि तिम्रो पक्ष लिनेछन् ।'

कनिकुथी मैले यति मात्र बोल्न जानेँ । तर यति शव्दले पनि शायद ती महिलालाई ठूलो ढाडस मिलेको हुनुपर्छ । उनको अनुहारमा थोरै मुस्कान देखिन थाल्यो । उनी कार्यालय समयमा वडा कार्यालयमा निवेदनसहित आउने वाचा गर्दै विदा भइन् ।

जनप्रतिनिधि भएपछि सम्हालिएर बोल्नुपर्दो रहेछ, सन्तुलित व्यवहार गर्न थोरैमात्र चुकेको खण्डमा त्यसको घातक दुष्परिणाम आउने खतरा हुँदो रहेछ । मैले ठूलै पाठ सिकेँ ।

# कोरोना सङ्क्रमित हुँदाको अनुभूति



छोरीमैयाँ सुजखू (प्रजापति)

बन्दाबन्दीको समयमा सर्वसाधारण जनता घरमा बसेपनि जनप्रतिनिधिहरू जनताको समस्या समाधानमा जुट्नुपर्ने हुँदा फुर्सदिलो बन्न सकिएन। महामारीको रूपमा फैलिएको कोभिड १९ रोगको विषयमा जनचेतना जगाउने, साबुन पानीले हात धुने तरिका सिकाउने, खाद्यान्न अभाव भएकालाई राहत वितरण गर्ने, स्थानीय किसानहरूलाई धानको बीऊ वितरण गर्ने आदि कामहरू भइरहेका थिए। त्यसैले कहिले प्रहरीसँगै त कहिले स्वयंसेवकहरूसँगै हिंडियो त कहिले एक्लै पनि जनताका घरदैलोमा घरभित्र सुरक्षित बस्न आग्रह गर्दै टोल टोलमा पुगियो। कुनैबेला हामी जनप्रतिनिधिहरू आफै पनि कोरोना सङ्क्रमित हुन सक्छौं भन्ने मनमा थियो। तर त्यही चिन्तामा डुबेर सामाजिक उत्तरदायित्व बहन गर्न चुक्न नैतिकताले दिंदैनथ्यो, त्यसो गरिएन पनि।

जेठ ६ गते नगरपालिकाका सफाइ कर्मचारी, स्वास्थ्यकर्मीसँगै जनप्रतिनिधिहरूको पनि पीसीआर परीक्षणको निम्ति स्वाब सङ्कलन गरिएको थियो। पछिल्लो समय शरीरमा कुनै समस्या नदेखिएको हुँदा हामी सबैजनाले ढुक्क भएर आ-आफ्नो स्वाङ् दिएका थियौं तथापि रिपोर्ट नआउञ्जेल मनको सानो कुनामा शङ्का उब्जिरहेको थियो। त्यसैले हरेक दिन पीसीआर टेस्टको रिपोर्ट आए नआएको जिज्ञासा पोख्ने गरिन्थ्यो। जेठ ९ गते विहान वडाध्यक्षज्यूबाट 'हामी सबैको रिपोर्ट नेगेटिभ आएको खबर छ, तर हातमा रिपोर्ट परेको छैन है' भन्ने खबर पाएको थिएँ। दिउँसो पनि त्यही नै खबर आएकोले ढुक्क भएर वडा कार्यालय र नगरपालिकामा गएर बन्दाबन्दीको समयमा जनतालाई परेको समस्याबारे छलफल गरियो। बेलुकी ८:०० बजेतिर नचिनेको नम्बरबाट फोन आयो।

'तपाई छोरीमैयाँ प्रजापति हुनुहुन्छ ?'

'हजुर, हो।'

'तपाईंको स्वाब परीक्षणको नतिजामा अलिकति खराबी आएको छ। तपाईंको घरमा स्वास्थ्यकर्मी आउँछ है।'

म झस्किएँ। 'हजुर कहाँबाट को बोल्नुभयो ?'

'म टेकु अस्पतालको डाक्टर हुँ। चिन्ता नलिनुस्, नआत्तिनुस्। प्रहरी र स्वास्थ्यकर्मीले तपाईंलाई सबै कुरा सम्झाउनेछन्।'

त्यति नै हो मैले बुझेको। फोनमा अरु पनि थुप्रै कुराहरू गरिएको थियो, तर मेरो दिमागमा छिरेन। म अचानक छाङ्गाबाट खसेझैं भएँ। घरमा छोराछोरी मात्रै थिए। श्रीमान सामाजिक कार्यमा बाहिर जानुभएकोले ढाडस दिनेसम्म पनि पाइनँ। वडाध्यक्षज्यूलाई फोन गरेर 'सबैको स्वाब परीक्षणको नतिजा नेगेटिभ आएको भन्नुभएको होइन र ?' भनी सोधें। मेरो हड्बडिएको स्वरले उहाँलाई शङ्का लागेको हुनुपर्छ। उहाँले 'तपाईंलाई अस्पतालबाट फोन आएको हो ?' भनी सोध्नुभयो। मेरो बक फुटेन, मन गुम्सियो र फोनमै रोएछु। उहाँले मेरो भाव बुझ्नुभएको हुनुपर्छ, तुरुन्तै मेरो घर आइपुग्नुभयो। श्रीमान पनि घर आइपुग्नु भयो। मैले अस्पतालबाट आएको फोनको जानकारी दिएँ।

यसअघि आफन्त र साथीभाइले पटक पटक सुझाव दिएको झलझली याद आयो। 'हाम्रो लडाइँ कोरोनासँग मात्र होइन, हाम्रो लक्ष अझै टाढा छ है भाउजू। अरु धेरै गर्न बाँकी छ। तपाई यस्तो बेला आफ्नो स्वास्थ्यलाई पनि ध्यान दिनुस्।'

'जो शारीरिक रूपमा कमजोर छ उसैलाई कोरोना भाइरसले आक्रमण गर्ने खतरा बढ्छ दिदी। यस्तो विषम परिस्थितिमा केही समय घरमै आराम गर्नुस् ल।'

'तपाई नबुझ्ने मान्छे होइन क्यारे, आफै स्वास्थ्य स्वयंसेविका हुनुहुन्छ। स्वस्थ रहे जनताको सेवा गर्ने थुप्रै अवसर पाइन्छ। समयमै आफ्नो स्वास्थ्यको ख्याल राख्नुस्।'

'तिमी एकजना नहुँदैमा वडाको काम रोकिने होइन बहिनी। वडा कार्यालयमा काम गर्ने अरु साथीहरू छन् नि।'

यस्ताखाले अनेक सुझावहरू दिइएका थिए। जनताको सेवा नै पहिलो दायित्व हो भन्ने लाग्यो र शरीरले दिएसम्म काममै जोतिएँ। यतिका दिन भइसक्यो, अहिलेसम्म भक्तपुरमा कसैलाई कोरोना देखिएको छैन भने विदेश वा बाहिरी जिल्लाबाट मानिसहरू नआएसम्म भक्तपुरमा कोरोना देखापर्दैन भन्नेमा ढुक्क थिएँ। होइन, कोरोना आइहाले भनेपनि जित्न सकिन्छ भन्ने आत्मबल पनि थियो। तर जब टेकु अस्पतालको डाक्टरले नै मेरो मोबाइल नम्बर पत्ता लगाएर फोन गर्‍यो, तब मेरो आत्मबल कता हरायो ? चालै पाउन सकिनँ। म त खङ्ग्रङ्गै भएँ। ओठ मुख सुक्न थाल्यो।

एकैछिनमा महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक सविन प्रधान सरको फोन आयो। उठाएँ,

'म्याडम डराउनुपर्दैन । तपाईंको स्वास्थ्य अवस्थाबारे मेयर सा'बबाट जानकारी पाएँ । तपाईंलाई हामी सुरक्षितपूर्वक अस्पताल लग्छौं । पीसीआर रिपोर्ट पोजेटिभ आउँदैमा आत्तिनुपर्दैन । आत्मबल बढाउने, आपसमा सामाजिक दूरी कायम गर्ने, स्वस्थकर खानेकुरा र तातोपानी पिउने, आफ्नो दैनिक व्यवहारमा सुधार गर्ने । यति गरे त रोग निको भइहाल्छ म्याडम ।'

उहाँलाई धन्यवाद भनें । सोचें, यति कुरा त मलाई पनि थाहा थियो । अरुलाई सम्झाउन जति सजिलो लाग्थ्यो, आफूलाई पर्दा पीडा हुँदो रहेछ । तर मसँग विकल्प थिएन । अस्पतालमा अन्य बिरामीहरूसँग बस्नुपर्दा थप मानसिक तनाव हुने अनुमान थियो । डाक्टर र नर्सहरूले सहज रूपमा उपचार सेवा दिनु होला कि नहोला भन्ने चिन्ता लाग्यो । जतिसुकै भएपनि घरको जस्तो आत्मीय वातावरण अस्पतालमा हुन सक्दैन भन्नेमा म प्रष्ट थिएँ । त्यसैले घरमै अलग्ग कोठामा बसेर उपचार गर्न पाए हुन्थ्यो भन्ने लाग्यो । श्रीमानको आशय पनि त्यस्तै थियो । वडाडध्यक्षज्यूले बिरामीलाई घरमा राख्ने नेपाल सरकारले बनाएको कार्यविधिमा नभएकोले डाक्टरको सल्लाह लिएर खबर गर्ने बताउनुभयो । अस्पतालबाट फेरि फोन आयो । यसपटक फोन श्रीमानलाई दिएँ । डाक्टरले फोनमा श्रीमानलाई लामै समय सम्झाउनु भयो क्यारे । उहाँले अनिच्छापूर्वक मलाई अस्पताल पठाउने स्वीकृति दिनुभयो ।

वडाध्यक्षज्यूले पाटन अस्पतालमा जाने कि भनी सोध्नुभयो । आफूलाई पाटन अस्पताल जान पाए हुन्थ्यो भन्ने लागिरहेको थियो । त्यहाँ भए शरीरमा केही समस्या आएमा अन्य रोगका विशेषज्ञ डाक्टरहरू पनि हुनुहुन्छ र आफ्नो उपचार समयमै हुन्छ भन्ने लागिरहेको थियो । उहाँले विभिन्न माध्यमबाट पाटन अस्पतालमा सम्पर्क गर्नुभयो क्यारे, राति १२:३० बजे पुलिसको भ्यानसहित एउटा एम्बुलेन्स घरको ढोकामा आइपुग्यो ।

मध्यरातमा चोरलाई समात्न आएसरी किन पुलिस आएको भन्ने भयो । पुलिसको व्यवहार पनि त्यस्तै थियो । 'हाम्रो अगाडि नआउनुस् त । आफूलाई चाहिने सामान आफै पोका पारेर एम्बुलेन्समा चढिहाल्नुस् । तपाईंलाई हामी पाटन अस्पतालसम्म पुऱ्याइदिन्छौँ ।' प्रहरीको अनौठोखाले व्यवहारले आफू साँच्चिकै भयंकर रोगको बिरामी भएँ कि भन्ने लाग्यो । सामाजिक रूपमा बहिष्कृत भएको अनुभव भयो । अर्को मनले सोचें, उहाँहरू पनि दैनिक सयौं व्यक्तिको सम्पर्कमा जानुहुन्छ, कोही एक जना मात्र सङ्क्रमित भएभने उहाँहरूको टिम, परिवारका अन्य सदस्यहरू र समाजमा नै कोरोना सङ्क्रमण फैलने डर हुन्छ ।

म एम्बुलेन्समा बस्नासाथ एम्बुलेन्स पाटन अस्पतालतिर हुइँकियो । एम्बुलेन्ससँगै मेरो मन पनि अनेकतिर कुद्न थाल्यो । श्रीमान र छोराछोरीलाई वरिपरिको समाजले के भन्ने होला ? अघि दिउँसोसम्म मसँगै हिँडेका साथीहरूको हालत के होला ? मैले गर्दा समाजमा कोरोना सङ्क्रमण फैलन त होइन ? यस्तै कुराहरू मनमा खेल्न थाले ।

अस्पतालमा पुगेपछि राती २ बजेदेखि ३ बजेसम्म मेरो विगत कोट्याउन थालियो । कहाँ जानुभयो ? बाहिरिया कोही व्यक्तिको सम्पर्कमा जानुभयो ? राहत कहिले बाँड्नुभयो ? धानको बीउ वितरण गर्दा तपाईंसँगै को को थिए ? टाउको दुखेको छ ? ज्वरो आएको छ ? रिंगटा लागेको छ ? अनेक प्रश्नहरू सोधिए । अस्पतालको बेडमा राखियो र आराम गर्न भनियो तर निद्रा आए पो !

विहानको उज्यालोसँग कुनै मतलव राखिएन । सामान्य परिस्थितिमा मात्र विहानको उज्यालोसँगै दैनिकी शुरु हुन्थ्यो । तथापि विहान सबेरै घरबाट आफन्तले बेसार, ल्वाङ, ज्वानो र एउटा इलेक्ट्रिक मग ल्याउनुभयो । मैले हरबखत तातोपानीमा यही घरेलु जडिबुटी मात्रै मिसाएर खाएँ । अस्पतालले दिने औषधी भनेको सिटामोल मात्रै हो । नर्सहरू बरोबर आउँथे, कोरोनाबाट बच्ने तरिका सिकाएर जान्थे । ज्वरो नापिन्थ्यो, प्रेसर जाँचिन्थ्यो र अक्सिजनको मात्रा हेरिन्थ्यो । कुनै समस्या नभएपछि चिन्ता नलिनुस् है भनेर सहानुभूति दिएर जान्थे । शायद यही नै कोरोनाको उपचार थियो । सिकिस्त बिरामी भएको भए अर्कै तरिकाबाट उपचार गरिन्थ्यो होला ।

यतिबेला त आफ्ना प्रियजनहरूको फोन पनि अत्यासलाग्दो हुँदो रहेछ । सबैले सहानुभूति प्रकट गर्ने, नआत्तिन सल्लाह दिने । आफ्नो हालचाल र सामाजिक व्यवहारका बारेमा केही कुरा नहुने, मात्र कोरोना गफ । वाक्क दिक्क लागेर कहिलेकाहीं त फोन स्वीच अफ गरौं कि जस्तो पनि लाग्ने । तर फोन स्वीच अफ भएमा आफन्तजनहरू झन् अनावश्यक रूपमा चिन्तित होलान् भन्ने पनि पीर पर्दो रहेछ । कतिजनाले त फोन नै उठाएन भन्दा हुन् ।

पाटन अस्पतालको व्यवस्था राम्रै थियो । स्वास्थ्यकर्मीको व्यवहार पनि आत्मीय थियो । सरसफाइमा विशेष महत्त्व दिएको पाइयो । एउटै कोठामा अरु पनि कोरोना भाइरसका सङ्क्रमितहरू राखिएका थिए । सबैजना भयभीत देखिन्थे । रोगकै कारणले अशक्त र सार्है बिरामी परेका कोही थिएनन् । तर पनि एक अर्कालै रोग सार्ला कि भन्ने डर सबैमा थियो । तसर्थ सबैले आवश्यक सतर्कता अपनाएका थियौं । यति हुँदाहुँदै पनि सबै पुरुषहरूका लागि एउटै शौचालय प्रयोग गरिन्थ्यो, महिलाहरूको हकमा पनि त्यस्तै थियो ।

अस्पतालको बसाइमा खासै समस्या थिएन तर हरेक दिन कहिले कुन पत्रकार भन्ने कहिले कुन सामाजिक संस्थाको प्रतिनिधि भनेर फोन आउन्थ्यो, अनेक प्रश्नहरू गरिन्थ्यो ।

तिनीहरूले समाजमा सकारात्मक सन्देशभन्दा पनि गलत हल्ला फैलाउन खोजेको झैं लाग्थ्यो । फेसबुक लगायतका सामाजिक सञ्जाल र केही दैनिक पत्रिकाहरूमा त व्यक्तिगत चरित्रहत्या गर्ने खालबाट समेत समाचारहरू प्रकाशित भएको देखियो । यस्ताखाले समाचारहरूले धेरैको लाइक, शेयर र कमेन्टहरू त पाउला तर सम्बन्धित व्यक्ति र उनको परिवारमा कस्ताखाले दीर्घकालीन असरहरू पर्लान् भन्ने पटक्कै ख्याल गरेको देखिएन । शुरुका केही दिन मानसिक तनावमा रहे पनि अस्पतालमा अन्य विरामीहरूसँगको कुराकानी, परिवार र साथीभाइहरूको हौसलाले क्रमशः मानसिक रूपमा स्वस्थ हुन थालें । पीसीआर रिपोर्टमा पोजेटिभ आएपनि मलाई शारीरिक रूपमा कुनै अप्ठेरो परेको थिएन, कोभिड १९ रोगको कुनै लक्षण देखापरेको थिएन । त्यसैले मलाई केही हुँदैन भन्ने आत्मविश्वास थियो । इटाली, स्पेन र अमेरिकालगायतका देशहरूमा विरामीको जुन दर्दनाक स्थिति टेलिभिजन र फेसबुकमा हेरेको थिएँ, मलाई त्यस्तो केही हुँदैन भन्नेमा ढुक्क थिएँ । आफूसँगै लगेका र साथीहरूले पठाएका केही प्रेरणादायी पुस्तकहरू अध्ययन गर्दा आफूलाई तन्दुरुस्त बनाउन थप सहयोग मिल्यो ।

अस्पताल बसाइको पाँचौं दिन मलगायत ९ जना विरामी साथीहरूको स्वाब परीक्षण गरियो । मसहित ३ जना दीर्घ रोगीहरू थियौं । सबैको नतिजा नेगेटिभ आयो । हामीले कोरोनालाई जित्यौं भन्ने लाग्यो । नर्सले फेरि पनि सबैको स्वाब परीक्षण गर्नुपर्छ भनेपछि कोरोनालाई अहिलेसम्म आधा जित्यौं भन्ने लाग्यो ।

छैटौं दिन पनि हाम्रो स्वाब परीक्षण गरियो । सोही दिन बेलुकी ७ बजेतिर सबैको नतिजा नेगेटिभ आएको सूचना पाइयो । सबैजना खुशीले उफ्रियौं । ताली बजाउँदै शुभ समाचारलाई स्वागत गर्‍यौं । सीसी क्यामेराबाट कोभिड वार्डको निरीक्षण भइरहेको रहेछ । दुई जना दाइहरू अत्यन्त खुशी भएर सँगै अंगालो मारेर सेल्फी फोटो खिचेको केही समयपछि नर्स आएर 'यस्तो काम अहिले गर्नुहुँदैन' भनी सम्झाइन् । 'अझ १४ दिनसम्म तपाईंहरू होम क्वारेन्टाइनमा बस्नुपर्छ नि । घरमा पनि आफ्नो मान्छेको नजिक बस्नु हुँदैन, सँगै खानु हुँदैन । केही दिन अझै दुःख हुन्छ, सहनुपर्छ है ।'

अस्पतालमा दुवै पटकको परीक्षणमा नतिजा नेगेटिभ आएकोले डिस्चार्ज गर्ने कुरा आयो । वडाध्यक्षज्यूले मलाई लिन गाडीको बन्दोबस्त गर्नुभयो । घर परिवार सबै जनाको स्वाब परीक्षणको नतिजा नेगेटिभ आइसकेको खबर पाइसकेको थिएँ । मसँगै हिंडेका, काम गरेका जनप्रतिनिधि तथा अन्य साथीहरूको पनि कन्ट्याक्ट ट्रेसिङ गरी परीक्षण गर्दा नतिजा नेगेटिभ आएको जानकारी पाएँ । सबैजना सुरक्षित भयौं भन्ने लाग्यो ।

अस्पतालबाट फर्कंदै गर्दा मनमा अनेक कुरा खेल्न थाले । म परिवारमा सधैंजसो खानाखाजा खाँदा छोराछोरीहरूसँग एउटै थालीमा बाँडीचुँडी खाने गर्थें । पानी पिउन समेत एउटै गिलास प्रयोग गर्थ्यौं । तथापि सबैको नतिजा नेगेटिभ नै आयो । यसको अर्थ मेरो शुरुको रिपोर्टमै केही समस्या भयो कि ? अथवा म सङ्क्रमित नै भए पनि सँगै बस्दैमा वा सँगै खाँदैमा वा सँगै हिंड्दैमा यो रोग नसर्ने पो हो कि ? अथवा मसँगै खाएका, बसेका र हिंडेका आफन्त र साथीहरूको रोग प्रतिरोधात्मक क्षमता बलियो भएको हो कि ?

त्यसैले सङ्क्रमित व्यक्ति र उनको परिवार एवं उनको सम्पर्कमा आएकालाई कसैले पनि छुद्र व्यवहार नगरियोस् । सामाजिक सञ्जालमा व्यक्तिगत मानहानी हुने कुरा नलेखियोस् । कोरोनाको कारणले भन्दा गलत सामाजिक व्यवहारको कारणले धेरैले अकालमा ज्यान गुमाउनु परेको पछिल्ला दिनहरूमा थुप्रै समाचार आइरहेका छन् । कसैलाई पनि मृत्युको मुखतिर नधकेलियोस् ।

अस्पतालमा छँदा त्यहाँका सङ्क्रमित साथीहरूको परिवारलाई आफन्तजनले हालखबर सम्म पनि नसोधेको र सङ्क्रमितसँग हिंडडुल गर्ने साथीलाई समेत हेला गरेको उनीहरूबाट सुनेकी थिएँ । मेरा आफन्त र साथीभाइलाई पनि त्यस्तो अपाच्य व्यवहार गरियो कि भन्ने लाग्यो । परिवारसँग सम्पर्क गर्दा एक दुईजनाले अप्ठेरो व्यवहार गरेको सुनें पनि । सार्है चित्त दुख्यो । हामी जनप्रतिनिधिहरू जनताको स्वास्थ्य अवस्था राम्रो होस्, कसैलाई पनि कुनै समस्या नआओस् भनेर रातदिन लागेका छौं भने हामीप्रति नै किन यस्तो गलत व्यवहार गरिन्छ भन्ने लाग्यो । फेरि सोचें, कतिले नबुझेर गरेका होलान् वा सबैजनाले सही र सत्यको पक्षमा बोल्छन् नै भन्ने पनि त छैन ।

कोरोना भाइरसको बारेमा सञ्चार माध्यम र सामाजिक सञ्जालमा जसरी अतिरञ्जित ढङ्गबाट प्रचार गरिएको छ, मैले त्यस्तो अनुभव गरिनँ । मुख्य कुरा समाज अनि साथीभाइको हौसला, प्रेरणा र मायाले सङ्क्रमित व्यक्तिको आत्मबल बढ्छ । विश्व स्वास्थ्य सङ्गठनको मान्यता अनुसार आपसमा सामाजिक दूरी कायम गर्ने, सुरक्षित मास्क लगाउने, व्यक्तिगत सरसफाइमा ध्यान दिने, समय समयमा साबुन पानीले हात धुने, पोषिलो खानेकुरा खाने, तातोपानी नियमित रूपमा पिउने गर्दा यो रोग सामान्य रुघाखोकी जस्तै निको हुँदो रहेछ । त्यसैले कोरोनादेखि डराउने र भाग्ने होइन कि कोरोना भाइरसको सङ्क्रमण नियन्त्रणको अभियानमा सबैले साथ र सहयोग गरौं । अन्त्यमा यस्तो सङ्कटको घडीमा मप्रति सहानुभूति र साथ दिनुहुने र घरको लागि आवश्यक सामान पुऱ्याउनुहुने सम्पूर्णमा हार्दिक कृतज्ञता व्यक्त गर्दै धन्यवाद दिन चाहन्छु ।

# सुब्बा कृष्णलाल र उनले लेखेको 'मकैको खेती'




डा. बलराम कायस्थ

नेपालको राजनीतिक आन्दोलनको इतिहासमा सर्वप्रथम कलमद्वारा भएको आन्दोलनको रूपमा मकैपर्वलाई लिने गरिन्छ। मकैपर्व विशेषगरेर **'मकैको खेती'** पुस्तकसँग सम्बन्धित घटना थियो। यो घटना वि.सं. १९७७ सालको थियो, जुनबेला नेपालमा राणा प्रधानमन्त्री चन्द्रशम्शेर शासन गर्दथे। यस पुस्तकका लेखक कौशलअड्डाका सुब्बा कृष्णलाल अधिकारी थिए अर्थात् उनले लेखेको **'मकैको खेती'** पुस्तक काण्ड नै नेपालको इतिहासमा 'मकैपर्व' नामले प्रख्यात छ।

विस्तृत रूपमा अध्ययन गर्दा मकैपर्व घटाउने कार्य अर्थात् पुस्तक लेख्ने व्यक्ति को हो भन्ने सम्बन्धमा अनेक शङ्का, उपशङ्का गरिए पनि शम्भुप्रसाद ढुङ्गेल र सोमनाथ सिग्द्यालको सहयोगमा कृष्णलाल अधिकारीले नै यो पुस्तक लेखेका थिए भन्ने कुरा पुष्टि हुन्छ। प्राप्त प्रमाणका आधारमा के देखिन्छ भने सुब्बा कृष्णलाल श्री ३ महाराज चन्द्रशम्शेरका निक्कै विस्वासिला व्यक्ति थिए। १०, १२ वर्षको छोटो समयमै तल्लो तहबाट प्रमोशन भई सुब्बा जस्तो महत्त्वपूर्ण पदमा पुग्नु नै उनी चन्द्रशम्शेरका निक्कै विश्वासिला व्यक्ति भएको प्रमुख प्रमाण देखिन्छ।

नेपाल कृषिप्रधान देश भएकाले मकैको खेतीबारे आधुनिक प्रविधि, ज्ञान, व्यवधान, मकैको जात, कुन ठाउँमा लगाउने आदि कुरा समेटेर खासगरेर कृषक दाजुभाइलाई सहयोग होस् भन्ने हेतुले विभिन्न व्यक्तिहरूसँग सल्लाह र सुझाव लिई यो पुस्तक तयार पारे। यस कार्यमा उनले खासगरी आफूले अध्ययन गर्ने, सोधपुछ गर्ने बाहेक हिन्दीमा लेखिएको 'मक्काका खेती' नामक पुस्तकलाई पनि गाइडको रूपमा लिएका थिए। पुस्तक लेख्ने कार्य सकिएपछि रानीपोखरीस्थित संस्कृत पाठशालाका हेड पण्डित (हेड सर) सोमनाथ सिग्द्याललाई शुद्धाशुद्धी हेर्न दिए। जब यो कार्य सकियो, तब नक्सालस्थित भगवती प्रेसमा छाप्न दिइयो। यसपछि १००० प्रति पुस्तक छापियो। तर जसका लागि उपयोगी हुन्छ भनेर तयार गरिएको हो, तिनका हातमा पुग्न नपाउँदै अर्थात् बजारमा पुग्न नपाउँदै अचानक उनका साथीका रूपमा रहेका भोजराज घिमिरे र रामहरि अधिकारीले यो पुस्तकका बारेमा श्री ३ समक्ष गाथगादी ताकेको भनेर पोल लाईदिए।

राजकाज परेको ठहर भएपछि चन्द्रशम्शेरद्वारा लेखक कृष्णलालगायत त्यो पुस्तक तयार गर्न सहयोग पुऱ्याउने सबै पक्राउ परे। पक्राउ पर्ने बित्तिकै कृष्णलालले आफूले लेखेको र छापेको कुरा स्वीकार गरे। एक हजार प्रति छापेकोले सबै जफत गर्न भनियो। तर ९९९ प्रति मात्र भेट्टियो। एउटा बुझाउन सकेनन्। करीब एक हप्तासम्मको छानबिनपश्चात् सरकारसँग स्वीकृत नलिई छापेकोले कृष्णलाललाई ६ वर्ष कैद र एउटा पुस्तक नभेटेकोले ३ वर्ष थप गरी ९ वर्षको कैद सजायँ दिइयो। पुस्तक लेखेको छ भन्ने सुनाए वापत पुरस्कारस्वरूप भोजराज घिमिरे र रामहरिलाई १, १ हजार रूपैयाँ बक्सिसका साथ दोसल्ला र जागिर दिइयो। शम्भुप्रसाद ढुंगेल, दुर्गानाथ अधिकारी, सुब्बा रिषीभक्त उपाध्याय, गोर्खापत्रका का.मु. सम्पादक कृष्णचन्द्र अर्याल आदि ९ जना, जो यस पुस्तक लेखनसँग सम्बन्धित थिए, तिनीहरूको जागिर खोसियो। सोमनाथ सिग्द्याल र भगवती प्रेसलाई ५०, ५० रूपैयाँ जरिवाना गरियो। (चन्द्रशम्शेरका विशेष कृपापात्र माहिला गुरुजु पण्डित हेमराज पाण्डेको दाहिने हातका रूपमा रहेका सोमनाथ सिग्द्याललाई पुस्तकसँग सम्बन्धित भएतापनि हेमराजको सिफारिसमा सोमनाथको जागिर खोसिएन। तर ५० रूपैयाँ जरिवाना गरियो। सरकारको स्वीकृति नलिई छापेबापत भगवती प्रेस नक्साललाई पनि ५० रूपैयाँ जरिवाना गरियो।)



जगदम्बाले प्रकाशन गरेको पुस्तक गाता

यथार्थमा त्यस **पुस्तकभित्र त्यस्तो के कुरा लेखिएको थियो ? जसको आधारमा त्यस्तो काण्ड मच्चियो।** जसमा उल्लिखित सम्बद्ध व्यक्तिहरूलाई पक्राउ गरी त्यसमध्ये कसैको जागिर खोसिने, कसैलाई जेल हाल्ने, कसैलाई नगद दण्ड गर्ने जस्ता कार्य भयो।

अहिलेसम्मको खोजीमा **कृष्णलालले लेखेको 'मकैको खेती' पुस्तक भेट्टिएको छैन ।** ९९९ प्रति जफत गरिए पनि एकप्रति जुन छ, त्यो अहिलेसम्म भेट्टिएको छैन । यो पुस्तकलाई यति महत्त्व किन दिइयो ? भन्ने बारेमा निम्न तथ्यहरू प्रस्तुत गर्न सकिन्छ ।

जहानियाँ राणाशासन निरंकुश र स्वेच्छाचारी शासनव्यवस्था थियो । राणाशासकहरूमध्ये पनि चन्द्रशम्शेर सबभन्दा चतुर, धुर्त र अनुदारवादी प्रधानमन्त्री थिए । उनी म्याट्रिक पास गर्ने पहिलो राणा प्रधानमन्त्री थिए । यसैले उनी अङ्ग्रेजी फरर बोल्न, लेख्न सक्थे । वाक चातुर्यतामा उनी कुनै अङ्ग्रेज कुटनीतिज्ञभन्दा कम थिएनन् । प्रथम विश्वयुद्धपछि विश्वमा आएको स्वतन्त्रता र प्रजातन्त्रको भावनादेखि उनी भलिभाँति परिचित थिए । अर्कोतिर नेपालीहरूले पनि प्रथम विश्वयुद्धका क्रममा अङ्ग्रेजी फौजमा सम्मिलित भई लडाइँ लड्नेक्रममै विश्वका विभिन्न भूभाग घुम्ने मौका पाएका थिए । यसबाट नेपाली जनतामा पनि अप्रत्यक्ष रूपले चेतनाको स्तर फैलिँदै थियो । साथै भारततिरबाट विस्तारै शिक्षाको लहर उर्लँदै थियो । यस परिस्थितिमा सरकारको स्वीकृति नलिई पुस्तक छापेकोमा राणासरकार सशङ्कित हुनु स्वाभाविकै पनि थियो । त्यसमाथि चम्चा (आसेपासे)हरूको चुक्लीले शङ्का विश्वासमा परिणत भएको थियो ।



कृष्णलाल अधिकारी
तस्बिर : इन्टरनेट

आखिर राणाशासनलाई व्यङ्ग्यात्मक प्रहार वा छेड (satire) हानेको भनी यस पुस्तकका तीन कुरालाई टिपेर (highlight गरेर) चन्द्रशम्शेरका चाटुकारहरूले राजनीतिक व्याख्या गरी यसरी अर्थ लगाइ दिए –

**१) पहिलो कुरा** – सो पुस्तकको भूमिकामा एउटा वाक्य थियो – 'बालकहरूलाई आमाको दूधले जस्तो फाइदा दिन्छ, त्यस्तो फाइदा चन्द्रोदयले दिँदैन ।' यो चन्द्रोदय सम्भवतः त्यतिखेरको तागतिलो औषधी, भिटामिन पनि थियो । यसलाई यसरी अर्थ लगाइयो– जसरी नेपाली जनतालाई राजाको शासनबाट फाइदा हुन्छ, त्यति चन्द्रशम्शेर राणाबाट हुँदैन । यहाँ 'आमाको दूध' भन्नाले राजाको शासन र 'चन्द्रोदय' भनेको चन्द्रशम्शेरको शासन भन्ने अर्थ लगाई दिए ।

**२) दोश्रो कुरा** – 'मकैको खेतीलाई चोरबाट, जङ्गली जनावरबाट रक्षा गर्न भुस्याहा कुकुर नै चाहिन्छ । यो फोहोर ठाउँमा बस्छ, खोले खान्छ र परिआएको बेलामा जङ्गली जनावर र चोर डाँकाबाट रक्षा गर्छ । तर आजकल बेलौटी (बेलायती) कुकुरको फेसन चलेको छ । मानिसले यसलाई दूधभात ख्वाएर आफैसँग राख्छ । हेर्दा यो राम्रै देखिन्छ, तर परिआएको बेलामा तिनीहरूबाट कुनै सुरक्षा पाउन सकिँदैन ।' यसलाई चन्द्रशमशेरका विरुद्ध लेखिएको भनेर अर्थ लगाउँदा चन्द्रशम्शेर भर्खर बेलायत भ्रमणबाट फर्केर आएका थिए । अङ्ग्रेजहरूको आशीर्वाद लिई नेपालमा शासन गर्दै थिए । यो कार्य हेर्दाखेरि सुहाउँदो र राम्रो छ । तर राष्ट्रलाई सङ्कट परेको बेला अङ्ग्रेजले कुनै सहयोग गर्दैन, नेपाली जनता नै आवश्यक पर्छ । यद्यपि राणाहरूको नजरमा नेपालीहरू मानिस नै नभएमा पनि भन्ने उल्लेख गरी चन्द्रशम्शेर र अङ्ग्रेजका विरुद्ध लेखिएको हो भन्ने व्याख्या गरियो ।

**३) तेश्रो कुरा** – 'मकैको खेती गर्दा त्यसमा विभिन्न किरा, फट्याङ्ग्राद्वारा रोग लाग्न सक्छ । खासगरेर रातो र कालो टाउको भएका दुई किसिमका किराले खेती स्वाहा पार्छ ।' यसलाई राणाविरोधी बनाउँदा त्यतिखेर रातो फरेस क्याप चन्द्रशम्शेर लगाउँथे भने कालो लगाउने कमाण्डर इन चिफ भीमशम्शेर थिए । लौ, सुब्बा कृष्णलालले हामीलाई लक्षित गरी यो कार्य गऱ्यो भन्ने अर्थ लगाई त्यो पुस्तकलाई प्रतिबन्ध लगाए । यसरी कृष्णलालले सर्वसाधारण किसानहरूलाई सुविधा होस् भन्ने अभिप्रायले यो पुस्तक लेखेको भएता पनि विश्वमा प्रजातन्त्र फस्टाउँदै गरेको देखेका चन्द्रशम्शेरले नेपालमा पनि अब आफूविरुद्ध कलम चल्न थालेको देखेर चुप लागेर बस्न सकेनन् ।

जेल सजायँ पाएको लगभग तीन वर्षमा नै कृष्णलाल जेलमै मरे । हतारमा गरेको यस निर्णयबाट पछि गएर चन्द्रशम्शेर आफै पश्चातापमा परे । यथार्थमा यो पुस्तक राणासरकारको विरुद्ध लेखिएको होइन भन्ने थाहा पाएपछि उनले पुनः यो पुस्तक कृषकहरूलाई आवश्यक पर्छ भन्ने सोचेर गोर्खा भाषा प्रकाशन समितिका अध्यक्ष राममणि आदिलाई यो पुस्तकका कुरालाई प्रकाशित गर्न भने । जसको फलस्वरूप यो पुस्तक काण्ड भएको एक वर्षपछि नै राममणि आचार्यले 'कृषि शिक्षा प्रथम भाग' नाम राखी सो पुस्तक प्रकाशित गरे । यस पुस्तकलाई पनि नक्सालको भगवती प्रेसमै छापी वितरण गरियो । यसरी आफूले गरेको निर्णय गलत भएको थाहा भएपछि पनि चन्द्रशम्शेरले विद्वान तथा लेखपढ गर्न जान्नेहरूबाट आफू उपहासमा परिएला, हाँसोको पात्र बनिएला

भनी सुब्बा कृष्णलाललाई भने जेलबाट मुक्त गरेनन् ।

**निष्कर्ष**

सुब्बा कृष्णलाल अधिकारी लेखकका अतिरिक्त कवि तथा साहित्यकार पनि थिए भन्ने कुरा सोमनाथ सिग्द्याल, शम्भुप्रसाद ढुङ्गेल जस्ता कवि, आँशुकविहरूसँगको सँगतिबाट जान्न सकिन्छ । नेपाल जस्तो गरीब देशका किसानहरूलाई फाइदा पुऱ्याउने उद्देश्यले उनले यो पुस्तक लेखेका थिए । तर तत्कालीन बन्द समाज र नियन्त्रित राज्य व्यवस्थाभित्र एउटाले गरेको उन्नति, प्रगतिमा अर्कोले इर्ष्या र डाह गर्नु कुनै नौलो कुरा थिएन । राणा शासकहरूका नजिक पर्न, उनीहरूबाट स्याबासी पाउन चाटुकारहरू यस्तै अवसरका खोजीमा रहन्थे । (यस्तो प्रवृति मल्लकालमा पनि प्रचलित थियो, भाजुकसःको निर्मम दमन यसको एउटा दृष्टान्त मान्न सकिन्छ ।) जसको शिकार कृष्णलाल जस्ता सीधासादा लेखक भए । पुस्तक छपाएवापत राजद्रोहको मुद्दा लगाई छ वर्ष र एक प्रति नपाइएकोले तीन वर्ष थप गरी नौ वर्षको जेल सजायँ दिइयो । असह्य पीडा, मानसिक दबाब, पारिवारिक चिन्ता जस्ता कारणले गर्दा जेल परेको तीन वर्षभित्रै जेलमै उनको निधन भयो । शायद उनी नेपालका प्रथम लेखक शहीद हुन्, जसले आफ्नो लेख्यको प्रतिफल यस रूपमा पाए, देशका लागि मृत्युवरण गरे ।

चन्द्रशम्शेरले यो कुरा थाहा पाइसकेका थिए कि अब नेपाली जनतामा पनि जागरणको लहर बिस्तारै आउन थालेको छ । अतः राज्य व्यवस्थालाई अझ कठोर बनाउँदै लगे । जनता कडा नियन्त्रणमा परे । फलस्वरूप केही समयसम्म जनताले आफ्नो कलम बन्द गरे । राणाशासनविरुद्ध एकआपसमा गुनगुनाए मात्र । वास्तवमा विश्व इतिहास अध्ययन गर्ने हो भने कुनै पनि देशको राजनैतिक क्रान्तिमा त्यहाँको साहित्यिक आन्दोलनले पनि अप्रत्यक्ष रूपमा महत्त्वपूर्ण भूमिका खेलिरहेको हुन्छ । यस सन्दर्भमा यो **'मकै पर्व'**लाई पनि राणाशाहीको विरुद्ध कलमद्वारा भएको आन्दोलनको प्रथम प्रयास मान्न सकिन्छ ।

**सन्दर्भग्रन्थ सूची**


- के.सी. सुरेन्द्र, आधुनिक नेपाल, काठमाडौं : पैरवी प्रकाशन, वि.सं. २०५९ ।
- पौडेल, भूपहरि, ऐतिहासिक मकै पर्व, दीपज्योति प्रकाशन, वि.सं. २०४० ।
- भण्डारी, ढुण्डीराज, नेपालको आलोचनात्मक इतिहास, वाराणसी : कृष्णाकुमारी देवी, वि.सं. २०२७ ।
- शर्मा, बालचन्द, नेपालको ऐतिहासिक रूपरेखा, वाराणसी : कृष्णकुमारी देवी, वि.सं. २०२२ ।


## सीमा रक्षाको विगुल फुकिदेउ

**- रामकृष्ण प्रजापति**

मेरो मातृभूमि छट्पटिएको छ
रगतले कोरिएको सिमानाका
जंगे पिलर सार्नाले ।
मेरो माटो बेचैन भएको छ
सिमानामा बाँधेको बाँधले
जलमग्न हुनाले ।
मेरा जनता आजित भएका छन्
नेपालको नक्साभित्र
भारतीय विस्तारवादले परेड खेल्नाले ।
मातृभूमिमा सुतेका नेपालीहरू
बिहान उठ्दा अर्काको देशमा हुन्छन्
प्रतिवाद गर्दा एसएसबीले
गौतमहरूलाई गोलिठोकी हत्या गरिदिन्छन् ।
छिमेकीदेशको मिचाहा प्रवृत्तिविरुद्ध
विरोधको स्वर लिएर जाँदा
छिमेकीसँग लाचार र विदेशी तलवमा मातेकाहरू
छलछाम र चिप्लो कुरा गरी फर्काई दिन्छन् ।
शासकहरू
देशको बारेमा बोलिरहनु पर्ने तिमी
सिमाना बचाउन लडिरहनु पर्ने तिमी
मिचिएको भूभाग फिर्ता लिन हिडिरहनुपर्ने तिमी
किन लम्पसार सुतिरहेछौ कुम्भकर्ण जस्तै ?
शासकहरू
लेन्दुप दोर्जे बनिरहेका छन्
विभिषणको भुमिका खेलिरहेका छन्
त्यसैले,
आऊ, देशभक्त नेताहरू
सीमा रक्षाको विगुल फुकिदेऊ ।

**आफू बस्ने घर, चोक, टोल र नगर**
**हाम्रो लागि हामी आफै सफा गरौं ।**
**सफाइ गर्दा इज्जत घट्दैन**
**बरु सभ्य भइन्छ र**
**रोगबाट समेत मुक्त हुन्छ ।**

# फलेहितिको ने.सं.७९९(?) वि.सं.१७३६ को शिलाभिलेख



पुरुषोत्तमलोचन श्रेष्ठ

च्वङापा (सल्लाघारी) स्थित हवाङहवाङपाटीको उत्खननका क्रममा मैले खन्न लगाएको ठाउँबाट त्यहाँ पुरिएर रहेका जगज्योतिर्मल्ल र जितामित्र मल्लका शिलालेखहरू भेटिने कुरामा म निश्चिन्त थिएँ । सोही स्थानबाट जितामित्र मल्लको शिलालेख भेटिए पनि जगज्योतिर्मल्लको भने यो पङ्क्ति लेख्दासम्म पनि भेटिएको छैन । तर आश्चर्यको कुरा के भयो भने त्यहाँबाट एउटा आशै नगरेको प्रस्तुत शिलालेख भने भेटियो जुन यसअघि मेरो जानकारीमा थिएन । मलाई लाग्छ, यो शिलालेख त्यहाँ रहेको कुराको जानकारी यस अघि पनि शायद कसैलाई थिएन, हुँदो हो त विद्वद्वर्गले उहिल्यै प्रकाशमा ल्याइसक्ने थिए । जे होस् ; यो शिलालेख यसरी फेला पर्नु पनि आकस्मिक खोजको एक उपलब्धिपूर्ण सुखद संयोग मान्नुपर्छ ।

प्रस्तुत शिलालेखको अधिकांश भाग खिइसकेको र पाप्रा उप्किसकेका कारण त्यहाँ कुँदिएका अक्षरहरू मेटिइसकेका छन् । यस शिलालेखको शीर्षमा दायाँ बायाँ चन्द्र सूर्य र बीचमा खड्ग आकृति छ । यस शिलालेखको चौघेरो फूलबुट्टाले सजिएको छ । यस शिलालेखको पढ्न सकिने जति भाग यस प्रकार छ :

**मूलपाठ**

*१. (ॐश्री)३ (गौरीशंकराभ्यां)नम : ॥ -----शा-युग*
*२. करकरभै : ------सिद्धे(च)--ढे ---(प)क्षे, सुरगुरु*
*३. दिवसे प्रीतये -ष्ट(?) ------- :। अष्टम्यां भाय(राम): सुरवरविवि-*
*४. ता(त)न्त नाराय(ण) ---: वणा(?) -ररि - लत तरी -*
*५. करोद्य(?)-ति -स्था(?)यपक्ष(?) ----- मध्याहि गौर्य्या -*
*६. शंक(र)च । वि(?) - ॥ मशालं(?) ---- तस्या : प्रतिष्ठा(?)(मात?)रो*
*७. त्वयु(?)न्तात(?)-शाणैकवे(?) --रघुवंशावतारं(?) --वि-*
*८. शालनेत्र(?) --स्थ -------------- सान्द्रय(?)ना-*
*९. भिनामं ---- श्री (श्रीसुमतिजयजितामित्रमल्लस्यमन्त्री?) न, भायरा(म)*
*१०. नं थ्व फलेइति -- (द)यका जुरों (?) ॥ सम्वत् (७९९?)*
*११. आषाढ(?)मासे शु(क्लपक्षे?) -----त(ल्यौ?) --त्रा --ण*
*१२. व - गे -----------याङा(?) -न(?) ----व्वा-*
*१३. थ्व(?) फलेइति -- सुनानं (?) सेनक(?)लसा पं(चम)हापा*
*१४. तक लाकजुलो -------------सेल्होया-*
*१५. तसा, यथाशाम्त्रोकं फल लाक जुलों ॥ शुभमस्तु*

**भावानुवाद**

श्रीभवानीशंकरलाई नमस्कार । भायरामले गौरीशंकरको मूर्तिसहित (?) प्रतिष्ठा गरी यो सत्तल धारा बनाउनु भयो । ने.सं.७९९ (वि.सं.१७३६) आषाढ शुक्लपक्ष ..., यो सत्तल धारा कसैले बिगारेमा पञ्चमहापाप लाग्नेछ । सँभार गरेमा पुण्य प्राप्त हुनेछ । सबैको कल्याण होस् ।

व्याख्या

ने.सं.७९३ मा जगत्प्रकाश मल्लको मृत्युपछि उनका जेठा छोरा जितामित्र मल्ल विधिवत भक्तपुर राज्यका राजा भए । त्यस बखत शक्तिशाली प्रधानमन्त्री भागिराम प्रधानाङ्ग थिए ।



फलेहितिको ने.सं.७९९(?) को शिलालेख, ३९x२७ से.मि, लिपि : नेपाललिपि, भाषा : नेपालभाषा।

जितामित्र मल्लका शिलालेखहरूमा 'असल मन्त्री भागिराम प्रधानाङ्ग भएको बेलामा' भनी एकनासले भने झैं उनै प्रभावशाली भागिरामको उल्लेख भएर आएको पाइन्छ । सिंहफले (सिंहसत्तल)को जितामित्र मल्लको ने.सं.७९८ को शिलालेखमा उनै भागिराम प्रधानाङ्गको उल्लेख हुनुले पनि यस कुराको पुष्टि मिल्छ । हामीलाई प्रस्तुत शिलालेखमा आएको 'भायराम' उनै भागिराम हुन् कि भन्ने भान पर्न सक्छ । तर भागिराम र भायराम एकै व्यक्ति नभएर भिन्नाभिन्नै व्यक्ति हुन्, भागिराम र भायराम समकालीन थिए, भागिराम मात्र नभएर भायराम पनि जितामित्र मल्लका मन्त्री थिए भन्ने कुरा तात्कालिक प्रमाणहरूबाट निश्चित रूपले थाहा पाइन्छ । थिमि पतसिटोल गणेशमन्दिरको ने.सं.७९४ को शिलालेखमा भागिराम, जयहरि, भायराम, दुर्ज, सतेराम, कविराम यी छ जना मिलेर देवल प्रतिष्ठा गरेको कुरा आएको छ ।[१] यताबाट भागिराम र भायराम भिन्नाभिन्नै व्यक्ति हुन् तथापि तिनका बीच निकटको नाता थियो भन्ने प्रतीत हुन्छ । धुलिखेल शहरको भीमसेनमन्दिरको ने.सं.७९० को शिलालेखमा पानीयशाला, धर्मशाला बनाउन लगाएको विषयको शिलालेखमा भायरामले सगौरव आफूलाई जितामित्र मल्लका मन्त्री भनेका छन् ।[२] त्यसैगरी भागिराम 'प्रधानाङ्ग' थिए, भायराम 'भटि' थिए ।[३] नाला, पाटीको ने.सं.७९८ को शिलालेखमा भायरामले आफूलाई 'ख्वप तुपलाछे टोलया भायराम भटि' (भक्तपुर तुलाछेंटोलका भायराम भटि) भनेका छन् ।[४] त्यसैगरी भक्तपुर इनाचो-वाचुत्वःको इनारको ने.सं.७९९ को अभिलेखमा पनि त्यसरी नै परिचय दिएका छन् ।

यस प्रकार भायराम सत्तल, देवल, पाटी, धारा, इनार आदि बनाइदिएर लोकको हीत हुने कार्यमा लाग्ने असल मन भएका धर्मात्मा व्यक्ति थिए भन्ने कुरा उनका शिलालेखहरूबाट ज्ञात हुन्छ । यस विषयका उनका शिलालेखहरू भक्तपुर शहरका विभिन्न स्थानबाट पनि प्राप्त छन् । भक्तपुर राजदरबारक्षेत्रको चलाङाछेंटोलको तिमिलाहरूको आगंछें (आगमघर) मा पनि भायरामले राख्न लगाएको ने.सं.८२५ को ४ पङ्क्तिको शिलालेख रहेको छ ।[५] यताबाट यी भायराम जितामित्र मल्लका मात्र नभएर भूपतीन्द्र मल्ल (वि.सं.१७५३-१७७९) का पनि समकालीन थिए भन्ने कुरा ज्ञात हुन्छ ।

माथिका केही प्रमाणहरूका आधारमा यो कुरा निश्चित रूपमा थाहा पाइन्छ कि चवङापा (सल्लाघारी) स्थित रानीपोखरीको सिंहसत्तल (ह्वाङह्वाङपाटी) परिसरमा फलेहिति (सत्तलधारा) बनाउन लगाउने जितामित्र मल्लका एक मन्त्री यिनै भायराम थिए ।[६] र, यति कुरा थाहा भएपछि यस आधारमा हामीलाई यस शिलालेखको संवत्बारेमा अनुमान गर्न पनि प्रकारान्तर-आधार मिलेको छ । यस शिलालेखको संवत्को झण्डै मेटिइसकेको अन्तिम अङ्कको शेष आकार नेपाललिपिको '२' वा '४' वा '९' जे पनि हुनसक्छ । मलाई भने इनाचो, वाचुत्वःको इनारको ने.सं.७९९ को अभिलेखको '९' अङ्कसित मिल्दोजुल्दो लागेको छ । सो इनारको अभिलेखका लिपि र यस शिलालेखको लिपिका अक्षरहरू पनि दुरुस्त वा समकालीन देखिन्छन् । आफ्ना राजाले रानीपोखरीको जीर्णोद्धार गरिदिएपछि लोकहितमा लागिपरेका भायरामलाई पनि सो पोखरीमा केही नूतन कृति राखिदिने नैतिक दबाब परेको हुनसक्छ । यसो हुँदा सो पोखरी जीर्णोद्धार भएको अर्को वर्षमै भायरामले सत्तलधारा बनाउन लगाएका थिए भन्ने अनुमान हुन्छ । यस आधारमा हामी यस शिलालेखमा उल्लेखित संवत् '७९९' हो भनी मान्न सक्दछौं ।

सिंहसत्तल समीपमा ढुङ्गेधारा थियो भन्ने कुरा यस अघि सुन्न र देख्नमा आएको छैन । 'फलेहिति' (सत्तलधारा) नामको ढुङ्गेधारा थियो भन्ने कुरा भने यस शिलालेखले बताएको छ । यो कुरा पनि विशेष महत्त्वको छ । नियतिको मारमा यो त्यहीँ गर्भस्थ हुनपुगेको दृष्टिगोचर हुन्छ । जे होस् सो सत्तलपरिसरमा उत्खनन हुन सकेमा सो धारा पत्ता लाग्ने आशा गर्न सकिन्छ ।

## पादटिपोट

१) शंकरमान राजवंशी (२०२०), **भक्तपुरशिलालेख-सूची**, वीर पुस्तकालय, काठमाडौं : पृष्ठ ६१ ।

२) उही, पृष्ठ ६० । **'पुण्यां पाणीयशालां पुनरतिपरमां पुण्यशालां प्रणाल्यौ सद्बुद्धिर्भायरामेः सुमतिजयजितामित्रमल्लस्य मन्त्री ॥**

३) 'प्रधानाङ्ग' 'भटि' ६ थरे श्रेष्ठ जातिका थरविशेष हुन् ।

४) राजवंशी (२०२०), **भक्तपुरशिलालेख-सूची**, पूर्ववत्, पृष्ठ ६४ ।

५) पुरुषोत्तमलोचन श्रेष्ठ, 'इनार र जलद्रोणीका अभिलेख', अप्रकाशित लेख ।

६) विनोदराज शर्मा, 'अभिमत' **कुल घर भक्तपुर भएका तिमिलाहरूका टेलिफोन डाइरेक्टरी**/२०६४, पृष्ठ ४ ।

७) पुरुषोत्तमलोचन श्रेष्ठ (२०७२), **धालाँखुसि र फलेहिति**, धालाँखुसि ल्वहंहिति जीर्णोद्धार समिति, भक्तपुर : पृष्ठ २८ । लोकहीतका लागि सत्तल, पाटी समीपमा धारा बनाएर राख्ने चलन पूर्वकालदेखि चलिआएको देखिन्छ । त्यस्तो स्थानमा रहेका धारा 'फलेहिति' नामले प्रचलित रहिआएको विदित हुन्छ । रानीपोखरीको दक्षिणमा धालाँखुसिको फले (पाटी) सामुन्ने रहेको 'फलेहिति' नामको ढुङ्गेधारा उदाहरणस्वरूप छ ।

**पानीजन्य सरुवा रोगबाट बच्न पानी उमालेर खानु सर्वोत्तम उपाय हो ।**



प्रा.डा. शिवप्रसाद धौभडेल

**नेपालका रसायनविद् वैज्ञानिक**

# प्रा.डा. शिवप्रसाद धौभडेल



ओम धौभडेल

| | | |
|---|---|---|
| **नाम** | : | प्रा.डा. शिवप्रसाद धौभडेल |
| **जन्म मिति** | : | वि.सं. १९९१ आषाढ शुक्ल पंचमी |
| **बुबाको नाम** | : | पञ्चलाल धौभडेल |
| **आमाको नाम** | : | कृष्णशोभा ताल्चाभडेल धौभडेल |
| **शिक्षा** | : | पि.एच.डि. रसायनशास्त्र |
| **कर्मक्षेत्र** | : | शिक्षा |
| **मृत्यु** | : | वि.सं. २०७६ चैत्र कृष्ण चर्तुदशी |
| **कृति** | : | रसायन शास्त्रका १२ वटा पुस्तकहरू प्रकाशित छन् – |

1. A.B.C. of Chemistry
2. Karvanik Rashayan
3. The winning of Metals
4. Alphabets, Words and Sentences of Chemistry
5. Chemistry Practical Guides I, II, III, IV
6. Mechanism of Selected Reactions
7. A first course in Organic Chemistry
8. Beginner's stereochemistry
9. A critical study of Periodic Table
10. Research Methodology
11. A guide book on Research Methodology in Chemistry
12. A practical guide for natural product chemistry

करिब १०० जति अनुसन्धानमूलक लेखहरू नेपाली भाषामा र अन्य थुप्रै अनुसन्धानमूलक जर्नलहरू अङ्ग्रेजी भाषामा प्रकाशित छन् ।

प्रा.डा. शिवप्रसाद धौभडेल नेपालको वैज्ञानिक शिक्षा क्षेत्रमा विशेषगरि रसायन शास्त्रका एक ध्रुवतारा मानिन्छन् । भक्तपुरको माटोमा जन्मी हुर्की यो क्षेत्रमा आफ्नो नाम चम्काउन सफल वहाँको कारण भक्तपुरले सदैव सम्झनुपर्ने ब्यक्तित्व हुनु भएको छ । उहाँको योगदानको कारण समस्त भक्तपुरवासीले गर्वले शिर ठाडो गर्न पाएको छ ।

प्रा.डा. शिवप्रसाद धौभडेलको जन्म वि.सं. १९९१ आषाढ कृष्ण पक्ष षष्ठिको दिन भक्तपुरको क्वाँछे टोलको धौभडेल परिवारमा भएको थियो । बुबा पंचलाल धौभडेल र आमा कृष्णशोभा धौभडेलको कोखबाट शिवप्रसाद लगायत सात सन्तानहरूको जन्म भए पनि बाल्यकालमै पाँच सन्तानहरूको मृत्यु भयो । शिवप्रसाद र उहाँकी एक दिदीमात्र जीवित रहे । पंचलाल धौभडेल अति सोझो तर धार्मिक स्वभावका ब्यक्ति थिए । पंचलालको बुबा नन्दलालका दुई श्रीमती मध्ये जेठीको छोरा जगतलाल बनेपातिर परम्परागत औषधी ब्यवसाय गर्न लागे । हुन त आफ्नो बुबाले नै बनेपामा औषधी पसल शुरु गरेकोमा बनेपाको कारोवार सबै दाइ जगतलाललाई जिम्मा दिई पंचलाल भक्तपुरमै बसी आफ्नो बिंडो थामेर बसेका थिए । भक्तपुरका अरु सबै दाजुभाइ तथा गुथिगाना यही रहेकोमा बनेपातिर बसाइँ सर्न मानेनन् । यहीं सानो परम्परागत औषधी पसलमा सघाउँदै शिवप्रसादको बाल्यकाल बित्यो । सानै उमेरमा घरमै बुबाबाट शिक्षारम्भ गर्नुभयो । ७ वर्ष पुगेपछि घरमा पुरोहिंत्याइं गर्न आउने गुरुबाजेको घरमा पढ्न थाल्नुभयो । औपचारिक शिक्षा वि.सं.२००२ सालमा लायकुस्थित श्रीपद्म हाईस्कुलबाट गर्नुभयो । कक्षा ५ सम्म सोही हाईस्कुलमा पढ्दै गर्दा बुबाको मृत्यु भएपछि विद्यालय जान छोडनुपर्‍यो । एकातिर घरको कमजोर आर्थिक अवस्था अर्कोतिर बुबाको मृत्युले पढाइलाई निरन्तरता दिन पाउनु भएन । खराब साथीहरूको संगतले कुलतमा फस्नुभयो ।

दिदीको पनि विवाह भएपछि त आमा माइतीमा बस्न जानुभयो। आमाको मावली खलक ताल्चाभडेल परिवार थियो। मावली खलकमा बाजे र बज्यैमात्र थिए। छोरीले नै सबै हेर्नुपर्ने अवस्थामा लालाछेँस्थित मावलीमा बस्न पुगेपछि त्यहाँ गजेन्द्रबहादुर मूल, चन्द्रबहादुर श्रेष्ठ जस्ता शिक्षित ब्यक्तिहरूको सङ्गतले शिवप्रसादमा पुनः पढाइतिर ध्यान गयो। वि.सं.२००४ सालतिर श्री पद्म हाईस्कुलमै कक्षा ६ मा भर्ना हुनुभयो। कक्षामा प्रथम नतिजा ल्याई उत्तीर्ण हुनुभयो। कक्षामा प्रथम हुँदै २००८ सालमा एसएलसी परीक्षा पनि प्रथम श्रेणीमा उत्तीर्ण हुनुभयो। उहाँ एसएलसी प्रथम श्रेणीमा उत्तीर्ण गर्ने पहिलो भक्तपुर जिल्लावासी हुनुभयो। एवम् रितले २०१० सालमा आई एससी, २०१२ सालमा बि.एस्सी उत्तीर्ण गरिसकेपछि उच्च अध्ययनको लागि भारतको इलाहावाद जानुभयो र २०१४ सालमा एम.एससी. गर्नुभयो। वि. सं. २०१५ सालमा त्रिचन्द्र कलेजमा प्राध्यापन थाल्नुभयो। वि.सं. २०१७ सालमा सोही इलाहावादस्थित विश्वविद्यालयबाट विज्ञान विषयको रसायनशास्त्रमा विद्यावारिधि गर्नुभयो। सन् १९७२ मा अस्ट्रेलियाको न्यु साउथवेल्स विश्वविद्यालयबाट पि.एच.डी गरी नेपालको पहिलो चार्टड केमिस्ट हुनुभयो।

उहाँले पढाइको क्रममा जागिरको लागि कहिल्यै कतै धाउनु भएन। सरकारी जागिर त कहिल्यै सोच्नु नै भएन। पढाइलाई नै जोड दिँदै अगाडि बढ्नु भयो। बरु आफ्नो पढाइलाई पनि निरन्तरता दिन सकिने आशयले एम.एससी. सकेपछि विसं २०१५ सालदेखि त्रिचन्द्र कलेजमा रसायन शास्त्रको अध्यापन थाल्नुभयो। जतिबेला उहाँले त्रिचन्द्र कलेजमा अध्यापन थाल्नुभयो, त्यसबेला उहाँ साइकल चढी खाली खुट्टा जानुहुन्थ्यो। कलेजमा विद्यार्थीहरूसित रसायन शास्त्र संस्कृत, अङ्ग्रेजी, नेपाली वा नेपालभाषामध्ये कुन भाषामा पढ्ने प्रश्न गर्नुहुन्थ्यो र विद्यार्थीहरूले भनेको माध्यमबाट पढाउनुहुन्थ्यो। वि.सं. २०१८ सालमा स्थायी भई २०२३ सालमा सरकारी ग्याजेटेड सेकेण्ड अफिसरमा बढुवा हुनुभयो। वि.सं.२०३० सालमा त्रि.वि.मा रसायनशास्त्रका सह प्राध्यापक रिडर तथा वि.सं.२०३४ सालमा पूर्णकालीन प्राध्यापकमा रही अविच्छिन्न ३५ वर्षसम्म त्रि.वि.को सेवा गरी वि.सं.२०५४ सालमा सेवानिवृत्त हुनुभयो। सेवा निवृत्त पछि पनि उहाँ त्रि.वि. आयोगको सदस्य, रोनास्टको सदस्य, त्रि.वि.विज्ञान संकायको डिन, नेपाल केमिकल सोसाइटीको अध्यक्ष भई यो क्षेत्रको विकासको लागि निरन्तर लागि पर्नुभयो। साथै निवृत्त पछि पनि १५ वर्षसम्म प्राध्यापन गर्नुभयो। जीवनको अन्तिम समयमा आफ्नो जन्मस्थल भक्तपुरको शिक्षा उत्थान गर्न भक्तपुर नगरपालिकाले सञ्चालन गरेको ख्वप इन्जिनियरिङ कलेजमा समेत सेवा गर्नुभयो। यसरी आफ्नो पूर्ण जीवन अध्ययन अध्यापनमा विताउनु भयो भने रसायन शास्त्रका हज्जारौ विद्यार्थीहरूलाई स्नात्तकोत्तर तहको उपाधि दिलाउन मदत गर्नुभयो। उहाँले विद्यावारिधी को स्रोतकार्य गर्न समेत प्राध्यापकको भूमिका निभाउनु भयो।

नेपालको रसायनशास्त्रका पहिलो प्राध्यापकको साथै सो विषयको एक लेखकको रूपमा उहाँले एक दर्जन पुस्तकहरू समेत लेख्नुभयो। उहाँले विशेषगरि एसएलसी पछि विज्ञान विषय लिई अध्ययन गर्न चाहने विद्यार्थीहरूलाई रसायनशास्त्रका पुस्तकहरू लेख्नुभएको छ। नेपाल जस्तो शिक्षा क्षेत्रमा अति पीछडिएको मुलुकका विद्यार्थीहरूको लागि रसायनशास्त्रका पुस्तकहरू लेख्ने क्रममा आइ.एस्सी. पढ्ने विद्यार्थीहरूको लागि उपयुक्त हुने A B C of Chemistry, Karvanik Rashayan, The winning of Metals, Alphabets,Words and Sentences of Chemistry जस्ता पुस्तकहरू लेख्नुभयो। यता बि.एस्सी. पढ्ने विद्यार्थीहरूको लागि पनि Chemistry practical Guides चार भोल्युम, Mechanism of selected Reactions, A first course in Oraganic Chemistry, Beginner's stereochemistry, A Crtitical Study of Periodic Table, Research Methology गरी ६ वटा पुस्तकहरू प्रकाशित गर्नुभयो। त्यस्तै रसायनशास्त्रको उच्च शिक्षाको लागि A guide book on Research, Methodology in Chemistry, A practical guide for natural product chemistry जस्ता पुस्तकहरू लेख्नुभएको छ। उहाँ एक कर्तव्यनिष्ठ, लगनशील शिक्षक हुनुको साथै त्रिभुवन विश्वविद्यालय अर्न्तगत विज्ञान संकायको डिन भई त्रिभुवन विश्वविद्यालयमा विज्ञान को पठनपाठनमा ठूलो योगदान गर्नु भएका ब्यक्ति हुनुहुन्थ्यो। विश्वविद्यालयको एमएस्सीमा माइक्रोवायोलोजीको पढाइ उहाँले शुरु गर्नुभयो र नेपालमा विधि विज्ञानको प्रयोगशालाको शुरुआत गर्नुभयो। रोनास्टको अनुसन्धान प्रमुख भई नेपालमा अनुसन्धानमूलक शिक्षाको आरम्भ गर्नुभयो। उहाँले त्रिभुवन विश्वविद्यालय रसायनशास्त्रमा एक वार्षिक प्रवचन कोषको स्थापना गरी नेपालमा रसायनशास्त्रको प्रर्वद्धनको सङ्कल्प गर्नुभयो। तत्कालीन समयमा नेपालमा दूधमा विकीरणको समस्या हुँदा उहाँ आफैले यो समस्याको वैज्ञानिक अनुसन्धानको आधारमा निदान गर्नुभयो।

यसबाहेक उहाँले रसायनशास्त्रमा कयौं अनुसन्धानहरू गर्नु भएको छ। रसायन विद्यामा कयौं नयाँ सूत्रहरू पत्ता लगाउनु भयो। आफूले गरेको सो विभिन्न अनुसन्धानहरूबारे राष्ट्रिय अन्तर्राष्ट्रिय पत्रपत्रिकाहरू मार्फत प्रचारप्रसार गर्नुभयो। उहाँले नेपालका विभिन्न राष्ट्रिय दैनिक पत्रिकाहरू जस्तै गोरखापत्र, राईजिङ नेपाल, कान्तिपुर, द काठमाण्डौ पोस्ट, द

हिमालयन टाइम्स आदिहरूमा रसायनशास्त्रका करिब १०० जति अनुसन्धानमूलक लेखहरू प्रकाशन गर्नु भएको छ । यस्तै उहाँका रसायनशास्त्रको अत्यन्त महत्त्वपूर्ण करिब ३० वटा जति कृतिहरू प्रकाशित छन् । उहाँले गर्नुभएको अनुसन्धानको अर्न्तराष्ट्रिय समुदायले उच्च मुल्याङ्कन गर्दै महत्त्वपूर्ण स्थान दिएको छ । उहाँलाई रसायनशास्त्रको क्षेत्रमा अति नामी वैज्ञानिकको रूपमा चित्रण गरेको छ । रसायनशास्त्र भित्र पनि फ्लाभोनाईज्ड केमिस्ट्रीमा उहाँको ठूलो योगदान रहेको छ । यसमा कण्डेस आइसो फ्लाभोनाइड तथा फ्लाभोनाइडमा महत्त्वपूर्ण संयोगिक रसायनका अनुसन्धानहरू प्रा.डा. शिवप्रसाद धौभडेलको नाममा अङ्कित छन् । उहाँको यस अनुसन्धानले मानव जातिले विज्ञानको क्षेत्रमा ठूलो फड्को मार्न सफल भएको छ । विशेषगरि क्यान्सर जस्ता रोगको औषधिदेखि बालीनालीमा लाग्ने रोगको निदान तथा औद्योगिक उत्पादनमा यो सूत्रले ठूलो सघाउ पुऱ्याएको छ । यस्तै उहाँले नेचुरल प्रोडक्ट सम्बन्धी गर्नु भएको अर्को महत्त्वपूर्ण विषय हो । उहाँको यो अनुसन्धान अर्न्तराष्ट्रियस्तरको भएको कुरा अमेरिका, जर्मनी, स्विट्जरल्याण्ड, चेकोस्लोभाकिया, भारतका विभिन्न विश्वविद्यायलहरूबाट उहाँको अनुसन्धानलाई मान्यता दिएबाट पुष्टि हुन्छ । छिमेकी राष्ट्र भारतकै दिल्ली, मद्रास, तमिलनाडु, आन्ध्र प्रदेश, इन्डोरका विश्वविद्यायलहरूबाट उहाँको अनुसन्धानलाई चाख दिएको थियो । यसको फलस्वरूप दिल्ली विश्वविद्यालय र अन्य भारत तथा दक्षिणपूर्वी एसियाका कयौं नाम चलेका विश्वविद्यालयहरूको पि.एच.डी. परीक्षक भई कार्य गरी उहाँले नेपालकै नाम उच्च राख्ने कार्य गर्नुभयो । सन् १९८८ मा संयुक्त राष्ट्र सङ्घमा नेपाली प्रतिनिधिको हैसियतले संयुक्त राष्ट्र सङ्घको पाँचौं कमिटीमा नेपालको विज्ञान प्रविधिको उन्नतिबारे मन्तव्य दिनुभयो ।

उहाँले रसायनशास्त्रको क्षेत्रमा गर्नुभएको योगदानको कदर गर्दै उहाँ थुप्रै राष्ट्रिय अन्तर्राष्ट्रिय सम्मान तथा पदकहरूबाट सम्मानित हुनुभएको छ । वि.सं.२०१८ सालमा महेन्द्रविद्याभूषण पदकबाट सम्मानित हुनुभयो । वि.सं.२०३२ सालमा राष्ट्रिय शिक्षा पुरस्कारबाट पुरस्कृत हुनु भयो भने वि.सं.२०४५ सालमा गोरखा दक्षिणबाहु दोश्रोबाट विभूषित हुनुभयो । त्यस्तै वि.सं. २०५८ सालमा बलराम जोशी पुरस्कारबाट सम्मानित हुनुभयो । वि.सं.२०७० सालमा सुप्रवल जनसेवापदक बाट सम्मानित हुनुभयो । पछिल्लो पटक सन २०१५ मा नविल विज्ञान प्रविधि पुरस्कारबाट सम्मानित हुनुभयो । यसैबीच भक्तपुरमा रहेको भारी गुथि, धौभडेल फाउण्डेशन बनेपालगायत अन्य थुप्रै सङ्घसंस्थाहरूबाट समेत उहाँको योगदानलाई कदर गर्दै सम्मान गरेको यहाँ स्मरणीय हुन्छ ।

नेपालको एक होनहार वैज्ञानिक प्रा.डा. शिवप्रसाद धौभडेल विज्ञानको क्षेत्रमा यतिधेरै सक्रिय रहनु भए पनि आफ्नो धर्मसंस्कृति परम्पराप्रति अगाढ स्नेह भएको ब्यक्ति हनुहन्थ्यो । आफ्नो दैनिक नित्य कर्मदेखि धार्मिक, सांस्कृतिक, सामाजिक कार्यहरूप्रति लगाव रहेको कारण उहाँ आफ्नो जन्मस्थल भक्तपुर छोडी परम्परागत पेशाको क्रममा कहिल्यै बनेपा बस्न पुगे, पढाइ तथा सेवाको क्रममा  स्थायी रूपले काठमाण्डौ बस्न पुगे पनि गुथिगाना तथा अन्य धार्मिक तथा सांस्कृतिक कार्यक्रमको लागि भक्तपुर आउने गर्नुहुन्थ्यो । जीवनको अन्तिम समयसम्म पनि भारी गुथिको सदस्य रही प्रत्येक वर्ष सहभागी हुँदा पालो पर्नेको घरदेखि सूर्यविनायक गणेशस्थानसम्म खाली खुट्टा पूजा गर्न जानुहुन्थ्यो । र काठमाण्डौमा स्थायी बसोबास गरेपनि उहाँले भक्तपुर क्वाछेंको पुर्खौली घर तथा लालाछेंको मावली घर बचाई राख्नु भएबाट उहाँको आफ्नो जन्मस्थल भक्तपुर प्रतिको अगाढ प्रेम झल्किन्छ । शुद्ध ठेट भक्तपुरको नेपालभाषा बोल्न मन पराउनु हुने प्रा.डा. शिवप्रसाद धौभडेललाई विज्ञान र संस्कृतिको पर्याय मान्न सकिन्छ । संस्कृतिप्रतिको मायाका साथ नेपाल जस्तो कम विकसित देशले वैज्ञानिक उद्योगहरूमा प्रगति गर्न सके मात्र देश र जनता उँभो लाग्ने विचार राख्ने धौभडेल देशको नेतृत्व वर्गले यसतिर ध्यान नदिएकोमा गुनासो गर्नुहुन्थ्यो । आफू एकजना रसायनशास्त्रको वैज्ञानिक भएर पनि यस क्षेत्रमा अध्यापनबाहेक अरु केही गर्न नसकेकोमा दुखेसो पोख्नुहुन्थ्यो । जीवनको अन्तिम समयमा स्वास्थ्यले पनि साथ नदिंदा लामो समयसम्म घर बाहिर आउन सक्नु भएन । तीन छोरीहरूको विवाह अनि तीन छोराहरू पनि विदेश लाग्दा श्रीमती विद्या र आफूमात्र कष्टकर जीवन यापन गर्नुपऱ्यो । सानै उमेरमा बुबाको मृत्यु, पढाइकै क्रममा आमाको मृत्युले बेसहारा हुनुभयो । अनि उच्च शिक्षाको क्रममा श्रीमती ज्वालादेवीको मृत्यु पछि छोराछोरी हुर्काउन दोस्रो विवाह गर्नुभयो । सबै छोराछोरी हुर्काउने काम श्रीमतीले गर्नुभयो ।  जीवनको अन्तिम समयमा आफ्नो मनको भावसहित उहाँले आफ्नो आत्मकथा प्रकाशित गर्नुभएको छ । यही २०७६ चैत्रकृष्ण चर्तुदशीको दिन उहाँको नश्वर शरीरले देहलिला त्यागगऱ्यो ।

उहाँले नेपालको रसायनशास्त्रको क्षेत्रमा पुऱ्याउनु भएको योगदानको सदैव स्मरण रहनेछ ।

**सन्दर्भ स्रोतहरू**

१. एक नेपाली वैज्ञानिक रसायनविद्को परिचय र आत्मकथा – त्रिप्रसाद धौभडेल

२. मेरो आत्मकथा – प्रा.डा. शिवप्रसाद धौभडेल

३. प्रा.डा. शिवप्रसाद धौभडेलको जीवनी – धौभडेल फाउण्डेशन

४. धौभडेलसित लेखकले समय समयमा गरेको भेट तथा फोनवार्ता

# हाम्रो खाना



राजेन्द्रबहादुर कायष्ठ

**१) परिचय :**

सबै प्रकारको सजीवहरू बाँच्न, वृद्धि हुन र शक्ति प्राप्त गर्न खाने, लिने वा प्रयोग गर्ने वस्तुलाई खाना भनिन्छ। खानामा विभिन्न प्रकारका पोषक तत्वहरू हुन्छ जस्ले सजीवहरूलाई वृद्धि गर्न, नयाँ कोषहरू निर्माण गर्न, बिग्रिएका कोषहरू पुन:निर्माण गर्न, शक्ति प्राप्त गर्न, स्वस्थ रहन, बलियो हुन, रोगविरुद्ध लड्ने क्षमता प्राप्त गर्न आदि कार्यमा सहयोग गर्दछ। पृथ्वीमा विभिन्न प्रकारका सजीवहरू छन्। आकारको आधारमा सूक्ष्म जीवहरू (सूक्ष्मदर्शक यन्त्रबाट मात्र देख्न सकिने) जस्तै व्याक्टेरिया, ढुसी, प्रोटोजोवा, भाइरस (सजीव माध्यममा रहँदा सजीवको गुण र निर्जीव माध्यममा रहँदा निर्जीवको गुण देखाउने) र अति विकसित हात्ती, ह्वेल, सार्क आदि छन्। यसरी नै वासस्थानको आधारमा पानीमा बस्ने, जमिनको विभिन्न भागहरूमा बस्ने, हावामा रहने आदि प्रकारका छन्। तर सबै प्रकारका सजीवहरूलाई बाँच्नको लागि मुख्य ५ वटा वस्तुहरू प्रकाश, हावा, पानी, वासस्थान र खाना आवश्यक हुन्छ। हरेक सजीवले खाना वनस्पति र जनावरबाट प्राप्त गर्दछ। प्रकृतिले हामीलाई प्रशस्त खाना उपलब्ध गरेको छ। यदि खानालाई राम्रोसँग प्रयोग गरेको खण्डमा मानिसहरू स्वस्थ, खुसी, सक्रिय र विभिन्न प्रकारका रोगहरूबाट मुक्त रहनसक्छन्। खानामा कार्वोहाइड्रेट, प्रोटीन, चिल्लो पदार्थ, विभिन्न खनिज पदार्थ, विभिन्न भिटामिनहरू आदि हुन्छ। खानामा रहेका विभिन्न पोषक तत्वहरूले शरीरमा फरक फरक कार्यहरू गरेर बाँच्न सम्भव बनाएको हुन्छ।

**२) हामीले कति खाना खाने ?**

सामान्यता वयस्क मानिसको शरीर सञ्चालनको लागि दैनिक २२०० देखि २८०० क्यालोरी शक्ति आवश्यक हुन्छ। पोषणविद्का अनुसार आमाशय (खाना जम्मा हुने स्थान) को एक चौथाई वा २५ प्रतिशत भाग खाली हुनेगरि खाना खानु शरीर र स्वास्थ्यको लागि फाइदाजनक हुन्छ। यसले खाना पचाउन सजिलो हुने र शरीरलाई आवश्यक पोषक तत्वहरू प्राप्त गर्न सहयोग गर्दछ। उनीहरूको अनुसार हाम्रो दैनिक शाकाहारी भोजनमा विहान र बेलुकाको खानामा ३० प्रतिशत अन्न, ३० प्रतिशत ताजा तरकारी र दाल, १५ प्रतिशत, हरियो सलाद खानु पर्दछ। एकजना मानिसले दैनिक खाना खानुपर्ने खानाको मापन गर्न सम्भव छैन। शारीरिक परिश्रम बढी गर्ने र पाचन क्षमता राम्रो भएको मानिसले बढी खाना खानु पर्दछ भने शारीरिक श्रम कम गर्ने र पाचन क्षमता कमजोर भएको मानिसले कम खाना खानु पर्दछ।

**३) हामीले कहिले र कति पटक खाना खाने ?**

सामान्यतया खाना भोक लागेको बेला खानु पर्दछ। यसले खाना स्वादिलो, पचाउन सजिलो र शरीरलाई पनि फाइदा गर्दछ। भोक नलागिकन खाना खाँदा अपच हुने र पाचन प्रणालीमा नकारात्मक असर पर्दछ। यसले हाम्रो शरीरको विभिन्न कार्यहरूमा असर पारी मानिसलाई बिरामी बनाउँछ। खाना खाने समय मानिसको व्यस्तता, संस्कृति, बानी आदिको आधारमा फरक फरक हुन्छ। पोषणविद्का अनुसार दिनको ३ पल्ट खानु सबैभन्दा राम्रो र उपयोगी हुन्छ। नेपालको सन्दर्भमा यहाँ ३ पल्ट भन्नाले विहान र बेलुका खाना र दिउँसो खाजा भन्ने बुझाउँछ। उनीहरूको भनाइअनुसार विहान ९ बजेदेखि १० बजेसम्म भात खाने मानिसले विहान नास्ता खानु पर्दैन। दिउँसो १ देखि २ बजे खाजा खाने र बेलुकाको खाना सुत्नुभन्दा कम्तिमा २ देखि ३ घण्टा अगाडि खानु पर्दछ। यसले गर्दा शरीरलाई स्वस्थ, फुर्तिलो, निरोगी र खुशी बनाउँछ। नेपालमा परम्परा देखि नै प्राकृतिक खाना जस्तै दालभात, तरकारी, अचार र खाजाको रूपमा मकै, भटमास, चिउरा, आलु,रोटी आदि खाने भएकोले उनीहरूमा रोगविरुद्ध लड्ने क्षमता बढी हुने र पाचन क्षमता पनि बढी भएको पाइन्छ। अमेरिका र युरोपतिरका मानिसहरू प्राकृतिकभन्दा कृत्रिम रूपमा खाना सुरक्षित गर्ने केही पदार्थहरू (Preservative) मिसाएको र प्रशोधन गरिएको खाना जस्तै : पाउरोटी, केक, पिज्जा, ससेज, कर्न फ्लोवर, आलु चिप्स, चाउचाउ आदि खाना खाने भएकोले उनीहरूको रोगविरुद्ध लड्ने क्षमता र पाचन क्षमता कमजोर भएको पाइन्छ। प्राकृतिक Preservative भन्दा कृत्रिम Preservative बढी हानिकारक हुन्छ। हाल नेपालमा पनि प्राकृतिक खाना जस्तै मकै, भटमास, गहुँ, फापर, जौ, गेडागुडी आदि खानुको सट्टा चाउचाउ, चिजबल, कुरकुरे, लेयर्स, इनर्जी ड्रिङ्क, कोल्ड ड्रिङ्क, बिस्कुट, जस्ता जङ्क फुड (अङ्ग्रेजीमा जङ्क फुड भन्नाले काम नलाग्ने र बेकारको खाना हो) खाने चलन बढीजसो विद्यालय र कलेज पढ्ने विद्यार्थीहरूमा बढ्दै गएको छ। यसको कारण प्रचुर मात्रामा विज्ञापन, लोभलाग्दो र आकर्षक छपाइ, अभिभावकलाई सजिलो तथा यसमा टेष्टिङ पाउडरले गर्दा यसको प्रयोग दिनदिनै बढ्दै गएको छ।

**४) हामीले कस्तो खाना खानु पर्दछ ?**

शरीरलाई स्वस्थ र बलियो बनाउन सन्तुलित खाना खानु पर्दछ। सन्तुलित खाना भन्नाले शरीरलाई आवश्यक पर्नेजति पोषक तत्वहरू भएको खानालाई सन्तुलित खाना भनिन्छ। मानिसको उमेर, लिङ्ग र अवस्थाअनुसार हरेकलाई फरक फरक किसिमको सन्तुलित खानाको आवश्यक पर्दछ। हाम्रो खानामा मुख्यतया ६ वटा समूहमा अन्न, हरियो तरकारी, फलफूल, दूध पदार्थ, माछामासु तथा मासुको वैकल्पिक वस्तु र तेल पर्दछ। यी खानाहरू दैनिक रूपमा मिलाएर खानु पर्दछ। दैनिक जीवनमा खाने केही खाद्यवस्तुहरू निम्नअनुसार छन् –

**क) अन्न** : यो मानव शरीरलाई सबैभन्दा बढी (खानाको ३० प्रतिशत जति) चाहिन्छ। यसमा चामल, गहुँ, चना, जौ, मकै, फापर, कोदो आदि पर्दछ। खानाको रूपमा भात, रोटी, पास्ता आदि। यसमध्ये खैरो चामलमा विभिन्न खनिज पदार्थ र एण्टीअक्सिडेण्ट हुने भएकोले मुटु सम्बन्धी रोगीलाई बढी फाइदाजनक हुन्छ, सेतो चामलको बढी उपयोगले मधुमेह-२ हुने सम्भावना बढी हुन्छ। गहुँमा चामलमा भन्दा प्रोटिन र फाइबर बढी हुन्छ। यसकारण चामलभन्दा स्वास्थ्यको लागि गहुँ राम्रो हुन्छ। मकैको पिठोमा भन्दा गहुँको पिठोमा धेरै प्रोटिन, क्यालोरी, भिटामिन, फाइबर र खनिज पदार्थ पाइन्छ। यस अर्थमा मकैको पिठोभन्दा गहुँको पिठो खाँदा धेरै फाइदा हुन्छ।



**ख) मौसमअनुसारका हरिया सागसब्जीहरू** : यस प्रकारको खाना भिटामिन र खनिज पदार्थको प्राथमिक स्रोतहरू हुन्। यी वस्तुहरूबिना मानिसहरू बाँच्न सक्दैनन्। सकेसम्म ताजा तरकारी सेवन गर्नु उपयोगी हुन्छ। यसमा मौसमअनुसारका हरिया सागसब्जीहरू जस्तै गाजर, मुला, सलगम, काँक्रो, बन्दा, साग आदि पर्दछ। यसरी नै धनिया, अदुवा, प्याज, कागती आदि काँचै खान सकिन्छ। पालुङ्गो, बन्दा, तोरी, पुदिना, धनिया, तुलसी आदि पात खाने सागसब्जीहरू हुन्। करेला, परवल, भण्टा, केराउ, काउली, सिमी, आलु आदि पकाउनुपर्ने सागसब्जीहरू हुन्। हामीले सागसब्जी खाँदा सकभर विभिन्न रङ्गको खानु पर्दछ। तरकारीको रङ्ग अनुसार पोषक तत्वहरूको पनि विविधता हुन्छ।



**ग) फलफूल** : फलफूल विभिन्न प्रकारका भिटामिनहरूले परिपूर्ण हुन्छ। जुसमा भन्दा फलफूलमा रेशादार पदार्थ पर्याप्त हुने भएकोले जुसभन्दा फलफूल सेवन गर्नु बढी फाइदाजनक हुन्छ। एकपटकमा एक प्रकारको फलफूल वा जुस खानु राम्रो हुन्छ। जस्तै : आँप, स्याउ, नासपाती, लिची, बयर, आलुबखडा, ऐंसेलु, सुन्तला, केरा, भुइँकटहर, अङ्गुर, खर्बुजा, अम्बा आदि।



**घ) दालहरू** : नेपालीहरूको चलन खानासँग दाल खानु धेरै राम्रो बानी हो। दालको रूपमा हरियो चना, रहर, चना दाल, मुसुरो, राज्मा, मासको दाल, आदि खान सकिन्छ। स्वास्थ्यको लागिको मासको दाल र चनाको दाल सबभन्दा राम्रो हुन्छ।

**ङ) अङ्कुरित खानाहरू** : अङ्कुरित अर्थात टुसा उम्रेको खाना खानाले मानिसहरूमा खानालाई पचाउन, रक्त सञ्चार क्रिया सन्तुलित गर्न, मुटुलाई स्वस्थ राख्न, तौल घटाउन, रोग प्रतिरोध क्षमता बढाउन, आँखाको हेर्ने शक्ति बढाउन, पेटमा अम्लियपन घटाउन, छिटो बुढ्यौली आउनबाट रोक्न आदिको लागि उपयोगी हुन्छ। यसको लागि चना,

केराउ, बदाम, मेथी, गहुँ, जौ आदिलाई १२ घण्टासम्म भिजाएर र निश्चित समय मलमलको कपडामा बेरेर हावामा झुण्डयाएर वा भाँडोलाई छोपेर अङ्कुराउन दिनुपर्दछ । यसलाई सलाद वा अचारको रूपमा बनाएर खान सकिन्छ ।



**च) दूध र दूग्धजन्य पदार्थ :** यस प्रकारको खानामा क्याल्सियम र भिटामिन धेरै हुन्छ । पशुजन्य दूध पदार्थ नखानेले भटमासको दूध खान सकिन्छ । यसमा दूध, घ्यु, पनिर, नौनी, चिज, दही, मोही, खीर आदि पर्दछ । यसमध्ये एक पटकमा कुनै एउटामात्र खानु राम्रो हुन्छ ।

**छ) तेल :** खानको लागि विशेष गरी तोरीको तेल, बदामको तेल, नरिवलको तेल, सूर्यमुखी तेल प्रयोग गर्नु राम्रो मानिन्छ । यसमध्ये नेपालको सन्दर्भमा सबभन्दा राम्रो र गुनिलो तोरीको तेल हो । हाल सजिलो र सस्तोको लागि रिफाइन गरिएको भटमासको तेलको प्रयोग दिनदिनै बढ्दै गएको छ । यसले भविष्यमा क्यान्सरको कोषहरू निमार्णमा सहयोग गर्दछ । तोरीको तेलको सेवनले मुटुको चाल सन्तुलित राख्ने, छाला नफुट्ने, कपाल लामो हुने र नझर्ने, सूक्ष्म जीवहरूबाट सङ्क्रमण हुनबाट बचाउने र प्रशस्त मात्रामा मोनोस्याचुराटेड फ्याट्टी अम्ल प्राप्त गर्न सकिन्छ । तर अमेरिका र युरोपेली देशहरूमा यसमा भएको इरुसिक अम्ल (erucic acid) को कारण खानमा प्रतिबन्ध लगाएको छ । कम मात्रामा भएको इरुसिक अम्लले शरीरलाई खासै असर गर्दैन तर यसको मात्रा बढी भएमा नकारात्मक असर गर्दछ । स्वास्थ्यको लागि सकभर कम तेल र बोसो प्रयोग गर्नु राम्रो हुन्छ ।

**ज) माछामासु र यसका वैकल्पिक वस्तु :** माछामासु र यसका विकल्पको खानाहरू भिटामिन, खनिज पदार्थ र प्रोटिनको महत्त्वपूर्ण स्रोत हुन् । मासुको छनौट गर्दा सकभर बोसो नभएको वा कम भएको छान्नु पर्दछ । युरिक अम्ल भएकाहरूलाई राँगो, खसी, बोकाको मासु अर्थात रातो मासु खानु हानिकारक हुन्छ । तर कुखुरा र माछाको मासु राम्रो हुन्छ । त्यसमध्ये पनि माछाको मासुलाई सबभन्दा स्वस्थकर खाना मानिन्छ । माछामा मुख्यतया प्रोटिन, भिटामिन डी र ओमेगा -३ फ्याट्टी अम्ल पाइन्छ । यसमध्ये ओमेगा-३ फ्याट्टी अम्लले मानिसको मष्तिस्कको विकासमा र मुटुलाई स्वस्थ राख्न महत्त्वपूर्ण भूमिका खेल्दछ । पोषणविद्हरूले शारीरिक र मानसिक विकासको लागि मानिसहरूलाई हप्तामा दुईपटक माछा खान सल्लाह दिने गर्दछन् । माछामासु नखाने मानिसहरूले विकल्पमा ओखर, बदाम, हँडि बदाम, काजु, भटमास, सिमी, बोडी आदि खान सकिन्छ ।

**झ) कहिलेकाँही खान मिल्ने खानाहरू :** राम्रो पिठोबाट बनेको भए केही परिकारहरू जस्तै हलुवा, जेरी, पुरी, पराठा, भेलपुरी, कचौडी आदि हप्तामा एक पटक खानु राम्रो मानिन्छ । शरीर स्वस्थ राख्न यी खानाहरू कम खानु राम्रो हुन्छ ।

**५) हामीले सकभर के नखाने ?**

हामीले रातो मासु (खसी, बोका, राँगो), बोसो, तेल आदिलाई कम खानु पर्दछ । नशालु पदार्थ रक्सी, जाँड, तुम्वा, निगार, गाँजा, चरेश, अफिम, सूर्ती आदि नखाएको शरीरलाई धेरै राम्रो हुन्छ । यसरी नै चिया र कफि पनि निश्चित मात्रामा पिउनु पर्दछ । दूध राखेको चिया र कफि स्वादको लागि मिठो भएता पनि स्वास्थ्यको लागि कालो चिया र कालो कफि नै राम्रो हुन्छ । ग्रीन टी वा चिया शरीरको लागि सबभन्दा राम्रो हो तर यसको सेवन खाली पेटमा गर्नु हुँदैन । यसरी नै चिनी र चिनी भएको वस्तुहरू सकभर कम खानु राम्रो हुन्छ ।

**६) निष्कर्ष** :

हामीले बाँच्नको लागि खाना खानु पर्दछ । हामीले खाने खानाले शरीरको शारीरिक, मानसिक र संवेगात्मक विकास हुनुपर्दछ । यसको लागि प्राकृतिक खानामा (प्राकृतिक रूपमा पाइने सबै प्रकारको खाना) जोड दिनुपर्दछ । प्राकृतिक खानामा एकभन्दा बढी पोषक तत्वहरू पाइन्छ । यी पोषक तत्वहरूले शरीरको वृद्धि गराउन, बिग्रिएका तन्तुहरू मर्मत गर्न र शारीरिक क्रियाकलापहरू गर्न सहयोग गर्दछ । प्राकृतिक खानाको सेवनले मुटुलाई स्वस्थ राख्ने, रगतमा चिनीको मात्रा नियन्त्रण गर्ने, छाला राम्रो पार्ने, हानिकारक ट्राइग्लिसराइड घटाउने आदि कार्य गर्दछ । यसकारण प्राकृतिक खाना सबभन्दा उत्तम खाना हो । स्वादको लागि खाने चिल्लो, पिरो, तारेको, भुटेको, कृत्रिम रङ्गहरू मिसाइएको, कृत्रिम Preservative भएको, टेस्टीङ पाउडर भएको आदि खानाले शरीरलाई फाइदा गर्दैन । यस प्रकारको खानामा शरीरलाई आवश्यक पोषण तत्वहरू नाश भइसकेको वा नहुने हुन्छ । यी खानाहरूले शरीरलाई विभिन्न प्रकारको हानीहरू पुऱ्याउँछ जस्तै : कुपोषण, कब्जियत, रोग प्रतिरोध क्षमतामा ह्रास, उच्च रक्तचाप, मधुमेह आदि समस्या देखापर्दछ ।

# हाइड्रोपोनिक्स : एक वैकल्पिक खेती



सबिन ख्याजू

कृषि क्षेत्रमा भएका नौला परिवर्तनहरूमध्ये हाइड्रोपोनिक्स (Hydroponics) एक महत्त्वपूर्ण प्रविधि हो। सन् १९३७ मा अमेरिकाको क्यालिफोर्नियाका प्राध्यापक विलियम एफ्. गेरिक्केले पहिलो पटक यो शब्द प्रयोग गरेका थिए। हाइड्रोपोनिक्स शब्द ग्रीक शब्दबाट लिइएको हो जसको अर्थ पानीमा विरुवालाई बिना माटो, केवल विरुवालाई आवश्यक खनिज र पौष्टिक तत्वमा हुर्काउने प्रविधि हो। स्रोतसाधनको अधिकत्तम उपयोग र गुणस्तरीय खाद्य उत्पादनका कारण संसारभर हाइड्रोपोनिक्स प्रविधि निकै चर्चित छ। हाइड्रोपोनिक्सलाई भविष्यको खेतीको रूपमा पनि चिनिन थालेको छ।



हाइड्रोपोनिक्सको एक विधि

विश्व आर्थिक मञ्चका अनुसार सन् २०५० सम्ममा संसारको ८० प्रतिशत खाद्यान्न शहरमा मात्र खपत हुनेछ। खाद्यान्नका धेरै भाग खेर गइरहेको हुन्छ। चाहे त्यो ढुवानीको क्रममा होस् वा छनौट बढी भएर होस्। संयुक्त राष्ट्र सङ्घको खाद्य तथा कृषि सङ्गठन (एफ.ए.ओ.) को प्रतिवेदनअनुसार उत्पादन भएको सम्पूर्ण खाद्य वस्तुको एक तिहाई भाग नोक्सान भएको पाइन्छ। यो भनेको १.३ अर्ब टन तौल बराबरको खाद्य वस्तु हुन जान्छ। संयुक्त राष्ट्र सङ्घको आर्थिक तथा सामाजिक मामिला विभागका अनुसार सन् २०५० सम्ममा विश्वको जनसङ्ख्या ९.७ अर्ब पुग्ने प्रक्षेपण गरिएको छ। यति जनसङ्ख्यालाई खाद्यान्न आपूर्तिको निम्ति कृषि उत्पादनलाई धेरै बढाउनुपर्ने बाध्यता संसारलाई छ। यसकारण पनि वैकल्पिक खेतीका उपायहरूको निरन्तर खोजी भइरहेका छन्। यस प्रविधिको खेतीमा पानीको पुन:प्रयोग गर्न सकिनुका साथै यसमा कम पोषक तत्व भए पुग्छ र यसमा रोगकीरा लाग्ने कम सम्भावना रहन्छ। हाइड्रोपोनिक्स खेतीमा नेडरल्याण्ड, अष्ट्रेलिया, फ्रान्स, बेलायत, इजरायल, क्यानडा र संरा अमेरिका जस्ता विकसित देशहरू अग्रपङ्क्तिमा छन्।

बढ्दो शहरीकरण, प्राकृतिक प्रकोप, जलवायु परिवर्तन, विषादीको अनियन्त्रित प्रयोगका कारण माटोको गुण ह्रास भइरहको कारण माटोनिर्भर खेतीका लागि चुनौति बनिरहेको छ। माटोको गुणस्तर, उर्वरता, सिँचाई र रोग-कीराले अनेक उल्झन निम्त्याउने गर्दछ। यी सबै पक्षको राम्रो संयोजनबाट मात्र राम्रो फसलको आशा गर्न सकिन्छ। हाइड्रोपोनिक्समा विभिन्न प्रकारको खेतीबाट घाँस उत्पादन गर्न सकिन्छ जस्तै जौ, फापर, गहुँ, मकै आदि। यो भौगोलिक स्थिति, वातावरण एवम् बीउको उपलब्धतामा निर्भर रहन्छ। यी समस्याहरू हल गर्नको निम्ति हाइड्रोपोनिक्सको अवधारणा अगाडि बढेको हुनुपर्दछ।

आजकाल, बेमौसमी खेतीको बारेमा धेरै चर्चा हुने गरेको पाइन्छ। बढ्दो जनसङ्ख्यालाई आवश्यक मात्रामा कृषि उत्पादन बढाउन संसारका सबै देशहरूले खेतीका वैकल्पिक विधिहरूको उपयोगमा जोड दिइरहेका छन्। तर जमिन सीमित छ। कृषि वैज्ञानिकहरूको ध्याउन्न भने जुन उपाय अवलम्बन गरे पनि खाद्यान्न उत्पादन वृद्धि गर्नतर्फ नै केन्द्रित देखिन्छ। यसै सिलसिलामा निस्केको प्रविधिको रूपमा हाइड्रोपोनिक्सलाई लिन सकिन्छ।

छोटो अवधिमा बाली लिन सकिने, वर्षभरि बाली गर्न सकिने र रोग-कीरा-झारको न्यून समस्या हुनाले हाल यो प्रविधि फस्टाएको छ। यो खेती वातावरणमैत्री मात्र नभई कम लागतमा गर्न सम्भव मानिएको आधुनिक प्रविधिको रूपमा स्वीकार्न सकिन्छ। हाइड्रोपोनिक्समा गोलभेडा, स्ट्रबेरी, भेँडे खुर्सानी, हरियो सागहरू, आलु, बन्दाकोबी, काँक्रो, लसुन, प्याज आदिको खेतीले पनि राम्रो नतिजा दिएको पाइएको छ।

### हाइड्रोपोनिक्सका लागि आवश्यक सामग्रीहरू:

**विरुवा अड्याउने वस्तु :** यसले विरुवालाई पानी वा हावासँगै बग्नबाट बचाउँछ। अर्थात् विरुवालाई समाइराख्ने काम गर्दछ। कोकोपिट वा काठको धूलो, प्लाष्टिकको ग्लासजस्ता सामग्रीहरूले विरुवालाई मजबुत बनाउन मद्दत गर्दछ।

**पानी :** विरुवाको लागि आवश्यक पौष्टिक तत्वहरू घोल्न र विरुवाको लागि आवश्यक पानीको मात्रा पूर्ति गर्न यसको महत्त्व हुन्छ । सर्वप्रथम पानीको पी.एच. जाँच गरिन्छ । विरुवाअनुसार पी.एच.को आवश्यकता फरक–फरक हुन्छ । सामान्यतया पी.एच. ५.८ देखि ६.४ अर्थात हल्का अम्लीयपनाको



हाइड्रोपोनिक्समा विरुवाको अवस्था

आवश्यक हुन्छ । पानीको तापक्रम ६८ देखि ७८ डिग्री फरेनहाइट सिफारिस गरिएको पाइन्छ ।

**हावा :** विरुवाले नियमित शारीरिक प्रक्रिया चलाउन हावाको धेरै नै भूमिका रहन्छ । विरुवाले पानीमा घोलिएको हावा जराको सहायताले सोस्ने गर्दछ । तर अधिकत्तम विरुवाहरू हावाको अभावमा पानीमा डुबिरहँदा मर्न सक्छन् । तसर्थ, हावा र पानीको मात्रामा सन्तुलन कायम गर्न ध्यान दिनु पर्दछ ।

**खाद्य तत्वहरू :** विरुवालाई आवश्यक खाद्य तत्वहरू सामान्य रसायनको रूपमा प्राप्त गर्दछ । यिनीहरूको बन्दोवस्त विरुवाको आवश्यकताका आधारमा गरिन्छ । विरुवाको लागि आवश्यक खाद्य तत्वहरू सन्तुलित मात्रामा मिलाउनु आवश्यक छ । कहिलेकाहीं फरकफरक विरुवालाई एकैथरीको व्यवस्था गर्दा एउटा बाली सप्रने र अर्को बाली नसप्रने हुन सक्छ । खाद्य तत्वहरूको सन्तुलन मिलाउन समस्या भएमा बजारबाट खाद्य तत्वहरूको सम्मीश्रण भएको मल प्रयोग गर्न सकिन्छ । यसर्थ, माथिका सबै सामग्रीहरू रोगबाट मुक्त हुनु अति नै जरुरी हुन्छ ।

**विरुवा :** आफुलाई चाहिएको बीउ हुर्काएर तयार भएको विरुवालाई हाइड्रोपोनिक्स सेटमा सार्ने काम गरिन्छ । जसको फलस्वरूप विरुवाको जराको आकार र क्षमतामा सकारात्मक परिवर्तन आएको देख्न सकिन्छ ।

## हाइड्रोपोनिक्सका फाइदाहरू :

- खाद्य तत्व, पी.एच. र वातावरणमा अधिकत्तम नियन्त्रण गर्न सकिन्छ । यसमा वर्षभरि नै बाली लिन सकिन्छ । माटोमा भन्दा पानीमा पी.एच. लाई सन्तुलनमा राख्न सजिलो हुन्छ ।
- पानी र खाद्य तत्वहरूको उचित प्रयोगले खर्च कम हुन्छ । जमिनमा गरिएको खेतीमा हुने पानीको १० प्रतिशत मात्र हाइड्रोपोनिक्समा खपत हुन्छ । खाद्य तत्व पनि ट्याङ्कमै रहने हुनाले माटोमा जस्तै चुहावटको समस्याबाट टाढा रहन्छ । खाद्य तत्व र पानीको पुन:प्रयोग हुनु यस विधिको सबल पक्ष हो ।
- माटोमा हुने कीरा, ढुसी र ब्याक्टेरियाबाट बच्न मद्दत पुऱ्याउँछ । माटोमा भन्दा हाइड्रोपोनिक्समा उत्पादन छिटो हुन्छ ।
- जमिनमा गर्ने खेतीमा भन्दा यस विधिमा थोरै क्षेत्रफल भए पुग्छ । साथै, अन्य उत्पादनभन्दा कृषि उपजको गुणस्तर पनि निकै राम्रो पाइएको छ ।
- खाद्य तत्व प्रदान गर्दा विजुलीको आवश्यकता रहँदैन ।
- यसमा झारको समस्याबाट टाढा हुन्छ । माटोमा झैं खनजोतको आवश्यकता रहन्न । यसरी मानवीय श्रमशक्ति न्यूनमात्र खर्च हुन जान्छ ।
- यस विधिमा बालीचक्र अपनाउन वा बाँझो राख्न आवश्यक हुन्न ।
- बाली एक ठाउँबाट अर्को ठाउँमा सार्दा हुने झट्का (Trans-planting Shock) कम हुन्छ ।
- सामान्य अध्ययन र अनुभवको आधारमा पनि खेती गर्न सजिलो छ ।
- माटोमा खेती असम्भव स्थानहरू जस्तै सुख्खा मरुभूमी वा चिसो मौसम भएका ठाउँहरूमा प्रयोग गर्न सकिन्छ । यस प्रविधिका कारण नयाँ नयाँ कृषि क्षेत्रको विस्तार गर्न सम्भव भएको छ । यसरी विश्वभर यस प्रविधिको प्रयोग घरायसी र व्यवसायिक दुवै तहमा हुन थालेको छ ।

सूर्यको किरणको सहयोगमा कार्वनडाईअक्साइड र पानीको रासायनिक प्रक्रियाबाट ग्लुकोज र अक्सिजन ➲➲



हाइड्रोपोनिक्स विधिमा विरुवाको जरा

# ३० वर्ष निर्दल–३० वर्ष बहुदल

# कृषिप्रधान देशमा मल कारखाना छैन !

सञ्जय दुवाल

## "देशी मलको व्यवस्था गर"

यस्तो नारा लगाउने केटाहरू हेर्दाहेर्दै थुप्रै बाबु बनिसके, धेरै बाजे बनिसके, कति त बूढो बाजे पनि बनिसके । आज पनि नाति पनातिसँगै तिनीहरूले नारा लगाउन छोडेका छैनन् । कृषिप्रधान देशमा कृषि बाली लगाउने याममा मलको अभाव, मलमा भ्रष्टाचार र कमिसनका समाचार छाप्न पत्रपत्रिकाले छोडेका छैनन्, रेडियो र टिभी हुँदै सामाजिक सञ्जालमा समेत यसबारेको समाचार र टिप्पणीको बाढी रोकिएको छैन । हरेक वर्ष आउने यो समाचार नेपालको नियति र विशेषता बनिसकेको छ ।

'लोक कल्याणकारी' भनिने पञ्चायत व्यवस्था निर्दलीय थियो र 'माटो सुहाउँदो' भनिन्थ्यो । त्यसले ३० वर्ष शासन गऱ्यो । तर कृषिप्रधान देशको व्यवस्थाले 'लोककल्याण' हुने मल कारखाना बनाएन, 'माटो सुहाउँदो' व्यवस्थाले देश र जनताको हीत हुने काम गर्न सकेन । हरेक वर्षको असार–साउनतिर भक्तपुरमा घन्किने त्यो नारा सरकारको कानमा परेन । उसले 'देशी मलको व्यवस्था गर' भनी नारा लगाएर जुलुस गर्नेहरू माथि लाठी वर्षाउन जान्यो, प्रदर्शनकारीहरूलाई पक्रेर थुन्न पनि सक्यो । तर 'लोक कल्याण' र 'माटो सुहाउँदो' नीति तथा कार्यक्रम बनाउन र बजेट ल्याउन सकेन । अन्ततः जनआन्दोलनले 'लोक कल्याणकारी' र 'माटो सुहाउँदो' भन्ने छलछामको व्यवस्थालाई ३० वर्ष पुग्दैगर्दा समाप्त पाऱ्यो ।

देशमा निर्दलीय व्यवस्थाको ठाउँमा बहुदलीय व्यवस्था आयो । बहुदलीय व्यवस्थालाई 'उत्कृष्ट' र 'अद्वितीय' भनियो । यसले आफ्नो न्वारान बहुदलीय, लोकतान्त्रिक भन्दै गणतन्त्रको रूपमा गऱ्यो । यसको आयु पनि ३० वर्ष पुग्यो । तर 'उत्कृष्ट' र 'अद्वितीय' व्यवस्थाले पनि देशमा मल कारखाना बनाउन सकेको छैन ।

---

➲➲ उत्सर्जन हुन्छ । यस कार्यमा माटोको उपस्थितिको बारेमा कहिं उल्लेख छैन । अर्थात् माटोबिना खेती पनि सम्भव छ भन्ने यसले पुष्टि गरेको छ ।

हाइड्रोपोनिक्स र माटोमा गरिने खेतीमा विरुवाको आन्तरिक प्रक्रिया (Physiology) मा भिन्नता हुन्न । माटोमा रसायनिक र प्राङ्गारिक दुवै तरिकाले प्रयोग हुने मलहरूको रसायनमा परिवर्तन हुन्छ । विरुवाले सोस्न सक्ने अवस्थामा पुगेका रसायनहरू जराले सोस्ने गर्दछ । हाइड्रोपोनिक्समा पानीमा रासायनिक मल प्रयोग गरिएको हुन्छ । यी दुवै तरिकामा विरुवाले खाद्य तत्व सोस्ने तरिका एउटै हुन्छ । विरुवाको लागि आवश्यक तापक्रम, प्रकाश र पानीको अवस्था हाइड्रोपोनिक्स र माटोमा एउटै हुन्छ । वायुमण्डलबाट लिने हावा पनि एउटै र फरक पनि हुनसक्छ ।

हाइड्रोपोनिक्सको व्यवसायिकीकरण हुन थालेसँगै संसारमा यस खेतीको निम्ति आवश्यक सामग्रीहरूको उत्पादन गर्ने कारखाना र व्यवसाय पनि ह्वात्तै बढेको छ ।

हाइड्रोपोनिक्स मानिसहरूले आफ्नो घर वा खुल्ला स्थानहरूमा गर्न सक्छन् । शहरी क्षेत्रका केही मानिसहरूले यसको शुरुवात गरिसकेका छन् । यो खेती पूर्ण रूपमा प्राविधिक भएकाले एकैचोटि शुरु गर्न कठिन छ । व्यवसायिक रूपमा गर्न भने निकै सोचविचार गर्नुपर्दछ । कारण, माटोमा गरिने खेतीलाई कम आँक्न मिल्दैन । दुवैको आर्थिक विश्लेषण गरिनु उचित हुनेछ ।

### यसका चुनौतीहरू :

- हाइड्रोपोनिक्स स्थापना वा सञ्चालनको लागि पर्ने लागत शुरुमा बढी लाग्ने भएकाले धेरैले रुची देखाउँदैनन् ।
- सञ्चालनको सीप र ज्ञानको आवश्यक हुने भएकोले अनुभव नहुनेको निम्ति यो खेतीप्रति आकर्षण नहुन सक्दछ ।
- केही रोगहरू (जस्तै : Fusarium र Verticillium) लागेमा पूरै विरुवामा चाँडै फैलिने समस्याहरू छन् । यस विधिमा पानी निरन्तर चलिरहेको हुन्छ ।
- यस कार्यमा नियमित हेरचाह आवश्यक हुन्छ । तसर्थ, फुर्सद नहुनेका लागि अरुचीकर हुन सक्छ ।

### सन्दर्भ सामग्रीहरू :


- https://www.researchgate.net/publication/330080392_Hydroponics_as_an_advanced_technique_for_vegetable_production_An_overview
- https://www.researchgate.net/publication/280235408_Hydroponics
- https://www.weforum.org/agenda/2019/02/hydroponics-future-of-farming/
- https://actascientific.com/ASAG/pdf/ASAG-03-0329.pdf


(khyajusabin@gmail.com)

# भक्तपुर नपाका केही गतिविधि तस्बिरमा



नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें
डातापोल मन्दिर जीर्णोद्धारको अवलाकन गर्नुहुँदै (असार १७ गते)



नेमकिपाका सचिव एवं सांसद प्रेम सुवाल
डातापोल मन्दिर जीर्णोद्धारको अवलाकन गर्नुहुँदै (असार १७ गते)




भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति सृजनानगरमा आधारभूत
स्वास्थ्य सेवा केन्द्र भवनको शिलान्यास कार्यक्रममा (जेठ २१ गते)



भक्तपुर नपाले सामाजिक सुरक्षा भत्ता जेष्ठ र अशक्तलाई घरमै पुगेर वितरण

# ङतापोल मन्दिर जीर्णोद्धार अन्तिम चरणमा



ङतापोलको पहिलो तलाको छाना छाउने काम हुँदै (असार १३ गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिलगायत ङतापोल मन्दिर जीर्णोद्धारको निरीक्षणमा (जेठ ३० गते)





ङतापोल मन्दिरको जीर्णोद्धारमा बिभिन्न वडाका सङ्घ संस्थाबाट बिभिन्न मितिमा श्रमदानमा आएका टोलीहरु

झतापोल मन्दिरको जीर्णोद्धारमा विभिन्न वडाका सङ्घ संस्थाबाट
विभिन्न मितिमा श्रमदानमा आएका टोलीहरू









डतापोल मन्दिरको जीर्णोद्धारमा विभिन्न वडाका सङ्घ संस्थाबाट
विभिन्न मितिमा श्रमदानमा आएका टोलीहरु









यसरी दुईवटा व्यवस्थाले ६० वर्ष पार गर्दा पनि कृषिप्रधान देशमा एउटा मल कारखाना बन्न नसक्नु, बनाउन नसक्नु आश्चर्यको मात्र होइन घोर विडम्वनाको विषय पनि हो। दुवै व्यवस्थाको नाममा 'प्रजातन्त्र' वा 'लोकतन्त्र' को पुच्छर झुण्ड्याइए पनि व्यवहारमा 'प्रजातन्त्र' देखिएन। हिजो सामन्तहरूलाई र आज पूँजीपतिहरूलाई अर्थात शोषक वर्षलाई मात्र प्रजातन्त्र भयो जनतालाई भएन, 'जनताको प्रजातन्त्र' हुन सकेन।

त्यसैले मल कारखाना स्थापनाको लागि पञ्चायतकालदेखि गणतन्त्रसम्म सदनमा आवाज उठेको छ, माग भएको छ, सडकमा जुलुस पनि टुटेको छैन, पर्चा, मागपत्र, ज्ञापनपत्र त गनी साध्य छैन, विभिन्न समयमा हुने सांस्कृतिक कार्यक्रमका नाटक, ख्याल, गाईचालगायत कविता, कथा र भाषणमा पनि मल कारखानाको आवश्यकता उल्लेख भएका छन्, बोध गराएका छन्।

प्रमदेखि मन्त्रीसम्मको मुखेन्जी आग्रह पनि गरिएकै हो। तर पनि 'बहिरा' हरूले जनताको आवाज सुनेनन्, किनभने 'बहिरा' लाई सुनाउन ठूलै आवाज चाहिन्छ। 'दिएको खाने अन्हाएको गर्ने' हरूले आग्रह अनुरोध बुझ्दैनन्। लोभी-पापी र दुष्टहरूले शिष्ट भाषालाई टेर्दैनन्। त्यसैले मित्र राष्ट्रले मल कारखाना बनाइदिन्छु भन्दा पनि स्वीकार गर्न सिंहदरबार डरायो।

हो, हिजो हातले गर्ने कतिपय कृषि काम आज मेसिनबाट गर्न थालिएको छ। ट्याक्टरले खेत खन्न थाल्यो, थ्रेसरले धान गहुं चुट्न थाल्यो, वाटर पम्पले पानी तान्न थाल्यो, कम्बाइन हार्भेस्टरले बाली रोप्न र काट्न थाल्यो ...... तर कृषि बालीको लागि आवश्यक पोषण रूपी मलमा परनिर्भर नै रह्यो।

तथ्य के पनि हो भने हिजो खाद्यान्न निर्यात गर्ने देश आज अर्बौं अर्बको आयात गर्न थालेको छ। कृषि उत्पादनको ठाउँ उद्योग-व्यापारले ओगटेको भन्न पनि दुई रूपैंयाको निर्यात गरेर दुई सय रूपैंयाको आयात गरेबाट सकिएन।

अहिले कोरोना महामारीको कारण रेमिट्यान्स घटेको छ। पर्यटन उद्योग बन्द छ। परनिर्भरताका ती आय स्रोतको मूल सुक्दा दैनिक खर्च जुटाउन पनि सरकार दायाबाया हेर्न थालेको छ। त्यसैले सिंहदरबारको घैंटोमा घाम लाग्न थालेको आभाष दिएको छ। कृषिलाई महत्त्व र प्राथमिकता दिनुपर्ने भन्न थालेको छ। तर व्यवहारमा कृषि क्षेत्रलाई बेवास्ता गरेको भनी चारैतिरबाट आलोचना भइरहेको छ। मुखले कृषि उत्पादनमा आत्मर्निरताको कुरा गरे पनि व्यवहारमा परनिर्भरतालाई अझै महत्त्व र प्राथमिकता दिइरहेको छ। यसबाट सिंहदरबारमा जाने र बस्नेहरूमा आत्मनिर्भरताको छ्यान नभएको तथ्य उजागर भएको छ। अनि आत्मनिर्भरताको छ्यानरहित शासक वर्गले जब देश विकास गर्ने कुरा गर्छ त्यसबेला गाईजात्राको स्मरण हुने गर्छ। कतिलाई त झोंक पनि चल्दो हो।

देशमा मल कारखाना बनाउन पुग्ने रकमको अभाव त पक्कै होइन। १०-१५ खर्बको वार्षिक बजेट भएको देशमा मल कारखाना बनाउन रकमको अभाव हुन सक्दैन। राष्ट्रपतिदेखि मन्त्रीसम्म, सांसद कोषदेखि हाकिमहरूको सुविधा र फजुल खर्चमात्र कटाए पनि धेरै वटा मल कारखाना बनाउन पुग्छ। एक समाचार अनुसार पाँच वर्षमा गाडीमा मात्रै झण्डै आधा खर्ब रकम खर्चिएको छ। अर्बौं अर्बको कर करोडौं घुस खाएर छुट दिइएको छ। त्यस्तो रकममात्र जम्मा गरे पनि कृषिप्रधान देशमा मल कारखाना बनाउन यथेष्ट पुग्छ। तर पनि मल कारखाना किन बनाउँदैनन्?

देशी मल विदेशबाट आयात गर्दा पाइने कमिसन र नाफा कै कारण मल कारखाना नबनाइएको भनाई सुनिन्छ। त्यस्तो कमिसन र नाफा खानेहरूको सङ्ख्या कति होलान्? ५-१० हजार? तर मलको अभावले कृषिको कूल उत्पादन मै नकारात्मक असर परी तीन करोड जनता नै प्रभावित भइरहेका छन्, देशकै विकासमा बाधा पुगिरहेको छ। यस तथ्यबाट पूर्व र वर्तमान सरकारहरू अनभिज्ञ त पक्कै छैनन्। तर केही हजार मानिसको निहित स्वार्थको लागि पूरै देश र व्यापक जनताको अहित गर्ने पूर्व र वर्तमान सरकार प्रमुख, मन्त्री, सरोकारवाला निकायका हाकिमहरू लगायतलाई सज्जन कसरी भन्ने? असल कसरी ठान्ने? योग्य र सक्षम भएको कसरी मान्ने? त्यतिमात्र होइन आजसम्मका व्यवस्थालाई कसरी 'लोककल्याणकारी' 'माटो सुहाउँदो', 'उत्कृष्ट' र 'अद्वितीय' ठान्ने? अनि व्यक्तिगत र दलगत स्वार्थको लागि रोष्टम घेर्न जाने 'माननीय' हरू देशको दीर्घकालीन हित गर्ने मल कारखानाको लागि रोष्टम घेर्न नसक्ने सांसदहरूलाई कसरी जनप्रतिनिधि भन्ने? के यसले आत्मनिर्भरताको छ्यान र देश विकासको सोचरहितहरूबाट शासित हुने हाम्रो नियति बनेको हो? के यो नियति अपरिवर्तनीय छ? छैन भने के गर्ने त? सबैले चिन्तन गर्नुपर्ने देखिन्छ।

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं।

# Teacher's Commendable Role for Enhancing Student Centered Learning Atmosphere



**Prof. Bhupendra Hada, Ph.D.**

### The Context

Teaching is a challenging job, but we often take it easy and light. In reality, it is one of the most complex, sensitive and challenging works, when done. A teacher can motivate the students (learners) in the classroom through some incentives and s/he can teach them in a way and style that s/he can learned in the training period. From this, students can be made capable as well as suitable and efficient human resources and they can adjust in any complex society with their knowledge and learned activities. Thus, this can only be possible through trained teacher and s/her commendable role.

Saying in the context of nation that today's students are pillars of the nation. If our educational standard does not go in perfect harmony with the development process of the world, the products of education won't be able to face the complex situations *(Upreti, 1997: 03)*.

Similarly, Bansal *(2004, cited in Sharma, 2006: 124)* opined his view that to become a good teacher, s/he should have knowledge of behavioral science, should understand the global and social environment by which the student centered learning can be enhanced.

Likewise, the German renowned scholar and educationist Friedrich August Froebel expressed his notion that the teacher should start the lesson in the classroom, while the child prepares to learn. It is clear from his notion that if the child is not ready to learn, a teacher can't encourage him/her and his/her teaching in the classroom can be in vain. Hence, a teacher can concentrate the lesson in students by s/her different roles.

Keeping in view with the teacher's role, the effective teacher is one who has the skills and knowledge of how to bring about learning and the desire for learning in those who are being taught.

Most recently, the literature on teaching has identified that effective teachers are those that ascribe no blame to the student for not learning. Instead, the effective teacher searches for a remedy in terms of content, method or feedback to the student with some learning difficulty. Put simply, the problem of not being able to learn lies in the curriculum not in the student. The teacher accepts a professional responsibility to find a way that the student can learn. The teacher had no hard and fast recipe for an individual's problems. Hence, teaching is not a technical activity that can be prescribed by rules or formulae. Rather, it is a complex activity *(Cumming, 2003: 95- 96)*.

Some educationists and sociologists rightly pointed out that quality improvement of a society depends primarily on good teachers and their meaningful teaching. Their notions are focused on the teacher's role that the progress of a country depends upon the quality of its teachers and for this reason: teaching is the noblest among all professions *(Sharma, 1997, cited in Kafle and Aryal, 2000: 114)*.

It is revealed from above scholars' opinion that the new improved society is definitely depend upon good teachers and their commendable role.

### Situation of School Children in Nepal

School is regarded as a holy place and it is also said to be the symbol of social civilization. Students receive formal education for good citizenship, good behavior and learn morale to make their future bright.

In our developing Country Nepal, students come to study from different cultural and financial backgrounds. Because, Nepal is a poor and landlocked country, where people with multi culture, multi caste, multi religion and different customs live. In the adamant rural areas of Nepal, children are facing several problems with family, financial, geographical and transportation facilities. In this critical way, children drop out and repeat the same grade and consequently, they cause decrease in number of students.

In such a reverse circumstance, to divert the attention of students towards the study, teacher should play the dynamic role. Teacher's dynamic role enhances to create different learning activities in the country. To reduce the educational wastage in the education center, teachers' efficiency, students centered learning activities and successful students' admissions are deemed necessary. Hence, teachers and community people should make the parents aware of their problems.

In this respect, teachers can play the various roles to motivate the parents by various public awareness programs, such as 'Ghardailo Program' and 'Ghumti Toli Shivir' to send their children in the school. From this, parents can understand the meaning and values of education by teacher's meaningful activities and they send their children for their future brightness and the progress of their children smoothly *(Hada, 2016: 114-115)*.

Similarly, almost schools of Nepal have children from ethnic minority groups. Without physical infrastructure, suitable instructional materials, various incentives to children, indeed, it is very difficult to create the fruitful learning activities in the classroom. In this scenario, Bruner *(cited in Karmacharya, 2003: 124)* pointed out "Through culture is manmade, nothing is culture free, individuals are mirrors of their cultures." If the classroom doesn't reflect the children's culture and social context, students feel bore and quite uncomfortable in the class and teacher has difficulty in adjusting with the cultural complexities, There is much difference in the socio-cultural contexts of home and the school.

In line with this, an American Sociologist Talcott Parsons (1950s) brightened that school acts as a bridge between the family and society as a whole, preparing the child for s/her adult role. In this way, school represents society in miniature. By reflecting the operation of society as a whole, the school prepares young people for their adult roles. As a part of this process, schools socialize young people into the basic values of society *(Parsons, 1950s, cited in Haralombos and Heald, 1980: 175)*.

From above notions expressed by different scholars towards the school, it is clear that the situation of children of Nepal is merciful and critical. Schools can accomplish thus the will and desire of every child by teachers' meaningful and effective teaching. Hence, schools can produce the capable, efficient, dedicated skilled manpower to raise overall development of society through teacher's meaningful and effective teaching and this becomes the one of the key responsibilities of teachers.

## The Concept of Student Centered Learning School

A student centered learning school is called that school, which organizes and nurtures the achievements of children's (students) basic rights especially parents of students and values of many kinds of contributions they can make in seeking all children to go to school in the development of a learning atmosphere for students and meaningful learning quality according to the children's present and future needs.

Similarly, the learning atmosphere of student centered schools are characterized by equity, balance, freedom, solidarity, non-violence and a concern for physical, mental as well as emotional health. These lead to the development of knowledge, skills, attitudes and morale, so that students can live together in a harmonious way. A student centered school thus nurtures a school friendly child support children for the development and a school friendly community *(https:/bribhav, word press.com .../*

*creating child friendly environment in classroom, Feb.24, 2011).*

Likewise, student centered schools bring together students and members of the community to develop and act on ways to ameliorate their school atmosphere. The students (children) are thus known as natural learner.

In the same way, the key duty of a teacher is to support students' capacities by providing a school culture, teaching behavior, and curriculum contents on the basis of child psychology. The concept of student centered learning thus ensures physically safe, emotionally secure and psychologically enabling atmosphere.

From above discussions connote that student centered learning schools are deemed necessary and congenial for the progress of students/children and it can be safe, secure and future bright. Hence, the teacher's commendable role is to create the favorable atmosphere to overall development of the child.

## Solutions to Address Student Centered Learning Atmosphere

There are many solutions to address the student centered learning atmosphere. Keeping in view with this, some relevant solutions are to be addressed to inspire the learning atmosphere, which are mentioned below :

- Regular parent- teacher interaction should be encouraged, because if parents convinced and understood the value of education, they can definitely send their children to school, otherwise they don't show interest. Hence regular interaction program can attract and convinced their mind.
- As physical facilities of the school affect more to teaching learning atmosphere, the infra structure made available in abundance to ease the process of teaching learning atmosphere and to increase the student centered leaning atmosphere in an effective way.
- Motivation, encouragement, reward and punishments are inevitable to be linked with students' and most responsible to raise the standard and quality of school. From this, parents are excited to enroll their children in school.
- Headteacher observing classes from time to time, teacher's meeting in school from time to time, teachers reporting from time to time about students' progress, schools' organized parents' meeting , teachers devote full time in class, extra classes for weak students and class supervision by school supervisors from time to time are some of the prime noticeable factors that contribute to raise the quality of education and enhances to create positive (+ve) atmosphere as well.
- Now, a dangerous "Corona Virus Disease–2019" or Covid–19 is spreading out in the world. It was started first from the Huawei province of China in Wuhan city and spread out in the world. World people are more suffering from this disease daily. Nepal is not apart from it. In this reference, schools and campuses are closed in these days. 'The Virtual Teaching Method', "Distance Learning Education" and "Online Classes" are the some of the alternative system to raise the standard of quality education and these methods will be more fruitful and meaningful for this moment. Saying that, students are more satisfied and congenial from these learning at Bhaktapur town, sponsored by Shree Padma College, Bhaktapur Metropolitan City and other schools.

If above mentioned solutions are followed strictly by all schools of Nepal, definitely schools' atmosphere will be well, and it will provide better way as well as information for students' future career.

## Closure

Teachers are highly regarded by students and by the whole society, because, they are the corner stone of education and their chief responsibility is to provide student centered learning atmosphere. Good and trained teachers are always required to produce capable, efficient and dedicated manpower for the overall

development of nation.

In the same way, the quality of students' classroom achievement depends largely on the teacher's method of instruction and the appropriate use of resources *(Weinglinsky, 2000, cited in Subedi, 2004: 19)*.

In this way, teachers are said to be the major elements, who are placed at the heart of education system, have to be more professional in their educational career *(Ur. P., 1996, cited in Pandey, 2009)*.

Teaching is thus a complex business, which involves not simply the imparting of knowledge and skills, but also human interaction between teachers and students.

## References


**Cumming, C.** (2003). Teacher training: a gateway to professional development. *Teacher education*. Bhaktapur: National Center for Educational Development (NCED).

**Hada, B.** (2016).Teacher's key responsibility imparting student centered learning environment.*Siksa*. Bhaktapur: Curriculum Development Center.

**https:/ bribhav, word press.com** .../ creating child friendly environment in classroom, Feb.24, 2011).

**Haralombos, Michael & Heald, Robin** (1980). Talcott Parsons, 1950s. *Sociology themes and perspectives*. New Delhi: Oxford University Press.

**Kafle, B.D. & Aryal, P.N.** (2000). Teacher practices in Nepal: Some pedagogical issues. *Education and Development*. Kathmandu: Research Center for Educational Innovation and Development (CERID).

**Karmacharya, B.N.** (2003). Problems and factors associated to promoting life in classrooms in the primary schools of Nepal. *Distance education. Bhaktapur:* National Center for Educational Development (NCED).

**Pandey, S.R.** (2009). Information literacy: an appraisal for teachers' professional development. *Siksa*. Bhaktapur: Curriculum Development Center.

**Sharma, B.R.** (2006). Teacher preparation: The theories, gaps, issues and challenges. *Teacher ed ucation*. Bhaktapur: National Center for Educational Development (NCED).

**Upreti, Sagar** (1997). Necessity of environment and proper educational materials for teaching (in Nepali). *Siksa*. Bhaktapur: Curriculum Development Center.


Email: hadabhupen123@gmail.com


# हार्दिक समवेदना



**स्व. विजयलक्ष्मी लिवी**

**जन्म : २०११ असोज २१ | निधन : २०७६ चैत ०४**

भक्तपुर नगरपालिकाको साविक ११ वडा (हाल ५) का वडाध्यक्ष श्री ध्रुवनारायण लिविका श्रीमती **विजयलक्ष्मी लिवी**को दुखद निधनमा मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**

# हार्दिक समवेदना



**स्व. रघुनाथ दुवाल**

**जन्म : २०१९ साउन ०५ | निधन : २०७७ असार १७**

यस नगरपालिकाका वडा निरीक्षक **रघुनाथ दुवाल**को असामयिक निधनमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**



# कहाँ हरायो त्यो आदर्श सहर ?

- प्रोफेसर अरुण गुप्ता

*प्रकृतिका अन्य अवयवहरूको संगमबाट मात्रै सहर सुन्दर बन्छ । काठमाडौंलाई नयाँ सहरको मोडलतिर लगियो भने झनै ध्वस्त हुन्छ ।*

वातावरण बृहत् क्षेत्र हो । अहिले संसारैभरि सहर र वातावरणको विषय उठिरहेको छ । नेपालको सन्दर्भमा काठमाडौंलाई उदाहरण मानेर यो बहसलाई अघि बढाउन सकिन्छ । प्लेनबाट काठमाडौं हेर्दा पार्क, प्ले ग्राउन्ड, रिक्रियसन सेन्टरहरू, पब्लिक स्पेसहरू खासै देखिँदैन । मात्र देखिन्छ, कंक्रिटको जंगल ।

वातावरणीय पक्षलाई ध्यानमा नराखिएको सहरीकरणले दीर्घकालीन रूपमा निकै ठूलो प्रभाव पार्छ । सहर यस्तो हुँदा पर्यावरणीय दृष्टिबाट अनेक समस्याहरू उत्पन्न हुने गर्छ । पहिलो समस्या स्वास्थ्यमा आउँछ । दोस्रो समस्या ऐतिहासिक विरासतहरू संकटमा पर्छन् ।  वातावरणीय दृष्टिकोणबाट हेर्दा दुईवटा कुरा प्राथमिकताका साथ आउँछ । एउटा, **'ग्रीन एजेन्डा'** अर्को **'ब्राउन एजेन्डा'** । यी दुई वातावरणीय सिद्धान्तले कुन–कुन पक्षलाई संरक्षण र बढावा दिन्छ भन्ने ध्यान दिन जरुरी छ ।

## ग्रीन एजेन्डा

ग्रीन एजेन्डाले हाम्रो आवश्यकता र चाहनालाई भन्दा प्रकृतिलाई जोड दिन्छ । मानिसलाई सबैभन्दा बढी चाहिने आवास, खानेकुरा र लत्ताकपडा हो । यही दृष्टिकोणबाट संसारमा ठुल्ठूला महलहरू बनेका छन् । त्यसबेला मानवीय आवश्यकतालाई मात्रै ध्यान दिइन्छ, प्रकृतिलाई ध्यानै दिइन्न । प्रकृतिलाई ध्यान नदिनुको अर्थ ग्रीन एजेन्डालाई बिर्सिनु हो । हामीले प्रकृतिलाई भन्दा मानवीय आवश्यकता र रुचिलाई नै प्राथमिकतामा राख्यौं । मध्यपूर्वका देशहरूमा आज स्मार्टसिटीको अवधारणा आएको छ, नेपालमा पनि त्यो बहस निकै सुनिन्छ । तर, सोचनीय कुरा के छ भने यहाँनिर सबैले ग्रीन एजेन्डा छुटाइरहेका छन् ।

प्रकृतिलाई प्राथमिकतामा राखेर हामीले सहर निर्माण नै गरेका छैनौं । ठूल्ठूला हाउजिङका लागि खुला ठाउँहरू नष्ट गरिरहेका छौं । नदीहरू ध्वस्त गरिरहेका छौं । संरचना बनाउन उपयुक्त छ छैन, ख्यालै गर्दैनौं । कृषियोग्य भूमिको वास्तै नगरी जथाभावी बिल्डिङ ठड्याइरहेका छौं । ग्रीन एजेन्डाको मतलब नै गरिरहेका छैनौं । मानिसले ग्रीन एजेन्डालाई बेवास्ता गरेको परिणाम हो **'नदी बस्तीमा पस्नु'** । यहाँ बुझ्नुपर्ने के छ भने नदी बस्तीमा पसेको होइन, बस्तीचाहिँ नदीमा पसेको हो ।

नेपालमा सहरी संरचनाहरू निर्माण गर्दा ग्रीन एजेन्डाबारे सोचिएन । काठमाडौंले पनि यसबारे सोचेन । ग्रीन एजेन्डा लागू गर्ने होइन, सिमेन्टको बिल्डिङ ठड्याउने मात्रै प्रतिस्पर्धा छ । पार्कहरू छैनन् । खुला ठाउँ छैनन् । **संरचना निर्माण केवल मानवीय चाहनाबाट मात्रै निर्धारित छ, प्रकृतिको कोणबाट सोचिएकै छैन ।** सहरीकरण केवल मान्छेको दृष्टिकोणबाट मात्रै व्याख्या भयो, प्रकृतिको दृष्टिकोणबाट भएन ।

## ब्राउन एजेन्डा

'ब्राउन एजेन्डा'को मुख्य ध्यान मानिसले सामना गरिरहेको वातारणीय समस्यातर्फ छ । यो पनि राम्रै दृष्टिकोण हो । जब हामी वातावरणीय समस्या झेल्छौं, त्यसबेलामात्र प्रदूषणबारे बहस गर्छौं । वातावरण कति विषालु भएको छ, कति दुर्गन्धित भएको छ, मानिसको स्वास्थ्यमा कति असर परिरहेको छ, त्यसमा बढी ध्यान दिन्छौं । यसले हामीलाई 'ब्राउन एजेन्डा'तिर लैजान्छ ।

ग्रीन र ब्राउन बेग्लाबेग्लै एजेन्डा होइन, यी दुई एजेन्डा एकअर्कामा परिपूरक छन् । ग्रीन र ब्राउन दुवै एजेन्डाले दिगो विकासलाई प्राथमिकतामा राख्छ । दिगो विकासको अवधारणा भनेको सडक विस्तार गर्नु मात्रै होइन । **रिङरोडको रूख काटेर दिगो विकास हुँदैन ।** जब मानवीय सहजतालाई मात्रै ध्यानमा राखेर सडक विस्तार गरिन्छ, त्यो ब्राउन एजेन्डालाई मात्रै ध्यान दिएको भयो । ग्रीन एजेन्डालाई महत्त्व दिएर ब्राउन एजेन्डा तयार गर्नुपर्ने थियो, त्यसो हुन सकिरहेको छैन ।

सहर भन्नेबित्तिकै हाम्रो दिमागमा मान्छे नै मान्छेको समूह आउँछ । ठूलाठूला भवनहरूको दृश्य दिमागमा आउँछ, तर प्रकृति आउँदैन । रूखहरू हुँदैनन् । खुला ठाउँ भेटिन्न । यसरी ग्रीन र ब्राउन एजेन्डाको समन्वय छैन भने अनइभन डेभलमेन्ट (जथाभावी विकास) तिर हामी तानिन्छौं । नेपालमा दिगो विकास एउटा स्लोगन (नारा) का रूपमा मात्रै सीमित भइरहेको छ ।

नेपालमा सहरी संरचना निर्माण गर्दा 'ग्रीन एजेन्डा'बारे सोचिएन । सिमेन्टको बिल्डिङ ठड्याउने प्रतिस्पर्धा मात्रै भयो । यस्ता संरचना निर्माण केवल मानवीय चाहनाबाट मात्रै निर्धारित छ ।

जथाभावी विकास भयो भने मुम्बईजस्तो सहर बन्छ । जहाँ एकातिर ठूलाठूला बिल्डिङहरू छन्, अर्कोतिर त्यसैको मुनि सुकुमबासी बस्ती छन् । नेपालमा पनि त्यो परिस्थिति देखिसकिएको

छ। **नेपालमा सिटी प्लानिङमै समस्या छ।** काठमाडौँको 'ल्यान्ड डिस्ट्रिब्युसन' (भूमि वितरण) मानवीय सुविधालाई ध्यान दिएर मात्रै भएको छ। सहरको कुरूपता यहीँबाट सुरु हुन्छ। 'नेचर र कल्चर' (प्रकृति र संस्कृति) बीच समन्वय गरेर मात्रै भूमि वितरण हुनुपर्थ्यो।

## प्रकृतिमाथि हस्तक्षेप

एकपटक चितवनको सौराहाबाट एउटा गैँडा गाउँ पस्यो। मान्छेहरू गैँडाको पछिपछि लागे। कसैले फोटो खिचे, कसैले सेल्फी खिचे। एकजना गैँडाको पिठमै बसेर सेल्फी लिए। प्रकृतिको एउटा अङ्ग सहरमा आएको छ, मानिस त्यसलाई हातपात गरिरहेका छन्। **प्रकृति र मानसबीचमा जुन दूरी हुनुपर्ने थियो त्यो भएन।** किनकि प्रकृति हामीभन्दा अलिकति टाढा छ।

सौराहामा गयौँ भने देखिन्छ, हात्तीमाथि चढेर मानिसहरू हल्ला गरिरहेका हुन्छन्। माहुत्तेहरू एकअर्कामा कुरा गरिरहेका छन्। एउटा हात्तीमाथि चढेर अर्को हात्तीमाथि चढेको मान्छेसँग कुरा गरिरहेका छन्। हामी प्रकृतिभित्रै पसेर प्रकृतिको थलोमा हस्तक्षेप गरिरहेका छौँ। यो मानिसको थलो हो, त्यो प्रकृतिको थलो हो। प्रकृति र मानिसबीच थोरै दूरी हुनै पर्छ, त्यो भएन।

संरक्षणका लागि प्रकृति र मानिसबीच थोरै दूरी भएजस्तै कला र मानिसबीच पनि भौतिक दूरी हुन आवश्यक छ। दूरी कायम गरियो भने मात्रै त्यसको इज्जत हुन्छ। पहिला-पहिलाका मन्दिर बस्तीबाट टाढा हुन्थे। मन्दिर मात्रै होइन, संसारका प्रसिद्ध विश्वविद्यालयसमेत मानवीय बस्तीभन्दा अलिकति टाढा बनाइएको थियो। मध्यकालीन युरोपमा क्याथेड्रलहरू सहरबाट टाढा बनाइन्थ्यो। त्यहाँ जान मानिसले समय निकाल्थे। गन्जागोल सहरी संरचनाले जब त्यस्ता स्थान छोपिन्छन्, त्यो ठाउँको महत्त्व हराउँछ ।

मानिसले त्यहाँ पुग्न समय निकाल्नै पर्दैन। जब कुनै महत्त्वपूर्ण चिज सजिलै भेटिन्छ त्यसपछि त्यसको इज्जत हुँदैन, सम्मान हराउँछ। महत्त्वपूर्ण स्थान नजिकै भेटिँदा त्यहाँ केही सकारात्मक पक्ष होलान्, जस्तै त्यस्ता ठाउँमा बिजनेस स्पेस बन्ला, भेटघाट गर्ने थलो बन्ला, कल्चरल स्पेस बन्ला, तर मूल पक्षचाहिँ हराउँदै जान्छ। नेपालको सहरी संरचनामा सबै एकैठाउँमा छ।

मन्दिर यहीँ छ, बजार यहीँ छ, राजनीतिक दलको पार्टी कार्यालय यही छ। **सबै कुरा एकै ठाउँमा मिसिएपछि सहर सहरजस्तो हुँदैन।** त्यसैले प्रकृति र कलाका महत्त्वपूर्ण थलोबाट मानवीय बस्ती अलिकति टाढा हुनै पर्छ। मानवीय बस्तीले प्रकृति र कलालाई हस्तक्षेप गर्नुहुँदैन। यो ग्रीन एजेन्डाको कुरा हो।

प्रकृति, कला र मानिसबीचको दूरी मिचिन थालेको आजबाट होइन। यसको लामो इतिहास छ। युरोपियन पूँजीवादले उपनिवेशकालमा त्यो दूरी मिच्न सुरु गरेको हो। यसको उदाहरण अफ्रिकाको कंगो नदीलाई लिन सकिन्छ। युरोपको आधुनिकता अफ्रिका पस्नुअघि कंगो नदीवरिपरिका मानिस सोच्थे– नदीपारि रहस्यमय स्थान छ। त्यो रहस्यको ठाउँ हो। त्यहाँ सबै जान पाउँदैनन्। त्यो डरको पनि ठाउँ हो। युरोपियन उपनिवेशवाद विकासको नाममा प्रदूषण लिएर जब अफ्रिका पस्यो, कंगो नदीको वारि र पारिको बोधलाई नै नष्ट गरिदियो। त्यसैले कला र प्रकृतिबारे मानिसमा वारि र पारिको बोध हुनुपर्छ।

## ग्रीन आर्किटेक्चर

ग्रीन आर्किटेक्चरले माटो सुहाउँदो भवन निर्माणमा जोड दिन्छ। **विश्वका कतिपय स्थानमा माटो सुहाउँदो आर्किटेक्चर डिजाइन गर्ने चलन छ।** नेपालमा मार्बल नभई घर नै बन्दैन। नेपालमा मानिस बस्ने घर बनाइन्छ, तर परेवा, कुकुर, बिरालोलगायत अन्य जीव जनावरबारे सोचिन्न। नेपालमा बरु पहिलेपहिले ग्रीन आर्टिकेक्चरको प्रयोग गरिन्थ्यो।

गाउँघरमा परेवा, कुखुरा, हाँस, माहुरी सबै बस्ने ठाउँ बनाइन्थ्यो। अहिले सहरमा घरपालुवा चराचुरुंगीसँगै अन्य चराचुरुंगी र जीव जनावारका लागि बस्ने ठाउँ नै छैन। उनीहरू कहाँ जाउन् ? पहिलेपहिले वर्षामा शंखेकिरा र गड्यौँला धेरै देखिन्थे। फट्यांग्राहरू धेरै देखिन्थे। साँझमा झ्याउँकिरी कराउँथे। तर, हिजोआज कतै सुनिन्न। सहरमा मानिसलाई भन्दा बाहेक अन्य जीवलाई बस्ने ठाउँ कतै छैन।

**हेक्का राख्नुपर्ने के छ भने सहर भनेको मान्छे बस्न मात्रै होइन।** प्रकृतिका अन्य अवयवहरूको संगमबाट मात्रै सहर सुन्दर बन्छ। विडम्बना नेपालमा जनवारका लागि सरकारी अस्पताल पाउनै मुस्किल छ। नेपालभन्दा बाहिरतिर चराचुरुंगीका लागि घरबाहिर पानी राखिएको हुन्छ, खानेकुरा राखिएको हुन्छ। त्यहाँ थरीथरीका चराचुरुंगी आएर खान्छन्, रमाउँछन्। त्यसले हाम्रो पर्यावरण थप सुन्दर बनाउँछ। तर, हाम्रा सहरहरूबाट माहुरी हरायो, चराचुरुंगी बेपत्ता भयो। सहर मान्छे नै मान्छेको झुन्ड मात्रै बन्यो।

**प्रकृति, कला र इतिहाससँगै मानिसले आफ्नो**

> + सहर भनेको मान्छे बस्न मात्रै होइन ।
> + प्रकृति, कला र इतिहाससँगै मानिसले आफ्नो स्वास्थ्य पनि आफैले बिगारिरहेको छ ।
> + बार्सिलोना सहरमा पुराना बिल्डिङ र आर्टहरूको रक्षा गर्न सक्नेलाई मात्रै त्यस्ता ठाउँमा बस्न दिइयो ।
> + काठमाडौँलाई स्मार्टसिटी बनाउनेतिर लागियो भने झनै बिग्रिन्छ ।

**स्वास्थ्य पनि आफैले बिगारिरहेको छ ।** किनकि सहरको पर्यावरण एक–अर्कामा अन्तरसम्बन्धित छ । अहिले सहरमा प्रकृति र मानिसबीचको अन्तरसम्बन्ध खलबलिएको छ । **सहरको निर्माणमा बालबालिकाको स्वास्थ्य सबैभन्दा जोखिममा छ ।** बालबालिका भनेका भविष्य हुन् । सहरीकरण गर्दा सबैभन्दा पहिला बालबालिकाको बारेमा सोच्नुपर्छ । तर, नेपालमा बालबालिकाको पहुँचमा चिल्ड्रेन पार्क छैन, प्ले ग्राउन्ड छैन । सहरमा जताततै फोहरको डंगुर छ । उनीहरू बाहिर निस्कनै सक्दैनन् ।

## आर्ट

**मानिस र प्रकृतिसँग कला र इतिहास पनि जोडिन्छ ।** नेपाल हजारौँ वर्षको ऐतिहासिक विरासत भएको देश हो । नेपालमा प्राचीनकालमा बनेका मठमन्दिर, देवालय र दरबारहरू छन् । ती अमूल्य सम्पदाहरूसँग हाम्रो ऐतिहासिक विरासत जोडिएको छ । हामीले ती ऐतिहासिक विरासतलाई महत्त्व दिइरहेका छैनौँ । त्यस्ता स्थानमा ठूल्ठूला हाउजिङ बनाइरहेका छौँ र सम्पदालाई विस्थापित गरिरहेका छौँ । त्यस्ता संरचनाले सहरमा ठूलो समस्या निम्त्याइरहेको छ । हाउजिङले नदी, चोक, मन्दिरसहित सिंगो प्रकृतिलाई नै खाइरहेको छ ।

**नेपालका महत्त्वपूर्ण सम्पदा क्षेत्रवरपर भयानक संरचना बनिरहेका छन् ।** त्यो हुनु भनेको 'ब्राउन एजेन्डा'ले प्रकृतिलाई 'डोमिनेट' (थिचोमिचो) गर्नु हो । त्यस्ता स्थानमा सवारीसाधन सीधै जान दिनु हुँदैन । ताजमहल विरूप हुँदै गएको प्रदूषणले नै हो । **मानिसले प्रकृतिलाई शोषण गर्दा विरासतका रूपमा पाएको आर्ट हरायो ।** यो पूँजीवादी शोषण हो । यो शोषण अक्टोपसजस्तो फिँजिएको छ ।

सोह्रौँ शताब्दीतिर युरोपको सबैभन्दा राम्रो सहर नर्विचलाई मानिन्थ्यो । त्यो एकदमै आदर्श सहर थियो । नर्विचबारे पुस्तक नै लेखिएको छ । तर, बिस्तारै त्यो सहर बिग्रिँदै गयो । अहिले नर्विचको नामै कतै आउँदैन । एउटा आइडल (आदर्श) सहर ध्वस्त भयो । काठमाडौँको अवस्था पनि त्योभन्दा फरक छैन । **काठमाडौँ ध्वस्त हुँदै गइरहेको छ । आजभन्दा सय वर्षअघि काठमाडौँलाई आदर्श सहर मानिन्थ्यो ।** अहिले काठमाडौँमा पर्यटक बस्नै चाहँदैनन् । उनीहरू सीधै हिमाल हेर्नतिर लाग्छन् । पहिला पहिला आउने पर्यटक अहिले काठमाडौँको हालत देखेर रुन्छन् ।

केही दशक अघिसम्म टेकुस्थित बागमती र विष्णुमती जोडिएको ठाउँमा उभिएर हेर्दा आइडियल पेन्टिङजस्तो देखिन्थ्यो त्यो ठाउँ । खोला किनारामा मन्दिर थिए । गफ गर्ने ठाउँ थिए । छेउमा खोला बगेको थियो । अहिले त्यहाँ हिँड्नै सकिँदैन । खोलामा कालो पानी बग्छ । **त्यहाँको प्रकृतिको मृत्यु भइसक्यो । नेचर र कल्चरको लडाइँमा त्यहाँको आर्ट मासियो ।** र, मानिसको स्वास्थ्य धरापमा पर्‍यो । यो कुरूपता सहरकै देन हो ।

**सहरको आफ्नै 'इकोलोजी' हुन्छ ।** त्यो भनेको वातावरण र जैविक संसारको सम्बन्ध हो । हाम्रो एक्सन र प्रोडक्सनले त्यो सम्बन्धलाई प्रभाव पारिरहेको छ । मान्छेले नै त्यो सम्बन्धलाई नष्ट गरिरहेको छ । अब यसको समाधान कसरी हुन्छ ? यो निकै गम्भीर प्रश्न बनेर हाम्रोसामु उभिएको छ ।

हामीले सांस्कृतिक र ऐतिहासिक ठाउँहरूलाई जोगाउनुपर्छ । त्यसका विभिन्न विकल्पहरू हुन सक्छन् । **बार्सिलोना सहरमा पुराना बिल्डिङ र आर्टहरूको रक्षा गर्न सक्नेलाई मात्रै त्यस्ता ठाउँमा बस्न दिइयो ।** हाम्रोमा पनि कला जोगाउने बोध आममानिसमा पुऱ्याउनुपर्छ । त्यसमा राज्यको प्रभावकारी भूमिका हुनुपर्छ ।

वसन्तपुरमा खड्गयोगिनी मन्दिर छ । त्यो मन्दिर कलाका रूपमा मात्र होइन, दर्शनशास्त्रीय दृष्टिबाट समेत निकै महत्त्वपूर्ण छ । त्यहाँ जाँदा मनमा शान्ति मिल्छ भन्ने विश्वास छ । तर, अहिले शान्ति दिने ठाउँ नै अशान्त छ । त्यो ठाउँ गन्जागोलमा फसेको छ । त्यस्ता महत्त्वपूर्ण स्थानहरू काठमाडौँ धेरै छन् । त्यसलाई समयमै जोगाउनुपर्छ ।

## सांस्कृतिक राजधानी

सहरीकरणको अवधारणाबारे बहस गर्दा राजधानीबारे विशेष छलफल गरिनुपर्छ । नेपालमा राजधानीलाई छुट्याएर हेरिएको छैन । **राजधानी एकै किसिमको मात्रै हुँदैन ।** सांस्कृतिक राजधानी, राजनीतिक राजधानी, आर्थिक राजधानी, प्रशासनिक राजधानी हुन्छ । त्यसलाई छुट्याउनुपर्छ । नेपालका केही ठाउँलाई सांस्कृतिक राजधानीका रूपमा विकास गर्नुपर्छ । जस्तो काठमाडौँलाई पनि त्यो रूपमा विकास गर्न सकिन्छ । राजनीतिक राजधानी अरू ठाउँमा राख्नुपर्छ । यो सम्भव छ । राजनीतिक, सांस्कृतिक, आर्थिक, प्रशासनिक राजधानी सबै राजधानी एकैठाउँमा भएपछि त्यो सहरले लोड (भार) धान्न सक्दैन । नेपालमा सबै एकैठाउँमा राख्दा गन्जागोल भएर बिग्रिरहेको हो ।

राजनीतिक राजधानीले काठमाडौँलाई छोपिदिएपछि सबै बिग्रिएको हो । **काठमाडौँलाई स्मार्टसिटी बनाउनेतिर लागियो भने झनै बिग्रिन्छ ।** सडकमाथि सडक बनाइयो भने काठमाडौँको कला र विरासत झनै ध्वस्त हुन्छ । किनकि काठमाडौँ ऐतिहासिक सांस्कृतिक सहर हो । काठमाडौँ रोम, बार्सिलोनाजस्तै हजारौँ वर्षको संस्कृति बोकेको स्थान हो । रोम, बार्सिलोनाबाट काठमाडौँले केही सिक्न सक्छ । काठमाडौँलाई नयाँ सहरको मोडलतिर लगियो भने झनै ध्वस्त हुन्छ । काठमाडौँ प्राचीन सहरहरूको मोडलमा जानुपर्छ ।

(नयाँ पत्रिका, चैत १ बाट)

# भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## मिति २०७७ जेठ ८ गते, बिहीबार

### उपस्थिति

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. वडाध्यक्ष श्री रबिन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. सदस्य सचिव श्री ईन्द्रप्रसाद बस्याल | ऐ |

## निर्णयहरू

### प्रोत्साहन भत्ता

हाल विश्वव्यापी रूपमा फौलिरहेको कोरोना भाइरस सङ्क्रमण नेपालमा समेत तीव्र गतिमा फैलिरहेको अवस्थामा यसको रोकथाम, नियन्त्रणको लागि नेपाल सरकारले मिति २०७६ चैत्र ११ देखि देशव्यापी बन्दाबन्दी (लकडाउन) घोषणा गर्दा अत्यावश्यक सेवाहरू स्वास्थ्य क्षेत्र, सरसफाइ र सुरक्षा क्षेत्रका कर्मचारीहरूलाई कार्य क्षेत्रमा नियमित खटिनुपर्ने व्यवस्था गरेकोमा नेपाल सरकारको विभिन्न मितिको निर्णय अनुसार स्थानीय तहबाट विदेशबाट आएका मानिसहरूको लगत राख्ने, उनीहरूलाई कोरोना सङ्क्रमण परीक्षण गराउने, लकडाउनका कारण दैनिक जीवन यापनमा कठिनाइ भएका दैनिक ज्यालादारी मजदुर, असहाय र अति विपन्नहरूको लगत सङ्कलन गरी आवश्यक खाद्यान्न र राहत एकद्वार प्रणालीबाट वितरण गर्ने, खाद्यान्न र तरकारी बजार व्यवस्था गर्ने, विशेष सरसफाइ र किटनाशक औषधी छर्ने, लकडाउनलाई पूर्ण रूपमा लागू गर्न आवश्यक व्यवस्था गर्ने, जात्रा-पर्व र संस्कृति व्यवस्थापन गर्ने लगायत विभिन्न कार्यहरू गर्ने जिम्मेवारी दिएको हुँदा वडाहरूमा वडा समन्वय समिति गठन गरी वडाका कर्मचारीहरू र स्वयम् सेवकहरू परिचालन भएको र नगरपालिका कार्यालयमा माथिका सबै कार्यहरू सम्पादन गर्न र सोको लागि आवश्यक बैठक, छलफलको समेत व्यवस्था गर्न तथा आवश्यक सामग्रीहरू व्यवस्था गर्न नगरपालिकाका प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू र वडा अध्यक्षज्यूहरूको निर्देशानुसार जनस्वास्थ्य केन्द्रका स्वास्थ्यकर्मी र अन्य कर्मचारीहरू, श्यानिटेशन शाखाका सफाइ मजदुर, ड्राइभर, हेल्पर, वडा निरीक्षकलगायतका कर्मचारीहरू तथा यस नगरपालिकाका कार्यालयका प्रशासनिक र प्राविधिक कर्मचारीहरूलाई लकडाउनको समयमा समेत कार्यालयमा हाजिर गराई कार्य गराएकोमा भक्तपुर नगरपालिकाको मिति २०७७।१९ गते बसेको भ.न.पा. कार्यपालिका बैठकबाट भत्ता निर्धारण सम्बन्धी आवश्यक सिफारिसको लागि यस न.पा.का प्रमुख प्रशासकीय अधिकृत, प्रशासन प्रमुख र लेखा प्रमुखलाई जिम्मेवारी दिएकोमा सो समितिबाट पेश भएको प्रतिवेदन र नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको कोरोना भाइरस (Covid-19) को सङ्क्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ लाई समेत ध्यानमा राखी नेपाल सरकारले लकडाउनको अवधिलाई बिदा घोषणा गरे पनि नगर सफाइमा निरन्तर खटिरहनु भएका स्थायी, अस्थायी, मा.ज्या., सेवा करार र सफाइ ठेक्काका सफाइ कर्मचारीहरू, जन स्वास्थ्य केन्द्रमा कार्यरत चिकित्सक, नर्स र अन्य स्वास्थ्यकर्मीहरूलाई मासिक तलबलाई दैनिक हिसाब गरी हाजिर भएको प्रत्येक दिनको ७५ प्रतिशत र नगरपालिकाका कर्मचारीहरू, वडा कार्यालय, जन स्वास्थ्य, शिक्षा शाखामा कार्यरत कर्मचारीहरूलाई हाजिर भएको प्रत्येक दिनको ५० प्रतिशत प्रोत्साहन भत्ता (जोखिम भत्ता) दिने निर्णय गरियो ।

### जोखिम बीमा

हाल विश्वव्यापी रूपमा फैलिरहेको कोरोना भाइरस सङ्क्रमण नेपालमा समेत तीव्र गतिमा फैलिरहेको र भक्तपुर नगरपालिका क्षेत्रमासमेत सङ्क्रमित विरामी भेटिएको अवस्थामा यसको रोकथाम, नियन्त्रण, परीक्षण र आवश्यक व्यवस्था गर्नुपर्ने जिम्मेवारी नेपाल सरकारले सबै स्थानीय तहहरूलाई

दिएको हुँदा यस्तो विपद् र विषम् परिस्थितिमा स्थानीय जनप्रतिनिधिहरू, स्वास्थ्य, सफाइ र प्रशासनिक कर्मचारीहरू एवं स्वयंसेवकहरू परिचालन भई कोभिड–१९ रोकथाम, नियन्त्रण, परीक्षण र आवश्यक व्यवस्थापनको लागि खटिनु पर्ने हुँदा परिचालन हुनुपर्ने जनप्रतिनिधिहरू, स्वयंसेवक र सम्पूर्ण कर्मचारीहरूको मनोबललाई उच्च बनाई राख्न आवश्यक देखिएकोले यो विषम अवस्थामा काम गर्ने स्वास्थ्यकर्मीहरूलाई एक वर्षको लागि रु. १० लाख बराबर, न.पा.का जनप्रतिनिधिहरू, कर्मचारीहरू, सफाइकर्मीहरू र नगरपालिकाबाट खटाइने तालिम प्राप्त स्वयंसेवकहरूलाई एक वर्षको लागि रु. ५ लाख बराबरको जोखिम बीमा (आवधिक जीवन बीमा) गर्ने निर्णय गरियो र यसको लागि भक्तपुर नगरपालिका प्रकोप व्यवस्थापन कोषबाट खर्च गर्ने निर्णय गरियो ।

## स्वयंसेवक तालिम सञ्चालन

भक्तपुर नगरपालिका प्रकोप व्यवस्थापन कोषबाट खर्च गरी कोभिड–१९ रोकथाम, नियन्त्रण र क्वारेन्टाइन व्यवस्थापन गर्न आवश्यक स्वयंसेवक तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

## निर्णय अनुमोदन

**निर्माण समिति**

**मिति २०७७।०२।०८ गते**

| क.सं. | योजनाको विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई. रकम | मूल्याङ्कन | खूदखर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | |
| १ | रानीपोखरी संरक्षण योजना दोस्रो चरण (पोखरीमा भित्रीतह पेटी इँटा छपाइ, भित्रीबाहिर स्लोप सलामी मर्मत गर्ने कालोमाटो भरि पोखरीको पिंढ मर्मत गर्ने जस्ता कार्यहरू) | १ | ६,४६७,१४८।३० | | | | | | नपा | |
| २ | महेश्वरीघाट क्षेत्र ढुंगा छपाइ कार्य योजना | ८ | २,८७७,४१८।०८ | | | | | | घाट सुधार | |
| ३ | भक्तपुर नगरमा सांस्कृतिक, साहित्य, कला र पर्यटन स्थलको संरक्षणको लागि जनचेतना अभिवृद्धि गर्न उपकरण खरिद कार्य | १ | ६,०७८,८३५।०० | ६,०९६,४१९।७७ | | | | | स्थानीयपूर्वाधार विकास साझेदार कार्यक्रम | |
| ४ | समाज सेवा इन्स्टिच्युट भवनमा तला थप कार्य | ८ | ९,४१८,२११।७९ | | | | | | बागमती प्रदेश विशेष अनुदान | |
| ५ | नपली स्वास्थ्यचौकी निर्माण कार्य | १ | ६,१७४,७२१।३९ | | | | | | बागमती प्रदेश विशेष अनुदान | |
| ६ | साविक वडा नं. वडा कार्यालय भवनको उत्तरतर्फ स्वास्थ्यचौकी भवन निर्माण कार्य | ७ | ६,१७४,७२१।३९ | | | | | | बागमति प्रदेश विशेष अनुदान | |
| ७ | कमलविनायकस्थित भुतिपाखे स्वास्थ्यचौकी भवन निर्माण कार्य | १० | ६,१७४,७२१।३९ | | | | | | बागमति प्रदेश विशेष अनुदान | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | राममन्दिर तालाक्वस्थित स्वास्थ्यचौकी भवन निर्माण कार्य | ४ | ६,१७४,७२१।३९ | | | | | | बागमति प्रदेश विशेष अनुदान | |
| ९ | महेश्वरी स्थित महेश्वरी स्टेडियम निर्माण कार्य | ७ | ५१६,१४८,००२।०१ | | | | | | खेलकुद | |
| १० | जगाती, लिवाली र राममन्दिर क्षेत्र पीचकार्य | ४, ७ र ८ | १९,९२९,८६१।९३ | | | | | | बागमति प्रदेश समपुर अनुदान | |
| **पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | |
| १ | नवदुर्गा द्योछेंदेखि गछें हुंदै सकोलानसम्मको बाटो मर्मत कार्य | ९ | १,०५५,५४६।९३ | | ५७६,७२८।२४ | ४३१,०५३।०० | ३५०,०००।०० | ८१,०५३।०० | सडक बोर्ड नेपाल | ५,५०,००० थप पेश्की प्रदानगर्ने |
| २ | हनुमानघाट पारी सत्तलसंगैको पाटीपुन:निर्माण कार्य | ७ | ४,४३०,७७६।३१ | | ४,८३६,६१३।९९ | ३,०६५,१४९।७७ | ३,०००,०००।०० | ६५१४९।७७ अघिल्लो पे.फ. भइसकेको | नपा | १५ लाख दोस्रो पे.फ. गरी १०,४३,७२७।२७ चन्दाबाट कार्य गरेको |
| **उपभोक्ता समितिगठन सम्बन्धमा** | | | | | | | | | | |
| १ | जगातीचोकबाट पुरानो जगातीचोक (जगाती चेक पोष्ट) सम्म पाइपलाइन व्यवस्थापन कार्य | ८ | ७०१,१८७।६० | उ.स.अ. : राजकुमार बनमाला | | उ.अ.स. : हरिरत्नगोर्खाली | | | खानेपानी | |
| | **रकमान्तरण गर्ने सम्बन्धमा** | | | | | | | | | |
| १ | राममन्दिरदेखि अरनिको राजमार्गसम्म र भुलांचासम्म बाटो मर्मत कार्य | ४ | ४९९,७७२।३२ | ५७०,११०।६४ | | | | ४१७,५७२।३५ | विशेष अनुदान | |
| २ | राममन्दिरग:हिटीदेखि बाराहीपुलसम्म, लिवाली क्षेत्रमा, जगातीदेखि वासिकचा सम्मबाटो मर्मत | ४, ७, ८ | ३६०,०८५।९५ | ४१३,९५६।७८ | | | | २८५,९७२।३३ | विशेष अनुदान | |
| **अन्य** | | | | | | | | | | |
| १ | राष्ट्रिय खेलकुद परिषद, त्रिपुरेश्वरमा आ.व. २०७७/७८ का लागि भ.न.पा. वडा नं. ७, महेश्वरी स्थित महेश्वरी स्टेडियम निर्माण कार्यको लागि ल.ई रू. ५१,६१,४८,००२।०१ बजेट निकासाको लागि माग गर्ने निर्णण गरियो । | | | | | | | | | |
| २ | बागमती प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालयमा आ.व. २०७७/७८ का लागि भ.न.पा. वडा नं. ४, ७ र ८ स्थित जगाती, लिवाली र राममन्दिर क्षेत्र पीचकार्य (ल.ई. रू १,९९,२९,८६१।९३) योजनाको लागि समपुरक अनुदान माग गर्ने निर्णय गरियो । | | | | | | | | | |
| ३ | **बागमती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा आ.व. २०७७/७८ का लागि तपसिल बमोजिमका योजनाहरूको लागि विशेष अनुदान माग गर्ने निर्णय गरियो ।** | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क | समाज सेवा इन्स्टिच्युट भवनमा तला थप कार्य | ८ | ९,४१८,२११।७९ | | | | | | | |
| ख | नपली स्वास्थ्यचौकी निर्माण कार्य | १ | ६,१७४,७२१।३९ | | | | | | | |
| ग | साविक वडा नं. ६ वडा कार्यालय भवनको उत्तरतर्फ स्वास्थ्यचौकी भवन निर्माण कार्य | ७ | ६,१७४,७२१।३९ | | | | | | | |
| घ | कमलविनायकस्थित भुतिपाखे स्वास्थ्यचौकी भवन निर्माण कार्य | १० | ६,१७४,७२१।३९ | | | | | | | |
| ङ | राममन्दिर तालाक्व स्थित स्वास्थ्यचौकी भवन निर्माण कार्य | ४ | ६,१७४,७२१।३९ | | | | | | | |

### विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. वडा नं ८ का वडाअध्यक्ष श्री महेन्द्र खायमलीले वृद्ध भत्ताको दोस्रो किस्ता वितरण गर्न रु. ३४,४२,४००।- लिई रु. ३१,२०,०००।- वितरण गरी बाँकी रु. ३,२२,४००।- बैंक दाखिला गरेको बैठकमा **जानकारी** गराइयो ।

ख. नपाको बा १ क ८१५६ नं. को गाडी मर्मत वापत रु. ५४,८०५।- बोहरा इन्टरप्राइजेजलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ग. नपामा विभिन्न समयमा खाजा वापत रु.३,७००।- भ्ह:छे खाजाघरलाई **भुक्तानी** दिने निर्णय गरियो ।

घ. नपामा विभिन्न समयमा फलफूल उपलब्ध गराए वापत रु.१४,७५०।- हरिशरण पुडासैनीलाई **भुक्तानी** दिने निर्णय गरियो ।

## मिति २०७७ जेठ २८ गते, बुधबार

## निर्णयहरू

### सातौं नगरसभा

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १९ उपदफा १ बमोजिम यस नगरपालिकाको नियमित सातौं नगरसभा देहाय बमोजिमको मिति २०७७ असार ७ गते, दिनको १:०० बजे बस्ने निर्णय गरियो ।

सातौं नगर सभाको पहिलो बैठकमा नगर प्रमुख सुनिल प्रजापतिबाट आ.व. २०७७।०७८ का लागि नगरपालिकाको नीति तथा कार्यक्रम पेश गरिने निर्णय गरियो ।

### निर्णय अनुमोदन

विभिन्न समितिका निम्न अनुसारका निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

### कृषि समिति

**मिति २०७७।२।२० गते**

नेपाल सरकारको स:शर्त बजेट शीर्षक अन्तर्गतको कृषि सिञ्चाई कुलो योजनाको लागि भक्तपुर नगरपालिका वडा नं. ८ स्थित पुरानो जगाती ढलाँचा कृषि सिञ्चाई कुलो कार्य अगाडि बढाउने निर्णय गरियो ।

### अपाङ्गता भएका व्यक्तिहरूको परिचय पत्र वितरण सम्बन्धी अस्थायी समन्वय समिति

**मिति २०७७।२।२० गते**

भक्तपुर नगर क्षेत्रभित्रका अपाङ्गता भएका व्यक्तिहरूका लागि अपाङ्गताको सामग्री वितरण गर्न भक्तपुर नगरको स्थायी बासिन्दा भएकाहरूलाई वितरण गर्ने र सो सामग्री खरिद गर्नका लागि कार्यपालिका सदस्य श्री रोशन मैया सुवालमार्फत रु.५,००,०००।- (पाँच लाख) पेश्की लिन लगाउने निर्णय गरियो ।

### वातावरण तथा पर्यटन समिति

**मिति २०७७।२।२६ गते**

प्रदेश स:शर्त अनुदान अन्तर्गत शहरी क्षेत्रमा वायु प्रदूषण मापनको लागि मनिटर खरिद गरी स्थापना गर्न रु.१० लाख र सार्वजनिक शिक्षण सवलीकरण जलविद्युत सौर्य उर्जा, वायोग्यास उर्जा उत्पादनमूलक परिप्रयोग मार्फत उर्जा उत्पादन र परिप्रयोग गर्न रु.१० लाख १० हजार यस नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेजलाई निकासा दिने निर्णय गरियो ।

**शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति**

**मिति २०७७।२।२० गते**

१. भक्तपुर नगरपालिकाभित्रका विद्यालयहरूमा हाल पठन पाठन गरिरहेको स्थानीय पाठ्यक्रम **'ख्वपको पहिचान'** अध्यापनका लागि सहयोग मिल्ने ढंगबाट नगरपालिकाद्वारा प्रकाशित **'ख्वपको पहिचान सन्दर्भ सामग्री भाग–१'** पुस्तकमा सङ्ग्रहित लेखहरूलाई मिति २०७७।२।२० गते बसेको शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिको निर्णय बमोजिम पारिश्रमिक भुक्तानी दिने निर्णय गरियो ।

२. एस.ई.ई. परीक्षाको तयारीमा बसेका नगरवासी विद्यार्थीहरूलाई लक्षित गरी भक्तपुर नगरपालिकाद्वारा यही २०७७ वैशाख ३ गतेदेखि जेठ ३ गतेसम्म सञ्चालित भर्च्युअल कक्षामा अध्यापन गर्ने देहाय बमोजिमका शिक्षक/शिक्षिकाहरूलाई प्रति पिरियड नगद रु.१०००।– को दरले पारिश्रमिक, धन्यवाद पत्र र मायाको चिनो प्रदान गर्ने निर्णय गरियो :

| क्र.सं. | शिक्षकको नामथर | अध्यापन गरेको विषय | पिरियड सङ्ख्या |
|---|---|---|---|
| १ | गंगाधर हाडा | अंग्रेजी | ४ |
| २ | रामकुमार निरौला | अंग्रेजी | २ |
| ३ | गंगादत्त भट्ट | अंग्रेजी | ८ |
| ४ | सुभद्रा दुवाल | अंग्रेजी | १ |
| ५ | संगिता किवाछैं | अंग्रेजी | १ |
| ६ | कृष्णप्रसाद छुस्याकी | अंग्रेजी | ८ |
| ७ | रत्नप्रसाद फैजु | विज्ञान | ५ |
| ८ | पूजा शाक्य | विज्ञान | ५ |
| ९ | शुशीला दुवाल | विज्ञान | २ |
| १० | रेविका तवाँजु | विज्ञान | २ |
| ११ | नविन्द्रलाल कर्माचार्य | विज्ञान | १ |
| १२ | हरिप्रसाद ढकाल | नेपाली | ६ |
| १३ | शंकर आचार्य | नेपाली | ६ |
| १४ | गनु साम्पाङ राई | नेपाली | ३ |
| १५ | महेन्द्रगोपाल कर्माचार्य | सामाजिक अध्ययन | ६ |
| १६ | हरिकृष्ण प्रजापति | सामाजिक अध्ययन | ८ |
| १७ | मंगलेश्वर ध्वजु | सामाजिक अध्ययन | ६ |
| १८ | रोशनराज तुईंतुई | गणित | ५ |
| १९ | सुबास दिवाकर | गणित | ५ |
| २० | पुण्यराम दुवाल | गणित | ६ |
| २१ | एन.बी. खाताखो | गणित | २ |
| २२ | विजेन्द्रवीर कर्माचार्य | गणित | ३ |
| २३ | नविन्द्रलाल कर्माचार्य | स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण शिक्षा | २ |
| २४ | के.बी. प्रजापति | कार्यालय सञ्चालन तथा लेखा | १ |
| २५ | निराजन प्रजापति | अतिरिक्त गणित | १ |
| | | जम्मा | ९९ |

३. भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारीस्थित ऐतिहासिक नगर भक्तपुर प्रवेश गर्ने मूल सडकको पश्चिमतिर रहेको शिवलिङ्गसँगैको ऐतिहासिक ढुङ्गेधारामा स्थापित गणेशको मन्दिर स्थानीय मुपुज्व टोल सुधार समितिमार्फत निर्माण भइरहेकोमा मन्दिर निर्माणको लागि यस नगरपालिकाको तर्फबाट नगद रु. ५ लाख सहयोग प्रदान गर्ने निर्णय गरियो ।

४. भक्तपुर नगरपालिकाद्वारा २०७७ वैशाख ३ गतेदेखि जेठ ३ गतेसम्म एक महिना एस.ई.ई. परीक्षा दिने विद्यार्थीहरूलाई लक्षित गरी भर्च्युअल कक्षा सञ्चालन गर्न समन्वय गर्ने देहाय बमोजिमका शिक्षकहरूलाई प्रति व्यक्ति रु.१०,०००।– (अक्षरूपी दश हजार रूपैयाँ) का दरले पारिश्रमक भुक्तानी दिने निर्णय गरियो :

१. ज्ञानसागर प्रजापति – रु. १०,०००।–
२. जगनाथ सुजखु – रु. १०,०००।–
३. गणेशराम थुसा – रु. १०,०००।–

५. भक्तपुर नगरपालिका वडा नं. १ भार्वाचोस्थित गणेश मावि र भनपा वडा नं. ८ जेंलास्थित महेन्द्र आधारभूत विद्यालयलाई भौतिक पूर्वाधार निर्माणका लागि आ.व.२०७६/०७७ को बजेट (नेपाल सरकारको) अन्तर्गत अन्तर सरकारी वित्तीय हस्तान्तरण (स्थानीय) को बजेट शीर्षक ११.१.२.१ (विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान) बाट प्रति विद्यालय नगद रु.५ लाखको दरले अनुदान सहयोग गर्ने र समाज सेवा इन्ष्टिच्यूट आ.वि.लाई यस अघि भौतिक पूर्वाधार सुधारको लागि नगद रु.४ लाख सहयोग गर्ने निर्णय गरे बमोजिमको रकम पनि यसै शीर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

**युवा तथा खेलकुद समिति**

**मिति २०७७।०२।२१ गते**

१. नेपाल सरकार, बागमती प्रदेश सरकारबाट भनपा वडा नं. २ स्थित शहीद स्मृति खेल मैदान पूर्वाधार निर्माण गर्न रु.५०,००,०००।– (अक्षरेपी रु.पचास लाख) रकम विनियोजन गरेकोमा सो स्थानमा जग्गाको विवाद परेकोले हाल भनपा वडा नं. १० स्थित बेखाल कभर्ड हल (खेल मैदान) मा निर्माण पूर्वाधार गर्न सो रकम रकमान्तरण गर्ने र सो खेल मैदानमा हल निर्माण गर्न कुल रु.१,१९,६२,१६७।४४ (अक्षेरूपी रु. एक करोड उन्नाइस लाख बैसठ्ठी हजार एक सय सरसठ्ठी पैसा चवालिस) को प्रस्तावित ल.ई. बागमती प्रदेशमा पठाउने निर्णय गरियो ।

## निर्माण समिति

### मिति २०७७।०२।१९ गते

| क्र. सं. | योजनाको विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई. रकम | मूल्याङ्कन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | |
| १ | धालाखुसीदिखि आलाबुसम्म पिच कार्य | १ | १९,१३५,५५३।१७ | | | | | | बाग्मती प्रदेश समपुरक अनुदान | |
| २ | कमलविनायक क्षेत्रमा ढल निकास निर्माण कार्य र ईंटा छपाइ कार्य | १० | ४,९९६,१३५।२९ | | | | | | प्रेम सुवाल सांसद कोष | |
| | **उपभोक्ता समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | |
| १ | हनुमान्चा फोहोरमैला व्यवस्थापन कार्य | ८ | ६,७९६,९८४।४८ | उ.स.अ. : कृष्णलाल किसी | | उ.अ.स : कृष्णभक्त सांयजू | | | कम्पोष्ट प्लान | |
| २ | नपली पुलदेखि सृजनानगर चोकसम्म बाटोको उत्तरतर्फ रिटेनिङ वाल निर्माण कार्य | १ | १,०९७,८३५।१७ | उ.स.अ. : लतितकुमार घिमिरे | | उ.अ.स : सूर्यप्रसाद श्रेष्ठ | | | | विशेष योजना अन्तर्गत नपा बजेट |
| ३ | कमलविनायक क्षेत्रमा ढल निकास निर्माण कार्य र ईंटा छपाइ कार्य | १० | ४,९९६,१३५।२९ | उ.स.अ. :राजन नापित | | उ.अ.स : जितेन्द्र मुनंकर्मी | | | | प्रेम सुवाल सांसद कोष |
| | | | | | | | | | | |
| **पेस्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | |
| १ | मेतंदेखि समाज सुधार मावि सम्मको बाटो मर्मत कार्य | ८ | १,०८५,३६१।३७ | | १,४३२,०१७।४९ | ९६१,०८९।६० | ८००,०००।०० | १६१,०८९।६० | सडक बोर्ड | सम्पन्न |
| | **अन्य** | | | | | | | | | |
| ३ | ठेक्का नं. bktmun/NCB/works/09/076/77 (लिबाली प्लानिङ्ग खोला छेउमा रिटेनिङ्ग वाल निमाण कार्य) को हकमा hard copy बोलपत्र १ थान र online bid ७ थान गरी कुल ८ वटा बोलपत्रहरूमध्ये सबैभन्दा न्यूनतम अंक रू. ५३,९५,३५३।३० कबोल गर्ने श्री Precision Engineers and Builders Pvt. Ltd को Online Bid Document मा VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न नदेखिएकोले सारभूत रूपमा प्रभावग्राही मान्न सकिएन । त्यसपछिको दोश्रो न्यूनतम अंक ५६,८९,२३१।९१ (अक्षेरेपी छपन्न लाख उनान्नब्बे हजार दुई सय एकतीस रूपैया एकानब्बे पैसा मात्र) कबोल गर्ने श्री Kritisha Construction Pvt.Ltd., Basundhara, ktm को प्रस्ताव सारभूत रूपमा प्रभावग्राही देखिएकोले सो बोलपत्र स्वीकृतिका लागि मूल्याङ्कन समितिबाट पेश भएको निर्णय अनुमोदन गरियो । | | | | | | | | | |
| ४ | ठेक्का नं. bktmun/NCB/works/10/076/77 (वंशगोपाल देगमनादेखि बाराही पुलसम्म ढुङ्गा छपाइ कार्य) को हकमा कुल ३ वटा बोलपत्रहरूमध्ये रू ६७,९९,७८३।०२ (अक्षेरेपी सरसठ्ठी लाख उनान्सय हजार सात सय त्रिसाठ्ठी रूपैयां दुई पैसा मात्र) कबोल गर्ने श्री RR/Harati JV, Bhaktpaur-11 को प्रस्ताव न्यूनत्तम मूल्याङ्कीत सारभूत रूपमा प्रभावग्राही देखिएकोले सो बोलपत्र स्वीकृतिका लागि मूल्याङ्कन समितिबाट पेश भएको निर्णय अनुमोदन गरियो । | | | | | | | | | |
| ५ | ठेक्का नं. bktmun/NCB/works/11/076/77 (गय:भिद्यो पुल परिसरमा बाटो पीच कार्य) को हकमा कुल ४ वटा बोलपत्रहरूमध्ये रू १,३१,८१,९७४।३२ (अक्षेरेपी एक करोड एकत्तीस लाख एकासी हजार नौ सय चौहत्तर रूपैयां बतीस पैसा मात्र) कबोल गर्ने श्री Bagmati Developers and Construction Pvt.Ltd., Gokarneshwor, ktm को प्रस्ताव न्यूनत्तम मूल्याङ्कीत सारभूत रूपमा प्रभावग्राही देखिएकोले सो बोलपत्र स्वीकृतिका लागि मूल्याङ्कन समितिबाट पेश भएको निर्णय अनुमोदन गरियो । | | | | | | | | | |
| ६ | ठेक्का नं. bktmun/NCB/works/12/076/77 (कमलविनायक बाल उद्यान निर्माण कार्य) को कुल २ वटा बोलपत्रहरूमध्ये सबैभन्दा न्यूनतम अंक कबोल गर्ने श्री Sanu Suwal Nirman Sewa Pvt. Ltd. को Online Bid Document मा संलग्न Bid Security को Valid Period बोलपत्र खोलेको मिति (२०७७।२।७) ले न्यूनतम १२० दिनको हुनुपर्नेमा सो भन्दा कम (९६ दिन मात्र) भएकोले सारभूत रूपमा प्रभावग्राही मान्न सकिएन । त्यसपछिको दोश्रो न्यूनतम अंक रू. ८८,२९,७४७।३४ (अक्षेरेपी अठ्ठासी लाख उनान्तीस हजार सात सय सरचालिस रूपैयां चौतीस पैसा मात्र) कबोल गर्ने श्री RR/Harati JV, Bhaktpaur-11 को प्रस्ताव सारभूत रूपमा प्रभावग्राही देखिएकोले सो बोलपत्र स्वीकृतिका लागि मूल्याङ्कन समितिबाट पेश भएको निर्णय अनुमोदन गरियो । | | | | | | | | | |

**मिति : २०७७/०२/२७ गते निर्माण समिति बैठक**

| क्र. सं. | योजनाको विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई. रकम | मूल्याङ्कन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **पेस्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | |
| २ | च्याम्हासिंह प्रवेशद्वार पुन:निर्माण कार्य | ९ | ३,९२८,३००।०० | ५,३७५,२२७।१३ | ५,३३५,२४७।०० | ४,५९२,६८१।५० | १,०००,०००।०० | १,६५६,२१८।५० | नपा | |
| ३ | जगाती चोकदेखि पुरानो चोक (चेकिंग पोष्ट) सम्म खानेपानी पाइप लाइन व्यवस्थापन कार्य | ८ | ७०१,१८७।६० | | ६०३,४२०।०० | ४५३,८६२।२४ | २२५,०००।०० | २२८,८६२।२४ | खानेपानी | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | बसपार्कको आकाशे पानी भाज्या पोखरी लागी ईंटा छपाइ कार्य | १ | ६९७,२८६।९५ | | ८१८,४२८।६३ | ६००,४२३।७१ | २३०,०००।०० | ३७०,४२३।७१ | खानेपानी | |
| ५ | बासी तंदेखि लालाछेंसम्म बाटोमा बाटो मर्मत कार्य | ६ | १,०६६,११७।९८ | | १,४९८,४१८।८७ | १,०५८,९६६।९४ | ३५०,०००।०० | ७०८,९६६।९४ | सडक बोर्ड | |
| ६ | मेतंदेखि समाज सुधार मावि सम्मको बाटो मर्मत कार्य | ८ | १,०८५,३६१।३७ | | १,४३२,०१७।४९ | ९६१,०८९।६० | ८००,०००।०० | ६२,७४३।०० | सडक बोर्ड | अघिल्लो पे.फ. गर्दा ९८३४६।६० दिइसकेकोले ४५०००० दोस्रो पे.फ. गरी खर्च समर्थन |
| ७ | भुक्तानी सम्बन्धमा | | | | | | | | | |
| ८ | ब्रम्हायणी बहुउद्देश्यीय भवन निर्माण कार्यको स्टोरमा खटिएका स्टोरकिपर ज्याला | ९ | | | | | | ४५,८००।०० | | |
| ९ | ब्रम्हायणी बहुउद्देश्यीय भवन निर्माण कार्यको चौथो तलामा कोटा स्टोन | ९ | | | १४६,०३४।५१ | | | १२८,८००।०० | | |
| १० | **उपभोक्ता समिति गठन सम्बन्धमा** | | | | | | | | | |
| ११ | जलेश्वर मन्दिर पुन:निर्माण कार्य | १ | | उ.स.अ.:लक्ष्मीनारायण राजलवत | | अ.स.स. श्यामकृष्ण खत्री | | | | |
| १२ | विश्वकर्मा आंगमछें पुन:निर्माण कार्य | ६ | | उ.स.अ. :हरिशरण अवाल | | अ.स.स. : सिद्धिराम अवाल | | | | |
| १३ | महेश्वरी घाट क्षेत्र ढुंगा छपाइ कार्य | ८ | | उ.स.अ. : लक्ष्मीनारायण दुवाल | | अ.स.स. : राम प्रजापति | | | | |

## अन्य

१) **ठेक्का नं.** bktmun/NCB/works/05/076/77 (re-tender) : **(लिबाली बाल विकास क्षेत्रमा बाटो पीच र सडक पेटी निर्माण कार्य, भनपा वडा नं. ८) को लागि म्यादभित्र प्राप्त भएका बोलपत्रहरूमध्ये रु. ५६,९०,२७५।०१ (अक्षरेपि छपन्न लाख नब्बे हजार दुई सय पच्चत्तर रूपैयाँ एक पैसा मात्र) कबोल गर्ने आर.आर. कन्स्ट्रक्सन प्रा.लि.को प्रस्ताव न्यूनत्तम मूल्याङ्कीत सारभूतरूपमा प्रभावग्राही देखिएकोले स्वीकृत गरी आशयको सूचना प्रकाशन गर्ने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।**

२) **ठेक्का नं.** bktmun/NCB/ works /07/076/77(re-tender) : **(साकोठादेखि दरबार स्क्वायरसम्म ढुङ्गा छपाइ कार्य, भनपा वडा नं. ५) का लागि म्यादभित्र प्राप्त भएका बोलपत्रहरूमध्ये रु. ५२,२०,५२०।९० (अक्षरेपि बाउन्न लाख बीस हजार पाँच सय बीस रूपैयाँ नब्बे पैसा मात्र) कबोल गर्ने आर.आर. कन्स्ट्रक्सन प्रा.लि.को प्रस्ताव न्यूनत्तम मूल्याङ्कीत सारभूतरूपमा प्रभावग्राही देखिएकोले स्वीकृत गरी आशयको सूचना प्रकाशन गर्ने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।**

३) **यस भक्तपुर नगरपालिकाको ठेक्का नं.**bktmun/NCB/works/09/076/77 **को हकमा** hard copy **बोलपत्र १ थान र** online bid **७ थान गरी कुल ८ वटा बोलपत्रहरूमध्ये सबैभन्दा न्यूनतम अंक रु. ५३,९५,३५३।३० कबोल गर्ने श्री** Precision Engineers and Builders Pvt. Ltd **को** Online Bid Document **मा** VAT **दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न नदेखिएकोले सारभूत रूपमा प्रभाबग्राही मान्न सकिएन, त्यसपछिको दोश्रो न्यूनतम अंकरु ५६,८९,२३१।९१ (अक्षेरेपी छपन्न लाख उनान्नब्बे हजार दुई सय एकतीस रूपैया एकानब्बे पैसा मात्र) कबोल गर्ने श्री** Kritisha Construction Pvt.Ltd., Basundhara, ktm **को प्रस्ताब सारभूत रूपमा प्रभाबग्राही देखिएकोले सो बोलपत्र स्वीकृतिका लागि मिति २०७७/२/१८ गतेको मूल्याङ्कन समितिबाट सिफारिस भए बमोजिम मिति २०७७/२/१९ गतेको गोरखापत्रमा आशयको सूचना प्रकाशित गरिएको थियो ।**

**सो विषयमा** Precision Engineers and Builders Pvt. Ltd **को बोलकबुल रकम रु. ५३,९५,३५३।३० भएको र त्यस कार्यालयबाट मिति २०७७।०२।१९ मा प्रकाशित आशय सूचनामा रु ५६,८९,२३१।९१ (अक्षेरेपी छपन्न लाख उनान्नब्बे हजार दुई सय एकतीस रूपैया एकानब्बे पैसा मात्र) कबुल**

गरेको फर्मलाई बोलपत्र स्वीकृत गर्ने आशयको सूचना निकालिएको हुनाले उक्त रकम अनुसार यस कम्पनीको रकम रु. २,९३,८७८।८८ (अक्षरेपि दुई लाख त्रियानब्बे हजार आठ सय अठत्तर रूपैयाँ अठासी पैसा मात्र) कम भएको हुनाले सार्वजनिक खरिद ऐन अन्तर्गत यस Precision Engineers and Builders Pvt. Ltd लाई स्वीकृत गर्नुपर्ने देखिएको हुनाले उक्त ठेक्का के कारणले अन्य फर्मलाई स्वीकृत गरिएको स्पष्ट रूपमा जानकारी गराइदिन Precision Engineers and Builders Pvt. Ltd, Kathmandu-10, Buddhanagar ले मिति २०७७/२/२० मा यस नगरपालिकामा निवेदन दिएको देखिन्छ। यस सम्बन्धमा फाइल तथा कागजात अध्ययन गर्दा देहाय बमोजिम रहेको पाइयो।

- सार्वजनिक खरिद अनुगमन कार्यालयको web portal (www.bolpatra.gov.np/egp) मार्फत submit भएका online Bid हरूको Bid document पुनः download गरी हेर्दा तत्काल download हुने PDF version को Bid document माउक्त कम्पनी को VAT दर्ताको कागजात नदेखिएको तर उक्त PDF document को पेज नं. ७ मा additional document अन्तर्गत उल्लेखित Letter of Bid भएको तालिकामा hyper link गरेर राखेको अर्को PDF document देखिएको जुन download गरी हेर्दा VAT दर्ता कागजात संलग्न रहेको देखिएको।
- PPMO ले तयार गरेको टेण्डर डकुमेण्टमारहेर नगरपालिकाले तयार गरेको टेण्डर डकुमेण्ट र Online Bid document मा Evaluation and Eligibility Criteria को बुँदा २.६ मा देहाय बमोजिम प्राविधिक जनशक्ति अनिवार्य हुनुपर्ने भनी तोकिएको छ।

| No. | Position | Academic Qualification (when Position demands) | Number/s | Total Work Experience (Years) | Experience in similar works (Years) |
|---|---|---|---|---|---|
| 1 | Project Manager | B.E. Civil or Equivalent | 1 | 3 yrs or more | 2 yrs or more in same post |
| 2 | Civil Engineer | B.E. Civil or Equivalent | 1 | 2 yrs or more | 3 yrs or more works experience in construction field |
| 3 | Site Supervisor | Diploma or Equivalent | 1 | 2 yrs or more | 3 yrs or more works experience in construction field |

- त्यसैगरी बुँदा नं. २.७ मा देहाय बमोजिमको Equipment अनिवार्य हुनुपर्ने भनी तोकिएको छ।

| No. | Equipment type and Characteristics | Min Number Requirement |
|---|---|---|
| 1. | Back Hoe Loader | 1 |

माथि उल्लेख भएको Precision Engineer and Builders Pvt. Ltd. को VAT दर्ता प्रमाणपत्र PPMO को web portal मार्फत पेश गरेको Online BidDocumentsf]Additional File मा समावेश भएको पाइए पनि माथि उल्लेख भए बमोजिम Bid Document को Qualification and Eligibility Criteria अन्तर्गत मागिएको प्राविधिक जनशक्ति र Equipment सो प्रा.लि. सँग भएको नदेखिँदा सो प्रा.लि. सारभूत रूपमा प्रभावग्राही हुन सक्ने नदेखिएकोले यस न.पा.बाट मूल्याङ्कन समितिको मिति २०७७/२/१८ मा भएको निर्णयानुसार प्रकाशित आशयको सूचनामा कुनै परिवर्तन गर्न नपर्ने र सोही व्यहोरा सो प्रा.लि. लाई जानकारी गराउने मूल्याङ्कन समितिबाट भएको निर्णय मनासिव देखिँदा सोही बमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

४) ठेक्का नं.bktmun/NCB/works/16/076/77 सडक बत्ती जडान सम्बन्धी कार्यका लागि मिति २०७७/२/५ गते सूचना प्रकाशन भई मिति २०७७/२/२० गते बसेको प्रि बिड मिटिङ्गमा छलफल भएअनुसार निर्माणको गुणस्तर सुनिश्चित गर्न ख्वप इन्जिनियरिङ्ग कलेजका विज्ञ प्राविधिकबाट तयार भई आएको Specification र संशोधित BOQ सहित Bid Addendum जारी गरी Online Bid मा संशोधन गर्ने, साथै कार्यालयको परिवर्तित राजश्व खाता नं., धरौटी खाता नं. अनुसार साविकको खाता नं संशोधन गर्ने र PPMO को web portal (bolpatra.gov.np/egp) को system सँग तादात्म्यता मिलाउन बोलपत्र पेश गर्ने अन्तिम मिति र खोल्ने मिति २०७७/३/३ गते कायम गर्ने र सोबारे सूचना प्रकाशन गर्ने मूल्याङ्कन समितिबाट भएको निर्णय मनासिव देखिँदा सोही बमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. यस भक्तपुर नगरपालिका क्षेत्रभित्र उत्पादित फोहरमैलालाई व्यवस्थित रूपमा व्यवस्थापन गर्ने स्थलको लागि भक्तपुर जिल्ला साविक चित्तपोल गाविस वडा नं. १(क) कि.नं. २४३ क्षे.फ. ४-७-० को जग्गा भाडामा लिइएको हुँदा उक्त जग्गामा फोहर व्यवस्थापनको लागि आवश्यक पूर्वाधारको व्यवस्था गर्न तथा जग्गाको चारैतर्फ कर्कट पाटाको बार लगाउने कार्यको लागि भनपा योजना शाखाबाट ल.ई. तयार गराउने र आवश्यक पूर्वाधारहरूको व्यवस्थापन मिलाउन वडाअध्यक्ष श्री महेन्द्र खायमलीलाई जिम्मा दिने सम्बन्धमा मिति २०७६ असोज २७ गतेको वतारण तथा पर्यटन समितिको निर्णय भएकोमा जिम्मा दिएको तर हालसम्म पनि प्राविधिक कारणले सम्बन्धित जग्गा धनीसँग द्विपक्षीय सम्झौता भइनसकेको देखिएकोले मिति २०७६ श्रावण महिनादेखि लागू हुने गरी उक्त जग्गा दश वर्षका लागि

भाडामा लिन र उक्त जग्गाको २०७६ साल श्रावणदेखि पौषसम्ममा भाडा स्वरूप प्रति रोपनी ५ मुरी टाइचिन धान बराबरको रकम एकमुष्ट भाडा (बाली) दिने र सो पछि मिति २०७६ माघ महिनादेखि प्रति रोपनी प्रति वर्ष रु.४०,०००।- (अक्षरूपी चालिस हजार) रूपैयाँका दरले भाडा दिने समेतका मुख्य शर्त राखी सम्झौता गर्ने निर्णय गरियो ।

ख) भक्तपुर नगरपालिकाको आयोजनामा २०७६ चैत्र ४ देखि ८ गतेसम्म भक्तपुर महोत्सव सम्पन्न गर्ने कार्यक्रम अनुसार सो प्रयोजनका लागि नगरपालिकाका जनप्रतिनिधिहरूलाई पोशाक भत्ता वितरण गर्न यस अघि मिति २०७६।९।११ गतेको कार्यपालिका बैठक निर्णय अनुसार प्रति व्यक्ति नगद रु.२५,०००।- (अक्षरूपी पच्चिस हजार रूपैयाँ) का दरले पेश्की दिएको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

ग. वडा नं. ३ का वडाअध्यक्ष श्री राजकृष्ण गोरालाई नगरवासी किसानहरूलाई बीउ उत्पादन गर्नका लागि नेपाल कृषि अनुसन्धान परिषदबाट १२५ केजी खुमल-११ धानको मूल बीउ खरिद गरेवापत रु. १४,३७५।- भुक्तानी दिइएको बैठकबाट अनुमोदन गरियो ।

घ. वडा नं. ४ का वडाअध्यक्ष श्री कुमार चवालले नगरभित्रका विद्यालयका छात्रा विद्यार्थीहरूलाई आत्म सुरक्षा सम्बन्धी तालिम व्यवस्थापन गर्नका लागी रु.१,००,०००।- पेश्की लिई रु. १,१२,४८०।- बराबरको बिल भर्पाइ पेश गरी नपुग रकम रु. १२,८०।- भुक्तानी समर्थन गरी निजका नाममा रहेको पेश्की फछ्यौट गरियो ।

ङ. नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु. ५,५५०।- बालकृष्ण खाजाघरलाई भुक्तानी दिने निर्णय गरियो ।

## मिति २०७७ जेठ ३0 गते, शुक्रबार

## निर्णयहरू

### सामाजिक सुरक्षा भत्ता

नगरवासी ज्येष्ठ नागरिक, एकल महिला, अशक्त अपाङ्गता भएका व्यक्तिहरूलाई २०७६ चैत्रदेखि २०७७ असार महिनासम्मको सामाजिक सुरक्षा भत्ता यस नगरपालिकाका सबै वडा समितिहरू मार्फत यही २०७७ असार २ गतेदेखि असार ५ गतेसम्म टोल टोल तथा घर घरमा वितरण गर्ने निर्णय गरियो ।

### विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो-

क) नेपाल सरकार राष्ट्रिय योजना आयोगको समपुरक अनुदान र भनपाको स्रोतबाट व्यहोर्ने गरी आ.व. २०७६/७७ का लागि स्वीकृत योजना अन्तर्गतको भ.न.पा. १ स्थित धालाखुसी पुल र भ.न.पा. ४ स्थित राम मन्दिर पुल निर्माण सम्बन्धमा यस न.पा.को निर्माण समितिको मिति २०७६/८/२४ गते निर्णय भई कार्यपालिकामा पेश हुन आएको ठेक्का नं. bktmun/NCB/works/14/076/77 धालाखुसी पुल र bktmun/NCB/works/15/076/77 राम मन्दिर पुल निर्माण कार्यको लागि मिति २०७६/११/१६ गते बोलपत्र आह्वान सूचना प्रकाशित भई मिति २०७७/२/७ गते बोलपत्र पेश (Online Submission) भई खोल्ने कार्य सम्पन्न भई हाल प्राविधिक प्रस्ताव मूल्याङ्कन प्रकृयामा रहेको छ। नेपाल सरकारले विश्वव्यापी कोरोना भाइरस (कोभिड-१९) को नियन्त्रण तथा रोकथामको लागि बन्दाबन्दी (Lockdown) घोषणा गरेको कारणबाट टेण्डर सूचनाको म्याद थप गर्दै जानु परेको कारणबाट हालसम्म प्राविधिक प्रस्ताव मूल्याङ्कनको अन्तिम चरणको कार्य भइरहेको हुँदा प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताको नामावली प्रकाशित गरी आर्थिक प्रस्ताव खोल्ने मिति र समय खुलाई सात दिने सूचना प्रकाशन गर्ने र सो ठेक्काहरूको आर्थिक प्रस्ताव खोली ठेक्का सम्बन्धमा निर्णय गर्ने, आशयपत्र प्रकाशन गर्ने, सम्झौताका लागि सक्कल बोलपत्रदातालाई नियमानुसार म्यादसहित पत्राचार गर्ने र सम्झौता गर्दा नै आर्थिक वर्षको अन्तिम हुने स्थिति रहेको देखियो । ठेक्का नं. bktmun/NCB/works/14/076/77 र bktmun/ nbc/ works/ 15/076/77 को नेपाल सरकारसँगको समपुरक योजनाको बजेट भएको र आर्थिक वर्षको अन्त्यसम्ममा खर्च नभएमा बजेट फ्रिज हुने व्यवस्था रहेको हुँदा उक्त दुवै पुलहरूको कार्य यस आ.व.मा हुन नसक्ने, असारको अन्तिमतिर खोलामा पुलको जग खन्ने र बनाउने कार्य वर्षातको कारणबाट समेत सम्भव नहुने हुँदा उक्त दुवै पुलहरूको ठेक्का प्रकृया रद्द गर्ने, रद्द गरिएको व्यहोरा गोरखापत्रमा सूचना प्रकाशन गरी बोलपत्रदातालगायत सरोकारवालालाई जानकारी दिने र सो पुलहरूको लागि आगामी आ.व.मा बजेट व्यवस्था गरिदिनु हुन नेपाल सरकार, राष्ट्रिय योजना आयोगमा अनुरोध समेत गर्ने निर्णय गरियो ।

ख) बागमती प्रदेश सरकारको समपुरक अनुदान र भ.न.पा. को स्रोतबाट व्यहोर्ने गरी आ.व. २०७६/७७ का लागि स्वीकृत योजना अन्तर्गत भ.न.पा. ३ स्थित बाराही पुल निर्माण सम्बन्धमा यस न.पा.को ठेक्का नं. bktmun/ NCB/ works/ 13/076/77 को बोलपत्रहरूको प्राविधिक प्रस्ताव मूल्याङ्कन कार्य यथाशिघ्र सम्पन्न गरी आर्थिक प्रस्ताव

खोल्ने र आशयपत्र, सम्झौता प्रकृयाका चरणहरूका कार्य छिटो सम्पन्न गरी ठेक्का सम्झौता गर्ने व्यवस्था मिलाउने । उक्त पुल निर्माण गर्दा प्राविधिक design र Alignment मा बनाउन साबिकको पुल भत्काई नयाँ पुल निर्माण गर्ने र सोकार्य आ.व. २०७६/७७ मा सम्पन्न गर्न सक्ने हदसम्म निर्माण गरी बाँकी कार्य आगामी आ.व.मा गर्न मिल्ने गरी बहु वार्षिक ठेक्का सम्झौता गर्ने र सोको लागि आगामी आ.व.मा आवश्यक बजेट व्यवस्था हुनको लागि बागमती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो । साथै पुलको दक्षिणी भागमा रहेको विद्युत् ट्रान्स्फर्मर स्थानान्तरण गर्न नेपाल विद्युत् प्राधिकरणलाई अनुरोध गरी पठाउने र पुरानो पुल भत्काउँदा निस्कने काम लाग्ने सामानहरूको संरक्षण तथा व्यवस्थापन निर्माण समितिले गर्ने निर्णय गरियो ।

ग) बागमती प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालयमा आ.व. २०७७/७८ का लागि भ.न.पा. वडा नं. १ स्थित धालाखुसीदेखि आलाबुँसम्म पीच कार्य (ल.ई. रु.१,९१,३५,५५३।१७) योजनाको लागि समपुरक अनुदान माग गर्ने निर्णय गरियो ।

घ. हाल विश्वव्यापी रूपमा फैलिरहेको कोरोना भाइरस सङ्क्रमण नेपालमा समेत तीव्र गतिमा फैलिरहेको र भक्तपुर नगरपालिका भित्रसमेत सङ्क्रमित विरामी भेटिएको अवस्थामा यसको रोकथाम, नियन्त्रण, परीक्षण र आवश्यक व्यवस्था गर्नुपर्ने जिम्मेवारी नेपाल सरकारले सबै स्थानीय तहहरूलाई दिएको हुँदा यस्तो विपद् र विषम् परिस्थितिमा स्थानीय जनप्रतिनिधिहरू, स्वास्थ्यकर्मीहरू, स्वास्थ्य, सफाइ र प्रशासनिक कर्मचारीहरू एवं स्वयंसेवकहरू परिचालन भई कोभिड–१९ रोकथाम, नियन्त्रण, परीक्षण र आवश्यक व्यवस्थापनको लागि खटिनु पर्ने हुँदा परिचालन हुनुपर्ने जनप्रतिनिधिहरू, स्वास्थ्यकर्मीहरू, स्वास्थ्य, सफाइ र प्रशासनिक कर्मचारीहरू एवं स्वयंसेवकहरूको मनोबललाई उच्च बनाई राख्न आवश्यक देखिएकोले यो विषम अवस्थामा काम गर्ने स्वास्थ्यकर्मीहरूलाई एक वर्षको लागि रु.१० लाख बराबर, न.पा.का जनप्रतिनिधिहरू, कर्मचारीहरू, स्वास्थ्य क्षेत्रका कर्मचारीहरू, सफाइकर्मीहरू र नगरपालिकाबाट खटाइने तालिम प्राप्त स्वयंसेवकहरूलाई एक वर्षको लागि रु. ५ लाख बराबरको म्यादी जीवन बीमा गर्ने निर्णय भएकोले निर्णय कार्यान्वयन गर्न राष्ट्रिय विमा संस्थानमा समेत सोधनी गर्दा राष्ट्रिय विमा संस्थानमा उक्त योजना नभएको भनी जानकारी प्राप्त भएकोले अन्य सम्बन्धित कम्पनीहरूसँग कोटेशन माग गर्दा तपसिल अनुसारको दररेट प्राप्त भएको देखिन्छ ।

| क्र. सं. | कम्पनीको नाम | विमांक रु. १०,००,०००।– | विमांक रकम रु. ५०००००।– |
|---|---|---|---|
| १ | नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि | | रु. ३०६३।– |
| २ | प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लि. | | रु.४३८०।– |
| ३ | ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. | रु. ५०००।– | रु.२५००।– |
| ४ | सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लि. | | रु.२९५६।– |

माथि उल्लेखित कबुल प्रिमियम दर सबैभन्दा कम ज्योति लाईफ इन्योरेन्स कम्पनीको भएकोले निजसँग म्यादी जीवन विमा गर्ने निर्णय गरियो ।

## मिति २०७७ असार ५ गते, शुक्रबार

## निर्णयहरू

### सातौं नगरसभा

१. भक्तपुर नगरपालिकाको नियमित सातौं नगर सभा यही २०७७ असार ७ गते, दिनको १:०० बजे नगरपालिकाको सभाकक्षमा बस्ने यस अघि मिति २०७७।२।२८ गतेको बसेको नगर कार्यपालिका बैठकले निर्णय गरेकोमा मिति : २०७७ असार ७ गते, बिहान ७:३० बजे ख्वप इन्जिनियरिङ्ग कलेजको सभाकक्षमा बस्ने गरी संशोधन गर्ने निर्णय गरियो ।

२. सातौं नगर सभाको उदघाटन समारोहमा देहाय बमोजिम अतिथिहरू आमन्त्रण गर्ने निर्णय गरियो :

सभापति : सुनिल प्रजापति, प्रमुख, भक्तपुर नगरपालिका

प्रमुख अतिथि : प्रेम सुवाल, माननीय सांसद, सङ्घीय प्रतिनिधिसभा

विशेष अतिथि : सुरेन्द्रराज गोसाई, माननीय सांसद, बागमती प्रदेशसभा

अतिथि : हुमकला पाण्डे, प्रमुख जिल्ला अधिकारी, भक्तपुर

स्वागत मन्तव्य : रजनी जोशी,उपप्रमुख, भक्तपुर नगरपालिका

धन्यवाद ज्ञापन : इन्द्रप्रसाद बस्याल, प्रमुख प्रशासकीय अधिकृत

### नीति तथा कार्यक्रम

भक्तपुर नगरपालिकाको सातौं नगरसभामा भक्तपुर नगरपालिकाको आगामी आ.व. २०७७/०७८ का लागि पेश गरिने नीति तथा कार्यक्रमलाई बैठकबाट आवश्यक सुझावसहित पारित गरियो ।

### निर्णय अनुमोदन

**निर्माण समिति**

**मिति २०७७।०३।५ गते**

| क. सं. | योजनाको विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई. रकम | मूल्याङ्कन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. सम्बन्धमा** | | | | | | | | | | |
| १ | छिपा तां (महेश्वरी पुल) पुन:निर्माण कार्य दोस्रो चरण | ७ | ९,९४१,७९७।९१ | | | | | | नपा | पेश्की ३२,००,००० |
| **पेस्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | |
| १ | भोलाछेँ पोखरी पुन:निर्माण कार्य | ६ | ३,१३९,२९१।४७ | | २८०४।१५७।०१ | १,८६७,१४८।९० | १,०००,०००।०० | ८६७,१४८।९० | नपा | थप पेश्की ८,००,००० |
| २ | छाती पुन:स्थापना केन्द्र भवनको दोस्रो चरण कार्य गर्न | ९ | ७,१३३,४५७।७२ | ९,९९२,१९७।२१ | १०,०३४,९८१।७२ | ५,७३३,५५८।०० | ३,५५०,०००।०० | २,१८३,५५८।०० | नपा | सम्पन्न |
| ३ | छिपा ताँ (महेश्वरी पुल) पुन:निर्माण कार्य | ७ | ९८९९,४६८।९० | | १०,३२८,४९८।५३ | ८,२७४,७४१।८० | ४,७००,०००।०० | | नपा | सम्पन्न |
| **उपभोक्ता समिति गठन सम्बन्धमा** | | | | | | | | | | |
| १ | महेन्द्र आधारभूत विद्यालय दक्षिणतर्फ पर्खाल निर्माण कार्य | ८ | १,१९६,३०४।२१ | ४,७९२,४८५।४३ | उ.अ.अ : लक्ष्मीभक्त गाइजू | | अ.स.स : कृष्णप्रसाद कोजू | | | |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. भक्तपुर नपाको गाडी नं. बा १ ग २९४१ मर्मत गर्दाको रु. १९,१००।- तुल्सी अटो वर्कशपलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ख. 'अर्हत' त्रैमासिक पत्रिकाको वर्ष ८, अङ्क १ र वर्ष ७, अङ्क ४ मा गरी दुई पटक यस नपाको विज्ञापन प्रकाशन गरे वापत रु. १६,०००।- बौद्ध दर्शन अध्ययन समाजलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ग. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित भर्च्युअल कक्षाहरू टेलिभिजनमा प्रसारणका लागि कार्यक्रम उत्पादन गरे वापत रु. १,८०,८००।- ख्वप मल्टिपर्पोज प्रा.लि. लाई **भुक्तानी** दिने निर्णय गरियो ।

घ. नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु. २६,४७०।- भ्न:छे नेवारी खाजा घरलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ङ. नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु. ५४,२६५।- दिब्य स्वीट्सलाई **भुक्तानी** दिने निर्णय गरियो ।

च. भक्तपुर नगर शिक्षा शाखाका स्रोत व्यक्ति कृष्णप्रसाद कर्माचार्यले दक्ष स्काउट मास्टर उत्पादन गर्न मिति २०७६ पुस २४ गतेदेखि २९ गतेसम्म स्काउटिङ्ग तालिम सञ्चालनका रु. ७५,०००।- पेश्की लिई रु. १,५२,६६५।- बराबरको बिल भपाई पेश गरी नपुग रकम रु. ७७,६६५।- भुक्तानी समर्थन गरी निजका नाममा रहेको **पेश्की फछ्र्यौट** गरियो ।

छ. कृषि प्राविधिक तालिमका लागि वडा नं. १० का वडाअध्यक्ष लक्ष्मीप्रसाद ह्यौमिखाले रु. २,००,०००।- पेश्की लिई रु. ३,५७,३४०।- खर्चको फाँटवारी समर्थन गरी निजको नाममा रहेको पेश्की फछ्र्यौट गरी नपुग रकम रु. १,५७,३४०।- **भुक्तानी** दिइएको अनुमोदन गरियो ।

ज. वडा नं. २ का वडाअध्यक्ष हरिप्रसाद बासुकलाले जिम्न्याष्टिक खेल सामग्री खरिदका लागि रु. १,५०,०००।- पेश्की लिई रु. १,४६,६२४।- को खर्च समर्थन गरी आयकरसहित रु. ५,५२५।- बैंक दाखिला गरी निजको नाममा रहेको **पेश्की फछ्र्यौट** गरियो ।

झ. नपामा विभिन्न समयमा जलपान उपलब्ध गराए वापत रु. १३,५६०।- सूयविनायक पार्टी भेन्यूलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ञ. भ.न.पा.वडा नं. ८ को वडा स्तरीय योजना अन्तर्गत महेन्द्र आधारभूत विद्यालयको दक्षिणतर्फ पर्खाल निर्माण कार्य योजना सञ्चालन गर्न रु. ११,९६,३०४।२१ ल.ई. स्वीकृत गरी श्री लक्ष्मीभक्त गाईजुको अध्यक्षतामा गठित ७ सदस्यीय समितिबाट योजना सञ्चालन गर्दै जाँदा सो स्थानमा एक तले भवन बनाउन उपयुक्त हुने वडावासीहरू र उपभोक्ता समितिको राय सुझाव आई वडा समितिबाट स्थलगत अध्ययन गर्दा वडावासीहरूको रायसुझाव अनुसार एक तले भवन बनाउन उपयुक्त देखी सो अनुसार कार्य सञ्चालन गर्न वडा प्राविधिकलाई रि.ल.ई. गराउँदा रु. ४७,९२,४८५।४३ रि.ल.ई. पेश भएकोमा उक्त रि.ल.ई. मिति २०७६।५।२६ गतेको वडा समितिको बैठकबाट स्वीकृत गरी पटक पटक पेश्की र पेश्की फछ्र्यौट पछिको नपुग रकम भुक्तानी दिई उक्त निर्माण कार्य भइरहेको र उक्त योजनाको ल.ई. रु. २५,००,०००।-भन्दा बढी हुन गएको साथै वडा बजेट पनि खर्च भइसकेको हुँदा उक्त आयोजनालाई आवश्यक बजेट विनियोजन गरी पाउँ भनी दिएको निवेदन सम्बन्धमा छैटौं नगर सभाबाट रु. ३०,००,०००।- (अक्षेरूपी रु. तीस लाख रूपैयाँ मात्र) रकमान्तर गरी बजेट विनियोजन भए पश्चात् उक्त कार्य योजनालाई निरन्तरता दिई सञ्चालन गर्दै गरेको र उक्त योजना वडा कार्यालयमार्फत उल्लेखित उपभोक्ता समितिबाट निरन्तरता दिन रु. ३०,००,०००।- (अक्षेरूपी तीस लाख रूपैयाँ) माग भएकोमा कार्यपालिका बैठकमा छलफल हुँदा हाललाई रु. २०,००,०००।- (अक्षरूपी बीस लाख) भ.न.पा. ८ नं. वडा कार्यालयलाई **निकासा** दिने निर्णय गरियो ।

# ‘विदेशीले नेपालको नगरिकता लिन नसकोस् भन्नेमा राज्य जहिल्यै सचेत हुनुपर्ने’

## – प्रमुख सुनिल प्रजापति

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नागरिकता प्राप्त व्यक्तिको आर्थिक, सांस्कृतिक र राजनैतिक अधिकारको सुनिश्चितता गर्ने हुँदा कुनै पनि विदेशी नागरिकले नेपालको नगरिकता लिन नसकोस् भन्नेमा राज्य जहिले पनि सचेत हुनुपर्ने बताउनुभयो ।

धान दिवसको अवसर पारेर भक्तपुर नगरपालिका वडा नं. १ को आयोजनामा असार १५ गते आयोजित कार्यक्रममा



बोल्नुहुँदै प्रमुख प्रजापतिले अङ्गीकृत नागरिकता प्राप्त व्यक्तिहरू देशको प्रमुख पदमा बाहेक अरु कुनै पनि पदमा निर्वाचित, मनोनित वा नियुक्ति हुन सक्ने भन्दै प्रमुख प्रजापतिले नेपालमा नेपालीहरू विदेशीबाट शासित हुनुपर्ने अवस्थाबाट जोगाउनुपर्नेमा जोड दिनुभयो ।

नेपालकै अग्लो भक्तपुरको प्रसिद्ध ङातापोल मन्दिर जीर्णोद्धार कार्यमा नगरवासीहरूको उत्साहजनक जनश्रमदान भक्तपुरको उत्कृष्ट विशेषताको रूपमा चिनिँदै आएको बताउनुहुँदै प्रमुख प्रजापतिले इमानदारिता, पारदर्शिता र आर्थिक अनुशासनकै कारण भक्तपुरमा उपभोक्ता समितिमार्फत हुने विकास निर्माण कार्य सफल कार्यान्वयन हुन सकेको बताउनुभयो ।

अमेरिकी एमसीसी सम्झौता केवल गुलियो पोतेको विष भएको इंगित गर्नुहुँदै उहाँले एमसीसी अनुमोदन हुनु भनेको देशको सार्वभौमिकतामै खतरा हुने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले वडाको विकास निर्माण कार्यहरूबारे अवगत गराउनुहुँदै भक्तपुर नगरपालिकाले कृषि क्षेत्रलाई प्राथमिकता दिई कृषिसँग सम्बन्धित विभिन्न तालिमहरू सञ्चालन गरिरहेको बताउनुभयो । उहाँले विश्व सम्पदामा सूचीकृत ङातापोल मन्दिरमा जनश्रमदान गर्न पाउनु गौरवको विषय भएको बताउनुभयो ।

कार्यक्रममा नेमकिपा भनपा वडा नं. १ का इन्चार्ज लक्ष्मीनारायण खत्री, नेक्रामहिला सङ्घ भक्तपुरका संयोजक कृष्णप्यारी भुजु, वडा सदस्य गंगालक्ष्मी बमनु, शिवलक्ष्मी दुवाल र विकुलक्ष्मी कोजुले पनि समसामयिक विषयमा आ–आफ्नो धारणा राख्नुभयो ।

**पाठकपत्र**

## नपाको ध्यानाकर्षण होस्

अहिले लकडाउन हटेसँगै धेरै पसलहरू खोल्न थालेको र कोल्ड स्टोर (मासु पसलहरू), फलफूल पसलहरू र तरकारी पसलहरूबाट धेरै फोहोरहरू आउन थालेको छ । तर फोहोर सङ्कलन गर्ने ड्राइभरहरूले पसलेहरूसँग सफाइ शुल्क तिरेको छ छैन भनी खोजबिन गर्दा धेरैले नतिरको पाइएको बताइन्छ । नगरपालिकामा अहिले पर्यटक सेवा केन्द्रका कर्मचारीहरूको काम नभएकोले ती कर्मचारीहरूलाई रसिदसहित पसल पसलमा सफाइ शुल्क उठाउन पठाए राम्रो हुने देखिन्छ । साथै कमलविनायक पोखरी छेउलगायत विभिन्न स्थानमा जिल्ला बाहिरका व्यक्तिहरूले ठूलो एरियामा तरकारी पसल र फलफूल पसलहरू राख्ने गरेको पाइन्छ ।तर कर नतिरेको सुनिन्छ । नगरपालिकाका कर्मचारीहरूलाई उपयोग गरी पहिले जस्तै बाटोहरूमा राखेका पसलहरू, साईकल, गाडाहरूमा घुम्ति कर उठाउने कार्यमा लगाउँदा नगरपालिककाको आय श्रोत पनि बढ्ने साथै ती पसलहरू व्यवस्थित गरी राख्न लगाउन पनि पाइने भएकोले यस तर्फ नगरपालिकाको ध्यानाकर्षण गर्न चाहन्छु ।

**तेज श्रेष्ठ, एक सचेत नगरवासी**

# ङातापोल मन्दिर जीर्णोद्धार निर्देशक समितिको बैठक

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको संयोजकत्वमा भक्तपुरको ऐतिहासिक ङातापोल मन्दिर जीर्णोद्धार निर्देशक समितिको बैठक जेठ ३० गते बस्यो ।



निर्देशक समितिको बैठक

बैठकमा मन्दिर उपभोक्ता समितिका संयोजक प्रजापतिले नेपालकै अग्लो ङातापोल मन्दिर जीर्णोद्धार र छाना छाउने कार्यमा उत्साहजनक रूपमा जनश्रमदान कार्य भइरहेको अवगत गराउनुहुँदै लकडाउनको समयमा पनि भक्तपुरका विकास निर्माण कार्यहरू निरन्तर अगाडि बढिरहेको बताउनुभयो । प्रमुख प्रजापतिले मन्दिरको जीर्णोद्धार यही आर्थिक वर्षमा सम्पन्न गर्ने योजना रहेको बताउनुहुँदै मन्दिर जीर्णोद्धार कार्यमा स्थानीय जनश्रमदान र विभिन्न क्लब, समूह तथा संघ संस्थाहरूबाट आर्थिक सहयोग प्राप्त भइरहेको छ भन्नुभयो ।

बैठकमा मन्दिर उपभोक्ता समितिका अध्यक्ष केशव तमखूले मन्दिर जीर्णोद्धारमा हालसम्म सम्पन्न कार्य प्रगति प्रस्तुत गर्नुभयो । उहाँले ङातापोल मन्दिर संरक्षण कार्यको लागि हालसम्म रु. ७,४१,४०८ ।– आर्थिक सहयोग प्राप्त भएको, मन्दिरको छाना छाउनका लागि २८९ जनाले श्रमदान र इँटा सफा गर्न ३१८ जना गरी जम्मा ६०७ जनाले श्रमदान गरेको बताउनुभयो ।



प्रमुख प्रजापतिलगायतबाट स्थलगत निरीक्षण

बैठकपश्चात ङातापोल मन्दिर जीर्णोद्धार निर्देशक समितिका पदाधिकारीहरूद्वारा ङातापोल मन्दिरको स्थलगत निरीक्षण गरेको थियो ।

## हस्तकलाका सामग्रीहरु बनाउने तालिम

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शिशु स्याहार केन्द्रका शिक्षिका तथा कर्मचारीहरूको लागि नगरपालिकाले असार ८ गतेदेखि हस्तकलाका सामग्रीहरू बनाउने तालिम सञ्चालन गरेको छ ।



# ङातापोलको वर्षबन्धन

नेपालकै अग्लो भक्तपुरको टौमढीमा अवस्थित ङातापोल (पाँचतले) मन्दिरको जन्मोत्सव अर्थात वर्षबन्धनमा झन्डोतोलन कार्य असार ८ गते सम्पन्न भयो । उक्त अवसरमा सेतो कपडामा रातो चन्द्र आकार भएको ठूलो झन्डा फहराइयो । स्थानीय भाषामा यसलाई बुसादान भनिन्छ । स्मरणीय छ ङातापोल नेसं ८२२ अर्थात विसं १७५९ मा निर्माण भएको हो ।



२०७२ सालको भूकम्पले मन्दिरको माथिल्लो भागमा क्षति पुगेकोमा हाल भक्तपुर नगरपालिकाले जीर्णोद्धार कार्य अगाडि बढाइरहेको छ । मन्दिरको भार तलाछाना छाउने कार्य सम्पन्न भइसकेको छ ।

**कोरोनाबाट बच्न पटक पटक साबुन पानीले हात धोऔं । शारीरिक दूरी कायम गरौं ।**

## sf]/fgf ; ªbmd0faf6

## आफू बचौं र अरूलाई बचाऔं

**कोभिड-१९ का ९५ प्रतिशत रोगीमा लक्षण देखिन्दैन, बिना चिन्ह र लक्षण पनि रोगी वा सङ्क्रमित हुन सक्छ ।**

***त्यसैले घरैमा सुरक्षित बसे कोरोना सङ्क्रमणबाट बच्न सकिन्छ, बाहिर निस्केमा भन्न सकिन्न ।***

**कोभिड-१९ का लक्षण**

- रुघाका साथै सुख्खा खोकी लाग्ने
- टाउको दुख्ने
- ज्वरो १००.४° भन्दा बढी आउने
- घाँटी दुख्ने
- सास फेर्न अप्ठेरो वा गाह्रो हुने ।

**बच्ने उपाय**

- हात नमिलाउने, त्यसको सट्टा नमस्कार गर्ने ।
- अङ्कमाल नगर्ने ।
- साबुन-पानीले कम्तिमा २० सकेण्डसम्म (वा १ देखि ५० सम्म गनेर) पटक-पटक हात धुने ।
- नधोइएका हातले आँखा, मुख र नाक नछुने ।
- बाहिरबाट आएपछि राम्रोसँग साबुन पानीले अनिवार्य हात धुने ।
- अनावश्यक बाहिरी वस्तु केही नछुने, छोएपछि हात धुने ।
- शारीरिक दूरी कायम गर्ने ।
- रुघा खोकी लागेका, ज्वरो आएका मान्छेसँग एउटै कोठामा नबस्ने ।
- भिडभाडमा नजाने ।
- जङ्गली जनावरलाई नछुने ।
- बिरामी घरपालुवा जनावरको पनि सम्पर्कमा नजाने ।
- मासु तथा अन्डा राम्रोसँग पकाएरमात्र खाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख रुमालले छोप्ने वा कुहिना दोब्र्याएर छेक्ने ।
- पाएसम्म राम्रो मास्क प्रयोग गर्ने ।
- **खोकी, ज्वरो र श्वास फेर्न गाह्रो भएमा तुरुन्त अस्पताल जाने ।**

नियमित रूपमा प्रक्रिया पुऱ्याएर साबुन पानीले राम्ररी हात धुने गरेमा कोरोना भाइरस लाग्न नपाउने अनुसन्धान तथा प्रयोगशालाबाट प्रमाणित भएको छ । साबुन पानीले बरोबर हात धुँदा कोरोनामात्र होइन मौसमी रुघाखोकी, श्वासप्रश्वासबाट हुने सङ्क्रमण, टाइफाइड, झाडापखालालगायतका थुप्रै सङ्क्रमणबाट बच्न सकिन्छ ।

त्यसैले नियमित हात धुने गरौं ।

# उपत्यकामा ठूल्ठूला सहरको विकासले समस्या थपिने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले आवास योजना सञ्चालन स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने हुँदा उपत्यका विकास प्राधिकरणबाट स्थानीय तहको अनुमतिबिना उपत्यकामा ठूला सहर विकास गर्ने योजना स्थानीय तहको अधिकारमाथि हस्तक्षेप हो भन्नुभयो ।

काठमाडौँ उपत्यका विकास प्राधिकरण सञ्चालक समितिको जेठ २२ गते बसेको बैठकमा उहाँले स्मार्ट सिटीको नाउँमा उपत्यकामा ठूल्ठूला सहरहरू निर्माणले काठमाडौँ उपत्यकाको सांस्कृतिक सम्पदाहरू समाप्त हुने हुँदा उपत्यका



बाहिर स–साना सहरहरूको विकास गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो –'ठूल्ठूला सहरको विकासले फोहरमैला व्यवस्थापनमा समस्या हुनेछ, खानेपानीको हाहाकार हुनेछ, अपराधको सङ्ख्या वृद्धि हुनेछ र सडक जामको समस्या विकराल बन्नेछ । उपत्यकाको सांस्कृतिक सम्पदा देशकै सम्पत्ति हो । त्यसलाई संरक्षण गर्नुपर्छ ।'

'काठमाडौँ उपत्यकामा नदी र वायु प्रदूषणले श्वास फेर्न गाह्रो भएको छ । उत्पादन हुने भूमिमा घरहरूको निर्माणले गर्दा खाद्यान्नको लागि विदेशीको भर पर्नुपर्ने स्थिति बढ्नेछ । के हामीले सबै कुरामा परनिर्भरता चाहेका हौँ ?' – उहाँले प्रश्न गर्नुभयो ।

उहाँले काठमाडौँ उपत्यकालाई सांस्कृतिक केन्द्रको रूपमा संरक्षण गरी देशको सन्तुलित विकासको लागि उपत्यका बाहिर पनि जनतालाई उपत्यकामा झैँ सबै अवसर दिनुपर्छ भन्नुभयो ।

तारकेश्वर नगरपालिकाका प्रमुख रामेश्वर बोहराले स्थानीय तहको अधिकार क्षेत्रमा सचेत भए पनि आफ्नो पहलमा मात्रै योजना कार्यान्वयन सम्भव नभएको बताउनुभयो । उहाँले योजनालाई जति सम्भव छ, त्यति छिटो सम्पन्न गर्नुपर्नेमा जोड दिनुभयो ।

सिन्टीटार जग्गा एकीकरण आयोजनाका प्रतिनिधि रमेश थापाले काठमाडौँ उपत्यकामा कति मान्छे राख्ने त्यसको स्पष्ट योजना बनाउनुपर्नेमा जोड दिनुहुँदै घना जनसङ्ख्याका कारण दिल्लीमा प्रदूषण बढेकोले विद्यालयमा बिदा दिनुपरेको घटनाबाट शिक्षा लिनुपर्छ भन्नुभयो ।

पुरातत्त्व विभागका प्रतिनिधि सुरेश सुरज श्रेष्ठले फास्ट ट्र्याकको नाउँमा बुङ्गमतीका सम्पदामा क्षति पुग्यो भनेर स्थानीय जनता लडिरहेकोबारे सोच्नुपर्छ भन्नुभयो ।

बैठकमा गुठी संस्थान प्रमुख मिनबहादुर चौधरी, नापी विभागका प्रतिनिधि, भूमिसुधार विभागलगायतका प्रतिनिधिहरूले प्रस्तावित डीपीआरमाथि आ–आफ्नो विचार व्यक्त गर्नुभयो ।

काठमाडौँ उपत्यकाको ४ स्थानमा ४ वटा ठूला सहरहरू निर्माण गर्ने नेपाल सरकारको नीति तथा कार्यक्रममा उल्लेख छ । त्यसबारे पक्ष विपक्षमा बहस चलिरहेको छ । काठमाडौँ उपत्यका विकास प्राधिकरणले केही वर्ष अघिदेखि यसको लागि तयारी अगाडि बढाइरहेको छ ।

बैठक प्राधिकरण सञ्चालक समितिका अध्यक्ष भाइकाजी तिवारीको अध्यक्षतामा बसेको थियो ।

# कसिमला पाँय् मोबाइल एपमा

भक्तपुर नगरपालिकाले स्थानीय पाठ्यक्रमअन्तर्गत स्थानीय मौलिक खेलमा समावेश गरिएको कसिमला पाँय् अब मोबाइल एपमा उपलब्ध भएको छ ।

भक्तपुरका एक जना इन्जिनियरले भक्तपुरमा परम्परादेखि खेल्दै आएको मौलिक खेल कसिमला पाँय् मोबाइलमा पनि खेल्न सकिने गरी मोबाइल एप बनाएको छ ।

ख्वप इन्जिनियरिङ कलेजबाट कम्प्युटर इन्जिनियरिङमा स्नातक गरेका भक्तपुर वडा नं ९ का रमेश प्रजापतिले बनाएको कसिमला पाँय्को मोबाइल एप जेठ ३१ गतेबाट गुगलको प्लेस्टोरमा पनि उपलब्ध भएको हो । कसिमला पाँय् गुगलको प्लेस्टोरमा उपलब्ध भएसँगै अब सो खेल खेल्न चाहनेले मोबाइलको गुगल प्लेस्टोरबाट डाउनलोड गरी इन्स्टल गर्न सकिने भएको छ ।

हाललाई सो खेल अनलाइन खेल्न सकिने छैन । तर, दुई जना खेलाडी र कम्प्युटरसँगै भने सो खेल खेल्न सकिने सुविधा छ ।

# भक्तपुर नपाबाट प्रहरी उपरीक्षक तारादेवी थापालाई स्वागत

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले २०७७ असार ८ गतेबाट भक्तपुर जिल्लामा सरुवा भई आउनुभएकी प्रहरी उपरीक्षक तारादेवी थापालाई पुष्पगुच्छा र भक्तपुरको प्रसिद्ध मयूर झ्याल प्रदान गर्नुभएर असार १६ गते भक्तपुर नगरपालिकामा स्वागत गर्नुभयो।



नगर प्रमुख प्रजापतिले प्रहरी उपरीक्षक थापालाई सांस्कृतिक, पर्यटकीय र प्राचीन नगर भक्तपुरमा नगरपालिका परिवार र सिङ्गो नगरवासीहरूको तर्फबाट स्वागत गर्नुभयो।

भक्तपुरको सम्पदा संरक्षण र शान्ति सुरक्षा कायम गर्न प्रहरी प्रशासनको भूमिका अपरिहार्य भएको बताउनुहुँदै उहाँले भक्तपुर नपाले अनियमित, भ्रष्टाचार र अनैतिक काम गर्नेहरूको पक्ष कहिल्यै नलिने बताउनुभयो।

भक्तपुर नगरपालिकाले नेपालकै प्रसिद्ध ङातापोल मन्दिर जीर्णोद्धार कार्य जनश्रमदानमार्फत गरिरहेको अवगत गराउनुहुँदै प्रमुख प्रजापतिले कोरोना सङ्क्रमण नियन्त्रणको लागि लकडाउनको समयमा जनप्रतिनिधि र प्रशासनले खेलेको भूमिकाबारे प्रष्ट पार्नुभयो।

उहाँले आफ्नो कार्यक्षेत्रमा इमानदारीपूर्वक काम गरी जनमानसमा सकारात्मक प्रभाव पार्न शुभकामना दिनुहुँदै भक्तपुर क्यान्सर अस्पतालमा भएको अनियमितता र भ्रष्टाचारको बारेमा पनि अवगत गराउनुभयो।

कार्यक्रममा प्रहरी उपरीक्षक थापाले भक्तपुर देशकै सानो जिल्ला भएर पनि सांस्कृतिक विविधता बोकेको जिल्ला भएको हुँदा सुन्दर नगरी भक्तपुरमा सरुवा भएर कार्य गर्न पाउँदा निकै उत्साहित भएको बताउनुभयो।

भक्तपुरवासीको न्यानो स्वागत र सद्भावप्रति आभार प्रकट गर्नुहुँदै प्रहरी उपरीक्षक थापाले प्रहरी जनताको सेवामा सँधै खटिरहने र प्रहरीबाट हुने गलत कार्यको पनि निन्दा गर्नु आवश्यक भएको बताउनुभयो।

स्वागत कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले भक्तपुरको सङ्क्षिप्त परिचय दिनुहुँदै प्रहरी प्रशासनको तर्फबाट सकारात्मक सहयोगको अपेक्षा रहेको बताउनुभयो।

प्रहरी उपरीक्षक सबिन प्रधानको ठाउँमा प्रहरी उपरीक्षक तारादेवी थापा भक्तपुरको प्रहरी प्रमुखको रूपमा आउनुभएको हो। उहाँ काठमाडौंको महाराजगञ्जस्थित राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानबाट सरुवा भई भक्तपुर जिल्लामा आउनुभएको हो।

# अफ्रिकी सलह नेपाल प्रवेश

अफ्रिकाको रैथाने सलह इरान, पाकिस्तान, भारत हुँदै असार १३ गते नेपाल प्रवेश गरेको छ।

हावाको गतिमा आएको परिवर्तनका कारण पूर्वानुमान विपरित अफ्रिकाबाट भारतसम्म आएका सलहको एक झुण्ड असार १३ गते बिहान नेपालका बारा, पर्सा, सिन्धुली, सर्लाही, रुपन्देहीसहितका जिल्लामा प्रवेश गरेको थियो।

कृषि मन्त्रालयका प्रवक्ता डा. हरिबहादुर केसीले भित्रिएका सलहका झुण्ड पाल्पा, मकवानपुर, ललितपुरसहितका क्षेत्रमा पनि पुगेको जानकारी प्राप्त भएको बताए। असार १६ गते भक्तपुरमा पनि सलहको झुण्ड देखिएको थियो। पछिल्लो समाचारअनुसार देशको हिमाली क्षेत्रलगायत ५२ जिल्लामा सलह देखिको र केही क्षति पुऱ्याएको बताइन्छ।

६० वर्षअघि काठमाडौं उपत्यका र आसपासका जिल्लामा सलहले ठूलो क्षति पुऱ्याएको थियो। घाम नै छेलिनेगरी उडेर आउने सलहका झुण्ड जहाँ बस्छ त्यहाँको हरियाली केही बेरमै उजाड बन्छ।



सन् १९६० को दशकको सुरुतिर सलह प्रकोपले नेपालमा ठूलो खाद्य सङ्कट निम्त्याएको थियो। त्यसबेला काठमाडौं उपत्यका, धादिङ, नुवाकोट, काभ्रेलगायतका जिल्लामा सलहले सबैखाले बाली सखाप पारेको थियो।

# प्रा.डा. जटाधर झाको बिदाइ

ख्वप इन्जिनियरिङ्ग कलेजमा सेवारत प्राध्यापक डा. जटाधर झाले उमेर हदका कारण अवकाश प्राप्त गर्नुभएको छ । उहाँलाई असार ५ गते एक कार्यक्रम गरी बिदाइ गरियो ।

कार्यक्रममा प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले कुनै पनि व्यक्ति रिटायर्ड हुनुभन्दा बढी महत्त्वपूर्ण कुरा योगदान हुने बताउनुहुँदै उहाँ जोश र अनुभवले एक युवा भएको बताउनुभयो ।




उहाँले कलेज तथा शैक्षिक संस्थाको प्रगति भनेको त्यहाँका प्राध्यापक र कर्मचारीहरूको हातमा हुने बताउनुहुँदै हामीसँग नयाँ पुस्ताका जोश र जाँगर भएका प्राध्यापक तथा कर्मचारीहरू तयार भएकोमा खुसी व्यक्त गर्नुभयो । पुराना पुस्ताको अनुभवलाई नयाँ पुस्ताले आत्मसाथ गरी अगाडि बढ्ने भएको हुँदा अनुभवी पुस्ताको महत्त्व बढी भएको चर्चा गर्नुभयो । आफ्नो जीवनमा भोगेका ओकाली ओरालीहरू नयाँ पुस्तालाई बताउनुपर्ने, कलेजले अध्ययन अनुसन्धानमा जोड दिनुपर्ने, राष्ट्रिय अन्तर्राष्ट्रियस्तरको कार्यशाला गोष्ठी र सम्मेलन गर्नुपर्ने तथा राष्ट्रिय अन्तर्राष्ट्रियस्तरको रोबोट प्रतियोगितालगायत अन्य शैक्षिक गतिविधि गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

कार्यक्रमा भक्तपुर नगरपालिकाका उपमेयर एवं कलेज सञ्चालक समितिका उपाध्यक्ष आर्किटेक्ट रजनी जोशीले जटाधर झा सरले कलेजमा पुऱ्याउनु भएको योगदानको सम्पूर्ण प्राध्यापक कर्मचारीले अनुसरण गर्नुपर्ने बताउनुहुँदै रिटायर्ड भएपनि कलेजको सेवामा लागिरहनु हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ्ग कलेजका प्राचार्य ई. सुजन माकले डा. झाले कलेजमा सेवारत रहेको अवधिमा एक कुशल अभिभावकको रूपमा भूमिका निभाउनुभएको चर्चा गर्नुभयो । कलेजमा कार्यरत प्राध्यापक, कर्मचारी र विद्यार्थीहरूको उहाँ मार्गनिर्देशक बन्नुभएको, दिइएको जिम्मेवारी उत्साहका साथ पूरा गर्ने वहाँको लगनशीलता, विषयवस्तुप्रतिको गहिरो ज्ञान, मार्क्सवादी साहित्यप्रतिको लगावको विषयमा चर्चा गर्नुभयो । उहाँले भक्तपुरमा सम्पन्न दुईवटा नेपालभाषा साहित्य तःमुज्यामा रुसी भाषामा साहित्य वाचन गर्नुभएको चर्चा गर्नुभयो । कलेजको शैक्षिक एवं अनुसन्धनात्मक कार्यमा झा सरको सराहनीय योगदान भएको बताउनुहुँदै उहाँकै अथक मिहिनेतमा कलेजले निरन्तर रूपमा इन्जिनियरिङ्ग जर्नल प्रकाशित गर्ने अवसर पाएको बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेज अफ इन्जिनियरिङ्गका प्राचार्य ई. सुनिल दुवालले झा सरबाट सबैले कसरी आफूलाई रचनात्मक बनाउने भन्ने कुरा सिक्न सक्ने बताउनुभयो । उहाँको आचरणबारे बताउनुहुँदै उहाँ सबैका सहयोगी भएको, अरुलाई मार्गदर्शन गर्न सक्ने शिक्षक एवं एक कुशल नेतृत्वकर्ता भएको चर्चा गर्नुभयो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले दोसल्ला ओढाई सम्मान गर्नुका साथै कदर पत्र पनि प्रदान गर्नुभयो । कार्यक्रममा कलेजका उप-प्राचार्यद्वय ई. रविन्द्र फोजू र ई. रत्नशोभा प्रजापति, डा. मंजिप शाक्य, सिद्धिराम सुवाल र राजन जतिले पनि बोल्नु भएको थियो ।

कार्यक्रममा उमेर हदका कारण अनिवार्य अवकाश पाउनु भएका प्रा.डा. जटाधर झा सरले आफ्नो जीवनमा भोगेका विभिन्न आरोह अवरोहको बारेमा चर्चा गर्नुहुँदै कलेज सेवाका अनुभवहरू बताउनुभयो ।

प्रा.डा. जटाधर झा ख्वप इन्जिनियरिङ्ग कलेजमा मिति २०६८ श्रावण १ गतेदेखि पूर्णकालीन प्राध्यापक भई कलेजमा सेवारत हुनुहुन्थ्यो ।

**एसईई नहुने**

## विद्यालयहरूकै आन्तरिक मूल्याङ्कनका आधारमा प्रमाणपत्र दिइने

सरकारले २०७६ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) नलिने निर्णय गरेको छ । गत चैत ६ गतेबाट सुरु हुनुपर्ने एसईई परीक्षा कोरोना महामारीको कारण अघिल्लो दिन स्थगित गरिएको थियो । देशभरका चारलाख ८२ हजार २१९ विद्यार्थीले एसईईको तयारी गरेका थिए । परीक्षा स्थगित भएपछि तीन महिनादेखि उनीहरू अन्योलमा थिए ।

शिक्षामन्त्री गिरिराजमणि पोखेलले अब सम्बन्धित विद्यालयहरूकै आन्तरिक मूल्याङ्कनका आधारमा राष्ट्रिय परीक्षा बोर्डले विद्यार्थीहरूलाई प्रमाणपत्र दिनेछ । यसको लागि यसअघि लिइएको टेस्ट परीक्षाको मूल्याङ्कन एउटा महत्त्वपूर्ण आधार हुनसक्छ ।

# भक्तपुरका प्रहरी उपरीक्षक सबिन प्रधानको बिदाइ

भक्तपुर नपाको आयोजनामा भक्तपुरबाट सरुवा भई जानुहुने महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक सबिन प्रधानको असार ३ गते बिदाइ कार्यक्रम गरियो ।

बिदाइ कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले जनप्रतिनिधि तथा कर्मचारीहरूले जुनसुकै क्षेत्रमा इमानदारीपूर्वक काम गर्नुपर्ने बताउनुहुँदै राम्रो काम सँधै स्मरणीय हुने र नराम्रो कामले बद्नाम गर्नेतर्फ सजग पार्नुभयो ।



भक्तपुर नगरपालिकाले प्रहरी प्रशासनसँग आपसी सरसल्लाह र समन्वयमै आफ्ना गतिविधिहरूलाई अगाडि बढाइरहेको स्मरण गर्नुहुँदै नगर प्रमुख प्रजापतिले सही नेतृत्वले देशलाई सही बाटोमा डोऱ्याउने बताउनुभयो । कोरोना भाइरस सङ्क्रमणको जोखिम न्युनीकरणमा भक्तपुरको प्रहरी प्रशासनले खेलेको भूमिकाको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुरमा एकद्वार प्रणालीमार्फत भएको राहत वितरणले समाजलाई फाइदा पुऱ्याएको बताउनुभयो ।

प्रहरी उपरीक्षक सबिन प्रधानले भक्तपुर बस्दाको अनुभव आदानप्रदान गर्नुहुँदै भक्तपुरलाई आफ्नो कार्य क्षेत्र बनाई काम गर्दा निकै सकारात्मक सहयोग पाएको अनुभूति भएको बताउनुभयो । काम गर्ने सिलसिलामा देखिएका संस्थागत र राजनैतिक चुनौतीहरू भक्तपुर नपासँगको आपसी समन्वयमा समाधान भएको बताउनुहुँदै उपरीक्षक प्रधानले लकडाउनको समयमा पनि बिस्केट जात्रा व्यवस्थापन निकै शान्तिपूर्वक भएको र आफ्नो कार्यकालबाट सन्तुष्ट भएको विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी र भनपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

नगर प्रमुख प्रजापतिले प्रहरी उपरीक्षक प्रधानलाई भक्तपुरको प्रसिद्ध मयूर झ्याल र भादगाउँले टोपी लगाई दिनुभएर बिदाइ गर्नुभयो । प्रहरी उपरीक्षक सबिन प्रधान २०७६ साल जेठ १७ गते महानगरीय प्रहरी परिसर भक्तपुरमा सरुवा भएर आउनुभएको हो ।

# लकडाउनको स्वरूप परिवर्तन

मन्त्रिपरिषद्को जेठ २८ गते बसेको बैठकले सरकारी कार्यालय खोल्ने निर्णय गर्दै लकडाउनको स्वरुप परिवर्तन गर्ने २१ दिने योजना सार्वजनिक गरेको छ । स्मरणीय छ २०७६ चैत ११ गतेदेखि देशभर लकडाउन घोषणा गरेको हो । त्यसयता पटकपटक लकडाउनको समय थप गर्दै जेठ ३२ सम्म कायम थियो ।

सरकारले लकडाउनको परिवर्तित स्वरुप साउन ७ गतेसम्म यथावत राख्ने निर्णय असार १५ गते गरेको छ ।

**के खुल्यो ?**

स्वास्थ्यसँग सम्बन्धित सम्पूर्ण सेवा (निजी क्लिनिकसमेत); कृषि र पशुपंक्षी सम्बन्धित व्यवसाय सञ्चालन, उत्पादन र बिक्री वितरण; सबै प्रकारका ढुवानी सेवा; उद्योग, व्यापार, व्यवसाय, पसल र डिपार्टमेन्ट स्टोर; फोहोर मैला व्यवस्थापन; विद्युत, दमकल, सञ्चार तथा प्रसारण; बैंक, वित्तीय संस्था, सहकारी क्षेत्र; नर्सरी र वनजन्य उद्यम र व्यवसाय; विकास आयोजना तथा निजी निर्माण कार्य; जल विद्युत आयोजना; क्वारेन्टाइनका लागि तोकिएका होटल र यातायात; प्याकिङको माध्यमबाट सेवा दिने गरी रेष्टुरेण्ट; सरकारी तथा गैरसरकारी कार्यालय (दुई सिफ्ट गरेर सञ्चालन गर्ने); मोटरसाइकल र साइकल (चालकमात्र); चारपाङ्ग्रे सवारीमा चालकबोहक २ जना मात्र; पैदल आवागमन; जोर विजोर प्रणालीमा निजी सवारी साधन (काठमाडौं उपत्यकाबाहेक जिल्लाभित्र) ।

**के नखुल्ने ?**

शैक्षिक संस्था; अनुमति बाहेकका अन्तर्राष्ट्रिय उडान; तोकिए बाहेकका अन्तर्राष्ट्रिय सीमा नाकाबाट आवतजावत; जात्रा, महोत्सव, सभा सम्मेलन, गोष्ठी, तालिम; सिनेमा हल, पार्टी प्यालेस, डान्सबार; सार्वजनिक पुस्तकालय, सङ्ग्रहालय, चिडियाखाना; ब्युटि पार्लर, सैलुन; सम्पूर्ण धार्मिक स्थल, यात्रुवाहक सार्वजनिक र पर्यटक सवारी साधन; सपिङ मल; स्वीमिङ पुल, जिमखाना, हेल्थक्लब; समूहमा खेलिने खेलकुद र खेल मैदान ।

# संविधान संशोधन सर्वसम्मत, निशान छाप अद्यावधिक

संविधानको अनुसूची ३ मा रहेको निशान छापभित्रको नक्सा अद्यावधिक गर्न दर्ता भएको संविधान संशोधन विधेयक सर्वसम्मतले पारित भएको छ। प्रतिनिधिसभाको जेठ ३१ गते बसेको बैठकबाट लिम्पियाधुरा, लिपुलेक र कालापानी समेटिएको नक्सा निशान छापमा अद्यावधिक गर्ने प्रस्ताव सर्वसम्मत पारित भएको छ।

उक्त विधेयक सरकारले जेठ ९ गते संसद सचिवालयमा दर्ता गरेको थियो। यस अघि जेठ ५ गते अद्यावधिक नक्सा मन्त्रिपरिषद्बाट पारित गरी भूमिसुधार मन्त्रालयबाट जेठ ७ गते सार्वजनिक गरेको थियो।




अद्यावधिक निशान छाप

प्रतिनिधिसभाको बैठकले संविधानको दोस्रो संशोधन विधेयकमा उपस्थित दुई सय ५८ सांसदले पक्षमा मतदान गरेका थिए। संशोधन विधेयकको विपक्ष र तटस्थमा एक मत पनि परेन।

संविधान संशोधन विधेयक पारित गर्न दुईतिहाइ मत चाहिन्छ। २ सय ७५ सदस्यीय प्रतिनिधिसभामा दुई तिहाइका लागि १ सय ८३ मत आवश्यक हुन्छ।

सभामुख अग्नि सापकोटाले दुई तिहाइ बढी मतले संशोधन विधेयक पारित भएको घोषणा गर्नासाथ सांसदहरूले टेबुल ठोकेर ताली बजाएका थिए।

बैठकमा नेकपाका हरिबोल गजुरेल, धनबहादुर बुढा, शिवकुमार मण्डल, गोपालबहादुर बमम; नेकाका नागेन्द्रकुमार चौधरी, सूर्यबहादुर केसी, ज्ञानकुमारी छन्त्यालम; समाजवादीका सूर्यनारायणण यादव, सरिता गिरी र राजपाका अमृतादेवी अग्रहरी, दुलारीदेवी खत्वेनी, प्रमोद साह अनुपस्थित थिए।

प्रतिनिधि सभामा कुल सांसद २७५ सांसद मध्ये निलम्बित ४ मध्ये हरिनारायण रौनियार, रेशम चौधरी, मोहम्मद अफताब आलम जेलमा छन् भने विजयकुमार गच्छदार निलम्बित छन्। यस्तै सांसद सरिता गिरी बैठक बहिष्कार गरी बाहिर निस्किएकी थिइन्।

संघीय समाजवादी पार्टीकी सांसद सरिता गिरीले मुलुकको नयाँ नक्सा अद्यावधि गर्ने संविधान संशोधन विधेयक खारेज गर्न राखेको प्रस्तावलाई सभामुख अग्नि सापकोटाले अस्वीकृत गरेका थिए। राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताका पक्षमा देश एकजुट भएका बेला गिरीले भने आधार र प्रमाणबिना नयाँ नक्सा जारी गरेको भन्दै खारेजीको प्रस्ताव गरेकी थिइन्। समाजवादी पार्टीले प्रस्ताव फिर्ता लिन गिरीलाई निर्देशन दिए पनि उनले मानिनन्। राष्ट्रियताविरुद्ध आफ्नो मत संसद्मा रेकर्ड गराउन खोज्ने प्रयास असफल भएपछि गिरी बैठकबाट बाहिरिएकी थिइन्।

त्यसैगरि संविधान संशोधन विधेयक राष्ट्रिय सभा बैठकबाट असार ४ गते पारित भयो।

प्रतिनिधि सभाबाट पारित भएको विधेयक राष्ट्रिय सभामा टेबल भएको थियो। विधेयकमाथि राष्ट्रिय सभामा कुनै संशोधन परेको छैन।

राष्ट्रिय सभामा पनि निर्णयार्थ पेश गर्दा मत विभाजन गरिएको थियो। राष्ट्रिय सभामा ५९ सदस्य छन्। पारित हुन दुई तिहाइ मत आवश्यक हुन्छ। राष्ट्रियसभामा अध्यक्षबाहेक उपस्थित ५७ जनाले विधेयकको पक्षमा मतदान गरेर सर्वसम्मत पारित गरेका थिए। राष्ट्रियसभामा एकजना मनोनित हुन बाँकी छ।

राष्ट्रिय सभाबाट विधेयक पारित भएपछि त्यसको सूचना प्रतिनिधिसभालाई दिइयो। सभामुख अग्निप्रसाद सापकोटाले तत्कालै प्रमाणित गरी राष्ट्रपति कार्यालय पठाएका थिए।

प्रतिनिधिसभाले प्रमाणिकरणका लागि राष्ट्रपतिसमक्ष प्रस्तुत गरेको उक्त विधेयक राष्ट्रपतिबाट असार ४ गते नै प्रमाणिकरण भई नेपालको संविधानमा नयाँ निशान छाप समेटिएको छ। संशोधन विधेयक दर्ता भएको २८ औं दिनमा पारित भयो। यसरी संविधानमा दोश्रो पटक संशोधन भएको छ।

यसरी लामो समयदेखि नेपालको नक्साबाट हराएको लिम्पियाधुरा, कुटी, गुञ्जी, नावीसहितको भूभाग संविधानमै समेटिन पुगेको छ। २०३२ सालसम्म नेपालको औपचारिक नक्सामा रहेको लिम्पियाधुरासम्मको भूभाग नेपाल आफैले नक्सा जारी गर्दा भने छुटाएको थियो।

# अमेरिकी जातिभेदको विरोधमा विश्वव्यापी ऐक्यबद्धता

*'जातिवाद अमेरिकी समाजको दीर्घ रोग हो।'*

*'अमेरिकामा दुईथरी न्यायप्रणाली छ – कालालाई एकथरी र गोरालाई अर्कोथरी।'*




'मलाई सास फेर्न गाह्रो भयो' जर्ज फ्लोयड

संरा अमेरिकाको मिनिसोटा राज्यको सबभन्दा ठूलो सहर मिनियापोलिसमा प्रहरीले एक निहत्था अफ्रिकी अमेरिकी नागरिक जर्ज फ्लोयडको हत्या गरेको विरोधमा अमेरिकाका विभिन्न राज्यमा फैलिएको आन्दोलनले अन्तर्राष्ट्रिय रूप लिएको छ। ४६ वर्षका फ्लोयडलाई एक गोरा प्रहरी अधिकारीले झन्डै नौ मिनेटसम्म घाँटीमा घुँडाले थिचेर हत्या गरेका थिए।

सो घटनापछि जातीय विभेद र प्रहरी क्रुरताविरुद्ध संरा अमेरिकाका ५० वटै राज्यमा विरोध प्रदर्शनहरू भइरहेका छन्। सबैजसो ठाउँमा प्रदर्शनकारी र प्रहरीबीच भिडन्त भएका छन्। यसैबीच गएको जुन १० का दिन रैथाने अमेरिकी अगुवाहरुले मिनिसोटाको सेन्ट पाउलस्थित क्रिस्टोफर कोलम्बसको शालिक ढालेर माटोमा पुरिदिएका छन्। तिनीहरुले यसलाई **'सही काम सही समयमा'** भनेका छन्। रैथाने अमेरिकीहरुले कोलम्बसको अमेरिका अन्वेषणबाट उपनिवेश र जाति हत्या शुरु भएको भन्दै कोलम्बसको विरोध गर्दै आएका छन्।


प्रदर्शन व्यापक बन्दै गएपछि संरा अमेरिकाका चालीसभन्दा बढी सहरमा स्थानीय नगरप्रमुख र गर्भनरहरूले कर्फ्यु आदेश जारी गरेका थिए।

वाशिङ्टन डीसीमा जुन १ का दिन विशाल विरोध प्रदर्शन भइरहँदा राष्ट्रपति ट्रम्प परिवारसहित निक्कै लामो समय ह्वाइटहाउसको **बङ्कर निरीक्षण**मा गएका थिए। यसबाट विरोध प्रदर्शनको विशालता अनुमान गर्न सजिलो भएको छ।

दिनहुँ भइरहेका प्रदर्शनको क्रममा विभिन्न सहरबाट हजारौं मानिस पक्राउ गरिएको छ। शिकागो सहरमा भएको प्रदर्शनमा प्रहरीले गोली प्रहार गर्दा कम्तीमा दुईजना सर्वसाधारणको हत्या भएको छ।

मे २५ का दिन जर्जले एक पसलमा चुरोट किन्न २० डलरको नक्कली पैसा प्रयोग गरेको भन्दै चारजना प्रहरीले उनलाई पक्राउ गरी हतकडी लगाएका थिए।

सार्वजनिक गरिएको श्रव्यदृश्यमा मृतक फ्लोयडले



सास फेर्न गाह्रो भयो भन्दा पनि जर्जको घाँटी घुँडाले ८ मिनेट ४६ सेकेन्ड अठ्याउँदै प्रहरी अधिकारी डिरेक

आफूलाई श्वास फेर्न गाऱ्हो भएको भन्दै अनुनय विनय गर्दा पनि प्रहरी अधिकारी डिरेकले घाँटी थिच्न छोडेको थिएन। घाँटी थिचिएर सास फेर्न गाह्रो भएको घ्यार्घ्यार् आवाज सुन्न सकिन्छ। तर अन्य प्रहरीले बचाउन पटक्कै खोजेको थिएन। त्यहाँ जम्मा भएका मानिसहरूले पनि बचाउन प्रहरी अधिकारीसँग बिन्ती गरिरहेको उक्त भिडियोमा देख्न सकिन्छ।

डिरेकले 'उठ र कारमा बस' भनेर जर्जलाई भन्छ तर घाँटी थिचेको घुँडा हटाउँदैन। जर्जले घाँटीमा राखेको घुँडा




अमेरिकाको राजधानी वाशिङ्टनमा भएको विशाल विरोध प्रदर्शन

# जातिभेदविरुद्धका प्रदर्शन र ऐक्यबद्धता प्रदर्शनका केही झलक




लन्डन, बेलायत



पेरिस, फ्रान्स




अस्ट्रेलिया





इजरायल



न्युजिलान्ड



क्यानाडा




विरोध प्रदर्शन भएका संरा अमेरिकाका ५0 राज्यहरू




जर्मनी

हटाए आफू गाडीमा बस्न तयार रहेको बताउँछ। तर पनि डिरेकले घुँडा हटाउँदैन।



'सही काम सही समयमा' कोलम्बसको शालिक माटोमा पुर्न ढालिँदै

त्यहाँ उपस्थित मानिसले फ्लोयडको अवस्था खराब भएको भन्दै उनको घाँटीबाट घुँडा हटाउन आग्रह गर्छन्। तर डिरेकले उनीहरूलाई उल्टै हप्काएको भिडियोमा देख्न सकिन्छ।


यसरी आठ मिनेट ४६ सेकेन्ड लगातार घाँटी थिचेर प्रहरी नियन्त्रणमा दिनदहाडै बीच सडकमा एक हतकडी लगाइएको निहत्था जर्जको हत्या गरिएको छ। उनको हत्याविरुद्धको सङ्घर्षलाई जारी राख्ने गरी जेठ २८ गते अन्त्येष्टि गरिएको छ।

घटना हुँदा अरू तीनजना प्रहरी अधिकारी घटनास्थलमा उभिएका थिए। जर्जको हत्यामा मुख्य हत्यारा डिरेकलाई थोमस लेन, जे एलेक्सान्द्र क्युङ र ताउ थाउले सहयोग पुऱ्याएका थिए। ती सबैलाई निलम्बन गरी कार्बाही अघि बढाइएको छ। मुख्य हत्यारा डिरेकलाई दोस्रो तहको हत्याको सजायको माग गरिएको छ।





'न्याय नभए शान्ति हुन्न'

'अश्वेतको जीवनको पनि अर्थ छ' (Black Lives Matter-BLM) भन्दै देश र विदेशमा जनआक्रोशको आगो बलिरहेको बेला ट्रम्पले आक्रोशित जनतामा शान्ति कायम गर्ने प्रयास गर्नुको सट्टा उत्तेजक ट्वीटहरू गरेका छन्। उनले प्रदर्शनकारीहरूलाई 'अपराधी' को संज्ञा दिएर ट्वीट गरेका छन्। सबै राज्यका गभर्नरलाई प्रदर्शनकारीहरूमाथि कडा दमन गर्न उनले आग्रह गरेका छन्। उनले अमेरिकी सेना परिचालनसमेतको धम्की दिएका छन्। तर अमेरिकामा जनताले प्रहरीको लागि राज्यकोष खर्च नगर्न (Defund Police) माग गर्न थालेका छन्।




'अन्याय भैरहेको बेला तटस्थ बस्नु अन्यायीलाई साथ दिनु हो।'

विश्वका अन्य थुप्रै नेताहरुका साथै संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनिओ गुटरेजले प्रदर्शनकारीहरूमाथि संयम अपनाउन अमेरिकी अधिकारीहरूलाई आग्रह गरेका छन्।



विश्वका ६ वटै महादेशमा जातिभेदविरुद्धको प्रदर्शन र ऐक्यबद्धता प्रदर्शन भएका अङ्कित नक्सा

अमेरिकी सरकारको जातिभेद र हत्याको विरोधमा छ वटै महादेशमा ऐक्यबद्धता प्रदर्शन भइरहेका छन्। ती विरोध प्रदर्शनले अमेरिकी सरकार र प्रजातन्त्रको घृणित अनुहार उदाङ्गीएको छ।

*(विवरण र तस्बिरहरू : इन्टरनेट र पत्रपत्रिकाहरू)*

# डेंगु के हो ? लक्षण र बच्ने उपाय

गर्मीयामसँगै डेंगु ज्वरोको सम्भावना पनि बढ्न थालेको छ ।

डेंगु लामखुट्टेको टोकाइबाट सर्ने सङ्क्रामक रोग हो । यो रोग सार्ने लामखुट्टे ग्रामीण क्षेत्रभन्दा शहरी क्षेत्रमा बढी पाइने गर्दछ ।

यसले स-साना सफा पानी जमेको स्थानमा फुल पार्ने गर्दछ । खास गरी वर्षाको पानी जम्ने टीनका डब्बाहरू, रंगका खाली डब्बा, थोत्रो टायर, अलकत्रा वा मट्टितेलका खाली ड्रमहरू, फुलदानी, गमला, पानीका ट्यांकी आदिमा यस्ले फुल पार्दछ । सहरी क्षेत्रमा यस्ता वस्तुहरू पर्याप्तमात्रामा हुने भएकाले पनि यो लामखुट्टे सहरमा बढी देखिएको हो ।



डेंगु सार्ने लामखुट्टे

एडिज लामखुट्टे कालो रंगको हुन्छ, जसमा सेतो थोप्लो पनि देखिन्छ ।

यो लामखुट्टेले विशेषगरी दिउँसो टोक्ने गर्दछ । औलो उत्पन्न गर्ने लामुखट्टे फोहोर पानीमा पाइने भए पनि डेंगु सार्ने लामखुट्टेले थुप्रै दिनदेखि हलचल नभएको स्वच्छ पानीमा फुल पार्छ ।

स्वास्थ्य संस्थामा यसको लक्षण अनुसार उपचार गरिन्छ । ज्वरो घटाउन सिटामोल खानुपर्छ तथा प्रशस्त झोल पदार्थ खानुपर्छ । तर ज्वरो घटाउने भनेर एस्पीरीन तथा आईबुप्रोफेन भने खान हुँदैन । डेंगु ज्वरोविरुद्धको खोप तथा खास उपचार समेत नभएको हुँदा **लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगको बचावटको मुख्य उपाय हो ।**

डेंगु ज्वरोको शङ्का लागेमा हुन सक्ने जटिलताबाट बचाउन तत्काल नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क राख्नु पर्छ ।

**सर्ने तरिका**

लामखुटेले मानिसमा सार्छ भने सक्रमित मानिसलाई टोकेको लामखुटेले अरुलाई टोकेर सार्छ ।

**लक्षण**


डेंगु ज्वरोको मुख्य लक्षण भनेको **एक्कासी उच्च ज्वरो** आउनु हो । यो ज्वरो ५ देखि ७ दिनसम्म रहन सक्छ । ज्वरोका साथै निम्न लक्षणहरू पनि देखा पर्दछ ।

- असाध्यै टाउको दुख्ने
- आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने
- ढाड, जोर्नी तथा मांसापेशीहरू दुख्ने
- शरीरमा विमिरा आउने
- वाकवाकी लाग्ने
- पेट दुख्ने
- नाक वा गिजाबाट रगत बग्ने
- रक्तश्राव हुने वा शरीरमा रगत जमेको दागहरू देखापर्ने, बेहोश हुने आदि लक्षणहरू पनि देखा पर्न सक्छ ।

**बच्ने उपाय**

- डेंगु ज्वरोबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुका साथै लामखुट्टेको वृद्धि रोक्नु पर्छ,
- पानी जम्न सक्ने भाँडाहरू जस्तै गमला, फुलदान, खाली बट्टा, अलकत्रा वा मट्टितेलका खाली ड्रमहरू, गाडीका काम नलाग्ने टायरहरू आदिमा पानी जम्न नदिने,
- पानीको ट्यांकिलाई लामखुट्टे प्रवेश गर्न नदिने गरी छोपेर राख्ने,

**डेंगु सर्ने चक्र**




- कुलरमा रहेको पानीमा प्रत्यक हप्ता एक दुइ चम्चा मट्टितल हालिदिने साथै जम्मा भएको पानी सफा गर्ने,
- फुलदानीमा रहेको पानी हप्तामा दुई पटक फेर्ने,
- यस लामखुट्टेले दिउँसो टोक्ने हुँदा दिउँसो बस्दा बाहुला भएको वा शरीर ढाकिने लुगा लगाउनुपर्छ,
- सम्भव भएसम्म दिउँसो सुत्दा पनि झुल प्रयोग गर्नु पर्छ, साथै साना केटाकेटीलाई जुनसुकै समयमा पनि झुल भित्र सुताउनु पर्दछ,
- लामखुट्टेको टोकाइबाट बच्न लामखुट्टे भगाउने मलहम दल्न पनि सकिन्छ,
- घरका झ्याल ढोकामा जाली लगाउनु उपयुक्त हुन्छ,
- घर वरिपरि सफा सुग्घर राख्ने, पानी जम्ने खाल्टा खुल्टी पुर्ने गर्नुपर्छ ।

# प्रमुख सुनिल प्रजापतिद्वारा नगरको ढुङ्गा छपाइ कार्यको स्थलगत निरीक्षण

नेपाल सरकारको बजेटअन्तर्गत ठेकेदार मार्फत नगरका विभिन्न ठाउँहरूमा भइरहेको ढुङ्गा छपाइ कार्यमा कम गुणस्तरको ढुङ्गा प्रयोग भएको जनगुनासो आएपछि भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले असार ११ गते ती क्षेत्रहरूको स्थलगत निरीक्षण गर्नुभयो ।



ढुङ्गा छपाइ गर्ने क्षेत्रमा कम्तीमा ४ इन्चको ढुङ्गा प्रयोग गर्नुपर्नेमा सम्बन्धित ठेकेदारले मापदण्डभन्दा कम साइजको ढुङ्गा प्रयोग गरिएको र कमसल ढुङ्गा प्रयोग भएको पाइएको हुँदा नगर प्रमुख प्रजापतिले कमसल ढुङ्गाको प्रयोग नगर्न र मापदण्डअनुसारको ढुङ्गा प्रयोग गर्न निर्देशन दिनुभयो । बाराही स्थानमा भइरहेको ढुङ्गा छपाइ कार्य कम गुणस्तरको भएको हुँदा उहाँले ठेकेदारलाई भक्तपुर नपामा उपस्थित हुन पनि निर्देशन दिनुभयो ।

निरीक्षणका क्रममा उहाँले भक्तपुर नपा वडा नं. १ स्थित भक्तपुर अस्पतालको प्राङ्गणमा कोभिड-१९ को लागि



बनाइएको आइसोलेसन वार्ड र आईसीयु कक्षको पनि अवलोकन गर्नुभयो । सो अवसरमा भक्तपुर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट सुमित्रा गौतमले छिटै नै आइसियु कक्ष सञ्चालनमा ल्याउने जानकारी दिनुभयो ।

# सङ्क्रमित भेटिएपछि भक्तपुरको मुलाछेँमा सिल

भक्तपुर नगरपालिका वडा नं ६ चोछेँ, मुलाछेँ बस्ने २२ वर्षका एक जना युवकमा असार ३ गते कोभिड-१९ को सङ्क्रमण पुष्टि भएपछि सो क्षेत्र बन्द (सिल) गरिएको छ । सङ्क्रमित युवकलाई उपचारको लागि स्थानीय जनप्रतिनिधि र प्रहरीको समन्वयमा एम्बुलेन्समा पाटन अस्पताल पुऱ्याइएको वडाका वडाध्यक्ष हरिराम सुवालले जानकारी दिनुभयो । सङ्क्रमण फैलिन नदिन मुलाछेँका कम्तीमा ३० घर सिल गरिएको छ । सङ्क्रमित युवकको प्रत्यक्ष सम्पर्कमा आएका १७ जना व्यक्तिको ट्रेसिङ गरी उनीहरूलाई घरमै क्वारेन्टिनमा बस्न आग्रह गरिएको छ । त्यस्तै महानगरीय प्रहरी परिसर, भक्तपुरको सञ्चार कक्षमा कार्यरत एक जना प्रहरीमा पनि कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ ।

त्यस्तै गत जेठ ३० गते कुवेत सरकारको आममाफीमा सहभागी भएर कुवेतबाट फर्किएर खरीपाटीस्थित क्वारेन्टिनमा राखिएकी नवलपरासी गैँडाकोटकी २२ वर्षीया युवतीलाई पनि कोरोना सङ्क्रमण पुष्टि भएको छ ।

# नेपालको जनसङ्ख्या तीन करोड नाघ्यो

केन्द्रीय तथ्याङ्क विभागको जनसङ्ख्या घडीमा असार १२ गते मध्याह्न नेपालको जनसङ्ख्या ३ करोड ६३४ जना देखाइएको छ । विभागका महानिर्देशक नेविनलाल श्रेष्ठका अनुसार यो वैज्ञानिक आधारमा प्रक्षेपण गरिएको जनसङ्ख्या हो । यो घडी २०६८ को जनगणनाको आधारमा सेट गरिएको हो । घडीले जन्मदर, मृत्युदर र बसाइँसराइ दरको आधारमा जनसङ्ख्या देखाउँछ ।

२०६८ सालको जनगणनाअनुसार नेपालको जनसङ्ख्या दुई करोड ६४ लाख ५४ हजार ५०४ थियो । १२ औं राष्ट्रिय जनगणना २०७८ असारमा हुँदैछ ।

दैनिक जनसङ्ख्या वृद्धि एक हजारदेखि एक हजार एक सय रहेको विभागले जानकारी दिएको छ । जनसङ्ख्या वृद्धिदर घट्दो क्रममा रहेको विभागका निर्देशक ढुण्डीराज लामिछाने बताए । उनका अनुसार जन्मदर र मृत्युदर दुवै घट्दो क्रममा छ । बसाइँसराइ अनुपातमा भने खासै फरक नआएको उनले जानकारी दिए ।

# जिल्ला फुटबल सङ्घ विघटनविरुद्ध टिम क्लब र फुटबल खेलाडीहरूको भेला

नेमकिपाका केन्द्रीय सदस्य एवं बागमती प्रदेशका सभासद् माननीय सुरेन्द्रराज गोसाईको प्रमुख आथिथ्यतामा भक्तपुर जिल्ला फुटबल सङ्घ विघटन गरेको विरोधमा असार ११ गते एक भेला भयो।

भक्तपुर जिल्ला फुटबल सङ्घको आयोजनामा अखिल नेपाल फुटबल सङ्घ(एन्फा)ले एन्फाको विधान विपरित जिल्ला सङ्घ विघटन गरी तदर्थ समिति गठन गरेको विरोधमा भएको भेलामा ३३ वटा टिम क्लबका प्रतिनिधिहरू, प्रशिक्षकहरू, रेफ्रिहरू, फुटबल खेलाडीहरू र खेलप्रेमीहरूको उपस्थिति थियो। भेलामा प्रमुख अतिथि सभासद् सुरेन्द्रराज गोसाईले विष नभएको सर्प हुँदैन ईख नभएको मान्छे नहुने बताउनुहुँदै गलत ढङ्गले विघटन गरेको विरुद्ध कानुनी सङ्घर्ष गर्नु पर्ने बताउनुभयो। उहाँले हामी अरुभन्दा योग्य, इमानदार, नैतिकवान हुनु पर्ने बताउनुहुँदै अन्यायको विरुद्ध बोले यो नेमकिपाको होला भनी बिल्ला लगाउने गरेको सर्वविदितै भएको बताउनुभयो।

उहाँले सङ्ख्यात्मकभन्दा गुणात्मकमा जोड दिनुहुँदै योग्य र इमानदार भए कम आकलन र नजरअन्दाज गर्न नसक्ने र निषेध गरेर जान नसक्ने बताउनुभयो। उहाँले अरुको पछि नलागी आफ्नै खुट्टामा उभिएर खेलकुदको विकास गर्नु पर्ने बताउनुहुँदै देश र जनताको निम्ति काम गर्नुपर्ने बताउनुभयो। उहाँले पञ्चायती तानाशाहीले फाँसी दे भन्दा पनि दृढताका साथ विरोधमा लाग्न पुर्खापिताले सिकाएको नैतिकता, सिद्धान्त र विचारमा अडिग भई अगाडि बढ्नु पर्ने बताउनुभयो। उहाँले व्यापार युद्ध, दक्षिणी चिनियाँ सागरमा अल्झाउन नसकेपछि चीन र भारतलाई लद्दाखमा फसाउने अमेरिकाको चाल रहेको साथै एमसीसी नेपाललाई स्प्रिङ्ग बोर्ड बनाई अमेरिकाले चीनलाई हान्ने योजनासहित आएको स्पष्ट गर्नुभयो।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवम् पूर्व नगर खेलकुद समितिका संयोजक तथा वडा नं ७ का वडाध्यक्ष उकेश कवाँले हरेक ठाउँमा राजनीति हुन्छ तर सत्य र इमानदारीको राजनीति हुनुपर्ने बताउनु भयो।

उहाँले जिल्ला सङ्घ निष्क्रिय भए त्यो ठाउँ अरुले लिने भएकोले सकृयता पूर्व फुटबल विकासमा लाग्नु पर्ने बताउनुहुँदै सीमित श्रोत साधनको अधिकतम प्रयोग गरी एकता प्रदर्शन गर्न सके बलियो हुने बताउनुभयो।

कार्यक्रममा नगर खेलकुद समितिका संयोजक एवम् वडा नं १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले नगरपालिकाको खेलकुदको बजेटबारे बताउनुभयो।

भक्तपुर जिल्ला फुटबल सङ्घका अध्यक्ष गौतम सुजखुको सभापतित्वमा सम्पन्न कार्यक्रममा उपाध्यक्ष रामकृष्ण प्रजापति र उपाध्यक्ष एवम् पूर्व राष्ट्रिय खेलाडी सुनिल प्रजापतिले एन्फाले विधान विपरित भक्तपुर जिल्लालाई विघटन गरेको बारे बोल्नुभयो।

# नेपाल स्काउटबाट भक्तपुरका चार युवा सम्मानित

स्काउटिङ्गका माध्यमबाट समाजमा सकारात्मक प्रभाव पार्न व्यक्तिगत रूपमा आफ्नो ज्यान जोखिममा पारी साहसिक पूर्ण वीरताका साथ शौर्यपूर्ण कार्य गर्न सफल स्काउट तथा नेपाल स्काउटमा १५ वर्षसम्म निरन्तर सेवा गर्ने भक्तपुरका चार युवालाई नेपाल स्काउटले यस वर्षको पराक्रमपट्टी पदक र दीर्घसेवा मानपदवीबाट सम्मान गर्ने निर्णय गरेको छ।

नेपाल स्काउटको ६९ औं स्थापना दिवसको अवसरमा भक्तपुरमा कोरोना भाइरसविरुद्ध अग्रपङ्क्तिमा रहेर निरन्तर खटिरहेका भक्तपुरका स्काउटरहरू अरुण सैंजु, राजेश गाईजु, न्हुज किजु र सामाजिक अभियन्ता तथा स्वास्थ्यकर्मी पुनम कर्माचार्यलाई सम्मान गर्ने निर्णय गरेको छ।

नेपाल स्काउटले गाईजु र सैंजुलाई पराक्रमपट्टी प्रथमदर्जा र नगद रु एक लाख पचास हजारबाट सम्मान गर्ने भएको छ। त्यस्तै, किजु र कर्माचार्यलाई पराक्रमपट्टी दोस्रो दर्जा र नगद रु ७५ हजारसहित सम्मान गर्ने निर्णय गरेको छ।

सम्मानित हुने भक्तपुरका युवाहरू मध्ये गाईजु र सैंजुले कोरोना संक्रमणबाट मृत्यु भएकी सिन्धुपाल्चोककी सुत्केरी महिलाको शव व्यवस्थापनमा कोही अग्रसर नभएपछि भक्तपुरबाट धुलिखेल अस्पतालसम्म पुगेरभक्तपुरका सुरक्षाकर्मीको सहयोगमा पशुपति आर्यघाटको विद्युतीय शवदाह गृहमा मृतक महिलाको शव व्यवस्थापन गरेका थिए।

भक्तपुरका चार जना युवाहरू लकडाउनको सुरुवाती दिन देखिनै भक्तपुर अस्पतालको प्राङ्गणमा बसेर कोरोना भाइसरको नमुना परीक्षणका लागि निकालिएको स्वाबको नमुनालाई टेकु अस्पतालसम्म पुऱ्याउने, कोरोना सङ्क्रमणको शङ्का लागेका बिरामीलाई उपचारको लागि घरबाट अस्पतालसम्म पुऱ्याउने, ज्वरो क्लिनिक मार्फत अस्पतालमा आएका बिरामीको शरीरको तापक्रम नाप्ने लगायतका कोरोना भाइरसविरुद्ध निरन्तर खटिरहेका थिए।

# धान दिवसको दिन सरकारद्वारा रोपाइँ गर्न रोक

## खोना र बोङ्गामा किसान र प्रहरीबीच झडप

जनसरोकार समिति खोकनाको संयोजनमा खोना र बोङ्गाका स्थानीय किसानले प्रहरी र सशस्त्र प्रहरीसँग घण्टौं घम्साघम्सीबीच धान दिवसको दिन अर्थात असार १५ गते आफ्नो जग्गामा रोपाइँ गरे । सरकारले फास्टट्र्याक बनाउनको



प्रहरीलाई रोक्दै रोपार महिलाहरू

निम्ति अधिग्रहण गरिराखेको तर मुआब्जा लिइनसकेको आफ्नै जग्गामा किसानहरूले रोपाइँ गरेका थिए ।

रोपाइँमा १ सय ५० जना प्रहरी र सशस्त्र प्रहरीले अवरोध गरेका थिए । धान रोप्न नदिने सरकारको आदेश छ भन्दै प्रहरीहरूले जोतिराखेको ट्र्याक्टर रोक्ने र कसैलाई काम गर्न नदिने भनी रोक्ने प्रयास गरेका थिए । करिब ४/५ सय स्थानीय किसानको उपस्थिति रहेको रोपाइँमा प्रहरीसँग लामो घम्साघम्सीपछि रोपाइँ सम्पन्न भएको थियो । रोपाइँमा व्यस्त महिलाहरूले प्रहरीलाई घेरा हालेका थिए ।

किसान र प्रहरीबीचको घम्साघम्सीमा 'प्रहरी दमन मुर्दावाद !', 'बाँझो जग्गामा रोपाइँ गर्न पाउँ !' भनी स्थानीय किसानहरूले नारा लगाएका थिए ।

सरकारले कुनै पनि जग्गा बाँझो नराख्न निर्देश गरेको थियो । जहाँ जस्तो बाली लगाउन मिल्छ त्यहाँ उपयुक्त बाली लगाउन सरकारले आग्रह गरेको थियो । एकातिर सरकार जग्गा बाँझो नराख्न आग्रह गर्ने अर्कोतिर बाँझो जग्गामा रोपाइँ गर्न जाँदा प्रहरी खटाएर राख्ने सरकारले किन द्वैधचरित्र अपनाएको भनी किसानहरूले प्रश्न उठाएका थिए ।

रोपाइँको संयोजन जनसरोकार समिति खोकनाका अध्यक्ष नेपाल डंगोल, स्थानीय कवीन्द्र डंगोल, नरेश महर्जन, कृष्णशरण डंगोल, महेन्द्र ब्रम्हाचार्यलगायतले गरेका थिए ।

# क्यान्सर अस्पताल सुचारु राख्ने पक्षमा चकित्सक र कर्मचारी

पुरानो व्यवस्थापन समितिका पदाधिकारी र अस्पतालका विरोधीहरूको उक्साहटमा एक–दुई जना चिकित्सक र केही कर्मचारीहरू लागे पनि अस्पतालका बाँकी सबै चिकित्सक, नर्स तथा कर्मचारीहरू अस्पतालको सेवा सुचारू राख्ने पक्षमा देखिएका छन् । भक्तपुर क्यान्सर अस्पतालको विरोधमा केही स्वार्थी तत्वहरू लागिरहेको बताउँदै अस्पतालको कर्मचारी कल्याणकारी सङ्घले असार १५ गते एक विज्ञप्ति जारी गरी स्थितिबारे प्रस्ट पारेको छ ।

सङ्घका अध्यक्ष शिवराम धुख्वाले जारी गरेको विज्ञप्तिमा भक्तपुर क्यान्सर अस्पतालबारे विभिन्न पत्रपत्रिकामा प्रकाशित झूटा र भ्रामक समाचारको खण्डन गर्दै तथ्य स्पष्ट पारिएको छ ।

विज्ञप्तिमा गत चैत र वैशाख महिनाको तलबभत्तामा कुनै कटौती नगरी सम्पूर्ण कर्मचारीहरूले कर्मचारी कल्याणकारी सङ्घको पहलमा प्राप्त गरेको र कर्मचारीको सञ्चय कोष र नागरिक लगानी कोषमा पनि रकम जम्मा भइसकेको, जेठ महिनाको तलब र अन्य सुविधा सम्पूर्ण कर्मचारीहरूले प्राप्त गरेको, संस्थासँग जेठ महिनाको विशेष भत्ता दिनलाई रकम नभएकोले संस्थाको आर्थिक स्थिति राम्रो भएपछि दिने गरी सङ्घले निर्णय गर्न लगाएको प्रस्ट पारेको छ ।

त्यस्तै चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीहरूको आग्रहमा भक्तपुर नगरपालिकाद्वारा गठित व्यवस्थापन समितिले प्रा.डा. ऋषिकेश नारायण श्रेष्ठलाई २०७६ भदौ १ देखि लागू हुने गरी ३ वर्षको लागि नयाँ मेडिकल डाइरेक्टरको नियुक्ति दिएको र उहाँले मेडिकल डाइरेक्टरले पाउने भत्ताहरू नलिई अस्पतालको प्रशासनलगायत चिकित्सकीय जिम्मेवारी निर्वाह गर्दै आउनुभएको, अस्पताल व्यवस्थापन समितिबारे सर्वोच्च अदालतमा मुद्दा विचाराधीन रहेको, अर्कोतिर पुरानो व्यवस्थापन समितिले नियमित कर्मचारीलाई करार सेवाको कर्मचारी बनाई भ्रमपूर्ण सूचना गोरखापत्रमा जारी गरी अस्पतालको कर्मचारी नियमावलीभन्दा बाहिर गई प्रक्रिया नपुर्‍याई प्रतिशोधात्मक कारबाही गरेकोलाई सङ्घले स्वीकार नगर्ने पनि स्पष्ट पारेको छ ।

# नेपालमा कोरोना सङ्क्रमण

परीक्षण प्रयोगशाला : २२

परीक्षण सङ्ख्या (पीसीआर) : २,२३,६३०

सङ्क्रमित सङ्ख्या : १३,२४८ (महिला ११% (१५८६), पुरुष ८९%(११६६२)

निको भएका सङ्ख्या : ३,१३४ (महिला ९% (२६८), पुरुष ९१% (२८६६)

मृत्यु भएको सङ्ख्या : २९

| प्रदेश | क्रसं | जिल्ला | सङ्क्रमित | निको भएका | मृत्यु |
|---|---|---|---|---|---|
| प्रदेश नं. १ | १ | ताप्लेजुंग | ७ | ४ | ० |
| | २ | पांचथर | ४ | २ | ० |
| | ३ | तेह्रथुम | ५ | ३ | ० |
| | ४ | इलाम | १० | २ | ० |
| | ५ | मोरंग | १५५ | ७८ | ० |
| | ६ | झापा | २१८ | १७६ | ० |
| | ७ | संखुवासभा | २ | २ | ० |
| | ८ | भोजपुर | ६ | ६ | ० |
| | ९ | खोटाँग | १० | ४ | ० |
| | १० | धनकुटा | ९ | ७ | ० |
| | ११ | सुनसरी | ८५ | ५२ | ० |
| | १२ | उदयपुर | ६८ | ३८ | ० |
| | १३ | सोलुखुम्बू | १ | १ | ० |
| | १४ | ओखलढुंगा | ३ | ० | ० |
| प्रदेश नं. २ | १५ | सप्तरी | २२४ | ९८ | ० |
| | १६ | सिराहा | १७० | ८६ | ० |
| | १७ | धनुषा | ३७० | २१९ | ० |
| | १८ | महोत्तरी | ६५० | ७९ | ० |
| | १९ | सर्लाही | ६४९ | २११ | ० |
| | २० | रौतहट | १३६२ | ३७० | १ |
| | २१ | बारा | १२६ | ६५ | २ |
| | २२ | पर्सा | १६२ | १८६ | १ |
| बागमती | २३ | दोलखा | ४ | २ | १ |
| | २४ | रामेछाप | २८ | १६ | ० |
| | २५ | सिन्धुली | ११ | ४ | ० |
| | २६ | सिन्धुपाल्चोक | २९ | ० | १ |
| | २७ | काभ्रे | ७ | ६ | ० |
| | २८ | काठमाडौं | ५९ | २५ | ० |
| | २९ | भक्तपुर | २३ | ५ | ० |
| | ३० | ललितपुर | ९ | १ | २ |
| | ३१ | रसुवा | ९ | ० | ० |
| | ३२ | नुवाकोट | २० | ९ | ० |
| | ३३ | धादिङ | १२९ | २० | ० |
| | ३४ | मकवानपुर | १७ | ११ | ० |
| | ३५ | चितवन | ६७ | २६ | १ |
| गण्डकी | ३६ | गोरखा | ९३ | १० | ० |
| | ३७ | तनहुँ | ११८ | १४ | ० |
| | ३८ | नवलपरासी पूर्व | २३६ | १० | ० |
| | ३९ | मनाङ | १ | ० | ० |
| | ४० | लमजुङ | २० | १ | ० |
| | ४१ | कास्की | ४१ | २० | ० |
| | ४२ | स्याङग्जा | १८७ | ५१ | २ |
| | ४३ | पर्वत | ८५ | ९ | ० |
| | ४४ | मुस्ताङ | १ | ० | ० |
| | ४५ | म्याग्दी | १८ | ५ | ० |
| | ४६ | बागलुङ | १९४ | १३ | ० |
| प्रदेश नं. ५ | ४७ | पाल्पा | ४९८ | १ | १ |
| | ४८ | नवलपरासी पश्चिम | ९० | ३ | ० |
| | ४९ | रुपन्देही | ३१२ | ५६ | ० |
| | ५० | गुल्मी | ३३० | २१ | ३ |
| | ५१ | अर्घाखाँची | ३१५ | २ | २ |
| | ५२ | कपिलवस्तु | ७४५ | ४१ | ० |
| | ५३ | प्युठान | ३०४ | १ | ० |
| | ५४ | पूर्वी रूकुम | ४ | ३ | ० |
| | ५५ | रोल्पा | ४८ | ० | ० |
| | ५६ | दाङ | ५९० | ८९ | १ |
| | ५७ | बाँके | ३५९ | ३६० | २ |
| | ५८ | बर्दिया | १६४ | ११ | ० |
| कर्णाली | ५९ | डोल्पा | ४ | ० | १ |
| | ६० | पश्चिमी रूकुम | ४ | ० | ० |
| | ६१ | सल्यान | १९३ | ४८ | ० |
| | ६२ | मुगु | २ | १ | ० |
| | ६३ | जुम्ला | ३८ | २४ | ० |
| | ६४ | जाजरकोट | १३ | ० | ० |
| | ६५ | सुर्खेत | ३६९ | ८६ | १ |
| | ६६ | हुम्ला | २ | १ | ० |
| | ६७ | कालिकोट | ४९ | ५२ | ० |
| | ६८ | दैलेख | ७७६ | ३०८ | २ |
| सुदूरपश्चिम | ६९ | बाजुरा | ३९२ | ० | १ |
| | ७० | अछाम | १३५ | ७ | ० |
| | ७१ | कैलाली | ५७४ | ३४ | ४ |
| | ७२ | बझाङ | ७९ | १ | ० |
| | ७३ | डोटी | ३९७ | १० | ० |
| | ७४ | दार्चुला | १७ | ३ | ० |
| | ७५ | बैतडी | २१२ | ५ | ० |
| | ७६ | डडेलधुरा | २२६ | ८ | ० |
| | ७७ | कंचनपुर | ३०५ | ७ | ० |
| | | जम्मा | १३२४८ | ३१३० | २९ |

तथ्याङ्क श्रोत : स्वास्थ्य मन्त्रालय र काठमांडु पोष्ट (इन्टरनेट,असार १५)

# विश्वमा कोभिड–१९ को स्थिति (असार १५ गते)

| क्र.सं. | देश, क्षेत्र र अन्य | सङ्क्रमित | निको भएका | मृत्यु | जेठ १५ को स्थान |
|---|---|---|---|---|---|
| | विश्व | १,०२,४९,७४१ | ५५,५७,९७४ | ५,०४,४९० | |
| १ | संरा अमेरिका | २६,३७,०७७ | १०,९३,४५६ | १,२८,४३७ | १ |
| २ | ब्राजील | १३,४५,२५४ | ७,३३,८४८ | ५७,६५८ | २ |
| ३ | रूस | ६,३४,४३७ | ३,९९,०८७ | ९,०७३ | ३ |
| ४ | भारत | ५,४९,१९७ | ३,२१,७७४ | १६,४८७ | १० |
| ५ | संयुक्त अधिराज्य | ३,११,१५१ | अप्राप्त | ४३,५५० | ५ |
| ६ | स्पेन | २,९५,८५० | अप्राप्त | २८,३४३ | ४ |
| ७ | पेरू | २,७९,४१९ | १,६७,९९८ | ९,३१७ | १२ |
| ८ | चिली | २,७१,९८२ | २,३२,२१० | ५,५०९ | १५ |
| ९ | इटाली | २,४०,३१० | १,८८,८९१ | ३४,७३८ | ६ |
| १० | इरान | २,२२,६६९ | १,८३,३१० | १०,५०८ | ११ |
| ११ | मेक्सिको | २,१६,८५२ | १,२६,८४३ | २६,६४८ | १७ |
| १२ | पाकिस्तान | २,०६,५१२ | ९५,४०७ | ४,१६७ | १८ |
| १३ | टर्की | १,९७,२३९ | १,७०,५९५ | ५,०९७ | ९ |
| १४ | जर्मनी | १,९४,८६४ | १,७७,७०० | ९,०२९ | ८ |
| १५ | साउदी अरेबिया | १,८२,४९३ | १,२४,७५५ | १,५५१ | १६ |
| १६ | फ्रान्स | १,६२,९३६ | ७५,६४९ | २९,७७८ | ७ |
| १७ | दक्षिण अफ्रिका | १,३८,१३४ | ६८,९२५ | २,४५६ | ३० |
| १८ | बंगलादेश | १,३७,७८७ | ५५,७२७ | १,७३८ | २३ |
| १९ | क्यानाडा | १०३,२५० | ६६,१९१ | ८,५२२ | १३ |
| २० | कतार | ९४,४१३ | ७८,७०२ | ११० | २० |
| २१ | कोलम्बिया | ९१,७६९ | ३८,२८० | ३,१०६ | ३२ |
| २२ | चीन | ८३,५१२ | ७८,४६० | ४,६३४ | १४ |
| २३ | मीश्र | ६५,१८८ | १७,५३९ | २,७८९ | ३७ |
| २४ | स्वीडेन | ६५,१३७ | अप्राप्त | ५,२८० | २५ |
| २५ | बेलारूस | ६१,४७५ | ४५,०२७ | ३८३ | २२ |
| २६ | बेल्जीयम | ६१,२९५ | १६,९४१ | ९,७३२ | १९ |
| २७ | अर्जेन्टिना | ५९,९३३ | २०,१३४ | १,२३२ | ४४ |
| २८ | इक्वेडर | ५५,२५५ | २७,०५८ | ४,४२९ | २४ |
| २९ | इन्डोनेसिया | ५४,०१० | २२,९३६ | २,७५४ | ३३ |
| ३० | नेडरलान्ड | ५०,१४७ | अप्राप्त | ६,१०५ | २१ |
| ३१ | संयुक्त अरब इमिरेटस | ४७,७९७ | ३६,४११ | ३१३ | २७ |
| ३२ | इराक | ४५,४०२ | २१,१२२ | १,७५६ | ६६ |
| ३३ | कुवेत | ४४,९४२ | ३५,४९४ | ३४८ | ३४ |
| ३४ | सिंगापुर | ४३,४५९ | ३७,५०८ | २६ | २६ |
| ३५ | युक्रेन | ४२,९८२ | १८,९३४ | १,१२९ | ३६ |
| ३६ | पोर्तुगल | ४१,६४६ | २७,०६६ | १,५६४ | २८ |
| ३७ | ओमान | ३८,१५० | २१,२०० | १६३ | ५६ |
| ३८ | फिलिपिन्स | ३५,४५५ | ९,६८६ | १,२४४ | ४३ |
| ३९ | पोलान्ड | ३३,९०७ | २०,५४८ | १,४३८ | ३५ |
| ४० | पनामा | ३१,६८६ | १५,४७० | ६०४ | ४६ |
| ४१ | स्वित्जरलान्ड | ३१,६१७ | २९,१०० | १,९६२ | २९ |
| ४२ | बोलिभिया | ३१,५२४ | ८,५१७ | १,०१४ | ५८ |
| ४३ | डोमिनिकन गणतन्त्र | ३१,३७३ | १७,१४२ | ७२६ | ४२ |
| ४४ | अफगानिस्तान | ३१,२३८ | १३,९३४ | ७३३ | ४५ |
| ४५ | रुँमानिया | २६,३१३ | १८,८१४ | १,६१२ | ३८ |
| ४६ | बहराइन | २५,७०५ | २०,५१७ | ८३ | ५० |
| ४७ | आयरलान्ड | २५,४३९ | २३,३६४ | १,७३५ | ३१ |
| ४८ | आर्मेनिया | २४,६४५ | १३,११६ | ४२६ | ५७ |
| ४९ | नाइजेरिया | २४,५६७ | ९,००७ | ५६५ | ५४ |
| ५० | इजरायल | २३,७५५ | १७,०७४ | ३१८ | ३९ |
| ५१ | कजाख्स्तान | २१,३२७ | १२,९३३ | १७८ | ५१ |
| ५२ | जापान | १८,३९० | १६,५०५ | ९७१ | ४० |
| ५३ | होन्डुरस | १८,०८२ | १,८७५ | ४७९ | ६७ |
| ५४ | अस्ट्रिया | १७,६५४ | १६,४०१ | ७०२ | ४१ |
| ५५ | ग्वाटेमाला | १६,९३० | ३,१५२ | ७२७ | ७० |
| ५६ | घाना | १६,७४२ | १२,७२० | ११२ | ६२ |
| ५७ | अजरबैजान | १६,४२४ | ९,०२६ | १९८ | ६८ |
| ५८ | मोल्डोभा | १६,२५० | ९,०८१ | ५३० | ६१ |
| ५९ | सर्बिया | १४,०४६ | १२,४६४ | २७० | ४९ |
| ६० | अल्जेरिया | १३,२७३ | ९,३७१ | ८९७ | ५३ |
| ६१ | नेपाल | १२,७७२ | ३,०१३ | २८ | ११६ |
| ६२ | दक्षिण कोरिया | १२,७५७ | ११,४२९ | २८२ | ४८ |
| ६३ | डेनमार्क | १२,६७५ | ११,५०८ | ६०४ | ४७ |
| ६४ | क्यामरून | १२,५९२ | १०,१०० | ३१३ | ६५ |
| ६५ | मोरोक्को | १२,०५२ | ८,७४० | २२१ | ६० |
| ६६ | चेक गणतन्त्र | ११,६०३ | ७,७०५ | ३४८ | ५२ |
| ६७ | सुडान | ९,२५७ | ४,०१४ | ५७२ | ६९ |
| ६८ | आइभोरि कोस्ट | ९,१०१ | ३,८०८ | ६६ | ८० |
| ६९ | नर्वे | ८,८५५ | ८,१३८ | २४९ | ५५ |
| ७० | मलेसिया | ८,६३४ | ८,३१८ | १२१ | ५९ |
| ७१ | उज्बेकिस्तान | ८,०३१ | ५,३२९ | २२ | ७४ |
| ७२ | अस्ट्रेलिया | ७,७६७ | ७,००८ | १०४ | ६३ |
| ७३ | फिन्लान्ड | ७,१९८ | ६,६०० | ३२८ | ६४ |
| ७४ | प्रजातान्त्रिक गणतन्त्र कंगो | ६,८२७ | ९८५ | १५७ | ८१ |
| ७५ | सेनेगल | ६,५८६ | ४,२९१ | १०५ | ७६ |
| ७६ | उत्तर मेसेडोनिया | ६,०८० | २,३१५ | २८६ | ८७ |
| ७७ | केन्या | ६,०७० | १,९७१ | १४३ | ९८ |
| ७८ | एल साल्भाडोर | ५,९३४ | ३,५६६ | १६४ | ८६ |
| ७९ | ताजिकिस्तान | ५,८४९ | ४,४४८ | ५२ | ७३ |
| ८० | हैटी | ५,८४७ | ७८७ | १०४ | १०१ |
| ८१ | इथियोपिया | ५,६८९ | २,१३२ | ९८ | १२४ |
| ८२ | गिनी | ५,३४२ | ४,२८२ | ३१ | ७५ |
| ८३ | भेनेजुयला | ५,२९७ | १,६४९ | ४४ | १०२ |
| ८४ | ग्याबोन | ५,२०९ | २,३२७ | ४० | ८४ |
| ८५ | कीर्गीज्स्तान | ५,०१७ | २,२९४ | ५० | ९४ |
| ८६ | बुल्गेरिया | ४,६९१ | २,५०८ | २१९ | ८२ |
| ८७ | जिबौटी | ४,६४३ | ४,३४८ | ५२ | ७९ |
| ८८ | लक्जम्बर्ग | ४,२४२ | ३,९७८ | ११० | ७१ |
| ८९ | मौरितानिया | ४,१४९ | १,४१९ | १२६ | १४८ |
| ९० | हङ्गेरी | ४,१४२ | २,६८५ | ५८१ | ७२ |
| ९१ | बोस्निया र हर्जगोभिना | ३,९३५ | २,३३८ | १७८ | ८३ |
| ९२ | फ्रेन्च गीयाना | ३,४६१ | १,२४९ | १२ | १४० |
| ९३ | केन्द्रीय अफ्रिकी गणतन्त्र | ३,४२९ | ६९९ | ४५ | १२८ |
| ९४ | ग्रीस | ३,३७६ | १,३७४ | १९१ | ७८ |
| ९५ | थाइलान्ड | ३,१६९ | ३,०५३ | ५८ | ७७ |
| ९६ | कोस्टा रिका | ३,१३० | १,३६६ | १५ | ११३ |
| ९७ | सोमालिया | २,८९४ | ८८७ | ९० | ९१ |
| ९८ | क्रोएसिया | २,६९१ | २,१५२ | १०७ | ८५ |
| ९९ | मायोत्ते | २,५०८ | २,२१८ | ३२ | ९३ |
| १०० | अल्बानिया | २,४०२ | १,३८४ | ५५ | ११० |
| १०१ | क्युबा | २,३३२ | २,२०१ | ८६ | ८८ |
| १०२ | माल्दिभ्स | २,३२४ | १,९११ | ८ | १०० |
| १०३ | निकारागुआ | २,१७० | १,२३८ | ७४ | १२२ |
| १०४ | माली | २,१४७ | १,४३२ | ११४ | १०५ |
| १०५ | पारागुए | २,१२७ | १,०६५ | १५ | ११७ |

| क्र.सं. | देश, क्षेत्र र अन्य | सङ्क्रमित | निको भएका | मृत्यु | |
|---|---|---|---|---|---|
| १०६ | मडागास्कर | २,०७८ | ९४४ | १८ | १३१ |
| १०७ | श्री लंका | २,०३७ | १,६६१ | ११ | ९९ |
| १०८ | इक्वेटोरियल गिनी | २,००१ | ५१५ | ३२ | १११ |
| १०९ | प्यालेस्टिन | १,९९० | ४४७ | ४ | १३९ |
| ११० | दक्षिण सुडान | १,९८९ | २४६ | ३६ | ११२ |
| १११ | इस्टोनिया | १,९८७ | १,८१८ | ६९ | ८९ |
| ११२ | आइसलान्ड | १,८३८ | १,८१६ | १० | ९० |
| ११३ | लिथुआनिया | १,८१५ | १,५०३ | ७८ | ९२ |
| ११४ | लेबनान | १,७४० | १,१५३ | ३४ | १०४ |
| ११५ | स्लोभाकिया | १,६६४ | १,४६१ | २८ | ९५ |
| ११६ | गिनी बिसाउ | १,६१४ | ३१७ | २२ | १०३ |
| ११७ | स्लोभेनिया | १,५८१ | १,३८४ | १११ | ९७ |
| ११८ | जाम्बिया | १,५५७ | १,३११ | २२ | १०८ |
| ११९ | न्यु जीलान्ड | १,५२८ | १,४८४ | २२ | ९६ |
| १२० | सिएरा लियोन | १,४२७ | ९४३ | ६० | १२० |
| १२१ | हङ कङ | १,२०० | १,१०४ | ७ | १०६ |
| १२२ | ट्युनिसिया | १,१६९ | १,०२९ | ५० | १०९ |
| १२३ | क्याबो भर्ड | १,१५५ | ५७० | १२ | १४२ |
| १२४ | बेनिन | १,१४९ | ३०६ | १६ | १५४ |
| १२५ | मलावी | १,१४६ | २६० | १३ | १६९ |
| १२६ | जोर्डान | १,१२१ | ८६० | ९ | १२५ |
| १२७ | यमन | १,११८ | ४३० | ३०२ | १५२ |
| १२८ | लात्भिया | १,११६ | ९३२ | ३० | १०७ |
| १२९ | कंगो | १,०८७ | ४५६ | ३७ | १३२ |
| १३० | नाइजर | १,०७४ | ९३९ | ६७ | ११४ |
| १३१ | साइप्रस | ९९४ | ८३३ | १९ | ११५ |
| १३२ | बुर्किना फासो | ९५९ | ८३० | ५३ | ११८ |
| १३३ | उरूग्वे | ९२९ | ८१८ | २७ | ११९ |
| १३४ | जर्जीया | ९२४ | ७८५ | १५ | १२३ |
| १३५ | र्वान्डा | ९०० | ४४३ | २ | १४३ |
| १३६ | चाड | ८६६ | ७८० | ७४ | १२६ |
| १३७ | मोजाम्बिक | ८५९ | २२८ | ५ | १५३ |
| १३८ | उगान्डा | ८५९ | ७९४ | | १४९ |
| १३९ | अन्डोरा | ८५५ | ७९९ | ५२ | १२१ |
| १४० | इस्वाटिनी | ७८१ | ३७२ | ११ | १५० |
| १४१ | लाइबेरिया | ७६८ | २९८ | ३४ | १५१ |
| १४२ | लिबिया | ७६२ | १९६ | २१ | १७२ |
| १४३ | साओ टोम एन्ड प्रिन्सिप | ७१३ | २१९ | १३ | १३७ |
| १४४ | डाइमन्ड प्रिन्सेस(पानीजहाज) | ७१२ | ६५१ | १३ | १२७ |
| १४५ | सान मारिनो | ६९८ | ६५६ | ४२ | १२९ |
| १४६ | जमैका | ६९६ | ५५२ | १० | १३३ |
| १४७ | माल्टा | ६७० | ६३६ | ९ | १३० |
| १४८ | टोगो | ६४२ | ४०१ | १४ | १४१ |
| १४९ | च्यानल टापू | ५७१ | ५१२ | ४७ | १३४ |
| १५० | जिम्बाबे | ५६७ | १४२ | ६ | १६५ |
| १५१ | रियुनियन | ५२१ | ४७२ | २ | १३६ |
| १५२ | तान्जानिया | ५०९ | १८३ | २१ | १३५ |
| १५३ | सुरिनाम | ४९० | १९९ | ११ | २०२ |
| १५४ | मोन्टेनेग्रो | ४८१ | ३१५ | ११ | १४७ |
| १५५ | ताइवान | ४४७ | ४३५ | ७ | १३८ |
| १५६ | भियतनाम | ३५५ | ३३० | | १४६ |
| १५७ | मौरिसियस | ३४१ | ३२६ | १० | १४५ |
| १५८ | आइल अफ मान | ३३६ | ३१२ | २४ | १४४ |
| १५९ | म्यानमार | २९९ | २१८ | ६ | १५५ |
| १६० | कोमोरोस | २७२ | १६१ | ७ | १७५ |

| क्र.सं. | देश, क्षेत्र र अन्य | सङ्क्रमित | निको भएका | मृत्यु | |
|---|---|---|---|---|---|
| १६१ | अंगोला | २६७ | ८१ | ११ | १७८ |
| १६२ | सिरिया | २५६ | १०२ | ९ | १६७ |
| १६३ | मार्टिनक्यू | २४२ | ९८ | १४ | १५६ |
| १६४ | गुयाना | २३० | १०९ | १२ | १६३ |
| १६५ | मंगोलिया | २२० | १७५ | | १५९ |
| १६६ | केमान आइलान्ड | १९६ | १८६ | १ | १६२ |
| १६७ | इरिट्रिया | १९१ | ५३ | | १८३ |
| १६८ | फैरोए टापू | १८७ | १८७ | | १५७ |
| १६९ | नामिबिया | १८३ | २४ | | १९० |
| १७० | ग्वाडेलौप | १८२ | १५७ | १४ | १५८ |
| १७१ | जिब्राल्टर | १७७ | १७६ | | १६० |
| १७२ | बुरून्डि | १७० | ११५ | १ | १८१ |
| १७३ | बर्मुडा | १४६ | १३४ | ९ | १६४ |
| १७४ | ब्रुनइ | १४१ | १३८ | ३ | १६१ |
| १७५ | कम्बोडिया | १४१ | १३० | | १६६ |
| १७६ | ट्रिनिडाड एन्ड टोबागो | १२६ | १०९ | ८ | १६८ |
| १७७ | बहामाज | १०४ | ८७ | ११ | १७१ |
| १७८ | मोनाको | १०३ | ९५ | ४ | १७३ |
| १७९ | अरूबा | १०१ | ९८ | ३ | १७० |
| १८० | बार्बाडोस | ९७ | ९० | ७ | १७४ |
| १८१ | बोत्स्वाना | ९२ | २५ | १ | १८४ |
| १८२ | लिक्टेन्स्टाइन | ८२ | ८१ | १ | १७६ |
| १८३ | सिन्ट मार्टेन | ७७ | ६२ | १५ | १७७ |
| १८४ | भुटान | ७६ | ४४ | | १८५ |
| १८५ | सेशेल्स | ७० | ११ | | २०६ |
| १८६ | एन्टिगुआ एन्ड बर्बुडा | ६९ | २२ | ३ | १८६ |
| १८७ | फ्रेन्च पोलीनेसिया | ६२ | ६० | | १७९ |
| १८८ | मकाओ | ४६ | ४५ | | १८० |
| १८९ | गाम्बिया | ४५ | २६ | २ | १८७ |
| १९० | सेन्ट मार्टिन | ४३ | ३७ | ३ | १८२ |
| १९१ | सेन्ट भिन्सेन्ट ग्रेनाडिन्स | २९ | २९ | | १९७ |
| १९२ | टर्क्स एन्ड कैकोस | २८ | ११ | १ | २०३ |
| १९३ | लेसोथो | २७ | ४ | | २१४ |
| १९४ | बेलिज | २४ | १८ | २ | १९२ |
| १९५ | टिमोर लेस्टे | २४ | २४ | | १८८ |
| १९६ | कुरासाओ | २३ | १९ | १ | १९३ |
| १९७ | ग्रेनाडा | २३ | २३ | | १८९ |
| १९८ | न्यू क्यालेडोनिया | २१ | २१ | | १९५ |
| १९९ | लावस | १९ | १९ | | १९१ |
| २०० | सेन्ट लुसिया | १९ | १९ | | १९६ |
| २०१ | डोमिनिका | १८ | १८ | | १९८ |
| २०२ | फिजी | १८ | १८ | | १९४ |
| २०३ | सेन्ट किट्स एन्ड नेभिस | १५ | १५ | | १९९ |
| २०४ | फकलान्ड टापू | १३ | १३ | | २०० |
| २०५ | ग्रीनलान्ड | १३ | १३ | | २०१ |
| २०६ | भेटिकन सिटी | १२ | १२ | | २०४ |
| २०७ | मोन्टसेराट | ११ | १० | १ | २०५ |
| २०८ | पपुआ न्यू गिनी | ११ | ८ | | २१० |
| २०९ | पश्चिमी सहारा | १० | ८ | १ | २०८ |
| २१० | एमएस जान्डाम(पानीजहाज) | ९ | | २ | २०७ |
| २११ | ब्रिटिस भर्जिन टापू | ८ | ७ | १ | २०९ |
| २१२ | क्यारिबियन नेडरलान्ड | ७ | ७ | | २११ |
| २१३ | सेन्ट बार्थ | ६ | ६ | | २१२ |
| २१४ | अन्गिवला | ३ | ३ | | २१३ |
| २१५ | सेन्ट पीरे मिक्वेलोन | १ | १ | | २१५ |
| | **जम्मा** | १,०२,४९,७४१ | ५५,५७,९७४ | ५,०४,४९० | |
| | जेठ १५ गतेसम्म जम्मा | ५७,९२,९८९ | २४,९९,१५१ | ३,५७,४८० | |
| श्रोत | WORLDOMETERE | मिति : २०७७।०३।१५ | समय : ११:४५ | (GMT: 06:00) | |

# ङतापोल मन्दिर संरक्षणार्थ

रकम, सामान सहयोग र श्रमदान गर्नेहरूको नामावली

(२०७७ असार १७ गते दिउसो १ बजेसम्म)

रकम सहयोग

| क्र.सं. | नाम | रकम |
|---|---|---|
| ४३ | दशलक्ष्मी दुवाल | २०० |
| ४४ | नारायणप्रसाद घेमोसु | ५०० |
| ४५ | नारायणदेवी घेमोसु | ५०० |
| ४६ | आशबहादुर स्वनप | ६०० |
| ४७ | मंगलदेवी नकर्मी | ६० |
| ४८ | मंगलमाया गपी | २०० |
| ४९ | शिद्धिस्मृति प्रतिष्ठान | १०८००० |
| ५० | केशरी सुवाल | २००० |
| ५१ | लक्ष्मी मातां | २०१० |
| ५२ | कृष्णलक्ष्मी सुवाल | १००० |
| ५३ | पोगलक्ष्मी स्वनप | ७० |
| ५४ | रत्नशोभा हाडा श्रेष्ठ | ५०५ |
| ५५ | नीरव जोशी | १०१० |
| ५६ | कीर्तिनाथ मिश्र | ११०५ |
| ५७ | विष्णुमाया जोशी | २५०५ |
| ५८ | रामप्रसाद प्रजापति | ५१००० |
| ५९ | शिद्धिहोम होटल | १५००५ |
| ६० | विश्वराम सिंबन्जार | १००५ |
| ६१ | ज्ञानदास खाईतु | १००५ |
| ६२ | कृष्णमोहन नायभा | १००५ |
| ६३ | सीताराम त्वाती | १००५ |
| ६४ | राधाकृष्ण भुजु | १००५ |
| ६५ | रामसुन्दर अवाल | १००५ |
| ६६ | रामगोपाल सिल्पकार | १००५ |
| ६७ | कृष्णप्रसाद सिल्पकार | १००५ |
| ६८ | ओमकृष्ण सिल्पकार | १००५ |
| ६९ | निर्मल जोशी | १००५ |
| ७० | अजय प्रजापति | ५००० |
| ७१ | तुल्सीभक्त चन्द्रमाया श्रेष्ठ | ५५०० |
| ७२ | हरिभक्त गोसाई | १००० |
| ७३ | दिलिप राजा कायष्ठ | १००५ |
| ७४ | लक्ष्मीभक्त लासिव | ५५० |
| ७५ | स्व श्रीमान श्रीमती देवेन्द्रलाल मुलेपति | १००५ |

रकम सहयोग

| क्र.सं. | नाम | रकम |
|---|---|---|
| ७६ | लक्ष्मी सुवाल | १००० |
| ७७ | शोभा नापित | १००० |
| ७८ | शुभद्रा हाडा कायष्ठ | ११०१ |
| ७९ | केदारनाथ हाडा | १००१ |
| ८० | एलिसा श्रेष्ठ | ५०५ |
| ८१ | सुमित श्रेष्ठ | ५०५ |
| ८२ | सोदिपनारायण मुनंकर्मी | ५०५ |
| ८३ | अंजेश्वरी मल्ल | १००० |
| ८४ | सेविका हाडा | ११०१ |
| ८५ | मंगलबहादुर प्रजापति | ५५५५ |
| ८६ | स्व विकुलाल सूर्यमाया शाख | १५०० |
| ८७ | स्व रामकाजी सुनमाया अनामणी श्रेष्ठ | १५०० |
| ८८ | स्व केशवनारायण ताम्राकार | ५०००० |
| ८९ | कुमारी हाकुदुवाल | ५०० |
| ९० | कृष्णश्वरी | १११ |
| ९१ | आशामति कोजू | ५०० |
| ९२ | पूर्णभक्त कोजू | १०१० |
| ९३ | असलमाया गोरा | ११० |
| ९४ | श्रीमान श्रीमती कृष्णदास मधिकर्मी | ६०३५ |
| ९५ | कुमार बोयजू | १०२५ |
| ९६ | कपिल बाटी | १०२५ |
| ९७ | कृष्णलक्ष्मी दुवाल | २०५० |
| ९८ | मैयादेवी कसलवट | २०५ |
| ९९ | चन्द्रलक्ष्मी सुवाल | १०५० |
| १०० | प्रजग छुकां | १०२५ |
| १०१ | लक्ष्मीदेवी त्वायना | ११०० |
| १०२ | विकुमाया सिपुसा | ५५० |
| १०३ | पूर्णकेशरी देशेमरू | ५५० |
| १०४ | ज्ञानी बखाचो | १२१ |
| १०५ | प्रेममाया खर्बूजा | ६२० |
| १०६ | मोहनलक्ष्मी ताम्राकार | २०० |
| १०७ | तुल्सीभक्त बैद्य | १५० |
| १०८ | सूर्यकेशरी कर्माचार्य | १०५५ |
| १०९ | लक्ष्मीकेशरी कोजू | ५०५ |
| ११० | स्व चन्द्रवीर कर्माचार्य | १०५५ |
| १११ | श्री राजचलगुठी चासुखेल | १०००० |

रकम सहयोग

| क्र.सं. | नाम | रकम |
|---|---|---|
| ११२ | कमला भक्त प्रतिष्ठान | ११११११ |
| ११३ | विश्वराम कवां | ५०५०५ |
| ११४ | रामकेशरी देशेमरू | १००० |
| ११५ | पूर्णबहादुर पुण्यश्वरी चगुथी | ११०० |
| ११६ | स्व काजिलाल सुवाल | ५०० |
| ११७ | सग्रासिं चगुथी | ५१० |
| ११८ | केदार किलम्बु | १०५० |
| ११९ | गंगामैया किलम्बु | ५०५ |
| १२० | स्व सरिता किलम्बु | २५० |
| १२१ | स्व सीता किलम्बु | २५० |
| १२२ | रामचन्द्र किलम्बु | २५० |
| १२३ | रामेश्वर किलम्बु | २५० |
| १२४ | गाईसी चगुथी | २५० |
| १२५ | स्व वालकुमारी चगुथी | २५० |
| १२६ | स्व सुजवीर सुवाल | १०१ |
| १२७ | स्व महावीर सुवाल | १०१ |
| १२८ | गणेश सुवाल | १०१ |
| १२९ | महाक्वारी सुवाल | १०१ |
| १३० | पुनमाया सुवाल | १०१ |
| १३१ | लक्ष्मीप्रसाद चवाल | १०५० |
| १३२ | शान्तामाया चवाल | १०५० |
| १३३ | स्व बाबुकाजी चगुथी | १०१११ |
| १३४ | मिनप्रसाद भुजु | २०००० |
| १३५ | लक्ष्मीप्रसाद सुवाल | २११० |
| १३६ | आशलाल माक | २०१० |
| १३७ | रेनुका श्रेष्ठ | १०१० |
| १३८ | हरिगोविन्द भेले | १०१५ |
| १३९ | श्रीप्रसाद धन्छा | १०१० |
| १४० | कृष्णलक्ष्मी भेले | ५०५ |
| १४१ | सुलोचना अवाल | ५०५ |
| १४२ | सकुन्तला अवाल | ५०५ |
| १४३ | कृष्णभक्त ताक्रा | ५००० |
| १४४ | कृष्णलाल मानन्धर | १००५ |
| १४५ | सुकलक्ष्मी बज्राचार्य | १०५ |
| १४६ | पुर्णदेवी खाताखो | ५२० |
| १४७ | पुण्यराम बाईजु | ५०० |

रकम सहयोग

| क्र.सं. | नाम | रकम |
|---|---|---|
| १४८ | जगतबहादुर धौबन्जार | ५०० |
| १४९ | चन्द्रकेशरी दनेखु | ११०० |
| १५० | जानकी शाख | ४००५ |
| १५१ | रामसुन्दर श्रेष्ठ | २५२५ |
| १५२ | ईन्द्रबहादुर लाखाजु | १०१० |
| १५३ | आशबहादुर कोजू | २१५० |
| १५४ | आशकुमार कोजू | ३५०० |
| १५५ | कृष्णगोपाल राजचल | ५०० |
| १५६ | गणेशप्रसाद दुवाल | ६०१ |
| १५७ | गणेशबहादुर लासिव | ५०० |
| १५८ | कृष्ण ब्यांजु | १०० |
| १५९ | व्यासी व्याडमिन्टन क्लव | १०६५ |
| १६० | दशबहादुर मानन्धर | ५०५५ |
| १६१ | मोहन प्रजापति | १००५ |
| १६२ | रामेश्वर धौबन्जार | ५०५ |
| १६३ | लक्ष्मीप्रसाद प्रजापति | ५०५ |
| १६४ | न्हुछेबहादुर प्रजापति | ५०५ |
| १६५ | ईन्द्रप्रसाद प्रजापति | ५०५ |
| १६६ | पूर्ण मुनंकर्मी | ५०५ |
| १६७ | शहीद राजकुमार स्मृति पुस्तकालय | २००० |
| १६८ | लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि | २५००० |
| १६९ | धौभडेल परिवार | १००००० |
| १७० | हिरामाया गैंडा | ५०० |
| १७१ | कृष्णमाया गैंडा | ५०० |
| १७२ | चुन्तरी शाही | २०० |
| १७३ | मैया लाखेमरू | ५०० |
| १७४ | हरि थकु | २०० |
| १७५ | लक्ष्मी तचामो | १०० |
| १७६ | आशराम तजले | १०५ |
| १७७ | रामचन्द्र सुवाल | ११० |
| १७८ | कृष्णप्रसाद ग्वाछा | १०० |
| १७९ | राकेश शिवहरी | १०५ |
| १८० | कृष्णमाया रंजित | १२० |
| १८१ | कृष्णकुमार बनमाला | ५०० |
| १८२ | रत्नमाया कुस्मा | ५०० |
| | जम्मा रू. | ६८०१८३ |

## भौतिक सामग्री सहयोग

| क्र.सं. | नाम | झिँगटी | माटो |
|---|---|---|---|
| ४ | रागीनी जोन्छे | १०२० | |
| ५ | जोन्छे | १००० | |
| ६ | डोलेश्वर काँचो ईटा उद्योग | | २ र १ टिप ( डोजर र गाडी सहित) |
| ७ | वावुकाजी चगुथी | ११०० | |
| ८ | लोकेश्वर मन्दिर | २००० | |

## ईंटा सफा गर्न श्रमदान गर्नेहरुको विवरण


| क्र.सं. | संस्थाको नाम | ठेगाना | श्रमदान सङ्ख्या |
|---|---|---|---|
| १२ | बोलाछें तंचा महिला समूह | भनपा ४ | ७७ |
| १३ | मच्छे नारायण भजन मण्डल | भनपा ६ | ३५ |

## छाना छाउन श्रमदान गर्नेहरुको विवरण

छाना छाउन श्रमदान गर्नेहरुको विवरण

| क्र.सं. | संस्थाको नाम | ठेगाना | श्रमदान सङ्ख्या |
|---|---|---|---|
| ८ | डातापोल कर्नर टीम महिला र पुरुष | भनपा ५ | ५७ |
| ९ | एकिकृत हाकुज्या प्रजापति समाज महिला र पुरुष | भनपा ४ | ५६ |
| १० | श्री कुमारी धिमाय खल, क्वाछें | भनपा ५ | ६५ |
| ११ | दोक्छें परिवार | भनपा २ | २५ |
| १२ | नगरका विभिन्न वडाबाट | भक्तपुर | ३३ |
| १३ | लिवाली गणेश टोल सुधार समिति | भनपा ८ | ८२ |
| १४ | ख्वपृङ ओपन रोभर रेन्जार क्र्यू | भक्तपुर | १६ |
| १५ | नियोफ्यूजन ओपन रोभर रेन्जर क्र्यू | भक्तपुर | १२ |
| १६ | हारतीमा आदर्श भजन समुह | भनपा ५ | ५९ |
| १७ | नगरका विभिन्न वडाबाट | भक्तपुर | |
| १८ | लावोछें भनपा ४ परिवार | भनपा ४ | ३६ |
| १९ | जेंला परिवार | भनपा ८ | ४ |
| २० | इताछें समूह | भनपा २ | ११५ |
| २१ | डकर्मी सङ्घ, भक्तपुर | भक्तपुर | २१ |
| २२ | विभिन्न वडाबाट | भक्तपुर | २५ |
| २३ | नेमकिपा भनपा ७ गोल्मढी | भक्तपुर | १०५ |
| २४ | एकिकृत हाकुज्या प्रजापति समाज गुठी नं ५ | भक्तपुर | १९ |
| २५ | डागाचा महिला समूह | भक्तपुर | २८ |
| २६ | परदेशी भिमसेन भजन समूह | भनपा ५ | ७५ |
| २७ | विभिन्न वडाबाट | भक्तपुर | २५ |
| २८ | भनपा ६ परिवार | भक्तपुर | ४०२ |
| २९ | चोर्चा वुहारी समूह | भनपा ७ | ७२ |
| ३० | फैढोका गणेश महिला समूह | भनपा १ र २ | ८७ |
| ३१ | विभिन्न वडाबाट | भक्तपुर | १९ |
| ३२ | भनपा १ परिवार | भक्तपुर | ३११ |
| ३३ | भुलांचा महिला समूह र चम्पकेश्वर महादेव भजन समूह | भनपा ४ | ७१ |
| ३४ | विभिन्न वडाबाट | भक्तपुर | २२ |
| ३५ | व्यासी समूह | भनपा २ | ४८८ |
| ३६ | तुछिमला टोल सुधार समिति | भनपा ६ | २६ |
| ३७ | कुल्माननी लैको खलां महिला समूह | भनपा ५ | ३९ |
| ३८ | भार्वाचो इटाछें महिला समूह | भक्तपुर | ६३ |
| ३९ | क्वाछें गलसी महिला समूह | भनपा ५ | १९ |
| ४० | जेंला महिला समूह | भनपा ८ | १४ |
| ४१ | सूर्यविनायक वंशगोपाल महिला समूह | भक्तपुर | १५ |
| ४२ | पुरानो जगाती समूह | भनपा ८ | १५ |
| ४३ | चोछें व्यासी समूह | भक्तपुर | २७ |
| ४४ | डम्वरेश्वर भजन मण्डल | भनपा ७ | १५१ |
| ४५ | शिद्धिगणेश चोर्चा म्ह्यायमचा पुच | भक्तपुर | २० |
| ४६ | जेंला पुखुचा समूह | भनपा ८ | ३७ |
| ४७ | दुगुरे आमा समूह | भनपा ९ | २४ |
| ४८ | पासा पुच | भनपा ९ | १२८ |
| ४९ | भक्तपुर नपाका जनप्रतिनिधिहरू | भक्तपुर नपा | ३८ |
| | जम्मा | | २९४६ |

श्रोत : केशव तमखु, अध्यक्ष, डातापोल जीर्णोद्धार समिति




# ङातापोल निर्माण कथा (४)

- डा. जनकलाल वैद्य



## अध्याय ३

## न्यातपोलल अर्थात् पाँचतले मन्दिर निर्माण कार्य

प्रस्तुत सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा अभिलेखग्रन्थमा न्यातापोल देगः अर्थात् पाँचतले मन्दिर बनाइएको वर्णन गरिएको त छैन। तापनि, प्रस्तुत अभिलेखग्रन्थमा विभिन्न शीर्षक-उपशीर्षकका सूची र खर्च-टिपोट तथ्यका साथ यत्रतत्र उल्लिखित गरिएका प्रामाणिक संवत् तिथि दिन क्रम मिलाई अध्ययन चिन्तन मनन गर्दा उक्त मन्दिरको निर्माण कार्य कसरी द्रुत गतिले अगाडि बढ्दै पूर्ण भएको हो जान्न सकिन्छ। त्यस्तै, उक्त मन्दिरका प्रतिष्ठा अनुष्ठान कृत्यहरूका पनि संवत् तिथि दिन क्रम मिलाई हेरेमा ती कार्यक्रमहरू पनि सजीव औ छर्लङ्ग भएर आएका अनुभव हुन्छ। यस अनुसन्धान प्रबन्धमा ती उल्लिखित संवत् तिथि र संक्षिप्त तथ्य कुराका आधारमा उक्त मन्दिर निर्माण र सोको प्रतिष्ठा र प्रतिष्ठा अनुष्ठान कृत्यहरूका बारेमा यथासक्य प्रकाश पार्ने प्रयास गरिन्छ।

**क) मन्दिर निर्माणको निमित्त पूर्व तयारी** - नक्सा कुनै पनि मन्दिर अथवा भवन बनाउनका लागि नितान्त आवश्यक पूर्वाधार वस्तु हो। प्रस्तुत अभिलेखग्रन्थमा उक्त पाँचतले मन्दिरको मूल नक्सा चित्र विवरण त के कतै त्यसको संकेतसम्म भएको देखिँदैन। उक्त अभिलेख ग्रन्थको पत्राङ्क २४६ क, ख मा 'देवलया ल्याख' अर्थात् 'बनिने मन्दिरको नक्सा-नापोको हिसाब' भन्ने छोटकरी विवरण उल्लिखित भएको पाइएको छ। तर त्यसमा पाँचै तलाका झ्यालहरूका नापो र झ्याल छेउछेउमा बनाइने नागो, लेविं इत्यादि बुट्टा बनोटका मात्र नापो छन्। ती नापो विवरण आंशिक देखिन्छन्। पश्चिम जर्मनका अन्वेषक विद्वान प्रा.डा. बर्नहार्ड कोल्भरले लेखी प्रकाशित गराउनु भएको एक पुस्तिका **कन्स्ट्रक्टिङ प्यागोडाज् आकर्डिङ टु ट्रेडिशनल नेपलीज् ड्रइङस्** (सन् १९९६) को पृ.५४ मा एक पाँचतले मन्दिरको केही विस्तृत विवरण नेवाराक्षर लिपिमा नेपालभाषामा लेखिएको एक **रेखा-चित्रात्मक नक्सा** समाविष्ट भइराखेको भेटिएको छ। त्यसमा पाँचतले मन्दिरको गजूरदेखि भुइँ तलासम्मका (पाँचैतह पेटी बाहेक) अङ्ग अङ्गका नाम, नापो र केही निर्देश उल्लिखित छन्। वास्तु शास्त्रीय सिद्धान्तको सचित्र व्याख्या विश्लेषण पनि उक्त पुस्तिकामा छन्। भक्तपुरको पाँचतले मन्दिरको नक्सा जस्तो लाग्ने उक्त नक्साको स्रोत स्थान विद्वान् प्राध्यापकले स्पष्टतः उल्लेख गर्नु भएको भने छैन। उपर्युक्त नक्सा चित्र भेटिनाले उपयुक्त पाँचतले मन्दिरको टुनाल, तोरण र अन्य अङ्गमा भएका देवदेवीका सुन्दर र मनोरम काष्ठकला र प्रस्तर कलाका पनि नक्सा चित्र हुनुपर्ने बुझिन्छ। त्यस्तै, त्यस मन्दिरको प्रमुख देवी **सिद्धिलक्ष्मी** र अन्य अन्य देवदेवीका मूर्तिका धार्मिक-दार्शनिक पृष्ठभूमि बोध गराउने शास्त्रीय ग्रन्थहरूको अध्ययन-साधन सामग्रीको अस्तित्वको सम्भाव्यतातर्फ हामीलाई औंल्याइरहे जस्तो लाग्छ। ती पनि अनुसन्धान योग्य विषय हुन्। राष्ट्रको सिर्जना र सिर्जनशील परम्परा नै लोप हुन दिनु ता बाञ्छनीय होइन। त्यस्ता सामग्री जहाँ भएपनि जोसित भएपनि प्रकाशमा ल्याइदिनु पर्छ।

**जग्गा अधिग्रहण-** प्रस्तुत अभिलेख ग्रन्थ अध्ययन गर्दा वर्तमान स्वरुपको त्यत्रो अग्लो, भव्य, र विशाल (३०-३१ मिटर अर्थात् ९९.४४ फीट अग्लो) मन्दिर सुहाउँदो हुने गरी त्यसको लगापात परिसर केही बढी फराकिलो पार्नु परेकाले टौमढी टोलमा अघिदेखि भएका केही घर जग्गा अधिग्रहण गरिएको थियो भन्ने ऐतिहासिक तथ्यको जानकारी राजा भूपतीन्द्र मल्लको

समयको भक्तपुरको एक ग्रन्थकार **दु:खी भारो**को अभिलेख ग्रन्थ रामायणबाट (रा.अ.प्र. ३०१ बी २९५/१) प्राप्त हुन आएको कुरा माथि चर्चा भइसक्यो। **सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा** अभिलेख ग्रन्थमा भने पाँचतले मन्दिरको निर्माणको सिलसिलामा कुनै घर जग्गा अधिग्रहण गरि लिए वापत भए गरेका कुनै खर्च रकमका सूची र हिसाव कतै उल्लिखित भइराखेको देखिंदैन। दु:खी भारोको उपर्युक्त रामायण अभिलेख ग्रन्थमा मात्र निजको पुर्खौली घर अधिग्रहण गरेर निजलाई अन्यत्र स्थानको घर सट्टा–भर्ना दिइएको कुरा निजको प्रतिक्रिया सहित उल्लिखित भएको छ।

**मन्दिर निर्माणको निम्ति जग खन्ने र जग हाल्ने कृत्य अनुष्ठान–** प्रस्तुत सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठान अभिलेख ग्रन्थको पत्राङ्क २५६ क–ख अनुसार ने.सं. ८२२ पौष शुदि ७ मा टौमढी टोलमा पहिलेदेखि भएको ङातापुल नामक पुरानो मन्दिर (?) भत्काएर त्यसै थलोमा वर्तमान **न्यातपोलल** द्योगः अर्थात् **पाँचतले मन्दिर** बनाइएको भन्ने तथ्य उल्लिखित भइराखेको छ। अन्य पुरातात्त्विक अभिलेख सामग्रीबाट यस सम्बन्धी थप तथ्य खुल्न नआएसम्म अहिलेलाई उपर्युक्त तथ्यबाटै चित्त बुझाउनु परेको छ। त्यत्रो अग्लो मन्दिर निर्माण गर्नलाई निकै गहिरो जग खन्नु पर्ने हुन्छ। यस सम्बन्धी कुनै कुरा प्रस्तुत अभिलेख ग्रन्थमा स्पष्टत: लेखिएको देखिंदैन। कतिसम्म भने **ङातापुल** भत्काउने कामका लागि दिनको औसत ४०–६९ जना म्होयहरू ५५ दिनसम्म नियुक्त गरी काम गराएका देखिन्छन्। सो काम भएको समयावधि ने.सं. ८२२ (तदनुसार वि.सं. १७५८) पौष शुक्ल ७ देखि पौष कृष्ण १, माघ शुक्ल १, माघ कृष्ण १ र चैत्र शुक्ल १ सम्म पर्छ। **ङातापुल** भत्काउनलाई मात्र त्यतिका दिनसम्म त्यतिका जनशक्ति लगानी गर्नु परेको होइन होला। जग खन्ने र निर्माण स्थल सफा गर्ने काममा पनि ती ज्यामीहरूबाट त्यस समयावधिमा काम गराएको होला भन्ने अनुमान गर्न सकिन्छ। स्मरणीय छ– उक्त ङातापुल भत्काएको ५ दिन पछि अर्थात् ने.सं. ८२२ पौष शुक्ल १२ का दिन **वास्तु पूजा र भूमि शोधन** अनुष्ठान कृत्य होमसहित रांगो बोको बलि चढाइवरी सम्पन्न भएको थियो। ने.सं. ८२२ माघ शुक्ल ५ का दिन टौमढी टोलमा निर्माण हुने भएको पाँचतले मन्दिरको पादुका स्थापन, मित स्वङा कृत्य सम्पन्न भएको थियो (पत्राङ्क १२९ क, ख र १६३ क, ख), पादुका स्थापन र मित स्वङा एउटै कृत्य हो कि ती दुवै एकै दिनमा भएको देखिन्छ।

**ख) निर्माण सामग्री जोरजाम–** कुनै पनि निर्माण कार्य सुचारु रूपले गर्न गराउन आधारभूत निर्माण सामग्री काठ, इँट, ढुङ्गा, माटो इत्यादिका जोरजाम गरी ठिक्क पारी राख्नु पर्ने हुन्छ। भक्तपुरको प्रख्यात पाँचतले मन्दिरको नव निर्माण हुँदा पनि त्यस्ता आधार सामग्रीको जोहो बरबन्दोस्त गरिएको तथ्य प्रस्तुत अभिलेख ग्रन्थबाट थाहा हुन्छ।

**काठ सङ्कलन–** पाँचतले मन्दिर निर्माण कार्यको लागि चाहिने काठको लागि सबभन्दा पहिले ने.सं. ८२२ कार्तिक शुक्ल ३ का दिन **सिँ छेचकल छोया** अर्थात् जंगलमा काठका लागि रुख छानी विधिवत पूजा आजा गरी रुख कटानी गर्ने काम सम्पन्न भएको देखिन्छ (पत्राङ्क १ ख)। उक्त निर्माण कार्यका लागि काठ खरीद गरेर औ छिमेकी राज्य देश ललितपुरबाट, भक्तपुर राज्य अर्न्तगतका बनेपा, नाला, साङा, धुलिखेल, खम्पु, पनौति, चौक्वाथ, ठिमी, बोडे, नगदेश, भक्तपुरकै टोलटोलबाट र भक्तपुरकै प्रमानहरूबाट सहयोग स्वरूप साल चाँप जातका काठ प्राप्त भएका थिए। केही काठ खरिद भएका पनि थिए। तर किनिएका काठका मोल लेखिएको छैन। प्राय: सबै जसो काठ सहयोग स्वरूप प्राप्त भएकाले काठको मूल्य उल्लिखित भएको कतै देखिंदैन। काठ बोकी ल्याउने भरियाहरूलाई ढुवानी वापत बय ज्याला मात्र तिरेका देखिन्छन्। प्रस्तुत अभिलेख ग्रन्थका पत्राङ्क १४७–१५९ क भित्रबाट र पत्राङ्क २५२ ख बाट उपर्युक्त काठ सहयोगबारे जानकारी मिल्छ। ती (कत्सि, साल सिसौ, चाँप, गम्भारी, डुम्री, ओलासि, इत्यादि) काठका नाप र थान गिन्ती औ बय ज्यालाबारेमा र श्रम शक्तिबारेमा जानकारी मिल्छ। त्यसरी सङ्कलित जोरजाम भएका काठ मध्ये **साल सिसौ अग्राख** जातका काठ थान १७७२ विभिन्न नापोका) **चाँप** जातका काठ था २८५ (विभिन्न नापोका), थासि मुसि काठ थान १०९३ थिए। सहयोग स्वरूप उपर्युक्त काठ ने.सं. ८२२ कात्तिक वदि ३ मा उपलब्ध गराउने ठाउँ भक्तपुरका सबै जसो टोलहरू, प्रमानहरू र पेशेवर कालिगडहरू संवत् ८२२ माघ शुक्ल ६ मा ललितपुरका २४ टोल ११ गाउँहरू, तथा सं. ८२२ पौष शु १३ मा बनेपा, धुलिखेल, नाला, चौकोट, खड्पु, साङा, ठिमी, बोडे र नकदेश थिए। ती ठाउँबाट काठ ढुवानी र खर्चवापत बय ज्याला जम्मा **मोटं ३९५ दम्म ५७** लागेको थियो।

**ईंट जोरजाम–** पाँचतले मन्दिर निर्माण कार्यको लागि आवश्यक सामग्री इँट जोरजाम गर्ने हेतुले ने.सं. ८२२/वि.सं. १७५८ पौष शुक्ल १४ देखि ज्येष्ठ वदि ११ भित्रका २४ तिथि दिनमा सबभन्दा पहिले मस्या बिजिलि, नाय ध्वाखा, खोहो दो, बाताध्वाखा, र चुपिंगाल भन्ने ठाउँका इँट भट्टामा इँट पोल्ने काम थालनी भएको तथ्य प्रस्तुत अभिलेख ग्रन्थको पत्राङ्क २५९ ख/ परिशिष्ट १९ बाट थाहा हुन्छ। तर ती इँट भट्टाहरूमा के कस्तो नापोका आकारका के कति इँट उत्पादन गरिएका थिए, ती इँट उक्त मन्दिरको कुन खण्ड निर्माणमा प्रयोग गरिए स्पष्ट उल्लिखित भएको देखिंदैन। इँट पोल्ने काममा लगाइएका

एघात र म्होयहरूका संख्या तथा इँट भट्टाका 'थु' संख्या मात्र लेखिएका देखिन्छन् । **ने.सं. ८२२ कार्तिक शुदि ७** (वि.सं. १७५८) तिथि दिनमा हरिकृष्ण, कल्याणसिं, दुर्गादास भन्ने अतक्रमिहरूबाट **अत/इँट** ३०४१०० ओटा इँट **मोटं १७८ शुकि ३ दं १९** मा किनिए (पत्राङ्क २६० ख, परिशिष्ट १४), 'ऐ' संवत्मा कार्त्तिक वदि १ मा दातेम्हा, पंच, म्होय, मदे निवारहरूबाट अत/**इँट** ११,३५८५० ओटा मोटं ६६८ दं १७ मा किनिए (पत्राङ्क २६० क, ख परिशिष्ट १६), **ने.सं. ८२२ पौष वदि ३** मा शङ्कर, मुनि, धनराम, हाकुहरूबाट **इँट** १०२६३६ ओटा मो १ को ५०० ओटा इँट दरले मोटं २०५ दं ३२ मा किनिए (**तेलिया इँट**) पत्राङ्क १६२ क, ख, परिशिष्ट १९, जसराम, भिम, जनरामहरूबाट **अपा/आपा/झिँगटी इँट** ८४२५४ ओटा मोटं १२८ दं ११ मा किनिए तथा **क्वपा (कुंपा) र ग्वंगपा** १००० ओटाको मोटं १ दरले ६०६७ ओटा मोटं ६ दं ७ मा किनिए (पत्राङ्क १६२ ख, १६३ क परिशिष्ट १९), ने.सं. ८२२/ वि.सं. १७५८ **फाल्गुण शुदि ३** मा ठिमीलेहरूबाट **तवपा चेकन अपा** (ठूलो तेलिया इँट) एउटाको दम्म ३ दरले २१२८ ओटा मोटं ५३ दम्म २४ मा र बोडेबाट २३,२१५ ओटा चाहिं मोटं ४६ दं ५१ मा किनिए (पत्राङ्क १६३ क, परिशिष्ट १९), **ने.सं. ८२२ वैशाख शुक्ल १**/ वि.सं. १७५९ मा श्री देवजु, मणिराम, मनोहोलसिं मानसिंहरूबाट **अत/इँट** जम्मा १५,२४,१५० ओटा मोटं ८९६ दं ४२ मा किनिए (पत्राङ्क २६१ क, ख, परिशिष्ट १५) । त्यस्तै, उक्त पाँचतले मन्दिर निर्माणका निम्ति ने.सं. ८२२/वि.सं. १७५९ **वैशाख शुक्ल ५**, ज्येष्ठ शुक्ल १४, ज्येष्ठ वदि ११, श्रावण शुक्ल १-४ तिथिका दिनमा ठिमीबाट तवपा चेकन अत अर्थात् ठूलो तेलिया इँट १९१८ ओटा प्राप्त भएका थिए । ती तेलिया इँट ल्याउनेलाई बय ज्याला जम्मा मो ७# दं ११६ मात्र (पत्राङ्क २५७ ख-२५८ ख, परिशिष्ट २१) सोही पत्राङ्क र परिशिष्टमा बोडेबाट तेलिया इँट ७१५४ ओटा ल्याउनेहरूलाई बय ज्याला मो ६ दं १० मात्र तिरेको तथा **नकदेशबाट तेलिया इँट** ४९३० ओटा ल्याउनेहरूलाई पनि मो ३ शुकि १ दं ८६ मात्र बय ज्याला तिरेको देखिन्छ (पत्राङ्क २५८ ख, परिशिष्ट २१ मै) । संवत् तिथि उल्लिखित नभएको (पत्राङ्क १८८ क, ख को) टिपोट अनुसार राम, धनसिं सिद्धिहरूबाट अतपा/उपा इँट २१५७० ओटा मोटं ७ दम्म २१ मोल तिरेर खरिद भएको देखिन्छ । त्यस्तै, धनराम, बुद्धिराम, सेवहरिहरूबाट चेकन अत/ तेलिया इँट ८१३० ओटा मोटं १६ शुकि १ औ रामहरि, मनहोल, बुद्धिरामहरूबाट उपा इँट (झिँगटी इँट ?) ग्वगलपा, इमा पा ( ४ ओटा मात्र) समेत गरी जम्मा १०,००४ ओटा मोटं ३ दं ५२ तिरेर किनेका थिए ।

यसरी, अत/इँट जम्मा ३२,७८,८८६ ओटाको मोटं २०४१ शुकि २ दं २६

चेकन अत/तेलिया इँट जम्मा २२१२९ ओटाको मोटं ५३ दं २४

तपा चेकन अत/ ठूलो तेलिया इँट २१२८ ओटाको मोटं १० दं २६

ग्वंगपा, (क्वपा) इँट ७७८९ ओटाको

इमापा ४ ओटाको दं १२

जम्मा खर्च मोटं २१०४ शुकि २ दं ९८

उपर्युक्त कुनै पनि इँट, तेलिया इँट (ठूला र साना) का नापो उल्लिखित भएको देखिंदैन । इँट जति पाँचतले मन्दिरको गारो बनाउनमा, ठूला तेलिया इँट पाँचतले मन्दिरका चौथो र पाँचौ तलाका फले पेटीमा, साना जति अरु पेटी र मन्दिर मुनि भुइँमा छापिएका देखिन्छन् *(सन् १९५४ मा तेजबहादुर कायस्थले खिचेको पाँचतले मन्दिरको फोटोमा* ।)

**ढुङ्गा जोरजाम–** मन्दिर, विहार अथवा भवन निर्माण गर्दा मजबूत जग निर्माणका लागि प्रथमतः ढुङ्गाकै आवश्यक पर्ने हुन्छ । अनि गारो बनाउन उठाउन, फले अर्थात् पेटी बनाउन, नागो अम्वसाः आदि बुट्टा बान्की बनाएर सजाउनका साथै द्वार र ढोका वरीपरीको बनोट अंश मजबूत एवं मास्तिरका बोझ थामि राख्न सक्षम पार्न, देवदेवीका मूर्ति प्रतिमा कुँदाएर र बनाएर स्थापना गर्न, भवन मन्दिर परिसरका भू-भाग बाटोमा छाप्नलाई पनि ढुङ्गा आवश्यक पर्ने हुन्छ । प्रस्तुत अभिलेख ग्रन्थमा ढुङ्गाका प्राप्ति -सहयोग स्वरूप प्राप्ति - ने.सं. ८२२ वैशाख वदि ४, १४ पछि र ने.सं. ८२३ मार्ग शुक्ल ५, ज्येष्ठ शुक्ल ३ देखिमात्र भएका देखिन्छन् । सहयोग स्वरूप ढुङ्गा भक्तपुरका टोलटोलका निवासीहरू, पेशेवर जन समुदाय, प्रमानहरूबाट र केही ढुङ्गा ठिमी, नगदेश, बनेपा, पनौति आदि ठाउँबाट प्राप्त भएका थिए । त्यसरी प्राप्त भएका ढुङ्गाका कुल संख्या **१४०१ ओटा र कोत्खा लोहों ढुङ्गा १२७ ओटा** देखिन आउँछन् । ती ढुङ्गाका नापो नदिइए पनि एकेक ओटा ढुङ्गा ढुवानीमा १२-३१ जनासम्मका श्रम शक्ति लागेकोबाट ती ढुङ्गाको आकार अनुमान गर्न सकिन्छ (पत्राङ्क १५९-१६० परिशिष्ट २३ र २४) । पाँचतले मन्दिर निर्माण कार्यक्रममा ने.सं. ८२२ पौष द्वादशी त्रयोदशी (वि.सं. १७५९) मा वास्तु पूजा सम्पन्न भई ने.सं. ८२२ माघ शुक्ल ५ का दिन **'तरमंढेस दाङा देवलया मित स्वडा पादुका स्थापन'** अर्थात् टौमढीमा निर्माण हुन गइरहेको मन्दिर-पाँचतले मन्दिरको शिलान्यास अर्थात् पादुका स्थापन भइसकेपछि उपर्युक्त ढुङ्गा र कोत्खा ढुङ्गा प्राप्ति भएका देखिनाले उक्त पाँचतले मन्दिरको जग हाल्दा अरु नै ढुङ्गा प्रयोग भएका थिए भन्ने लाग्छ । जग निर्माणमा कहाँका कति ढुङ्गा प्रयोग भएका थिए रहस्य कै विषय हो, अनुसन्धान अध्ययन गर्नु बाँकी नै छ ।


अर्को कुरा, ढुङ्गा प्राप्तिकै सिलसिलामा प्रस्तुत अभिलेख

ग्रन्थको पत्राङ्क १५९ ख–१६० क मा वैशाख वदि ४ मा (साल संवत् छैन तापनि संवत् ८२२ चैत्र वदि १४ को लगत्तै पछिको वैशाख वदि ४ को टिप्पणी नै हो) 'देव लोहोया, वैशाख वदि ४ ग्व १ म्हं ६८६ मो ५३ दं १' अर्थात् देवदेवी प्रतिमा बनाउने ढुङ्गा (कोत्खा ढुङ्गा) गोटा १ ढुवानी गरी ल्याउने ६८६ जनाको श्रम शक्ति लागत भए वापत बय ज्याला मो ५ शुकि ३ दं १ दिइएको भन्ने उल्लिखित देखिन्छ । समभवतः, उक्त एकै कोत्खा लोहों ढुङ्गाबाटै पाँचतले मन्दिरमा प्रतिष्ठा स्थापना भएको स्वेष्ट देवी सिद्धिलक्ष्मी, आकाश भैरव, श्मशाव भैरव र बेतालका प्रतिमाहरू सिंगो एउटै विशाल, सुन्दर, भावपूर्ण, कलापूर्ण प्रतिमा अज्ञात कलाकारले सिर्जना रचना गरिएको हुनुपर्छ । यहाँनेर यो तथ्य पनि स्मरणीय छ पाँचतले मन्दिरको देव प्रतिमा मूर्तिका ने.सं. ८२२ ज्येष्ठ कृष्ण १० तिथिका दिन स्नान, ज्येष्ठ कृष्णकै १० प्र ११ का तिथि दिनमा दश कर्म संस्कार, ज्येष्ठ कृष्ण ११ मै शोधन ज्येष्ठ कृष्ण १२ मा प्राण प्रतिष्ठा अनुष्ठान कृत्य सम्पन्न भई आषाढ शुक्ल १ तिथिमा मन्दिरमा स्थापित भइसकेको देखिन्छ । यस हिसावले उक्त देव मूर्ति महिना दिनमा बनाई तयार भइसकेको बुझिन्छ । त्यस देव मूर्ति प्रस्तुत अभिलेखग्रन्थको पत्राङ्क २१२ क– २१४ क मा नाम उल्लिखित भएका भक्तपुरका लोहोकर्मी शिलाकारहरू तुलसि, विश्वनाथ, दक्षराम, मनोहरसिं, मानसिं, राम, केशवराय इत्यादि ३० जना मध्येकाले सिर्जना रचना गरेका हुनुपर्छ । प्रस्तुत अभिलेखग्रन्थको पत्राङ्क ७७ क मा संवत् ८२२ आषाढ शुक्ल प्रतिपदाका दिन पाँचतले मन्दिरमा गजूर चढाएको औ मन्दिरमा देवीको भव्य मूर्ति स्थापना गरिएको उत्सव उपलक्ष्यमा एक तोला सुन उपहार पुरस्कार पाउने कालिगडका नाम सूचीमा स्पष्टतः **तुलसि लोहोकर्मि**को नाम र ८/८ मासा सुन पाउनेहरूमा विश्वनाथ, दक्षरामका नाम उल्लिखित भएका छन् ।

प्रस्तुत अभिलेखग्रन्थकै पत्राङ्क २५२ ख– २५३ क मा ढुङ्गा ल्याउनेहरूलाई बय ज्याला वितरण र ल्याइएका ढुङ्गा संख्या वितरण दिएका ठाउँमा उल्लिखित दुई वाक्यमा सीमित संक्षिप्त तथ्य यस प्रकारका छन्, जुन विचारनीय लाग्छन्–

**वादेस प्रजान साला हया लोहो ग्व १ कोतुवाल दयका**

(अर्थात् चापा गाउँका प्रजाहरूले तानेर ल्याई पुर्‍याएको



पत्राङ्क २१२ क

ढुङ्गा १+१ बाट कोतुवाल बनाइयो) ।

पत्राङ्क २१७ क मा ललितपुरका शिलाकार लोहोकर्मिहरूका एक समूहका नाम सूचीमा पनि क्वतोवाल म्हं २ उल्लिखित भएका छन् । कोतुवाल अर्थात् कुथुव भन्ने दुई मानव मूर्तिहरू नामोल्लिखित ललितपुरका लोहोकर्मि शिलाकार कालिगडहरूले बनाएका थिए कि भन्ने लाग्छ । संवत साल नभएको तर तिथि नष्ट श्रावन १२ तिथि दिनमा ज्याला वितरण भएको तिथि दिन हुनुपर्छ भन्ने लाग्छ । **ने.सं. ८२२ आषाढ शुक्ल प्रतिपदा**का दिन सम्पन्न महोत्सव (गजुर चढाएको, देवदेवी मूर्ति स्थापना भएको) उपलक्ष्यमा गाइएको *'जय भूपतीन्द्र मल्ल धरम मुरती'* शीर्षकको दाफा गीतमा (ने.सं. ८२२ आषाढ शुक्ल प्रतिपदा तिथि उल्लिखित) क्वथु फले जय प्रताप सबभन्दा तल्लो तहको पेटीमा स्थापित जय र प्रताप मूर्तिहरूका उल्लेख परिसकेका छन् । यो तथ्य विचारनीय छ । ती दुई मानव मूर्तिहरू जय र प्रतापका– मानवीय कीर्ति जय प्रतापका प्रतीक वोधक हुन् कि !



कुटुव (कुथुवा)

सहयोग स्वरूप उपलब्ध गराइएका ती ढुङ्गा र कोत्खा लोहों ढुङ्गा ढुवानी गर्नेहरूलाई बय ज्याला **जम्मा मोटं १३५** मात्र खर्च लागेको देखिन्छ ।

प्रस्तुत अभिलेखग्रन्थमा निर्माण सामग्री मध्ये चाहिने माटो स्थानीय स्रोत मै यथेष्ट पाइने भएकाले होला कतै उल्लेख गरेको देखिंदैन ।

ईंट र ढुङ्गामा जोड्नलाई चाहिने निर्माण सामग्री मसला पदार्थहरू, तिनीहरूका परिमाण र तिनीहरूमा लागेका व्यय खर्च केही रकम पत्राङ्क २५३ ख मा मास किनेको मो १, पनौतिबाट ल्याइएको चून ३० भारी ढुवानी गरी ल्याउनेहरू ३० जनालाई बय दम्मा ३० जम्मा **मो १ दम्म ३०** खर्च लागेको उल्लिखित देखिन्छ । उपर्युक्त मसला पदार्थ चून, चाकु, मास, ने.सं. ८२२ आश्वीन बदि ७ मा पनौतिबाट (चून) र छत्रराजबाट चाकु तथा वंशीधर, उपरसिं, जयसिंहरूबाट मास प्राप्त भएका थिए । संवत् तिथि हेर्दा उपर्युक्त मसला पदार्थ देवल छँ देव गृह निर्माण कार्य त्यतिखेर भइरहेको हुँदा सो देव गृह निर्माण कार्यका निम्ति जोरजाम गरिएका थिए कि भन्ने लाग्छ । पाँचतले मन्दिर निर्माण कार्यमा ईंट ढुङ्गासित जोड्न त्यस्तै

मसला पदार्थ प्रयोग गरिएको हुनुपर्छ। चून ढुङ्गा र चून पोल्ने काम भएको कुरा प्रस्तुत अभिलेख ग्रन्थका पत्राङ्क २५३ क, ख मै आउँछ।

अन्य निर्माण सामग्री धातु पदार्थ फलाम, पित्तल, तामा, सुन, राङ, पारो इत्यादि काम भएको वर्णन प्रसङ्गहरूमा यथा स्थानमा चर्चा गरिनेछ।

**धेरै समय लाग्ने निर्माण कामका लागि कालिगड नियुक्ति –** पाँचतले मन्दिर निर्माणका लागि चाहिने काठ, इँट जोरजाम गरेपछि, जोरजाम गर्दागर्दै अर्कोतर्फ धेरै समय लाग्ने कामका लागि कालिगड कामदारहरू नियुक्त गरी मन्दिर निर्माण कार्यका आधारभूत पूर्व तयारीका काम थालेका थिए। काठका निम्ति रुख छानी काट्ने पामिहरू र काठ चिरानी गर्ने फाहा कर्मि (कर्मी) हरूलाई काममा लगाइए। प्रस्तुत अभिलेखग्रन्थका पत्राङ्क २३७ ख – २४२ क मा १७६ जना पामिहरूका नाम, संख्या, बय ज्याला उल्लिखित भएका छन्। तिनीहरूले ५४५ जनाको श्रमशक्ति बराबरको काम गरे वापत बय ज्याला जम्मा मोट १६३x दं २० पाएको उल्लिखित देखिन्छ। प्रमानहरूका जनका नाताले काठ चिरानीको काम गर्ने **९४ जना फाहा कर्मी** (नामोल्लिखित) हरूले केही बय ज्याला पाएका देखिंदैन (पत्राङ्क २३७ क)।

प्रस्तुत अभिलेखग्रन्थमा कालिगडहरूका नाम, कार्य विवरण, ज्याला इत्यादि तिनीहरूलाई काममा नियुक्त गरिएका संवत् तिथि क्रमानुसार यस प्रकारका छन्–

क) फस गाथ (बलेसीमा झुण्ड्याइएका हावाका गतिसाथ बज्ने ससाना घण्टी बनाउन लगाउनलाई संवत् ८२२ (वि.सं. १७५८) **कार्तिक वदि १२ देखि** सम्बन्धित कालिगडहरूलाई काम गराई सकेको देखिन्छ। (पत्राङ्क ७१ ख–७२ क)। त्यस कामका लागि खास कुन पेशा विशेषका कत्ति जना कालिगड नियुक्त गरिए भन्ने उल्लिखित भएको देखिंदैन। कलि अर्थात् फलामको काम गर्ने नकर्मीहरूका कार्य विवरणमा (पत्राङ्क १०७ ख) **नकर्मीहरूले ५२८ ओटा फस गाथहरूका निम्ति फलामे रालो, घेरा, सिक्री, फुली, खैमल बनाएका** भन्ने तथ्य उल्लिखित भएका देखिन्छन्। यताबाट, पाँचतले मन्दिरका **५२८ वटै फस गाथ** घण्टी बनाउने काममा कलि अर्थात् नकर्मीहरूका पनि सक्रिय देन रहेको बुझिन्छ। फस गाथ अर्थात् बलेंसीमा झुण्ड्याइने घण्टी बनाउनलाई चाहिने सेथ अर्थात् **मैन धार्नी २४ कु २ मोटं २२ आना बाह्र त कु ३**/ मोल तिरेर किनेको बुझिन्छ। त्यसै कामका लागि **श्री ३ तलेजु भवानीको ढुकुटीबाट मो १०७ आठ आना दं २१** मूल्य बराबरको काँस र पित्तल दुबै थरी गरी धार्नी २१ कु १ अस्ता १x८ प्र ३ तथा **श्री २ राजा भूपतीन्द्र मल्लबाट** मोल मो ४७३॥दं४द्र प्र३॥ पर्ने काँस धार्नी १३८ प्र २ अ तो २ लागेको थियो। काम गर्दा काँस धार्नी १९ कु २॥ अ ३ क्षति भएको थियो जसको मूल्य मो ६५॥ पर्थ्यो। त्यसमा संलग्न ७ जना कालिगडहरूलाई

चामल आढ २२ फं २ कु १

च्यूरा आढ २२ फं २ कु १

मासु फं ५ का त्यसबेला ती खाद्यमा प्रचलित भाउ बेसाहा अनुसार मो २७॥। दं २४ खर्च परेको थियो। बलेसी घण्टीका रालोमा झुण्ड्याइएका **तामाको पिपल पातको (५३३ वटा)** तौल धार्नी १६ प्र २ अ १ थियो (पत्राङ्क ७२ ख)। त्यसको मोल तत्कालीन भाउ बेसाहा अनुसार मो ३ दं ८८ तथा ती **सात जना कालिगड**लाई दैनिक दम्म ६ दरले ९०३ दिनको ज्याला रकम मो ३१ आना ४४ दं ५१ खर्च भएको थियो। ती घण्टी बनाएको खर्च जम्मा मो ७२९ दं ६८ कपनी रु ६ जति परेको देखिन आएको छ। यस काममा संलग्न ७ जना कालिगडहरूका नाम चुकुटी, भागिराम, मनिधर, पुनसिङ, परिष, पद्ममसिं र देवराम थिए। तिनीहरू प्रत्येकले औसत १२९ दिन काम गरेको देखिन आउँछ। तिनीहरूमा भागिरामले सबभन्दा धेरै (१५९ दिन) काम गरेको देखिन्छ त देवरामले सबभन्दा कम दिन (१० दिन) काम गरेको देखिन्छ (पत्राङ्क ७२ ख)। त्यसरी बढीमा १५९ दिनसम्म काम गरी बनाई तयार गरिएका ती ५२९ बलेसी घण्टी मध्ये पाँच तले मन्दिरको **पाँचौं तलाको बलेसीमा ५८ वटा, चौथो तलाकोमा ८० वटा, तेस्रो तलाकोमा १०४ वटा, दोस्रो तलाकोमा १२८ वटा र पहिलो तलाकोमा १६८ वटा** हिसावले प्रत्येक बलेसी दलिनको टुप्पा नेर जडान गरी झुण्ड्याइएका छन्। ती घण्टीका **फलामे रालोका तौल साढे तेह्र धार्नी, ती रालोमा गाँसिएका तामाका पिपल पातका तौल धार्नी १६ प्र २ अ १** (पत्राङ्कहरू ७२ ख, १०७ ख) औ **फलामे घेराका तौल धार्नी ३** ((पत्राङ्क १०७ ख) थियो। ती घण्टीका **६७२ फलामे सिक्री** (प्रत्येक १६ इन्च लामो) को **जम्मा तौल धार्नी २४ प्र १ घात** थियो ('भक्तपुर', अङ्क १५०, पृ.२२ वि.सं. २०५६ चैत्र)। ती फसगाथ बनाउनलाई चाहिने कोरा सामग्री पदार्थ उपलब्ध गराएको तथ्य पत्राङ्क ७१ ख–७२ ख मा यसरी उल्लिखित भएको देखिन्छ–

*सेथ धा २४ कु २ थिक मो २२ ॥। द्र कु ३।*

*कास धा १७ प्र २ अस्ता २ तोला २ प्र ३॥*

*रिर धार्नी ३१ कु १ अस्ता १ द्र प्र ३॥*

*फस गाथया लाल धार्नि १३ x ...*

त्यस फस गाथ बनाउनलाई चाहिने मैन उपाध्याजुबाट धार्नी ८ कु १. कु ४

त्यस फस गाथ बनाउनलाई चाहिने मैन उपाध्याजुबाट प्र २. कु १ ॥

जिवजुबाट धार्नी ७, शंखसिंजुबाट धार्नी २ कु २ ॥। र परमानन्दजुबाट धार्नी १ अ १ उपलब्ध भएका थिए। ती बलेसी घण्टी बनाउने कालिगडहरूका नाम सूचीमा परेका ७ जना कालिगडहरू मध्ये भागिराम र मनिधर नाम नकर्मीहरूका नाम सूचीमा तथा मनिधर नाम तावतका (टमोटहरूका) नाम सूचीमा पनि आएको छ। उस्तै उस्तै नाम भिन्नाभिन्नै कालिगडका नाम सूचीमा देखा पर्नाले कालिगड व्यक्ति विशेषका परिचय ठम्याउन केही कठीनाइ परेको छ। फस गाथ बनाउने काममा नकर्मी र टमोट दुवै थरीको संलग्नता रहेको यी तथ्यबाट निश्चित भयो। घण्टी बनाउने काम थँकर्मीको ढलोट ढाल्ने काम गर्ने कर्मी पनि संलग्न हुनु पर्ने हो तर प्रस्तुत अभिलेखग्रन्थमा भने थँकर्मी कालिगडको उल्लेख नै देखिएन।

**सिकर्मीहरूका नियुक्ति, काम र मानसम्मान–** प्रस्तुत अभिलेखग्रन्थको पत्राङ्क १ ख मा उल्लिखित कार्यक्रमका लामो सूचीमा **ने.सं. ८२२ मार्गशिर शुक्ल १२ तिथिका दिन सिकल्मि/सिकर्मी नियुक्त गरियो** भन्ने मात्र लेखिएको देखिन्छ। कति जना सिकर्मी नियुक्त गरेर उनीहरूलाई के के काम गराए भन्ने कुरा स्पष्ट खुलाई लेखिएको प्रस्तुत अभिलेखग्रन्थमा देखिंदैन। सोही अभिलेखग्रन्थको पत्राङ्क २३८ क मा ९ जना सिकल्मि/सिकर्मीउहरूका नाम सूची, उनीहरूले काम गरेका दिन संख्या, र उनीहरूलाई तिरेका ज्याला रकममात्र लेखिएका छन् (परिशिष्ट ३३, पत्राङ्क २३८ क)। उनीहरू अति खुचा भन्ने ठाउँमा सालको काठ संकलनका काममा खटिएका हुनुपर्छ। ती नौ जना सिकर्मीहरूले मात्र न्यातपोलल देवल/पाँचतले मन्दिरको निर्माण समयमा काठका सम्पूर्ण काम अर्थात् मन्दिरका द्वार, तोरण, झ्याल, गवाक्ष, अनेक काष्ठकलाका बुट्टा बान्की र देवदेवीका मूर्ति कुँदिएका थाम, तोरण, ५२८ दलिन, १०८ वटा टुँडाल, निनाल, मेठ, थासि मुसि, मुठल इत्यादि बनाएको होओइन होला। ने.सं. ८२२ फागुन कृष्ण षष्ठीका दिन थापना/ जडान हुने भएका द्वारहरू चार जोर, ऐ ११ तिथिका दिन जडान गरिएका निनाल र दलिन बनाउने तेर्स्याउने काम ती ९ जना सिकर्मीहरूले मात्र बनाई सिध्याउन सकिने होइन। उक्त मन्दिरको निर्माण समयमा काठका काम गर्ने अरु पनि कालिगड सिकर्मी हुनु पर्ने हो भन्ने लागेर प्रस्तुत अभिलेखग्रन्थका पत्राङ्कहरूमा हेर्दै जाँदा पत्राङ्क २२६ ख मा १३ जना, पत्राङ्क २२७ क मा १५ जना, पत्राङ्क २२७ ख मा १४ जना र पत्राङ्क २२८ क मा १४ जनाका चार समूहमा विभाजित जम्मा ५६ जना कर्मीहरूका नाम सूची फेला परे। ती नाम सूचीमा प्रत्येक कर्मीले काम गरेका दिन संख्या र पाएका ज्याला रकममात्र लेखिएका देखिन्छन्। तिनीहरूले के के बनाएका हुन् औ तिनीहरू कहाँका हुन् स्पष्ट खुलाएका छैनन्।

भक्तपुर, ठिमी र बनेपातिर काठको काम गर्ने कालिगडलाई कर्मी/कर्मि भन्दो रहेछ। शब्द कोशहरूले पनि त्यस्तै अर्थ दिएका छन्। कर्मि र सिकर्मी दुवै शब्दहरू काठ सम्बन्धी काम गर्ने कालिगड हो भन्ने स्पष्ट हुन आएको छ। माथि उल्लेख गरेका ५६ जना कर्मिहरूका नाम सूची हेर्दा तिनीहरू भक्तपुरका स्थानीय कर्मी/सिकर्मी हुन् भन्ने लाग्छ। प्रस्तुत अभिलेखग्रन्थकै पत्राङ्क २२९ ख– २३० क मा बनेपा कर्मी/सिकर्मीलाई 'भोत कमि' शीर्षक दिएर ३७ जना कर्मीहरूका नामावली, काम गरेका दिन संख्या र तिनीहरू प्रत्येकले पाएको ज्याला रकम लेखिएका देखिन्छन्। त्यस्तै, पत्राङ्क २३४ ख– २३५ क मा ठिमीका १५ जना कर्मी/सिकर्मीहरूका नामावली, काम गरेका दिन संख्या, र पाएका ज्याला रकमका सूची पनि सिरानीमा 'थेमि कमि' भनेर लेखिएका देखिन्छन्। सिकल्मि र कर्मिहरूका जम्मा संख्या ९+५६+३७ = १०२ जना न्यातपोल देवल/पाँचतले मन्दिर निर्माणका समयमा काठका काममा लागेका बुझिन्छ। तिनीहरूलाई ज्याला वापत तिरेका रकम जम्मा यस प्रकारका छन्–

| | |
|---|---|
| भक्तपुरका कर्मीहरू ४ समूहका | मो ३२२ ॥। दं ४२ |
| भोत/बनेपाका कर्मीहरूका | मो १६३/दं १८ |
| ठिमीले कर्मीहरूका | मो ५३ दं २७ |
| धुसि सि बलामा जाने ९ जना सिकल्मीका | मो १ दं २० |
| जम्मा रकम | मो ५४० ॥। दं १७ |

(मोहर ५४० बाह्र आना र दम्म १७)

भोत बनेपाका कर्मीहरूले दैनिक जनही दम्म ५, ६, १० सम्म ज्याला, ठिमीले कर्मीहरूले जनही दम्म २, ४ र ५, भक्तपुरका कर्मीहरूले दैनिक जनही दम्म ६ तथा धुसि सि बलामा खटिएका सिकर्मीहरू ९ जनाले जनही दम्म ४ दरले ज्याला पाएका देखिन्छन्।

साँच्चै भन्ने हो भने राजा भूपतीन्द्र मल्लको शासनकालीन भक्तपुर, बनेपा र ठिमीका वास्तु र काष्ठ कला प्रवीण दक्ष र प्रतिभाशाली कर्मीहरू/सिकर्मीहरूको सीप र मजबुत काठ जडान प्रविधिले गर्दा नै उक्त न्यातपोलल अर्थात् पाँचतले मन्दिरको श्रीशोभा २०५३ भाद्र १६ गतेदेखि उक्त मन्दिरको जीर्णोद्वार कार्य शुरु हुनु अघिसम्म पुग–नपुग दुइसय पञ्चान्नबे (२९५) वर्षसम्म ज्यूँकात्यूँ स्थिर राखी प्रदर्शित गरिरहन सक्षम भएको हो। भक्तपुर टौमढी टोलको खुला आँगनमा उभिएर उत्तरतिर दृष्टि दिनासाथै दर्शकका आँखा, मन, मस्तिष्कलाई उक्त **न्यातपोलल देवल** अर्थात् **पाँचतले मन्दिर**ले मन्त्रमुग्ध पारी रहन सकेकोमा हामी भाव विह्वल हुन्छौं, आश्चर्यचकित हुन्छौं। ती प्राचीन कालिगड कलाकारहरूका सीप, प्रतिभा, दक्षता,

वास्तुशास्त्र र कला मर्मज्ञ निपुणता सामुन्ने हामी नतमसतक हुन्छौं क्षणभरमै। उक्त मन्दिरका पाँचै तलाका कलापूर्ण काष्ठकलाका काम, मन्दिरको गर्भगृहको गारो निर्माणका काम, पाँचै तलाका छाना झिँगटी इँट छाउने अवालेहरूका सीप र दक्षता, छानाका कुँपाताहरूका कलात्मक ढङ्गले मजबुतसाथ विशेष किला ठोकेर जडान गर्ने कलि अर्थात् नकर्मीहरूका काम, चित्रकारहरूले ती काष्ठकलामा र इँटका र मेठका बुट्टा बान्की मूर्तिहरूमा भावानुकूल रङ्ग लगाइकन सजीव पारेका औ ती सबैका माथि उक्त पाँचतले मन्दिरको पाँचै तह भएको सुनको मोलम्मा लगाइएको पुग नपुग ९१ धार्नी तौल भएको (गजूर र भागिल समेत) गजूर बनाउने टमोट र निवाहरू, त्यत्रो अग्लो (१०८ फीट् अर्थात् ३३.२३ मिटर) टुप्पो माथि उक्त गजुर पुऱ्याएर मजबुतसाथ चूलिकामा जडान गर्ने कालिगडहरूका काम अत्यन्त सराहनीय छन् भन्नुपर्छ।

**ती सबै कालिगडहरूका कृतित्व सबै मिलेर 'अनेकतामा एकताको'** ज्वलन्त जीवन्त सन्देश मूर्तिमान भई वास्तुकलात्मक, धार्मिक, सांस्कृतिक अलौकिक सौन्दर्य उक्त मन्दिरद्वारा नित्य निरन्तर प्रदर्शित गरिरहे झैं लाग्छ। नेपाल राष्ट्रकै श्रीशोभा र उच्चतमा गरिमा प्रदर्शित गरिरहेको छ। त्यस्ता दक्ष, कला प्रवीण र प्रतिभाशाली कालिगडहरूलाई उक्त **न्यातपोलल देवल** अर्थात् **पाँचतले मन्दिर** निर्माण कार्यका चरणै पिच्छ (जग हाल्दा, द्वार स्थापन गर्दा, गजूर चढाउँदा हुने) वास्तु पूजाहरूमा यथोचित रीत विधिअनुसार दक्षिणा भेटी चढाई सम्मानपूर्वक पूजा गरिएका तथ्य पनि प्रस्तुत अभिलेखग्रन्थमा उल्लिखित (पत्राङ्कहरू २४९ ख, ८३ क) तथ्यद्वारा ज्ञात हुन्छ। त्यस्ता पूजा, सम्मान र दक्षिणा भेटी पाउने सम्बद्ध कालिगड नाइकेहरू नै थिए। कालिगडहरूका नाम सूचीमा हेर्दा को को नाइके हुन् स्पष्ट छैन। अधिकतम् दरको ज्याला पाउनेहरू अधिकतम् दिनसम्म काम गर्नेहरू नै सम्बद्ध कालिगड नाइके होलान् भन्ने अनुमान गर्न सकिन्छ। प्रस्तुत अभिलेखग्रन्थमा कर्मी/सिकर्मी नाइकेले द्वार स्थापनको वास्तु पूजा विशेषमा मो १० दं २१, निनाल जडान गर्दाको वास्तु पूजामा मो ५ दं ७०, पाँचै तलाका झ्यालहरू जडान गर्दा हुने वास्तु पूजामा मो ५xदं ३, मो २xदं २९, मो २# दं १९, मो ३# दं १५ मो ३x दं १५ क्रमशः पहिलो, दोस्रो, तेस्रो चौथो र पाँचौ तलाका) औ चुलिका जडानको वास्तु पूजामा मो ८ दं १४ दक्षिणा भेटी पाएका थिए (पत्राङ्क २४९ ख, परिशिष्ट ५८ ग) साथै, ती कर्मीहरू/सिकर्मीहरूले मुदी र मिठाइ भाग पनि पाएका थिए। (पत्राङ्कहरू १०४ क, २२४ क, ख)।

प्रस्तुत अभिलेखग्रन्थमा अहिलेसम्म अज्ञात भइरहेका औ ओझेलमा परिरहेका त्यस्ता प्रतिभाशाली, निपुण र दक्ष कर्मी/सिकर्मीहरूका नाम सूची पनि लिपिबद्ध गरिएका छन्। पत्राङ्क २२६ ख, २२७ क, ख र २२८ क मा गरी ५६ जना भक्तपुरका, पत्राङ्क २३४ ख-२३५ क मा ठिमीका, तथा पत्राङ्कहरू २२९ ख- २३० क मा भोत/बनेपाका ३७ जना कर्मी/सिकर्मीहरूका नाम तथा पत्राङ्क २३८ क मा ९ जना सिकल्मि/सिकर्मीका नाम उल्लिखित भएका देखिन्छन्। यतिमात्र होइन, तिनीहरूमध्ये सबभन्दा धेरै दिनसम्म काम गर्ने भएर हो अथवा उत्कृष्ट स्तरका काष्ठकला झल्किने गरी काठका काम गर्ने प्रतिभाशाली कर्मी/सिकर्मी भएर हो तिनीहरू मध्ये यी कर्मीहरूले पाँचतले मन्दिरमा गजुर चढाएको र मन्दिरभित्र स्वेष्ट देवी सिद्धिलक्ष्मीको मूर्ति स्थापना भएको दिन ने.सं. ८२२ आषढ शुक्ल प्रतिपदाको दिनमा मनाइएको उत्सव उपलक्ष्यमा विशेष सम्मानका साथ जनही २२/२२ तोला तौल भएको औ मोल मोटं २० पर्ने चाँदीका बाला १/१ जोर पुरस्कार उपहार पाएका थिए। त्यस्ता सम्मानित पुरस्कृत कर्मी/सिकर्मीहरूका नाम यस अनुसन्धान प्रबन्ध ग्रन्थबाट सर्वप्रथम प्रकाशमा ल्याउन पाउँदा यी पङ्क्तिका लेखकलाई आन्द लागेको अनुभव हुन्छ।

**भक्तपुरका पुरस्कृत कर्मीहरू-**

१. रामहरि अधिकतम ३०६ दिनसम्म काम गरेको।

२. छत्रसिं अधिकतम २९५ दिनसम्म काम गरेको।

३. लघु अधिकतम २९१ दिनसम्म काम गरेको।

४. जिवराज अधिकतम २८७ दिनसम्म काम गरेको।

**भोत/बनेपाका पुरस्कृत कर्मीहरू-**

५. जयराम अधिकतम १३२ दिनसम्म काम गरेको।

६. शिवकृष्ण अधिकतम १३१ दिनसम्म काम गरेको।

**ठिमीको पुरस्कृत कर्मी-**

१. शिरिमान अधिकतम १११ दिनसम्म काम गरेको।

(पत्राङ्क ७७ क, ख, २२६ ख, २२७ क, २२८ क)

**(क्रमशः)**

## पर्यटक तथ्याङ्क

**देशभर बन्दाबन्दी भई पर्यटक आगमन नभएकोले यस अङ्कमा पर्यटक तथ्याङ्क दिइएको छैन।**

# स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (८)

परिच्छेद - ३...

**प. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण**

(१) जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन,

(२) पानी मुहानको संरक्षण,

(३) सामुदायिक भू–संरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम,

(४) भू-संरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन,

(५) खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क संकलन,

(६) बहुमूल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षण र सम्वर्द्धनमा सहयोग,

(७) ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा तथा स्लेट जस्ता खानीजन्य वस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन,

(८) भौगर्भिक नक्सा प्रकाशन ।

**फ. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास**

(१) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) पुरातत्त्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास,

(३) परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन,

(४) प्रचलित कानूनविरुद्धका कुरीति तथा कुसंस्कारविरुद्ध सामाजिक परिचालन सम्बन्धी कार्य,

(५) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी अन्य कार्य ।

(३) गाउँपालिका तथा नगरपालिकाले सङ्घ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची–९ मा उल्लेख भए बमोजिम हुनेछ ।

(अनुसूची–९
संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची
(धारा ५७ को उपधारा (५), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७, धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, परिच्छेद ३ (११)(२) फ ३ मा उल्लेखित))

क्र.सं. विषयहरू

१) सहकारी
२) शिक्षा, खेलकूद र पत्रपत्रिका
३) स्वास्थ्य
४) कृषि
५) विद्युत, खानेपानी, सिंचाइ जस्ता सेवाहरू
६) सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क
७) वन, जंगल, वन्यजन्तु, चराचुरुंगी जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता
८) खानी तथा खनिज
९) विपद् व्यवस्थापन
१०) सामाजिक सुरक्षा र गरीबी निवारण
११) व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क
१२) पुरातत्त्व, प्राचीन स्मारक र सङ्ग्रहालय
१३) सुकुम्बासी व्यवस्थापन
१४) प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी
१५) सवारी साधन अनुमति)

(४) उपदफा (३) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायको विषयमा सङ्घ तथा प्रदेश कानूनको अधीनमा रही गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

**क. खेलकुद र पत्रपत्रिका**

(१) स्थानीयस्तरका खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास,

(२) स्थानीयस्तरका खेलकुद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय,

(३) खेलकुदको विकास र प्रवर्द्धन,

(४) खेलकुद प्रतियोगिता आयोजना र सहभागिता,

(५) खेलकुद सम्बन्धी पूर्वाधारको विकास,

(६) स्थानीय तहका पत्रपत्रिकाको दर्ता, अभिलेख तथा नियमन ।

**ख. स्वास्थ्य**

(१) सङ्घीय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण,

(२) जनरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन,

(३) स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण,

(४) स्वास्थ्य बीमालगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन,

(५) स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन,

(६) स्थानीयस्तरमा औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण,

(७) स्थानीयस्तरमा औषधि र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण,

(८) स्थानीयस्तरमा स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन,

(९) स्थानीयस्तरमा जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स),
(१०) स्थानीयस्तरको प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्यालिएटिभ (घटाउने) स्वास्थ्य सेवाको सञ्चालन,
(११) स्वस्थ जीवनशैली, पोषण, शारीरिक ब्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन,
(१२) जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन,
(१३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि,
(१४) आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सालगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन,
(१५) जनस्वास्थ्य, आपतकालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन,
(१६) रोगको नियन्त्रण तथा रोकथाम,
(१७) आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको व्यवस्थापन ।

**ग. विद्युत, खानेपानी तथा सिँचाइ जस्ता सेवाहरू**

(१) विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन,
(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन,
(३) स्थानीय साना सतह तथा भूमिगत सिँचाइ प्रणालीको सञ्चालन तथा मर्मत सम्भार, सेवा शुल्क निर्धारण र सङ्कलन सम्बन्धी व्यवस्थापन ।


**घ. सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क**

(१) स्थानीय सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना सम्बन्धी नीति, कानून, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन र नियमन,
(२) प्राकृतिक स्रोत साधन र सेवा शुल्क, रोयल्टी सङ्कलन, समन्वय र नियमन,
(३) खनिज पदार्थको उत्खनन र सो सम्बन्धी रोयल्टी सङ्कलन,
(४) सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी सङ्कलन,
(५) पानीघट्ट, कुलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन ।

**ङ. वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता,**

(१) वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,
(२) स्थानीयस्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कबुलियती र साझेदारी वनको संरक्षण, सम्वर्द्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन,
(३) मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापन,
(४) स्थानीयस्तरमा नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन,
(५) स्थानीयस्तरमा निजी वनको प्रवर्द्धन, अनुगमन र नियमन,
(६) स्थानीयस्तरमा सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन,
(७) स्थानीयस्तरमा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी सर्वेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन र बजार व्यवस्थापन,
(८) वनबीउ बगैंचा स्थापना, व्यवस्थापन र प्रवर्द्धन,
(९) नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन,
(१०) वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यावसायिक पालन, उपयोग र अनुगमन,
(११) मानव तथा वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन,
(१२) स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र सञ्चालन,
(१३) स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन,
(१४) स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन,
(१५) स्थानीयस्तरमा वन, वन्यजन्तु तथा चराचुरुङ्गीको अभिलेखाङ्कन र अध्ययन अनुसन्धान,
(१६) विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्त्विक महत्त्वका वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत,
(१७) मिचाहा प्रजातिको नियन्त्रण,
(१८) स्थानीयस्तरको जोखिम न्यूनीकरण,
(१९) जैविक विविधताको अभिलेखाङ्कन,
(२०) स्थानीयस्तरमा हरियाली प्रवर्द्धन,
(२१) स्थानीय साना जल उपयोग सम्बन्धी क्षेत्रगत आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,
(२२) रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन,
(२३) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,
(२४) स्थानीयस्तरमा प्रदूषण नियन्त्रण र हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन,
(२५) स्थानीयस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन,
(२६) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन ।

**(क्रमशः)**




Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 50

CHAPTER XXIII...

As evidence of the warlike feelings against the British which the Pandis endeavoured to excite in the mind of the Heir- Apparent in their private intercourse with him, it may be mentioned that, in 1842, Kulraj Pandi was daily amusing the young Prince with mock fights between the English and Gorkhas. The English were represented by a set of low-caste raga- muffins dressed in British uniform, and with faces painted white, and under the command of some "Pariah," who was attired in the full-dress uniform of an English general. The Gorkhas were commanded by a son of the late Premier and by Kulraj Pandi himself. Of course, these actions were all made to end in the ignominious defeat of the supposed British forces; and the poor devils who represented them were in the end often seriously, and even cruelly, maltreated by the victorious Gorkhas in order to add a little more life and piquancy to the burlesque. A little real blood being shed would be sure to make the exhibition more attractive to His Royal Highness.

The very unsatisfactory way in which the Government of the country was being conducted, resulting as much from the weakness of the Rajah as from the extravagant conduct of the Heir-Apparent, at last induced the chiefs of all parties to combine in an effort to secure not only a more effective administration of the affairs of the State, but some guarantee for the rights and liberties of themselves and of the people at large. The chiefs generally, as well as the army, were anxious that without actually deposing the King or his son, the younger and now sole surviving Rani* should be invested with full power as Regent. This proposal was vehemently opposed by the Chautrias, and especially by Guru Parsad, who, as a branch of the royal family, thought such a step might lead to a change in the succession to the throne, and, as a party, were anxious to circumscribe, rather than enlarge, the powers of the Queen. Ragunath Pandit, brother to the Raj Guru Krishna Ram, was the chief and ablest supporter of the Queen, as Chautria Guru Parsad was her chief opponent.

In December 1842 a general meeting of the principal chiefs and of the officers of the army was held to consider the present state of affairs, with a view to their reform. A full, free, and rather stormy discussion took place. The assembled chiefs and officers declared that they would no longer obey two masters, meaning the King and his son. They complained of the gross cruelties practiced by the Heir- Apparent, which the King had apparently made no efforts to check j and of the Prince's constant acts of violence and injustice, for which the sufferers had always been refused either compensation or redress. They denounced the excessive influence of the Chautrias over the King, and declared that it was always exerted to the prejudice of the Rani. It was finally determined that a committee should be formed, with orders to frame a set of articles of agreement for presentation to the King, in which should be clearly set forth the unanimous resolve of. the country that measures should be adopted for the protection of the life, the property, and all legitimate rights, public and personal, of all subjects of the Crown, and also to ensure an effective, as well as a responsible, administration of the Government.

The Maharajah was very anxious that his son should be recognised as King (Maharaj-Dhiraj), but without his own abdication; in fact, he wished to establish the worst form of double government- that in which two parties should possess power, but both of them evade responsibility. The chiefs and officers, however, steadily refused, and the King was obliged to yield.

At a subsequent meeting, the draft of this petition, the "Petition of Right," as it has been called, was submitted to the ministers, chiefs, municipal authorities from all the towns of the valley, and the whole body of officers of the army then at Kathmandu (eight thousand strong), and was unanimously approved of and directed to be presented to the Maharajah for signature.

On the 7th of December 1842 the draft of this Petition of Right was carried by an immense deputation to the Rajah in open Darbar, where it was sanctioned, signed, and duly ratified by the King. In it, considerable executive authority was vested in the Rani, by whom the chiefs hoped the King would be effectively controlled.

The new rules were said to be based on those of Dherba Sah, grandfather of Prithi Narayan, and every guarantee was considered to have been taken for theireffectual performance. This revolution was completed after twelve days' anxiety and deliberation among the leaders and representatives of all parties in the State, whom a common sense of wrong and danger had united in one common cause; and it is highly credit- ably to all parties — both those of the people and those of the Crown — that so important and exciting a struggle was concluded without any acts of violence, riot, or disturbance on either side.

In conformity to the agreement he had been bound to by the chiefs, the King, in January 1843, formally invested the Rani, Lakshmi Devi, with full political rights as Queen, promising that in all matters connected with the government of the country he would take her into his counsels, and act in accordance with her advice.

Chautria Fathe Jang Sah was continued in office as Premier, but the natural indolence of his character made him a mere tool in the hands of his able brother Guru Parsad, who was always opposed to the Queen.

(* This Rani, Lakshmi Devi, had herself two sons by the King; and it was feared that, in case of her becoming Regent, she might endeavour to put aside, in favour of her own sons, the two elderprinces, whose mother had died in 1841.)

## CHAPTER XXIV

**HISTORY OF NIPAL - continued**

1843. - But though the Maharajah, for some years past, had been entirely in the hands of the Pandis, and had uniformly supported their policy and party, various causes had of late combined to alienate him from them. The falsity of all their predictions with respect to the downfall of the British in China and Afghanistan had destroyed his confidence in their political sagacity; while their support of the Heir- Apparent in his resistance and indignities to his father, even if they did not actually instigate him to their commission, combined with the clumsy bungling manner in which they had allowed the





*Temple of Sakya Singha, at Patan*

King's name to become implicated in the false charge of having poisoned the late Queen in 1841, had made them personally obnoxious to him. In addition to these various reasons, the death of the late Maharani, who had always been a firm adherent to the Pandis, not only left their party unsupported by petticoat influence within the Palace, but enabled the present Queen, who was and ever had been an ally of the Thappas, to use all her power over her imbecile husband for the advancement of her own friends, and the ruin and disgrace of her political opponents. As long as the Maharani was alive, although the Pandis continued in favour, yet the personal as well as political rivalry between the two queens - one an ally of the Pandis, the other of the Thappas - prevented either of the two great parties of the State from becoming unduly powerful, or from monopolising for any length of time all the sweets of office. But no sooner did the death of the Maharani destroy this ''balance of power" within the Palace, then the surviving Queen, now without a rival, used all her influence over her husband so effectually to the prejudice of her opponents, that she soon managed to get nearly all the power of the State into the hands of herself and her partisans. The great object of the Queen's ambition was to set aside her two step-children - the Heir- Apparent and his brother - and secure the crown to the elder of her own two sons. She knew that this scheme was impracticable as long as either the Chautrias or Pandis remained at the head of the Government. The Chautrias, as members of the royal family, would naturally oppose any change in the legitimate succession to the throne. The Pandis were not only personally attached to the Heir-Apparent - through whose means they hoped to be brought again, into office - but they were certain to defend the interests of the late Maharani, who had always been a firm supporter of them and their party. Under these circumstances she determined to use every effort to reinstate the Thappas in power. The former leader of that powerful party, Bhim Sen, had been murdered, the present head of it, Martabar Singh, had been driven into exile, and the whole of their adherents had been most cruelly persecuted by the late Maharani and her partizans the Pandis.

(To be continued)

### बसिबियाँलोको उत्तर



सम्पादकको पृष्ठ

# भारतका 'हितैषी' कि एमसीसीका विरोधी ?

स्पष्ट बहुमतमा थप समर्थन जुटाएर दुई तिहाइको सरकारको नेतृत्व गरिरहेका प्रधानमन्त्री केपी ओलीलाई अपदस्थ गर्ने चाँजोपाँजो हुन थालेको छ। दुई तिहाइको सरकार स्थिर सरकार हुने अपेक्षा साकार नहुने सङ्केत त सरकार गठन हुनुपूर्व नै सुनिएको 'आलोपालो' ले दिएको थियो।

भ्रष्टाचार नगर्ने र गर्न नदिने प्रम ओलीको अभिव्यक्ति केवल छलछाम भएको तथ्यका थुप्रै प्रमाण र उदाहरण प्रकाशमा आइसकेका छन्। सरकारको नेतृत्व 'नेपाल कम्युनिष्ट पार्टी (नेकपा)' ले गरे पनि कम्युनिष्ट शासनको झल्को दिनसकेको छैन। शासक फेरिएको बाहेक कामदार जनताले पञ्चायती र कांग्रेसी शासनमा भन्दा फरक अनुभव गर्न दिउँसै बत्ती बालेर खोज्नुपर्ने अवस्था छ।

अहिले लिम्पियाधुरादेखि कालापानीसम्मको भूभाग समेटेर नयाँ नक्सा सार्वजनिक गरेको र संविधानमा समावेश गरेकोले आफूलाई हटाउन खोजेको तर्क प्रम ओलीले दिएका छन्। विस्तारवादी भारतले 'कब्जा' गरिराखेको भूमिमा ऐतिहासिक प्रमाणको आधारमा नेपालको सार्वभौमसत्ता कायम गरेकोले आफू विरुद्ध चालिएको चलखेल असफल हुने प्रम ओलीले दाबी गरेका छन्। दुई तिहाइको सरकार भएकोले विपक्षीले प्रमलाई हटाउन सकिँदैन। उनलाई नेकपा भित्रैबाट मात्र अपदस्थ गर्न सकिने स्थिति छ। यदि नक्साकै कारण प्रमलाई हटाउन खोजिएको हो भने नेकपाभित्र भारतका 'हितैषी' र 'शुभचिन्तक' हरूको बलियो उपस्थिति रहेको स्पष्ट सङ्केत गर्दछ। हिजो ८-१० जना कांग्रेसी भेट्दा कम्तीमा एकजना राजावादी पर्ने कुरा सुनिन्थ्यो। आज नेकपामा कति जना नेता-कार्यकर्ता भेट्दा एकजना भारतवादी भेटिने हो ? खोजीको विषय भएको छ।

नक्सा जारी गर्ने आँट गरेकोमा सरकारको प्रशंसा गर्दागर्दै पनि सार्वभौमसत्ता गुम्ने एमसीसीमा ओली सरकारको 'प्रतिबद्धता' प्रति जनताको तीव्र असन्तोष र विरोध जारी छ। कतै एमसीसीकै कारण प्रम ओलीविरुद्ध पार्टीभित्र चलखेल शुरु भएको त होइन ? किनभने एमसीसीको विषयमा नेकपाका नेताहरूको मत विभाजित रहेको तथ्य सार्वजनिक भइरहेका छन्।

सिद्धान्तच्यूत नेताहरू छलछाममा खप्पिस हुन्छन्। प्रम ओलीको कुर्सी एमसीसीको कारण खतरामा परेकोलाई नक्सातिर मोडेर छलछाम गरिरहेका त छैनन् ? अन्यथा एमसीसीमा पूर्व सरकार अर्थात कांग्रेसी सरकारले वचन दिएकोले त्यो वचनको पालना गर्न नेकपाको दुईतिहाइको सरकार कुनै दृष्टिले पनि बाध्य हुन सक्दैन। के ट्रम्प प्रशासनले ओबामा प्रशासनका नीति-कार्यक्रम खारेज गरेका छैनन् ? के भाजपाले पूर्व सरकारका नीति, समझदारी वा वचनलाई पालना गरिरहेका छन् ? एक कांग्रेसी सरकारको नीति र कार्यक्रमलाई अर्को कांग्रेसी सरकारले पालना नगरेको वा परिवर्तन र खारेज गरेको यथार्थलाई ओली सरकार किन सम्झँदैन ? कि 'लेन्डुप' होइन 'थ्यु-की' वा 'रेजा पहल्भि' नै बन्ने नियत हो ? अन्यथा, यदि कांग्रेसी सरकारका सबै नीति, वचन र समझदारीलाई नेकपाले अनुसरण र पालना गर्ने वा गर्नै पर्ने हो भने के नेकपाको सरकार भाइ कांग्रेस कै सरकार भएको तथ्यलाई पुष्टि गर्न खोजेको प्रमाणित हुँदैन ?




भक्तपुर नपाका उपप्रमुख रजनी जोशी विश्व वातावरण दिवसको अवसरमा इतापाकेदेखि सल्लाघारीसम्मको वृक्षरोपण कार्यक्रममा (जेठ २३ गते)



भक्तपुर नपा वडा नं २ स्थित २ वटा लस्क: फल्चाको सम्पन्न पुन:निर्माणमा वडावासीहरू श्रमदान गर्दै (जेठ २० गते)

भक्तपुर नपाको सातौं नगरसभाको उद्घाटन समारोहमा मञ्चासीन अतिथिहरू




भक्तपुर नपाको सातौं नगरसभाको उद्घाटन समारोहमा जनप्रतिनिधिलगायत अतिथिहरू

